# व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल

द्वारिकाप्रसाद भण्डारी

रोल्नं : ३९/ २०८१

त्रि.वि. दर्ता नम्बर : ६-१-५५-६१-९७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत

दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८१/2024

# व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल

Faculty of Education
Dean's Office
Graduate School of Education
Kirtipur

द्वारिकाप्रसाद भण्डारी

रोल्नं : ३९/ २०८१

त्रि.वि. दर्ता नम्बर : ६-१-५५-६१-९७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत

दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

ग्राजुएट स्कुल अफ एजुकेसन

कीर्तिपुर, काठमाडौं

२०८१/2024

## प्रतिबद्धतापत्र

प्रस्तुत शोधपत्रका सामग्रीहरू नितान्त मौलिक रहेका छन् । अध्ययनमा प्रयोग गरिएका प्राथमिक स्रोतका सामग्रीहरू अन्यत्र कहीँबाट साभार नगरी अध्ययनको सीमाङ्कन क्षेत्रबाट निर्धारण गरिएका हुन् । द्वितीयक स्रोतका सामग्रीहरू प्रयोग गरिएका ठाँउ र विषयका सन्दर्भमा आवश्यकतानुसार स्रोत खुलाइएको छ । यस शोधपत्रमा प्रयोग गरिएका प्रमुख अंशहरू अहिसम्म अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ प्रस्तुत शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु । यसका साथै प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयका साथै अन्य पुस्तकालयमा स्थायी रूपमा सङ्कलन हुने कुरामा म विश्वस्त छु । मेरो निम्नलिखित हस्ताक्षरले इच्छुक एवम् सरोकार राख्ने जोसुकैलाई प्रस्तुत शोधपत्र खुला रहेको व्यहोरा समेत जानकारी गराउँदछु ।

...................................

द्वारिकाप्रसाद भण्डारी

(शोधार्थी)

मिति : २०८१/०३/२१

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय
ग्राजुएट स्कुल अफ एजुकेसन
कीर्तिपुर, काठमाडौं

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ द्वारिकाप्रसाद भण्डारीद्वारा तयार पारिएको प्रस्तुत 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' शीर्षकको यो शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । यसमा शोधार्थीको अनुसन्धान चेत प्रतिबिम्बित भएको छ । तसर्थ यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................
डा. राजेन्द्र खनाल
(शोधनिर्देशक)
ग्राजुएट स्कुल अफ एजुकेसन
शिक्षाशास्त्र सङ्काय
त्रि.वि., कीर्तिपुर

मिति: २०८१/०३/२१
July 05, 2024

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**

**ग्राजुएट स्कुल अफ एजुकेसन**

**कीर्तिपुर, काठमाडौं**

Faculty of Education
Dean's Office
Graduate School of Education
Kirtipur

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ द्वारिकाप्रसाद भण्डारीद्वारा तयार पारिएको प्रस्तुत 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' शीर्षकको यो शोधपत्र नेपाली शिक्षा विषयमा दर्शनाचार्य (एम.फिल.) उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.सं. | नामथर | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. चित्रबहादुर बुढाथोकी<br>डीन : शिक्षाशास्त्र सङ्काय | .................... |
| २. | प्रा.डा. वेदराज आचार्य<br>(निर्देशक : ग्राजुएट स्कुल अफ एजुकेसन) | .................... |
| ३. | प्रा.डा.पारसमणि भण्डारी<br>(बाह्य परीक्षक) | .................... |
| ४. | प्रा.डा. ऋषिराम शर्मा<br>(बाह्य परीक्षक) | .................... |
| ५. | डा. राजेन्द्र खनाल<br>(शोधनिर्देशक) | .................... |

मिति : २०८१ /०८ / २६

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्रको शीर्षक 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' रहेको छ । यस शोधपत्रमा विद्यालय तह (कक्षा ९, १०, ११ र १२) सम्म अध्यापन गराउने नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्नु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु र व्यावहारिक लेखन शिक्षणका सामान्य तथा विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु जस्ता उद्देश्य राखी अध्ययन कार्य सम्पन्न गरिएको छ । वर्तमानको समयमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा केन्द्रित भई अध्ययन सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययन नेपाली भाषाशिक्षण र नेपाली भाषा शिक्षकका पेसागत कौशल पहिचान गर्दै त्यसप्रति उनीहरूको अनुभव एवम् दृष्टिकोण र उक्त कौशलप्रति शिक्षार्थीको अनुभवमा केन्द्रित छ । व्यावहारिक लेखन शिक्षणका माध्यमबाट नेपाली भाषा शिक्षकका शिक्षण कौशल तथा विद्यार्थीमा लेखन कौशलको विकास गर्न प्रस्तुत शोधकार्य अत्यन्तै महत्त्वपूर्ण हुने शोधार्थीको ठहर छ ।

नेपाली भाषा शिक्षकलाई पेसागत रूपमा योग्य, दक्ष, क्षमतावान बनाउनका लागि व्यावहारिक लेखन शिक्षणमा के कस्ता कार्यहरू गर्ने, शिक्षण कौशलको विकासमा कसरी सक्रिय बनाउने, व्यावहारिक लेखनसम्बन्धी कौशलको विकासमा महत्त्वपूर्ण भूमिका कसरी खेल्ने, सामुदायिक र संस्थागत विद्यालयको भूमिका कसरी पहिचान गर्ने, व्यावहारिक लेखनसम्बन्धी शिक्षणलाई कसरी प्रभावकारी बनाउने, व्यावहारिक लेखन शिक्षणका क्रममा देखिएका प्रभावहरूको पहिचान र समाधान के कसरी गर्ने, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण कसरी गर्ने भन्नेजस्ता विषयमा प्रस्तुत अध्ययनले प्रसस्त मात्रामा मार्गदर्शन गरेको छ । साथै अन्य तहका नेपाली विषयका शिक्षकहरूका व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलको विकास गर्न पनि प्रस्तुत अध्ययन निकै उपयोगी हुनेछ भन्ने कुराको विश्वास लिइएको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) उपाधिको प्रयोजनार्थ तयार पारिएको छ । प्रस्तुत शोधप्रस्ताव लेखन तथा तयार गर्ने सिलसिलामा आफ्नो अत्यन्तै व्यस्त समयका बाबजुद पनि मलाई अमूल्य समय, सुझाव र प्राज्ञिक सल्लाह दिई प्रस्तुत शोधकार्य लेखनमा

उपयुक्त मार्ग निर्देशन दिँदै लेखन कार्यलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका प्रदान गर्नुभएका शोधनिर्देशक आदरणीय गुरु उपप्रा डा.राजेन्द्र खनालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल शीर्षकको शोधकार्य गर्न मलाई स्वीकृति प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनका निर्देशक प्रा.डा.वेदराज आर्चायज्यूप्रति आभारी छु । शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसनअन्तर्गत दर्शनाचार्य (एम.फिल.) अध्ययन गर्नका लागि मलाई तलवी विदा उपलब्ध गराउने वीरेन्द्र विद्या मन्दिर क्याम्पसका क्याम्पस प्रमुख तथा क्याम्पस व्यवस्थापन समितिका अध्यक्षलगायत सम्पूर्ण सदस्य ज्युहरूलाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

यसैगरी मलाई प्रस्तुत अनुसन्धान कार्य गर्न आवश्यक सूचना तथा खोज सामग्रीहरू प्रदान गर्न सहयोग गर्नुहुने सामुदायिक विद्यालय र त्यहाँ कार्यरत नेपाली भाषा शिक्षक र विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूमध्ये श्री हिमालय माध्यमिक विद्यालय घियाका शिक्षक राम विलाश चौधरी, विद्यार्थी बन्दना चौधरी र अजित चौधरी, श्री महेन्द्र शिशु माध्यमिक विद्यालय धर्मापुरका शिक्षक खगेन्द्र उपाध्याय, विद्यार्थी स्वस्तिका चौधरी र निराजन चौधरी, श्री जन जागृति माध्यमिक विद्यालय सीतापुरका शिक्षक ललिता शाही, विद्यार्थी रञ्जना चौधरी र विशाल चौधरी हुन् भने संस्थागत विद्यालय र त्यहाँ कार्यरत नेपाली भाषा शिक्षक र विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूमा श्री वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय टीकापुरका शिक्षक लोकराज रेग्मी, विद्यार्थी आरोही धामी र हेमन्त साउँद, न्यु लाईट एजुकेसन होम टीकापुरका शिक्षक कमला बि.सी., विद्यार्थी कञ्चन भट्ट र विनोद विष्ट र आदर्श एकाडेमी भगतपुरका शिक्षक टिकाराम चौधरी, विद्यार्थी सुवेक्षा बोगटी र दिनेश भण्डारीप्रति हृदयदेखि नै धन्यवाद व्यक्त गर्दछु ।

द्वारिकाप्रसाद भण्डारी

(शोधार्थी)

Email Id : dwarikatkp@gmail.com

मिति : २०८१/०८/ २६

July 05, 2024

## शोधसार

प्रस्तुत शोधपत्र व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल शीर्षकमा आधारित रही तयार पारिएको छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल र विद्यालयअन्तर्गत माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लेखन कौशलको अध्ययन तथा विश्लेषण गर्ने अभिप्रायले यस शोधपत्रका उद्देश्य व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्नु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु रहेका छन् । नेपालमा नेपाली भाषा शिक्षण चुनौतीपूर्ण बनिरहेको सन्दर्भमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास, विस्तार तथा विद्यार्थीमा लेखन कौशलको विकास के कसरी गर्न सकिन्छ र व्यावहारिक लेखन शिक्षणमा कसरी सुधार ल्याउन सकिन्छ भन्नेतर्फ प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

गुणात्मक अनुसन्धान ढाँचामा आधारित प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका टीकापुर नगरपालिकाभित्रका १, २, र ३ तथा जानकी गाउँपालिकाभित्रका ३ र ६ वडामा रहेका सामुदायिक र संस्थागत गरी छओटा माध्यमिक तहका विद्यालयमा अध्यापन गर्ने नेपाली भाषा शिक्षक र अध्ययन गर्ने विद्यार्थीहरूलाई सहभागीका रूपमा लिइएको छ । छओटा विद्यालयमध्ये तीनओटा सामुदायिक र तिनओटा संस्थागत विद्यालयका नेपाली भाषा शिक्षण गर्ने नेपाली भाषा शिक्षक र अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनमा नमुनाका रूपमा लिइएको छ । अनुसन्धानमा तथ्य तथा सूचना सङ्कलन गर्नका लागि व्यावहारिक लेखनसँग सम्बन्धित विषयवस्तु प्रस्तुत गर्न बन्द प्रश्नावली निर्माणका साथै शिक्षकको कक्षा अवलोकन गरिएको छ । नमुना छनोटमा परेका शिक्षक तथा विद्यार्थीलाई उक्त प्रश्नावलीमा आवश्यक सूचना लेख्न र शिक्षकलाई व्यावहारिक लेखनसम्बन्धी पाठ अध्यापन गर्न लगाई विषयगत रूपमा सूचनाको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सूचनालाई सार विश्लेषण र व्याख्यात्मक विधि (Thematic analysis methods) द्वारा विश्लेषण गरिएको छ ।

अनुसन्धानको मुख्य प्राप्तिका रूपमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा व्यावहारिक लेखन शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ । यसलाई अझ व्यावसायिक र उत्पादनमूलक तरिकाले शिक्षण गरे मानिसका दैनिक तथा व्यावहारिक जीवनका विविध समस्या सजिलै समाधान गर्न सकिने भन्ने विषयमा सबै सूचकका विचारमा एकरूपकता रहेको पाइएको छ । माध्यमिक तहको वर्तमान भाषा पाठ्यक्रममा समाविष्ट पाठहरू व्यावहारिक लेखन कार्यकलापतर्फ उन्मुख भएका छैनन् तर जति समावेश भएका

छन् तिनले विशिष्ट लेखन कौशलको विकासमा जोड दिएको देखिन्छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तालिम प्राप्त भएकाले उनीहरूको शिक्षण कौशलका साथै पेसागत विकास संस्थागत विद्यालयका शिक्षकको भन्दा राम्रो रहेको छ । व्यावहारिक लेखन शिक्षणका शैक्षणिक विधि तथा प्रक्रियाका सम्बन्धमा सामुदायिक विद्यालयका शिक्षकभन्दा संस्थागत विद्यालयका शिक्षकमा शिक्षण विधिसम्बन्धी अस्पष्टता र शैक्षणिक ज्ञान कम भएकाले कक्षाकोठामा हुने शिक्षण सिकाइ कार्यकलापका साथै विद्यार्थीमा लेखन कौशलको विकास गर्न प्रभाव परेको देखिन्छ ।

व्यावहारिक लेखन प्रकृतिका सम्बन्धमा सूचकमा वैचारिक समानता देखिए पनि पारिभाषिक दृष्टिकोण भने फरक रहेको देखिएको छ । छनोटमा परेका छजना नेपाली भाषा शिक्षकमध्ये चारजना शिक्षकका व्यावहारिक लेखनका प्रकृति सम्बन्धमा स्पष्ट दृष्टिकोण रहेको छ भने दुईजना शिक्षकमा स्पष्टता नभएको देखिएको छ । त्यस्तै बाह्रजना विद्यार्थीमध्ये सातजना विद्यार्थीले आफ्नो लेखन कौशलको विकासमा सामान्य लेखनले र चारजना विद्यार्थीले विशिष्ट लेखन कौशलले र एकजना विद्यार्थीले सामान्य र विशिष्ट नभई अनुलेखन र निबन्ध लेखनले लेखाइ सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने गरेको विचार व्यक्त गरेका छन् । सामान्य लेखनभित्र दैनिक व्यावहार सञ्चालनमा सहयोग पुऱ्याउने चिठी, दैनिकी, निवेदन, विज्ञापन आदि लेखन र विशिष्ट लेखनमा मानिसका दैनिक जीवनका खास पक्ष चिठी, निवेदन, विज्ञापन, निमन्त्रणा, तमसुक, माइन्युट, जाहेरीपत्र, प्रतिवेदन लेखन आदिबारे साझा दृष्टिकोण रहेको पाइएको छ ।

विद्यालयको प्रकृतिका आधारमा व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा मिश्रित प्रतिक्रिया रहेको छ । सामुदायिक विद्यालयका दुईजना र संस्थागत विद्यालयका एकजना शिक्षकले सामान्य लेखन कौशल र सामुदायिक विद्यालयका एकजना र संस्थागत विद्यालयका दुईजना शिक्षकले विशिष्ट लेखन कौशलको महत्त्व शिक्षण सिकाइमा बढी रहेको विचार प्रस्तुत गरेका छन् । त्यस्तै सहभागीको प्रकृतिका आधारमा तिनजना शिक्षकले सामान्य लेखन कौशल र तिनजना शिक्षकले विशिष्ट लेखन कौशलले सहयोग पुऱ्याएको बताएका छन् । त्यस्तै सातजना विद्यार्थीले सामान्य लेखन कौशल र पाँचजना विद्यार्थीले विशिष्ट लेखन कौशल र एकजना विद्यार्थी सामान्य र विशिष्ट नभई अनुलेखन र निबन्ध लेखनले लेखन कौशलको विकास गर्ने गरेको बताएका छन् । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षणीय कौशलको विकास स्तरीय रूपमा भए कक्षा शिक्षण प्रभावकारी हुनुका साथै शिक्षकमा शिक्षण कौशल सिप र विद्यार्थीमा लेखन कौशल सिपको विकास व्यावहारिक रूपले भएको मान्न सकिन्छ ।

## संक्षेपीकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| इ.सं. | इस्वी सम्बत् |
| वि.एड्. | व्याचुलर इन एजुकेशन |
| एम.ए. | मास्टर इन आर्ट्स |
| एम.एड्. | मास्टर इन एजुकेसन |
| एस.एल.सि. | स्कुल लिभिङ सर्टिफिकेट |
| प्र.अ. | प्रधानाध्यापक |
| उप्र.प्रा. | उप-प्राध्यापक |
| सह.प्रा. | सह-प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| पृ. | पृष्ठ |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | विक्रम सम्बत् |
| बि.सी. | बुढा क्षेत्री |
| वि.क्षे.सु. | विद्यालय क्षेत्र सुधार |
| मा.वि.: | माध्यमिक विद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धति योजना |
| शै.ता.के. | शैक्षिक तालिम केन्द्र |
| शै.ज.वि.के: | शैक्षिक जनशक्ति विकास केन्द्र |
| नं | नम्बर |
| प्रा.लि. | प्रोप्राइटर लिपिटेट |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| DOE | Department of Education |
| MOE | Ministry of Education |
| RMC | Research Management Cell |
| SSRP | School Sector Reform Plan |
| TPD | Teacher Professional Developmen |

## विषयसूची


| | |
|---|---|
| प्रतिवद्धता | क |
| सिफारिस पत्र | ख |
| स्वीकृति पत्र | ग |
| कृतज्ञताज्ञापन | घ |
| शोधसार | च |
| संक्षेपीकृत शब्दसूची | ज |
| विषयसूची | झ |


### अध्याय एक : शोध परिचय


| | |
|---|---|
| विषय प्रवेश | १ |
| समस्या कथन | ४ |
| शोधको उद्देश्य | ५ |
| अनुसन्धान प्रश्न | ५ |
| शोधको औचित्य | ६ |
| शोधको परिसीमा | ७ |
| शोधप्रबन्धको रूपरेखा | ८ |


### अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा


| | |
|---|---|
| पूर्वकार्यको परिचय | १० |
| सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| सैद्धान्तिक साहित्यको पुनरावलोकन | ११ |
| प्रायोगिक साहित्यको पुनरावलोकन | १५ |
| सैद्धान्तिक अवधारणा र ढाँचा | १९ |
| सैद्धान्तिक अवधारणा | १९ |
| अनुसन्धान ढाँचा | २० |

सत्यशास्त्र (Ontology) २०
ज्ञानशास्त्र (Epistemology) २१
विधिशास्त्र (Methodology) २१
मूल्यशास्त्र (Axiology) २१
नेपाली भाषा शिक्षकका शिक्षण कौशलका तरिका २२
शिक्षणमा कार्यमूलक अनुसन्धान २३
शैक्षणिक तालिम २४
शैक्षिक कार्यशाला, गोष्ठी र सेमिनार सञ्चालन २५
शिक्षण अनुभवको आदानप्रदान २६
समूह शिक्षणको विकास २६
नमुना विद्यालयको शैक्षिक अवलोकन तथा भ्रमण २७
पेसागत सहयोग कार्यक्रम २८
शैक्षिक सामग्रीको सान्दर्भिक प्रयोग २९
पेसागत सामाजिक सञ्जाल ३०
व्यावहारिक लेखन शिक्षण र साङ्केतिक अन्तर्क्रिया सिद्धान्त ३१
अवधारणात्मक ढाँचा ३२

**अध्याय तिन : अनुसन्धान विधि र प्रक्रिया**

अनुसन्धान ढाँचा ३४
सहभागी छनोट प्रक्रिया ३४
तथ्यका स्रोत ३४
प्राथमिक स्रोत ३४
द्वितीयक स्रोत ३५
तथ्य सङ्कलनका साधन ३५
तथ्य सङ्कलन प्रक्रिया ३६

पुस्तकालय अध्ययन कार्य ३६
क्षेत्रीय अध्ययन कार्य ३७
उपकरण निर्माण ३८
तथ्यको प्राप्ति ३९
तथ्यको विश्लेषण प्रक्रिया ३९

**अध्याय चार : व्यावहारिक लेखन शिक्षणमा शिक्षणीय कौशल**

शिक्षणीय कौशलको अवस्था ४१
व्यावहारिक लेखन शिक्षणको उपादेयता ४२
व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता ४७
व्यावहारिक लेखन शिक्षणमा पेसागत कौशल ४९
व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रम अनुरूपकता ५३
व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव ५५
व्यावहारिक लेखनमा सामान्य र विशिष्ट कौशल ६१
नेपाली भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखन ६६
व्यावहारिक लेखनका विविधता र शिक्षण कौशल ७१

**अध्याय पाँच : व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ**

व्यावहारिक लेखनका प्रकृतिको परिचय ७५
सामुदायिक विद्यालयका शिक्षकका अभिमत ७७
संस्थागत विद्यालयका शिक्षकका अभिमत ८३
सामुदायिक विद्यालयका विद्यार्थीका अभिमत ९१
संस्थागत विद्यालयका विद्यार्थीका अभिमत ९२

**अध्याय छ : शिक्षण कौशल प्रकृतिका आधारमा तुलना**

शिक्षण कौशलको प्रकृति र परिचय ९४
विद्यालयको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलनात्मक विश्लेषण ९६

विद्यालयको प्रकृतिका आधारमा शिक्षकका अभिमतको तुलना ९६
विद्यालय प्रकृतिका आधारमा विद्यार्थीका अभिमतको तुलना १०३
सहभागीको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलनात्मक विश्लेषण ११३
सामान्य शिक्षण कौशलसम्बन्धी शिक्षकका अभिमत ११३
सामान्य शिक्षण कौशलसम्बन्धी विद्यार्थीका अभिमत ११५
विशिष्ट शिक्षण कौशलसम्बन्धी शिक्षकका अभिमत ११७
विशिष्ट शिक्षण कौशलसम्बन्धी विद्यार्थीका अभिमत १२१
**अध्याय सात : निष्कर्ष, सुझाव र उपयोगिता**
निष्कर्ष १२५
व्यावहारिक लेखन शिक्षणको उपादेयता १२६
व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता १२७
व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रम अनुरूपकता १२७
सुझावहरू १३५
नीतिगत तहका सुझाव १३७
प्रयोगात्मक तहका सुझाव १३८
शैक्षिक उपयोगिता १३८
भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू १४०
**सन्दर्भ सामग्री** १४१
**परिशिष्ट खण्ड**
परिशिष्ट एक : शिक्षकका लागि प्रश्नावली
परिशिष्ट दुई : शिक्षकको कक्षा अवलोकन फारम
परिशिष्ट तिन : विद्यार्थीका लागि प्रश्नावली
परिशिष्ट चार : व्यक्तिगत विवरण
परिशिष्ट पाँच : शोधार्थीले सूचना सङ्कलनका क्रममा लिएका सूचकका तस्विरहरू
परिशिष्ट छ : शिक्षकका कक्षा अवलोकनका क्रममा लिएका तस्विरहरू
परिशिष्ट सात : नमुना छनोटमा परेका विद्यालय, शिक्षक र विद्यार्थीहरू
परिशिष्ट आठ : सूचकले दिएका अभिमतको प्रतिनिधि नमुना

# अध्याय एक : शोध परिचय

## विषय प्रवेश

भाषा मानवीय विचार अभिव्यक्त गर्ने एक सशक्त माध्यम हो । मानिसले आफूले प्राप्त गरेका ज्ञान, सिप, अनुभव, अनुभूति, भाव वा विचार बोलेर वा लेखेर व्यक्त गर्ने गर्दछन् । यसरी व्यक्त गरिने विचारहरूको माध्यम वा समुच्चय रूप नै भाषा हो । व्यक्ति आफ्ना विचार प्रकट गर्न, अरूका विचार ग्रहण गर्न र सामाजिक व्यवहार सम्पन्न गर्न भाषाको उपयोग गर्ने गर्दछ । मूलतः भाषा प्रस्तुतिका दुईओटा माध्यम छन् : लिखित र मौखिक । शिक्षण सिकाइ कार्यकलापमा लिखित माध्यमलाई बढी महत्त्व दिने गरिन्छ । शिक्षार्थीले अघिल्लो कक्षा वा तहमा आफूले ज्ञान हासिल गरिसकेका सामान्य सिपहरूलाई पछिल्लो तहमा विशिष्टीकृत, व्यावहारिक, स्तरीकरण र मानक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (भण्डारी, २०७५, पृ. २६) । मानवीय जीवनमा भाषाका माध्यमबाट विभिन्न किसिमका दैनिक तथा व्यावहारिक कार्यहरू सम्पादन हुने गर्दछन् त्यसैले दैनिक जीवनका लागि प्रयोगमा ल्याइने लेखोट वा विषयलाई व्यावहारिक लेखन भनिन्छ (खनाल, २०७६, पृ. ३७) । व्यावहारिक लेखन शिक्षणले शिक्षकका शिक्षणीय कौशलमा सुधार ल्याउनुका साथै शिक्षार्थीमा लेखाइ सिपको विकास गर्न सहयोग गर्छ । शिक्षकले शिक्षणका क्रममा शिक्षार्थीलाई व्यावहारिक लेखनसम्बन्धी सामान्य जानकारी दिई लेखाइ सिपको विकास गर्न नसके शिक्षण निरस बन्दछ । शिक्षा आर्जनका क्रममा विद्यार्थीलाई दैनिक व्यावहारसँग सम्बन्धित चिठी, निवेदन, शुभकामना, विज्ञापन आदि लेखनसम्बन्धी अभ्यास गराई शिक्षण गरे, शिक्षकको शिक्षण कौशल राम्रो भएको मान्न सकिन्छ । शिक्षण कौशलको विकासले शिक्षार्थीको शैक्षणिक कार्यकलापका साथै शिक्षक तथा विद्यार्थीमा व्यावहारिक ज्ञान बढाउन महत्त्वपूर्ण सहयोग गर्छ ।

शिक्षाशास्त्रीय दृष्टिकोणमा शिक्षण पेसा कक्षाकोठामा शिक्षकले गर्ने विभिन्न शैक्षणिक गतिविधि, जसले शिक्षकको जीविकोपार्जन गर्न मद्दत गर्दछ । शिक्षकमा शिक्षण कौशलको विकास भन्नाले शिक्षक आफ्नो पेसामा अद्यावधिक, पेसानिष्ठ, प्रभावकारी र परिणाममुखी भई व्यावसायिक दक्षता अभिवृद्धि गर्नु भन्ने बुझिन्छ । शिक्षण कौशलको विकासले शिक्षकमा अनुभवको बढोत्तरी गरी शिक्षणलाई व्यवस्थित गर्ने, शिक्षण सिकाइसम्बन्धी गोष्ठीमा भाग लिने, पेसागत छलफल तथा बैठकमा भाग लिने, प्रशिक्षित हुने, पेसासँग सम्बन्धित

पाठ्यसामग्री अध्ययन गर्ने र श्रव्य तथा दृश्य सामग्री अवलोकन गर्ने कार्यलाई बुझाउँछ ( श्रेष्ठ, २०६६, पृ. ११२) । शिक्षकको पेसागत शिक्षण कौशलले शिक्षण सिकाइ कार्यकलापमा देखापरेका तत्कालिक समस्याहरूको सहजै पहिचान गरी तिनको समाधान गर्न र पेसागत दक्षता बढाउन सहयोग गर्छ । शिक्षकले भाषा सिकाइका दुवै माध्यम अनौपचारिक आधारमा कुराकानी तथा औपचारिक रूपमा सेमिनारमा भागलिने कार्य पेसागत विकासभित्र पर्दछन् ( रिचार्डस र फारेल, सन् २०१५, पृ. ४) । गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु सम्पूर्ण बालबालिकाको अधिकारको विषय हो । यो समुचित शिक्षण र शिक्षकको पेसागत विकाससँग सम्बन्धित छ । यसले मानिसको रोजगारी र आय आर्जन बढाउन तथा प्रतिभाको अभिवृद्धि गर्न सहयोग गर्छ (सिन्हा, २०६७, पृ. १९१) । शिक्षक पेसागत रूपमा दक्ष र लगनशील हुनुपर्छ । शिक्षक विद्यालय शिक्षा प्रणालीका मेरुदण्ड हुन् र समाजका सचेत वर्ग तथा समूह पनि हुन् (लम्साल, २०६८, पृ. २५३) । शिक्षण पेसा उपयुक्त र समयसापेक्ष शिक्षक बन्ने प्रक्रियाका साथै शिक्षकको शिक्षण कौशल सुधारको प्रमुख आधार हो । शिक्षकका शिक्षण कौशलअन्तर्गत शिक्षण प्रक्रिया, शिक्षकको विश्वास, कक्षाकोठा व्यवस्थापन र अभ्यास तथा शिक्षणीय पक्षको संयोजन र परिवर्तन आदि पर्दछन् (अर्याल र पन्त, सन् २०१४, पृ. ३३) । शिक्षक विकासलाई मुख्यतः व्यक्तिगत, पेसागत र सामाजिक तीन भागमा विभाजन गरी अध्ययन गरिन्छ (शर्मा र श्रेष्ठ, सन् २०१६, पृ. ११) । शिक्षकको शिक्षण कौशलमा सुधार आएपछि मात्र पेसागत विकास तथा उन्नयन भएको मानिन्छ ।

विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई व्यावहारिक लेखन शिक्षणका माध्यमबाट गुणस्तरीय शिक्षा दिन र शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षणीय कौशलको विकास गर्न समस्या हुने गर्छ । नेपालमा शिक्षाको सुरुवात कालदेखि नै शिक्षकका पेसागत विकासमा व्यावहारिक लेखन शिक्षणको प्रयोग हुँदै आएको पाइन्छ । ऐतिहासिक कालदेखि वर्तमानको समयसम्म विभिन्न समयमा प्रकाशित शिक्षा आयोगका प्रतिवेदन, विभिन्न नीति, योजना तथा कार्यक्रम, विभिन्न संस्था तथा शिक्षक पेसागत विकासको प्रारूप २०७२ मा पनि नेपाली भाषा शिक्षकका शिक्षणीय कौशलसम्बन्धी कार्यहरूको चर्चा गरिएको पाइन्छ । व्यावहारिक लेखन व्यक्तिको व्यक्तिगत तथा व्यावसायिक जीवनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सहयोग पुऱ्याउँने उद्देश्यले लेखिने लेखन हो । यसले मानवीय जीवनलाई सहज र प्रभावकारी बनाउन मद्दत गर्दछ । विद्यार्थीमा सिर्जनात्मक, रचनात्मक,

उत्पादनात्मक र विश्लेषणात्मक क्षमता बढाउन तथा शिक्षकमा शिक्षणीय कौशलमा सुधार गर्न साहित्यका क्षेत्रमा व्यावहारिक लेखन शिक्षणलाई बढी महत्त्वका साथ हेरिएको पाइन्छ । मूलतः शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखन सामान्य र विशिष्ट लेखन गरी दुई प्रकारका छन् । सामान्य लेखनअन्तर्गत शिक्षक र विद्यार्थीका दैनिक तथा व्यावहारिक जीवनमा आउने चिठी, दैनिकी, निवेदन, शुभकामना, विज्ञापन आदि पर्दछन् भने विशिष्टि लेखनअन्तर्गत तमसुख, भर्पाई, जाहेरीपत्र, राजीनामा, करारनामा, माइन्युट लेखन आदि पर्दछन् । व्यावहारिक लेखन शिक्षणले सामान्य र विशिष्ट लेखनसम्बन्धी ज्ञान दिई विद्यार्थीमा लेखाइ सिप तथा शिक्षकमा शिक्षणीय सिपको विकास गर्न सहयोग गर्नुका साथै नेपाली भाषा शिक्षणमा सुधार ल्याउने अपेक्षा समेत गरिन्छ ।

यसैसन्दर्भमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको अध्ययनका क्रममा पहिचान गरिएका पेसागत सहयोग, प्रतिबद्धता, अभिप्रेरणा, राजनीतिक संलग्नता, विद्यालयको वातावरण, साधन र स्रोतको अभाव, विद्यार्थीमा सिकाइप्रति रूचि नजाग्नु, सिकेका ज्ञानलाई व्यावहारिक जीवनमा उपयोग नगर्नु र शैक्षणिक सिपमा अद्यावधिक नहुनुले शिक्षण कौशलमा समस्या देखापर्दछ । तसर्थ नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा सुधार नगरे विद्यार्थीमा व्यावहारिक ज्ञान, सिप तथा क्षमता अभिवृद्धि हुन सक्दैन । अहिले शिक्षकका शिक्षण कौशलसम्बन्धी विकासको सवाल राज्यको शिक्षा प्रणालीमा एक महत्त्वपूर्ण विषय बनेको छ । शिक्षण पेसामा योग्य र दक्ष शिक्षकले मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने भएकाले गुणस्तरीय शिक्षा दिनसक्ने सक्षम शिक्षक तयार गर्नुपर्ने कुरा आफैमा चुनौतीपूर्ण रहेको छ ।

प्रस्तुत व्यावहारिक लेखन शीर्षकको विषय शिक्षाशास्त संकायअन्तर्गत स्नातक तह चौथो वर्षमा वि.सं. २०७३ सालमा राखिएको थियो तर व्यावहारिक लेखनसम्बन्धी विषयवस्तु भने प्रवीणता प्रमाणपत्र तहमा २०४९ सालदेखि विशेष नेपाली विषयको पाठ्यांशका रूपमा त्रिभुवन विश्वविद्यालयले प्रवष्टि गरेको थियो । विद्यार्थीमा लेखाइ सिपको विकासका साथै शिक्षक तथा विद्यार्थीका व्यावहारिक जीवनमा आइपर्ने विभिन्न प्रकारका लिखत्हरूमा अभ्यास गराउने उद्देश्यले स्नातक तह चौथो वर्षको पाठ्यक्रममा व्यावहारिक लेखन शिक्षणसम्बन्धी विषयलाई समावेश गरेको हो । त्यतिमात्र नभई देशभरिका विभिन्न विद्यालयहरूमा शिक्षक प्रशिक्षणमा संलग्न रहेका र भावी दिनमा पनि शिक्षण पेसामा आवद्ध हुने व्यक्तिहरूलाई

सहयोग पुग्ने हेतुले व्यावहारिक लेखनलाई स्नातक तहको पाठ्यक्रममा समावेश गरेको देखिन्छ । व्यावहारिक लेखन शिक्षणले व्यावहारिक जीवनमा आइपर्ने विभिन्न प्रकारका लिखित कार्यकलापमा अभ्यास गर्ने, वेरोजगारी दरलाई कम गरी रोजगार बढाउने अपेक्षा समेत गरिएको छ । जसले गर्दा शिक्षक तथा विद्यार्थीलाई आंशिक रूपमा भएपनि जीविकोपार्जन गर्न सहयोग पुग्ने देखिन्छ ।

अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको वर्तमान अवस्था के कस्तो रहेको छ । शिक्षकमा व्यावहारिक लेखन शिक्षण कौशलको विकास तथा विद्यार्थीमा लेखाइ सिपको विकासमा के कसरी सुधार गर्न सकिन्छ । नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा के कस्ता प्रभाव देखापर्दछन् र तिनको निरूपण गर्ने आधारहरू के के हुनसक्छन् र व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका सामान्य र विशिष्ट कौशलको तुलना कसरी गर्न सकिन्छ भन्नेजस्ता विषयमा पनि प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

**समस्या कथन**

शिक्षकका लागि शिक्षण पेसा आफैमा एक जटिल पेसा हो । त्यसमा पनि कक्षाकोठाभित्र गरिने शिक्षण तथा दोस्रो भाषाका रूपमा गरिने नेपाली शिक्षण झन कठिन हुन्छ । शिक्षण पेसामा जसरी विभिन्न विषयको पेसागत उन्नयन र शिक्षण कौशलबारे स्पष्ट दृष्टिकोण राख्न सकिदैन, ठिक त्यसैगरी नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षणीय कौशलको अवस्थाबारेमा स्पष्ट र प्रमाणिक आधारसहित बताउन नसकिने भएकाले पनि त्यसलाई प्रमुख समस्याका रूपमा लिइएको छ । विद्यालय तहमा नेपाली विषयको शिक्षण तथा शिक्षणपश्चात विद्यार्थीहरूमा भाषिक सिपको विकास समान किसिमले भएको पाइँदैन । यो एक प्रमुख समस्या हो । कक्षाकोठामा शिक्षकले व्यावहारिक लेखन शिक्षणका क्रममा बालबालिकामा व्यावहारिक जीवनसँग सम्बन्धित के कस्ता ज्ञान, सिप सिकाउने, कसरी सिकाउने, कुन विधि तथा पद्धति अपनाउने, आफ्नो शिक्षण कौशलमा कसरी सुधार गर्ने, व्यावहारिक लेखनसम्बन्धी सामान्य जानकारी कसरी दिने, व्यावहारिक लेखनका प्रकारहरूलाई कसरी छुट्याउने, व्यावहारिक लेखन र सामान्य लेखनका बिच के कस्ता अन्तर रहेका छन् भन्नेजस्ता पक्षमा विद्यार्थीहरूलाई सुसूचित गर्न समस्या हुने गर्छ ।

प्रस्तुत अध्ययनले व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्थाका बारेमा गरिने खोज तथा अध्ययनलाई मुख्य समस्याका रूपमा लिइएको छ । उक्त शैक्षणिक समस्यामा केन्द्रित रहेर व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था के कस्तो रहेको छ । नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास कसरी गर्न सकिन्छ, व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा देखापर्ने प्रभावहरूको निरूपण गर्ने आधारहरू के के हुन् र व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका सामान्य र विशिष्ट लेखन कौशलको तुलनात्मक विश्लेण कसरी गर्न सकिन्छ भन्नेजस्ता विषयवस्तुगत समस्याहरूमा केन्द्रित रही अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

**शोधको उद्देश्य**

प्रस्तुत अध्ययनमा निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

(क) व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु,

(ख) व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्नु,

(ग) व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु,

(घ) व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु ।

**अनुसन्धान प्रश्न**

माथि उल्लेख गरिएका उद्देश्यहरूको परिपूति गर्नका लागि निम्नानुसारका अनुसन्धान प्रश्नहरू निर्माण गरिएका छन् :

(क) व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था कस्तो छ ?

(ख) व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको विश्लेषण कसरी गरिन्छ ?

(ग) व्यावहारिक लेखन शिक्षणमा के विशिष्ट कौशल प्रभावकारी बनेका छन् ?

(घ) व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलप्रति शिक्षक र शिक्षार्थीको अभिमत समान छ ?

(ङ) व्यावहारिक लेखन शिक्षणलाई प्रभावकारी तुल्याउन के गर्न सकिन्छ ?

(च) व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलबिच कस्तो अन्तर छ ?

**शोधको औचित्य**

कुनै पनि अनुसन्धान अर्थपूर्ण समस्याको समाधान गर्न, नयाँनयाँ तथ्य, ज्ञान तथा सिद्धान्त प्रतिपादन गर्न र अध्ययनपश्चात उक्त विषयको प्रतिवेदन तयार गर्नका लागि गरिएको हुन्छ । शिक्षकका शिक्षण कौशलसम्बन्धी विकासलाई शैक्षणिक सुधारको आधार स्तम्भका रूपमा लिने गरिन्छ । शिक्षा आर्जन समाज रूपान्तरणको एकमात्र विकल्प भएकाले विद्यालय तहमा अध्ययन गर्ने बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न र शिक्षकमा शिक्षण कौशलको विकास गर्न आवश्यक पर्दछ । दैनिक व्यवहारमा आवश्यक पर्ने विभिन्न किसिमका कागजातसम्बन्धी लेखन नै व्यावहारिक लेखन हो (न्यौपाने, २०८०, १३) । प्रस्तुत अध्ययनबाट प्राप्त तथ्यपूर्ण सूचनाहरूका आधारमा नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास कसरी गर्न सकिन्छ, शिक्षकले कक्षाकोठाभित्र पेसागत तालिमबाट आफूले हासिल गरेका ज्ञान, सिप तथा अनुभवहरूलाई वास्तविक कक्षा शिक्षण सिकाइमा के कसरी प्रयोग गरिराखेका छन् भन्ने कुराको जानकारी लिने अपेक्षा गरिन्छ ।

अध्ययनमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसम्बन्धी प्राज्ञता, विद्वत्ता, पाण्डित्य तथा विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी लेखाइ सिपको विकास कसरी गर्न सकिन्छ भन्ने कुराको खोजी गरिन्छ । शिक्षकले सिकेका ज्ञान र सिपबाट कक्षा शिक्षण सिकाइमा सुधार भए नभएको निरन्तर अनुगमन र सुपरिवेक्षण गर्न सहयोग गर्छ । सरोकारवाला पक्षलाई आवश्यक परामर्श दिन, शिक्षकको माग र आवश्यकतामा आधारित पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने हुनुपर्छ । त्यसैगरी विगतमा सञ्चालित शिक्षकका पेसागत विकास कार्यक्रममा देखापरेका कमीकमजोरीहरूलाई सुधार गर्न, शिक्षकका पेसागत विकासमा विभिन्न संघ संस्थाहरूले खेलेको भूमिका पहिचान गर्न सक्नुपर्छ । शिक्षकमा पेसागत मनोबल उच्च बनाइ राख्न, पेसागत नीति, नियमको निर्माण गर्न, शिक्षा मन्त्रालय, स्थानीय तह तथा सम्बन्धित निकायलाई तथ्यगत सूचनाहरू प्रदान गर्न पनि अत्यन्तै उपयोगी हुनेगर्दछ । त्यसैले लेखाइ सिपको विकास गर्न, शिक्षक

तथा विद्यार्थीको व्यावहारिक जीवन परिवर्तन गर्न समेत प्रस्तुत अध्ययन अत्यन्तै सान्दर्भिक र उपयोगी बन्ने देखिन्छ ।

विद्यालय तहमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको वास्तविक अवस्था पहिचान गर्नुका साथै विगतमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था, त्यसको सान्दर्भिकता, सम्भावना र शिक्षण कौशलका प्रमुख प्रभावक तत्त्वहरूको पहिचान गरी तिनको निराकरण तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्न समेत सहयोग पुग्ने देखिन्छ । शिक्षक तथा विद्यार्थीका व्यावहारिक जीवन सञ्चालनका क्रममा देखापर्ने विभिन्न किसिमका समस्याहरूको सजिलै पहिचान गरी तिनको उचित समाधान गर्न र विद्यार्थीमा लेखाइ सिपको विकास गर्न प्रस्तुत अध्ययन अत्यन्तै उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षकका शिक्षण कौशलसँग सम्बन्धित विभिन्न विषय तथा विद्यार्थीहरूका लेखाइ सिपसँग सम्बन्धित विविध अध्ययन तथा अनुसन्धान गर्न चाहने व्यक्ति, भावि अनुसन्धानकर्ता एवम् अन्य सरोकारवाला पक्षलाई तथ्यपूर्ण सूचना लिन अध्ययनले सहयोग गर्ने भएकाले यसको औचित्य दिनानुदिन बढ्दै गएको देखिन्छ ।

### शोधको परिसीमा

शैक्षिक अनुसन्धानका क्रममा 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' शीर्षकमा सम्पन्न गरिएको प्रस्तुत अनुसन्धानका निम्नानुसार सीमा एवम् परिसीमा रहेका छन् :

(क) प्रस्तुत अध्ययन कैलाली जिल्लाका टीकापुर नगरपालिक र जानकी गाउँपालिकाभित्रका ६ ओटा विद्यालयका ६ जना नेपाली भाषा शिक्षक र १२ जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ख) अनुसन्धान कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाभित्रका तिनओटा सरकारी र तिनओटा संस्थागत (निजी) विद्यालयहरूमा सीमित रहेको छ ।

(ग) माध्यमिक तहमा अध्यापनरत ६ जना नेपाली भाषा शिक्षक र १२ जना विद्यार्थीका व्यावहारिक लेखनसम्बन्धी अभिमतमा सीमित रहेको छ ।

(घ) विद्यालय तहमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसम्बन्धी शिक्षक तथा विद्यार्थीले दिएका अभिमतमा सीमित रहेको छ ।

(ङ) व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलसम्बन्धी शिक्षक र विद्यार्थीले दिएका अभिमतको तुलनात्मक विश्लेषणमा सीमित रहेको छ ।

**शोधप्रबन्धको रूपरेखा**

प्रस्तुत शोधप्रबन्धलाई सातवटा परिच्छेदमा विभाजन गरिएको छ । शोधप्रबन्धका निमित्त लिइएको समस्या र त्यससँग सम्बन्धित उद्देश्यहरूलाई दृष्टिगत गरी शोधपत्रमा पहिलो अध्यायदेखि सात अध्यायसम्म क्रमशः शोध परिचय, पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप, अध्ययन विधि र प्रक्रिया, व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशल, व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ, शिक्षण कौशल प्रकृतिका आधारमा तुलना, निष्कर्ष, सुझाव र उपयोगिताजस्ता मुख्य शीर्षक र विभिन्न उपशीर्षकहरूमा विभाजन गरिएको छ । शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

**पहिलो अध्याय : शोध परिचय**

यस अध्यायमा शोधको परिचय दिइएको छ । विषय प्रवेश, समस्या कथन, शोधको उद्देश्य, अनुसन्धान प्रश्न, शोधको औचित्य, शोधको परिसीमा तथा शोधपत्रको रूपरेखा समावेश गरिएको छ ।

**दोस्रो अध्याय : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप**

यस अध्यायमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूपलाई मुख्य रूपमा शिक्षकका शिक्षण कौशलको विकासमा व्यावहारिक लेखन शिक्षणको भूमिका, व्यावहारिक लेखन शिक्षणसम्बन्धी सैद्धान्तिक र प्रायोगिक कार्यको अध्ययन, विशिष्ट कौशलको विश्लेषण, विशिष्ट कौशलको प्रभाव, सामान्य र विशिष्ट कौशलबिचको तुलनात्मक अध्ययन र पुनरावलोकनको उपादेयताजस्ता मुख्य उपशीर्षकमा विभाजन गरिएको छ ।

**तेस्रो अध्याय : शोध विधि र प्रक्रिया**

शोध विधिलाई अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरू, सहभागी छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन, तथ्याङ्क सङ्कलनका प्रक्रिया, तथ्याङ्कको विश्लेषणका तरिका र सारांश जस्ता उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

**चौथो अध्याय : व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशल**

व्यावहारिक लेखन शिक्षणका पेसागत कौशलको परिचयका साथै व्यावहारिक लेखन शिक्षणको उपादेयता, व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता, व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशल, व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रम अनुरूपकता, व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव, व्यावहारिक लेखनमा सामान्य र विशिष्ट कौशल, नेपाली भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखन र व्यावहारिक लेखनका विविध शिक्षण कौशलजस्ता मुख्य शीर्षकमा प्रस्तुत गरिएको छ ।

**पाँचौ अध्याय : व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ**

व्यावहारिक लेखनका प्रकृतिको परिचय र तत्सम्बन्धी सहभागी शिक्षक तथा विद्यार्थीले व्यावहारिक लेखनसम्बन्धी दिएका अभिमतको विश्लेषण गरिएको छ ।

**छैटौँ अध्याय : शिक्षण कौशल प्रकृतिका आधारमा तुलना**

शिक्षण कौशलको प्रकृति र परिचय, विद्यालयको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलनात्मक विश्लेषण, शिक्षक र विद्यार्थी, शिक्षक र शिक्षक तथा विद्यार्थी र विद्यार्थीका अभिमतको तुलना, सहभागीको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलना, सामान्य शिक्षण कौशलसम्बन्धी शिक्षक र विद्यार्थीका अभिमत, विशिष्ट शिक्षण कौशलसम्बन्धी शिक्षक र विद्यार्थीका अभिमतजस्ता मुख्य शीर्षकमा प्रस्तुत गरिएको छ ।

**सातौ अध्याय : निष्कर्ष, सुझाव र उपयोगिता**

प्रस्तुत अध्यायमा यस अनुसन्धानको निष्कर्ष, सुझाबहरू, उपयोगिता तथा भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू समावेश गरिएको छ । प्रस्तुत शोधपत्रको अग्रभागमा आवरण, शोधनिर्देशकको सिफारिस, मूल्याङ्कन समितिको स्वीकृति, शोधार्थीका प्रतिबद्धता, कृतज्ञता ज्ञापन, शोधपत्रको सार, संक्षेपीकृत शब्दसूची, विषयसूची प्रस्तुत गरिएको छ भने यस शोधपत्रको पश्चभागमा सन्दर्भ सामग्री, अनुसन्धानमा उपयोग गरिएका तर शोधपत्रको मूलभागमा राख्न नसकिएका सामग्रीहरूको थप सूचना दिन परिशिष्ट खण्डको व्यवस्था समेत गरिएको छ ।

## अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको परिचय

कुनै पनि अनुसन्धान कार्य गर्नका लागि अनुसन्धानसँग सम्बन्धित पूर्वसाहित्यहरूको पुनरावलोकन गर्नु आवश्यक हुन्छ । यस्ता साहित्यहरूले अनुसन्धान कार्यलाई सहज बनाउन, मार्गनिर्देशन गर्न र तथ्यगत सूचनाहरू प्रदान गर्न सहयोग गर्दछन् । पूर्वकार्यको पुनरावलोकन कुनै पनि अध्ययन तथा अनुसन्धान कार्यको एक महत्त्वपूर्ण अङ्ग हो । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसभन्दा अगाडि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित अध्ययन गरी ती सवै कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७२, पृ. २८) । अनुसन्धानकर्ताले कुनै पनि विषयमा अनुसन्धान गर्ने सोच बनाउने वित्तिकै त्यस विषयमा के कस्ता सैद्धान्तिक अवधारणाहरूको विकास भएको छ, के कति मात्रामा अध्ययन तथा अनुसन्धान भइसकेका छन् । कुनकुन विषय क्षेत्र वा पक्षमा अनुसन्धान हुन बाँकी रहेको छ । कुन विषयक्षेत्रको अनुसन्धानले आफूले लिएको उद्देश्य पूरा हुन्छ भन्नेजस्ता विविध पक्षबारेमा जानकारी हासिल गर्न सजिलो हुन्छ । यसबाट आफूले गर्न लागेको अध्ययन र अनुसन्धानमा थप सहयोग मिल्दछ । अनुसन्धान गर्नुपूर्व तत्सम्बन्धी के कस्ता अध्ययन तथा अनुसन्धानहरू भएका छन र आफूले गर्न लागेको अनुसन्धान विगतको भन्दा के कति मात्रामा भिन्न र मौलिक छ भन्ने सन्दर्भमा पूर्वकार्यको पुनरावलोकनले अनुसन्धानलाई निश्चित लक्ष्यतिर डोऱ्याउन महत्त्वपूर्ण मद्दत गर्छ ।

प्रस्तुत अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसँग सम्बन्धित आजसम्म भए गरेका विभिन्न अध्ययन, अनुसन्धान, लेख तथा अनुसन्धानमूलक कृतिहरूको सैद्धान्तिक र प्रायोगिक किसिमले पुनरावलोकन गरिएको छ । अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था पहिल्याउनु, विशिष्ट कौशलको विश्लेषण गर्नु, विशिष्ट कौशलमा देखापर्ने प्रभावहरूको निरूपण गर्नु, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु, पेसागत विकाससम्बन्धी नीतिगत व्यवस्था, पेसागत विकासमा तालिमको प्रभावकारिताजस्ता विविध पक्षहरूको पुनरावलोकन गरिएको छ । शिक्षकका शिक्षण कौशलको विकाससँग सम्बन्धित केही सतही रूपमा मात्र अध्ययन तथा अनुसन्धान भएको

पाइए तापनि विषयगत रूपमा व्यावहारिक लेखनसम्बन्धी नेपाली भाषा शिक्षकका शिक्षण कौशलसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान हालसम्म त्यति भएको पाइँदैन । विभिन्न विद्वान्द्वारा लेखिएका अनुसन्धानमूलक पुस्तक, सन्दर्भपुस्तक, अनुसन्धानमूलक लेख, लघु अनुसन्धान, शिक्षण कौशलसँग सम्बन्धित नीति, निर्देशिका, प्रतिवेदन तथा अनुसन्धानहरूलाई पूर्वकार्यसँग सम्बन्धित साहित्य मानी प्रस्तुत शोधकार्यमा अध्ययन गरिएको छ । जसलाई यसरी चर्चा गरिएको छ :

***सम्बन्धित साहित्यको पुनरावलोकन***

कुनै विषयसन्दर्भमा यसभन्दा पूर्व गरिएका विभिन्न शोध, खोज, अध्ययन, अनुसन्धानात्मक लेख, रचना, अनुसन्धान प्रतिवेदन, शोधपत्र, जर्नलजस्ता कृतिहरू सम्बन्धित साहित्यअन्तर्गत पर्दछन् । सम्बन्धित साहित्यको पुनरावलोकनले अनुसन्धान गर्न लागिएको विषयमा अनुसन्धानकर्ताको ज्ञानको दायरा फराकिलो बनाई अनुसन्धान कार्यलाई अझ बढी तार्किक, वैज्ञानिक, प्रमाणिक तथा रूचिपूर्ण बनाउन सहयोग गर्छ । पूर्वसाहित्यको पुनरावलोकनले अनुसन्धानकर्तालाई अनुसन्धान गर्न बाँकी रहेका विषय, क्षेत्रका वारेमा जानकारी लिन तथा नयाँ विषयवस्तुको खोजी गर्न र त्यसको वास्तविक गहिराइमा पुग्न सहयोग गर्छ । यसले अनुसन्धानकर्तालाई अनुसन्धान गर्ने विषयको गहनता र महत्त्व बोध गर्न समेत सहयोग गर्छ । प्रस्तुत अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोन निम्नानुसार गरिएको छ :

(क) सैद्धान्तिक साहित्यको पुनरावलोकन

(ख) प्रायोगिक साहित्यको पुनरावलोकन

***सैद्धान्तिक साहित्यको पुनरावलोकन***

सैद्धान्तिक साहित्यको पुनरावलोकनलाई अनुसन्धानात्मक पद्धतिसम्बन्धी पुस्तक र सामान्य पुस्तकका आधारमा पुनरावलोकन गरिन्छ । यस शोधकार्यमा अनुसन्धानात्मक लेखको साहित्यिक पुनरावलोकन पनि गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

काफ्ले (२०६५) द्वारा प्रकाशित शैक्षिक नीति : अवधारणा र अभ्यास भन्ने पुस्तकमा नेपालमा शिक्षक भर्ना, शिक्षक छनोट, तालिम लिने र दिने प्रक्रिया, मान्यता, शिक्षकको

वृत्ति, विकाससम्बन्धी स्पष्ट कानुनी प्रावधान रहेको कुरा उल्लेख छ। शिक्षकको सेवा प्रवेशमा तालिम र अध्यापन अनुमति पत्रलाई मुख्य रूपमा लिइएको छ। खनाल (२०७३) ले पेसागत तालिमको महत्त्वबारे स्पष्ट पार्दै शिक्षकको पेसागत विकासले शिक्षण कौशलमा सुधार ल्याउने विचार व्यक्त गरेका छन् जुन कुरा दाहाल र खतिवडा (२०७७) को अनुसन्धानात्मक पद्धति भन्ने पुस्तकमा पनि उल्लेख भएको पाइन्छ। उनीहरूका अनुसार व्यावहारिक लेखन शिक्षण प्रभावकारी भएको तब मान्न सकिन्छ, जब शिक्षकमा सामान्य र विशिष्ट शिक्षण कौशलको विकास भएको हुन्छ। त्यस्तै कुमार (२०११) ले आफ्नो अनुसन्धान पद्धति नामक पुस्तकमा शिक्षकको शिक्षणीय कौशलमा सुधार गर्न प्राविधिक ज्ञानका साथै सिपमूलक ज्ञान हुनुपर्ने कुरामा जोड दिएका छन्। उनले शिक्षकमा भएको प्राविधिक ज्ञानले शिक्षकको पेसागत व्यावहार झल्किने बताएका छन् भने प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलकको अवस्था, विशिष्ट कौशलको विश्लेषण, विशिष्ट कौशलको प्रभाव निरूपण र सामान्य तथा विशिष्ट कौशलकबिचको तुलनाका बारेमा हेरिएको छ।

रिचर्डस र फारेल (२०१५) द्वारा प्रकाशित भाषा शिक्षकका लागि पेसागत विकास भन्ने अनुसन्धानमूलक पुस्तकमा शिक्षकले आफ्नो शिक्षण कौशलको विकास गर्न अपनाउनु पर्ने वा अपनाउन सकिने रणनीतिबारेमा चर्चा गरिएको छ। उनीहरूले विद्यालय तथा महाविद्यालय तहका नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा सुधार गर्न समयअनुसार पेसागत तालिम, प्रविधि, पाठ्यक्रम पेसागत व्यावहारमा जोड दिनुपर्ने, र शिक्षकलाई समयअनुसार अद्यावधिक गराउनु पर्ने भनिएको छ। यदि शिक्षक पेसागत रूपमा अद्यावधिक नभए शिक्षण कार्यका ठुलो प्रभाव पर्ने सक्ने बताएका छन्। भाषा शिक्षकले परियोजना कार्य, आत्मप्रेरणा, शिक्षकलाई पेसागत सहयोग पुऱ्याउने समूह शिक्षणमा सहयोग पुऱ्याउने, सन्दर्भ सामग्री, सहपाठी मूल्याङ्कन, आलोचनात्मक तरिकाले विषयवस्तुको विश्लेषण, अवस्था विश्लेषण, सहपाठी परामर्श, समूह शिक्षण, कार्यमूलक अनुसन्धान आदि कार्यमा जोड दिनुपर्ने भनेका छन्।

शर्मा (२०६६) द्वारा प्रकाशित पुस्तकमा शिक्षासम्बन्धी नवीन अवधारणा तथा मान्यताहरूलाई प्रस्तुत गरिएको छ। उक्त पुस्तकले शिक्षकका शिक्षण कौशलको विकासमा व्यावहारिक लेखनको चर्चा गर्दै शिक्षणलाई नियमित रूपमा अद्यावधिक गर्नुपर्ने, शिक्षण

कार्यमा चुनौतीहरू देखापर्ने, चुनौतीलाई समाधान गर्नका लागि विभिन्न किसिमका प्रयासहरू गर्नुपर्ने, शैक्षिक नीति, तालिम, कार्ययोजना, शिक्षाको स्तर बृद्धिमा भए गरेका प्रयासका साथै शिक्षासम्बन्धी विविध पक्ष उजागर गर्नुपर्ने भनिएको छ । व्यावहारिक लेखन शिक्षणमा शिक्षकको भूमिकालाई पथप्रदर्शक र सल्लाहकारको रूपमा लिइएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७) ले शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका-२०६६ प्रकाशित गरेको छ । उक्त पुस्तिकामा शिक्षकका शिक्षण कौशलका विविध पक्षबारे बताउँदै शिक्षकका शिक्षण कौशलको विकास गर्न तालिमको आवश्यकता पर्ने भनिएको छ । टिपिडी तालिमका आधारमा नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी विशिष्ट शिक्षण कौशलको विकास गर्न सकिने बताइएको छ । प्रस्तुत अध्ययनले पनि शर्माको पुस्तकलाई आधार मानी व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्थाका साथै विशिष्ट कौशलको विश्लेषण, तिनको प्रभाव निरूपण र सामान्य तथा विशिष्ट लेखन कौशलको तुलनात्मक विश्लेषण गर्ने लक्ष्य लिएको छ । भण्डारी (२०७५) द्वारा प्रकाशित व्यावहारिक लेखन तथा सम्पादन भन्ने पुस्तकमा दैनिक तथा व्यावहारिक जीवनमा आइपर्ने विभिन्न प्रकारका लिखतहरूमा अभ्यास गर्दै जाँदा शिक्षक तथा विद्यार्थीहरूमा अनुभव खारिदै गएर लेखन कार्यमा अभ्यस्त हुने विचार अभिव्यक्त भएको छ । उक्त पुस्तकले मानिसका दैनिक तथा व्यावहारिक जीवन सञ्चालनका क्रममा आउने विभिन्न किसिमका लेखन सिपको विकास गर्न सघाउ पुऱ्याएको छ । माथिका यी विभिन्न तथ्यहरूका आधारमा प्रस्तुत अध्ययनले व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको वर्तमान अवस्था, शिक्षण कौशलको प्रयोग र त्यसमा देखापर्ने प्रमुख प्रभावकहरू तथा सामान्य र विशिष्ट व्यावहारिक लेखन शिक्षण गर्दा देखापर्ने विविध समस्या उद्घाटन गरेको देखिन्छ ।

उक्त पुस्तकमा व्यावहारिक लेखन शिक्षणमा सामान्य तथा विशिष्ट लेखन कौशलको चर्चा गर्दै शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन दुवै लेखनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको बताइएको छ । पुस्तकमा नेपाली भाषाका अन्य क्षेत्रमा प्रयोग हुने ढाँचा वा शैलीसँग परिचित गराई प्रयोगात्मक तरिकाले अभ्यास गर्दै जाँदा शिक्षण पेसा फराकिलो बन्दै जाने अपेक्षा समेत गरिएको छ । पुस्तकमा विभिन्न प्रकारका व्यावहारिक लेखनका ढाँचाहरू दिई ती सबै ढाँचाहरूको प्रयोजनपरक विशेषताबारेमा जोड दिइएको छ । व्यावहारिक लेखन शिक्षणका क्रममा शिक्षक र विद्यार्थीले लेखनसम्बन्धी भोगेका विविध समस्याबारेमा समेत चर्चा भएको पाइन्छ ।

खनाल (२०७६) द्वारा प्रकाशित व्यावहारिक लेखन तथा सम्पादन भन्ने पुस्तकमा व्यावहारिक जीवनमा आवश्यक पर्ने व्यावहारिक ज्ञान जान्नका लागि व्यावहारिक लेखन तथा सम्पादनसम्बन्धी सिपमा सक्षम तुल्याउने उद्देश्य पुस्तकको रहेको छ । कक्षाकोठामा शिक्षक र शिक्षार्थीबिच अन्तर्क्रिया गर्न पुस्तक पथप्रदर्शक बन्ने देखिन्छ । पुस्तकमा विभिन्न किसिमका व्यावहारिक लेखनका नमुना सहितको परिचय, प्रशासनिक लेखन तथा तिनका प्रकारको उदाहरणसहित उल्लेख गरिएको छ । पुस्तकमा मानिसका दैनिकीसँग सम्बन्धित विविध विषयवस्तुको अध्ययनपश्चात शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी कौशलको विकास हुने र विद्यार्थीमा व्यावहारिक लेखन तथा सम्पादनका विभिन्न पक्ष तथा भाषिक सिपमा सक्षम हुने अपेक्षा गरिएको छ । पेसागत व्यवहार देखाउन पुस्तक उपयोगी हुने देखिन्छ । प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षकका पेसागत शिक्षण कौशलको विकासमा व्यावहारिक लेखन शिक्षणको प्रभावकारिताका र विद्यालय तहका विद्यार्थीहरूको अध्ययनीय क्षमताको अवस्था पहिल्याउने उद्देश्य राखेको छ ।

काफ्ले (२०६८) को नेपालका शैक्षिक विकासका चुनौती तथा समाधानका उपाय भन्ने अनुसन्धानमूलक लेखमा विद्यालय तहमा गुणस्तरीय शिक्षा दिन र शिक्षकमा शिक्षण कौशलको विकास गर्न भाषा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक, भौतिक सामग्री तथा अन्य पक्षमा लगानी गर्नुपर्ने र लगानीले शिक्षकका शिक्षण कौशलको विकास तथा शैक्षिक गुणस्तर बृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने विचार उल्लेख भएको छ । काफ्लेको उक्त दृष्टिकोणसँग खनाल र भण्डारीका व्यावहारिक लेखनका शिक्षणीय दृष्टिकोण मिल्ने भएकाले पनि यस लेखनलाई उपयुक्त लेखका रूपमा लिइएको छ । जोशी (२०७०) को अनुसन्धानमूलक लेखमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा पर्नसक्ने सम्भावित प्रभावबारे चर्चा गरिएको छ । शिक्षकको पेसागत तालिम राणाकालदेखि नै प्रारम्भ भएको, तालिमलाई शिक्षण कौशल सुधारको एक प्रमुख औजारका रूपमा लिइएको भएपनि यसले कक्षाकोठाको शैक्षणिक क्रियाकलापलाई सुधार गरेको देखिदैन् । लेखले शिक्षकका सामान्य र विशिष्ट लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न सघाउ पुऱ्याएको देखिन्छ । थपलिया (२०७२) को लेखमा शिक्षकको पेसागत विकासको अवधारणा, उद्देश्य, दृष्टिकोणहरू, विकास मोडलको कार्यान्वयन तथा सुधारका मुद्दा र सम्भावित विकल्पका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । यस लेखका माध्यमबाट नेपाली

भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलका विकास कार्यक्रम, तिनका उद्देश्य र शिक्षकका शिक्षण पेसासम्बन्धी दृष्टिकोणहरूको चर्चा गरिएको छ । जोशीले शिक्षण कौशलका सन्दर्भमा अभिव्यक्त गरेका विविध पक्षसँग थपलियाका विचार मिलेका देखिन्छन । नेपालमा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास विगतभन्दा वर्तमान समयमा फरक हुदै गएको बताउँदै पेसागत तालिमलाई विद्यालयको आवश्यकतासँग जोड्नु पर्ने, शिक्षणमा सुधार, स्वअध्ययन, विद्यालय, स्रोतकेन्द्र र शैक्षिक तालिम केन्द्रबाट विषयगत तालिम प्रदान गर्नुपर्ने सुझावअनुसार शिक्षणमा परिवर्तन र परिमार्जन गर्दै लैजानुपर्ने आवश्यकतालाई औंल्याएको छ । तिमल्सिना (२०७७) को अनुसन्धानमूलक लेखमा शिक्षकको पेसागत विकास शिक्षकलाई पेसाप्रति कर्तव्यनिष्ठ, अद्यावधिक र कार्यकुशल बनाउने शैक्षणिक प्रक्रिया हो भनी स्पष्ट पारिएको छ । उनको शिक्षण कौशलसम्बन्धी भनाइलाई उद्दृत गर्दै जोशी (२०७०) ले पेसागत रूपमा सिर्जनशील, दक्ष, उत्प्रेरित र समसामयिक परिवर्तनसँग परिचित शिक्षकले मात्र विद्यालय, समाज, समुदाय र राष्ट्रलाई मार्गदर्शन गर्न सक्दछन् भनी बताएका छन् । थपलिया (२०७२) ले शिक्षकमा पेसागत विकास भइसकेपछि देखिने पेसागत व्यावहारबाट शिक्षण कौशलको अवस्था बताउन सकिने कुरा स्पष्ट पारेका छन् । माथिका विभिन्न सैद्धान्तिक पुस्तक तथा अनुसन्धानमूलक लेखमा प्रस्तुत गरेका तथ्यगत विचारलाई हेरी विश्लेषण गर्दा प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको वास्तविक अवस्था पहिल्याउने, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्ने, विशिष्ट कौशलमा देखापर्ने प्रमुख प्रभावको निरूपण गर्ने र व्यावहारिक लेखनका सामान्य तथा विशिष्ट लेखनसम्बन्धी शिक्षण गर्दा देखापर्ने विभिन्न समस्या तथा समाधानका उपायको तुलनात्मक खोजी गर्ने लक्ष्य निर्धारण गरेको छ ।

### *प्रायोगिक साहित्यको पुनरावलोकन*

ज्ञवाली (२०७०) ले विद्यावारिधि उपाधिका लागि ‘इङ्लिस ल्याङ्ग्वेज टिचर डेब्भलभमेन्ट थट प्रोफेसनल एसोसेसनः द नेल्टा वय’ शीर्षकमा गरिएको अध्ययनमा अङ्ग्रेजी भाषा विदेशी भाषा भएकाले त्यसको वृद्धि विकासमा गुणस्तरीय सिकाइ आवश्यक रहेको कुरा उल्लेख गरेका छन् । उनले विदेशी भाषाको अध्ययन गर्न विभिन्न प्रकारका चुनौतीहरू आएपनि शिक्षणमा तिनीहरूसँग सहकार्य गर्दै शिक्षण तथा प्रशिक्षण कार्यमा

कार्यमूलक अनुसन्धानको प्रयोग गरे शिक्षण प्रभावकारी हुने बताएका छन् । शिक्षकको पेसागत संस्था नेल्टा शिक्षक संघले अङ्ग्रेजी भाषाका शिक्षकहरूलाई शिक्षकका पेसागत विकास गर्न पेसासँग सम्बन्धित विभिन्न कार्यकलाप सञ्चालन गरी अङ्ग्रेजी भाषा शिक्षकका शिक्षण कौशल सुधारमा सहयोग पुऱ्याउनेबारे चर्चा गरेका छन् । अध्ययनमा पेसागत तालिमलाई अङ्ग्रेजी भाषा शिक्षणको एक अभिन्न अङ्गका रूपमा लिइएको छ । अङ्ग्रेजी भाषा शिक्षकले शिक्षणका क्रममा प्राप्त गरेका शैक्षणिक अनुभवलाई व्यवसायिक रूपले विकास गरे शिक्षणीय प्रभाव कम हुने र परिस्थितिजन्य समस्याहरूसँग जुध्न सकिने कुरा उल्लेख छ । गौतमको उक्त अध्ययनले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलको सुधार गर्न सहयोग पुग्ने देखिन्छ ।

सुवेदी (२०७५) ले दर्शनाचार्य उपाधिका लागि नेपाली भाषा शिक्षकका पेसागत विकासका आधार निरूपण गर्ने, पेसागत विकासका संस्थागत प्रयासहरू रेखाङ्कन गर्ने र पेसागत विकासमा देखिएका समस्याहरूको पहिचान गरी तिनको समाधानका उपाय सुझाउने कार्य अध्ययनमा गरेका छन् । सुवेदीको अध्ययनलाई हेर्दा विद्यालय तहका शिक्षकका विषयगत शिक्षण कौशल, शिक्षकका पेसागत विकास, पेसागत विकासमा देखापर्ने विविध समस्याहरू, विभिन्न संघसंस्थाले खेल्नुपर्ने भूमिकासम्बन्धी चर्चा गरिएको छ । ज्ञवाली (२०७०) को विद्यावारिधि उपाधिका लागि गरिएको अनुसन्धानमा अङ्ग्रेजी भाषा शिक्षकका शिक्षण कौशलको विकासमा नेल्टाले खेलेको भूमिकाजस्तै सुवेदी (२०७५) ले दर्शनाचार्य उपाधिका लागि गरिएको अनुसन्धानमा नेपाली भाषा शिक्षकका पेसागत आधार सम्बन्धमा अभिव्यक्त विचार नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलसम्बन्धी दृष्टिकोणसँग समान देखिएकाले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशल तथा पेसागत व्यावहार एउटै रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ ।

काफ्ले (२०७७) को लघु अनुसन्धानमा पेसागत क्षमता अभिवृद्धिमा स्नातक तहका नेपाली भाषा शिक्षकका दृष्टिकोणमा आधारित गुणस्तरयुक्त शिक्षण वातावरण सञ्चालन गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहने भनिएको छ । क्याम्पस तहमा प्राध्यापनरत नेपाली भाषा शिक्षकका पेसागत विकासको अवस्था र दृष्टिकोणका सूचना सङ्कलन गरी नेपाली भाषा शिक्षकका पेसागत विकास गर्न भाषिक सिपको ज्ञान, निरन्तर अध्ययन, शिक्षण प्रविधि, बालमनोविज्ञान, भ्रमण, अवलोकन, प्रकाशन, सेवा सुविधा, सहकार्य, अवसर,

सेमिनार, गोष्ठी, आत्ममूल्याङ्कन आदि पक्षलाई महत्त्वपूर्ण मानिएको छ । पेसागत विकासका लागि भाषा सिकाइ वातावरण र कक्षा व्यवस्थापनका लागि रचनात्मक सिकाइ अवसर सिर्जना हुने गरी समूह परिचालनमा जोड दिनुपर्ने, शिक्षण सिकाइ सञ्चालनका लागि विषयानुकूल विधि छनोट र नवीनतम शिक्षण प्रविधिको उपयोग गर्नुपर्ने, सिकारुको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकास अनुकूल शिक्षण गर्नसके पेसागत क्षमताको अभिवृद्धि सम्भव हुने कुरा बताइएको छ । पेसागत विकासमा विश्वविद्यालयले विभिन्न कार्यक्रमहरू निर्माण गर्नुपर्ने, भाषा शिक्षकले पेसागत उन्नयनका लागि आफैँले पनि प्रयास गर्नपर्ने, अनुसन्धानमूलक लेखन, शैक्षिक भ्रमण, सहकर्मी कक्षा अवलोकन, आत्ममूल्याङ्कन, नवीनतम विधि र प्रविधिको ज्ञानका क्षेत्रमा सम्बन्धित निकायले बढी ध्यान दिनुपर्ने बताइएको छ । प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको वास्तविक अवस्था पहिचान गर्ने, नेपाली भाषा शिक्षणअन्तर्गत व्यावहारिक लेखन शिक्षण र अन्य विषयको शिक्षणमा के कस्ता अन्तर रहेका छन् । व्यावहारिक लेखन शिक्षण गर्दा के कस्ता समस्याहरू देखापर्ने गर्दछन् ।  व्यावहारिक लेखन शिक्षणपश्चात विद्यार्थीमा लेखाइ सिपको विकास कस्तो रहने गर्छ । व्यावहारिक लेखन शिक्षणमा कस्ता प्रभावहरू देखिन्छन् । सामान्य र विशिष्ट लेखनसम्बन्धी शिक्षण कौशलको तुलनात्मक अध्ययन के कसरी गर्न सकिन्छ भन्ने कुरामा अध्ययन केन्द्रित छ ।

अधिकारी (२०७९) को लघु अनुसन्धान कार्यमा आधारभूत तहका शिक्षकका पेसागत विकासको अवस्थाको खोजी, पेसागत विकासमा स्थानीय सरकारले खेल्नुपर्ने भूमिका, विद्यालय निरीक्षक र प्रधानाध्यापकको भूमिका, कक्षाकोठाभित्र शिक्षकले गर्नुपर्ने शैक्षणिक कार्यकलाप, शिक्षकको पेसागत विकासका मुख्य समस्याहरू र समस्या समाधानका सम्भावित उपायहरूमा शिक्षकको विषयगत आवश्यकता र मागमा आधारित तालिम सम्बन्धित निकायले सञ्चालन गर्नुपर्ने, तालिमका अवसरहरूको कोटामा वृद्धि गरिनु पर्ने कुरामा जोड दिएको छ । शिक्षक तालिम बढुवा प्रयोजन र औपचारिकतामा मात्र सीमित रहेको देखिन्छ । शिक्षक स्वयमले आफ्नो प्रयास र स्वअध्ययनबाट पेसागत विकास गर्न सक्ने तथ्य प्राप्त भएको छ । शिक्षकको पेसागत विकासमा स्थानीय निकायको भूमिका न्यून रहेको, विद्यालय निरीक्षक तथा प्रधानाध्यापकबाट नियमित कक्षा अवलोकन र सुपेरिवेक्षण हुन नसकेको, शिक्षकबाट कक्षाकोठामा तालिमको न्यून प्रयोग भएको बताइएको छ । त्यस्तै

कार्यमूलक अनुसन्धान तथा लेखरचना प्रकाशन गर्ने कार्यमा शिक्षकको व्यक्तिगत प्रयास भएको तर संस्थागत प्रयास हुन नसकेको, अध्ययन क्षेत्रका केही शिक्षकहरू पेसागत विकासका अवसरबाट बञ्चित हुन परेको र तालिम लिएका शिक्षकहरूले समेत पेसागत सन्तुष्टि प्राप्त गर्न नसकेको रहेको छ ।

शिक्षकको पेसागत विकासका मुख्य समस्यामा कक्षाकोठामा तालिमको न्यून प्रयोग, पेसागत विकासका न्यून अवसर हुनु, पेसागत प्रतिवद्धताको कमी हुनु, तालिम शिक्षकको आवश्यकता र मागमा आधारित हुन नसक्नु, शिक्षकबाट आफ्ना शिक्षण समस्या पहिचान गर्न नसक्नु, नियमित कक्षा अवलोकन, सुपरिवेक्षण, पृष्ठपोषणमा सुधार गर्नुजस्ता कार्यहरू नहुनु मुख्य रहेका छन् । अनुसन्धानमा देखिएका समस्याहरूको उचित समाधानका सम्भावित उपायहरूमा विषयगत आवश्यकता र मागमा आधारित तालिम सम्बन्धित निकायले सञ्चालन गर्नुपर्ने, तालिमका अवसरहरूको कोटामा वृद्धि गरिनु पर्ने, शिक्षकले कक्षाकोठामा तालिमको प्रभावकारी प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने, नवीन विधि, प्रविधि र विषयगत समस्यामा आधारित भई सम्बन्धित निकायले तालिम सञ्चालन गर्नुपर्ने बताइएको छ । प्रस्तुत अध्ययनले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण सम्बन्धमा चर्चा गर्दै व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलको विकास अन्य विषय शिक्षणको तुलनामा के कस्तो भैरहेको छ, नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखन शिक्षण गर्दा कस्ता प्रकारका समस्याहरू देखापर्ने गर्दछन् । शिक्षणका क्रममा देखापर्ने प्रभावको न्युनीकरण कसरी गर्न सकिन्छ । व्यावहारिक लेखन शिक्षणपश्चात विद्यार्थीमा लेखाइ सिपको विकास कस्तो रहने गर्दछ । सामान्य तथा विशिष्ट लेखन कौशलको तुलनात्मक विश्लेषण कसरी गर्न सकिन्छ भन्नेतर्फ अध्ययन केन्द्रित रहेको छ ।

उपर्युक्त सम्पूर्ण पूर्वकार्यको अध्ययनबाट प्राप्त तथ्यहरूलाई हेरी विश्लेषण गर्दा माध्यमिक तहमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकाससम्बन्धी समग्रतामा सामान्य खालको अध्ययन भएको पाइएतापनि विशिष्ट रूपमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा आधारित भई सूक्ष्म तथा गहन अध्ययन तथा अनुसन्धान हालसम्म भएको पाइएको छैन । त्यसमा पनि विद्यालय तहमा अध्यापनरत नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलसम्बन्धी अध्ययन भएको नपाइएकाले प्रस्तुत खोजमूलक अध्ययन माथि उल्लेख भए गरेका विभिन्न अध्ययन तथा

अनुसन्धानभन्दा पृथक र मौलिक रहेको छ । तसर्थ कैलाली जिल्लाका दुईओटा स्थानीय पालिका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाभित्रका विद्यालय तहअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तहमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलसम्बन्धी अध्ययन र विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लेखाइ सिपको कौशलसम्बन्धी अध्ययन गर्नु प्रस्तुत अध्ययनको महत्त्वपूर्ण अनुसन्धेय ठहर्छ ।

**सैद्धान्तिक अवधारणा र ढाँचा**

***सैद्धान्तिक अवधारणा***

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको पुनरावलोकन पछि मात्रै आफ्नो अध्ययन कसरी गर्ने र कति पक्षमा केन्द्रित भई अगाडि बढ्ने भन्ने कुराको किटान गर्न सकिन्छ । पूर्वकार्यको पुनरावलोकनले एकातिर अध्येतामा सम्बधित विषयको ज्ञानको दायरा बढाउँछ भने अर्कोतिर अध्ययनको पुनरावृत्ति हुन दिदैन । प्रस्तुत अध्ययन 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' शीर्षकमा रहेको छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल शीर्षकको अवधारणालाई अमेरिकी दार्शनिक जर्जे हर्वट मीड (Geogre Herbert Mead) को "साङ्केतिक अन्तर्क्रिया सिद्धान्त" (Symbolic Interarionism Theory) का आधारमा हेर्न सकिन्छ । यस सिद्धान्तअनुसार शिक्षकले विद्यालयमा के कसरी शिक्षण कार्य गर्दछन्, शिक्षकको पेसाप्रतिको धारणा तथा विचार के कस्तो रहेको छ, शिक्षणका क्रममा देखापर्ने शैक्षणिक समस्याहरूको पहिचान र तिनको समाधानका उपायलाई शिक्षकले के कसरी अवलम्बन गर्दछन् भन्नेजस्ता कुराले शिक्षकको शिक्षण कौशल तथा पेसागत विकासमा प्रभाव पार्ने गर्छ । कक्षाकोठामा शिक्षणका क्रममा हरेक दिन उत्पन्न हुने पेसागत समस्याको समाधान गर्न तय गरिने विभिन्न रणनीति, शिक्षकको विषयगत शिक्षण तथा कार्य सम्पादन क्षमतामा देखिएको समस्यालाई दूर गर्न र शिक्षकको शिक्षण कौशलमा सुधार ल्याउन शिक्षकमा पेसागत विकास गर्नुपर्ने हुन्छ । मूलतः यस सिद्धान्तले विद्यालय, कक्षाकोठा, शिक्षकले पेसागत तालिमबाट सिकेका ज्ञान, सिप र कलालाई शिक्षण सिकाइका माध्यमबाट के कसरी आफ्नो शिक्षण कौशल र विद्यार्थीको लेखन कौशलको विकास गरी व्यवहारिक लेखन कार्यमा प्रभावकारिता र व्यावहारिक

जीवनमा के कति परिवर्तन ल्याउन सके भन्ने कुराको मान्यता राख्दछ । यस सिद्धान्तका आधारमा प्रस्तुत अध्ययनको अवधारणा यसप्रकार रहेको छ ।

***अनुसन्धान ढाँचा***

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । अध्ययन लेभ भेगोस्की (Lev Vygotsky) को निर्माणवाद (Constructivism) मा आधारित रहेको छ । यस सिद्धान्तमा जोन डिवे (John Dewey) देखि पाउलो फ्रे (Paulo Freire) सम्मका शिक्षाशास्त्रीहरूले शिक्षामा निर्माणवादका बारेमा आ-आफ्ना मान्यता प्रस्तुत गरेका छन् । निर्माणवादअनुसार सत्यशास्त्र (Ontology), ज्ञानशास्त्र (Epistemology), विधिशास्त्र (Methodology), तथा तर्कशास्त्र (Axiology) लाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**सत्यशास्त्र (Ontology)** : निर्माणवादअनुसार सत्य जहिले जुकै सापेक्ष मात्रै हुन्छ । यसले बहुसत्यलाई जोड दिन्छ । जसअनुसार शिक्षकको शिक्षण कौशलको विकास सधै सापेक्ष नै हुन्छ । नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्नका लागि नेपाली भाषा शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, राज्यका सम्पूर्ण शैक्षिक नीति तथा कार्यक्रमहरू, शिक्षकका पेसागत गुण तथा व्यवहारहरू, विद्यालयका प्रकृति, सहभागीका प्रकृति, शिक्षण कौशलका प्रकृति, शिक्षकका शैक्षिक योग्यता, शिक्षक तालिम, शिक्षक र विद्यार्थीका बिचको सम्बन्ध, कक्षाकोठामा प्रयोग गरिने शैक्षिक सामग्रीहरू र प्रचलित शिक्षा ऐन नियम तथा कानुनले समेत प्रभाव पार्ने गर्दछ । यिनै प्रभावका आधारमा विद्यालय तहमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलको विकास पनि फरकफरक किसिमले भएको हुन्छ ।

प्रस्तुत अध्ययनमा सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षकको शिक्षण कौशल फरक पाइएको छ । सामुदायिक विद्यालयका शिक्षक तालिम प्राप्त हुनुका साथै उनीहरूले पेसागत अनुभव साटासाट गरेको, शैक्षणिक विधिसम्बन्धी स्पष्ट धारणा भएको र कक्षाकोठामा त्यसैअनुसारको शिक्षण गरेकाले शिक्षण प्रभावकारी भएको पाइएको छ । संस्थागत विद्यालयका शिक्षक तालिम प्राप्त नहुनुका साथै, पेसागत अनुभव साटासाट नगरेको शैक्षणिक विधिसम्बन्धी प्रष्ट ज्ञान नभएकाले उनीहरूको शिक्षण कौशल सामुदायिक विद्यालयका शिक्षकको भन्दा कमजोर रहेको पाइयो ।

**ज्ञानशास्त्र (Epistemology)** : निर्माणवादअनुसार ज्ञानको निर्माण मानिसको व्यावहार वा उसको सामाजिक संरचनाका आधारमा हुने गर्छ । मानिसले आफूले समाजमा जे देख्छ, सुन्छ, पढ्छ, हेर्छ, भोग्छ तथा अनुभव गर्छ, त्यसैका आधारमा ज्ञानको निर्माण हुने गर्छ । त्यसैले ज्ञानको निर्माण मानिसद्वारा हुने र त्यसलाई मानिसले आ-आफ्नो समाज सापेक्ष रूपमा व्याख्या गर्नुपर्ने कुरामा जोड दिन्छ । ज्ञानशास्त्रअनुसार नेपाली भाषा शिक्षकले कक्षाकोठामा शिक्षण कार्य गर्दा वा पेसागत तालिममा सहभागी हुँदा आफूले देखेका, सुनेका, पढेका, हेरेका, भोगेका र अनुभव गरेका कार्यकलापका आधारमा ज्ञानको निर्माण हुन्छ । यसर्थ नेपाली भाषा शिक्षकले व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलमा सुधार गरे शिक्षकमा ज्ञानको निर्माण हुन्छ र शिक्षण कौशलमा प्रभावकारिता ल्याउन सकिन्छ । यसैलाई ज्ञानका आधारले भएको हो भनी भन्न सकिन्छ । अध्ययनमा अन्तर्क्रिया, अवलोकन, समूहगत छलफल तथा प्रत्यक्ष विधिको प्रयोग गरी अनुसन्धान गर्नुपर्ने कुरामा जोड दिइएको छ ।

यसअनुसार नेपाली भाषा शिक्षकले विद्यालय, विषयगत सहकर्मी शिक्षक, विद्यार्थी, प्रशिक्षक, विषयविज्ञसँग पेसागत विभिन्न अन्तर्क्रिया, छलफल, गोष्ठी, समूहकार्य गरेर शिक्षण कौशलको विकासमा जोड दिएका छन् । यसका साथै विभिन्न अध्ययन, अवलोकन, पेसागत तालिम, अन्तर्वार्ता, समूहगत छलफल आदिजस्ता माध्यमबाट शिक्षण सिकाइका विविध पक्षमा अध्ययन वा अनुभवहरूको आदानप्रदान गरेर शिक्षणीय कौशलको विकासमा हुने तथ्य स्पष्ट गरिएको छ । प्रस्तुत अध्ययनमा ज्ञानको निर्माण गर्न नमुना छनोटमा परेका विद्यालय र त्यहाँ कार्यरत नेपाली भाषा शिक्षकसँग पेसागत छलफल, व्यावहारिक लेखनका शिक्षण कौशलसम्बन्धी लिखित तथा मौखिक प्रश्नावली सोधिएको छ । त्यसबाट पनि सन्तोषजनक  नतिजा नआएपछि सूचक शिक्षकहरूले शिक्षण गर्दाको कक्षा अवलोकन गरी उनीहरूले दिएका अभिमतको विभिन्न आधारमा विश्लेषण गरी अन्तिम प्रतिवेदन तयारी पारिएको छ ।

**मूल्यशास्त्र (Axiology)** : निर्माणवादले मूल्य सापेक्ष हुने कुरामा जोड दिन्छ । यसले एक ठाउँको मूल्य अर्को ठाउँमा सजिलै सामान्यीकरण गर्न सकिदैन भन्ने मान्यता राख्दछ । यसअनुसार विद्यालय कुन ठाउँ वा क्षेत्रमा अवस्थित रहेको छ । नेपाली भाषा शिक्षकका वैयक्तिक गुण के कस्ता रहेका छन् भन्ने आधारमा व्यावहारिक लेखनसम्बन्धी शिक्षणीय कौशलको विकास फरक हुने कुरामा जोड दिन्छ । एउटा विद्यालयको प्रकृति, गुण, विशेषता

तथा अवस्था अर्को विद्यालयसँग नमिल्ने भएकाले शिक्षण कार्य, विषयगत शिक्षकको सहयोग, अनुभवको आदानप्रदान, सिकाइ प्रक्रिया, विषयवस्तुबिच तालमेल आदि कारणले नेपाली भाषा शिक्षकका शिक्षणीय मूल्य, मान्यता पनि फरक हुन्छन् भन्ने मान्यता राख्दछ ।

प्रस्तुत अध्ययनबाट प्राप्त भएको तथ्यका आधारमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशल विद्यालयको क्षेत्र वा ठाउँअनुसार फरक रहेको पाइएको छ । अध्ययनमा कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिका गरी दुईवटा स्थानीय पालिकामा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा देखिएको फरकफरक शिक्षण कौशलका आधारमा राज्यका जुनसुकै क्षेत्रमा अवस्थित विद्यालयमा अध्यापन गराउने नेपाली भाषा शिक्षकका शिक्षण कौशल भिन्न हुने गर्दछन् भनी बताउन सकिन्छ । शिक्षकका शिक्षण कौशलमा देखिएको यही भिन्नता अध्ययनक मूल्यशास्त्र हो ।

***सैद्धान्तिक अवधारणा : नेपाली भाषा शिक्षकका शिक्षण कौशलका तरिका***

नेपाली भाषा शिक्षकलाई शिक्षण कार्य सिकाइ कार्यकलापको मुख्य स्रोत मानिन्छ । भाषाको नवीन ज्ञान प्रदान गर्न, शिक्षाको गुणस्तर कायम गर्न, भाषिक सिपको विकास गर्न भाषाका प्रकार, नेपाली भाषाको प्रयोग अवस्था, भाषासम्बन्धी नीति, नियम तथा मानवीय व्यवहार सञ्चालन गर्न भाषाको महत्त्वपूर्ण भूमिका रहन्छ । “त्यस्तै विश्व परिवेशमा भएका नवीन ज्ञान, विज्ञान, विषय तथा आविष्कारहरूमा विद्यार्थीहरूलाई अद्यावधिक गराई नयाँनयाँ ज्ञान प्रदान गर्ने व्यक्ति नै शिक्षक हो” (सुवेदी, २०७५, पृ. १) । त्यसैले शैक्षिक क्षेत्रका विविध पक्षहरूको समसामयिक सुधार र आमूल परिवर्तनका लागि भाषा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने भएकाले शिक्षक समयानुकूल परिवर्तन हुन आवश्यक हुन्छ । शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिसँग परिचित गराउन, पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई संशोधन र परिवर्तनअनुकूल बनाउन, शिक्षण कौशल र दृष्टिकोण विकसित गर्न, शिक्षण कार्यप्रति अभिप्रेरणा जगाउन र पेसाप्रति अझ समर्पित गराउन शिक्षण कौशलको ठुलो भूमिका रहन्छ । शिक्षकमा शिक्षणीय दक्षता अभिवृद्धि गर्न, शिक्षण सिकाइका विविध पक्षमा अध्ययन तथा अनुसन्धानको वातावरण सिर्जना गर्न, भाषा शिक्षकका क्षमता विकासका लागि पूर्वसेवाकालीन र सेवाकालीन तालिम दिन, आर्वतक तालिम, कार्यशाला, सेमिनार, अवलोकन तथा भ्रमण गर्न शिक्षकमा शिक्षण कौशलको सुधार भई पेसागत विकासमा सहयोग पुऱ्याउनु पर्दछ । शिक्षकलाई समयसापेक्ष अद्यावधिक, पेसानिष्ठ, प्रभावकारी र

परिणाममुखी बनाउनु पर्दछ । "सेवाको सुरूको तयारीपछि आर्जन गरिएका शिक्षण पेसासँग सम्बन्धित सबै प्रकारका सिकाइलाई शिक्षण कौशलभित्र समेट्न सकिन्छ" (थपलिया, २०७२, पृ. ३) ।

शिक्षकको शिक्षण कौशल सुधारले शैक्षणिक कार्यको सम्पादन गर्न र शिक्षक तथा शिक्षार्थीका मनोवृत्तिमा सुधार ल्याउन सहयोग गर्छ । निश्चित पेसा वा व्यवसायमा प्रवेश पाइसकेका व्यक्ति उक्त पेसाप्रति समर्पित वा दक्ष बन्दै जाने र व्यक्तिगत वृत्ति विकासमा समेत वृद्धि हुदै जाने स्थितिलाई यसअन्तर्गत राखिन्छ । शिक्षण कौशलको विकास भएपछि शिक्षकमा विभिन्न ज्ञान, सीप, क्षमता, दक्षता र अनुभवमा बढवा आउँछ । भाषा शिक्षकका व्यवहारमा सकारात्मक र स्थायी परिवर्तन ल्याउँछ । शिक्षण पेसाको दीर्घकालीन विकास गर्न र पेसा अवधिभर निरन्तर रूपमा चलिराख्न अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।

**शिक्षणमा कार्यमूलक अनुसन्धान :** नेपाली भाषा शिक्षणका सन्दर्भमा कक्षाकोठाभित्र शिक्षकले शिक्षण कार्यलाई सहजीकरण गर्न र विद्यार्थीले सिकाइ कार्यकलाप गर्न विभिन्न प्रकारका समस्याहरू निरन्तर रूपमा देखापर्ने गर्दछन् । यस्ता खालका समस्याहरूको तत्काल समाधान खोज्नुपर्ने हुन्छ । शिक्षण कार्यमा देखापरेका समस्याहरूको पहिचान गरी तिनको उचित समाधान गर्नुपर्ने हुन्छ । शिक्षणका क्रममा देखिएका समस्याहरूको तत्काल समाधान गर्नका लागि उपयोग गरिने अनुसन्धान नै कार्यमूलक अनुसन्धान हो । कार्यमूलक अनुसन्धानका सन्दर्भमा खनाल (२०७५) ले विद्यार्थीका सिकाइजनित समस्या, शिक्षकका शिक्षणकेन्द्री कठिनाइ र शिक्षण सामग्रीको सान्दर्भिकता, प्रभावकारिता र उपयोगिताका चुनौतीमा केन्द्रित रही तिनको तत्काल समाधान खोजिने कार्य नै कार्यमूलक अनुसन्धान भएको बताएका छन् । यसको उपयोगिता र आवश्यकताबारे सुवेदी (२०७५) ले शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी, दिगो, जीवन्त बनाउन यसले महत्त्वपूर्ण भूमिका खेल्ने गरेको भनेका छन् । शिक्षकमा शिक्षण कौशल, विशिष्ट व्यावहारिक लेखनको विश्लेषण र सामान्य र विशिष्ट लेखन कौशलको विकासमा महत्त्वपूर्ण भूमिका रहने गर्दछ भन्दै गौतम ( २०७०) ले शिक्षकलाई आफ्ना शैक्षणिक क्रियाकलापमा सुधार ल्याउन, कार्यसम्पादनमा सुधार गर्न र पेसागत दक्षता बढाउन सघाउ पुर्‍याउँने बताएका छन् ।

कार्यमूलक अनुसन्धान त्यस्तो अनुसन्धान वा खोज हो, जसले शिक्षणका क्रममा देखापरेका शैक्षिक समस्याहरूको तत्काल समाधानका उपायको खोजी गर्छ । अधिकारी (

२०७९) ले भाषा शिक्षणमा कार्यमूलक अनुसन्धानले नयाँ सिद्धान्तको प्रतिपादन नगरी शिक्षण पद्धतिमा सुधार ल्याई शिक्षकका शिक्षण कौशल र विद्यार्थीका सिकाइ उपलब्धिमा सुधार ल्याउन सहयोग गर्ने बताएका छन् भने पन्त (२०७३) ले शिक्षकले शिक्षण कार्यसँगसँगै आफूले गर्ने शैक्षणिक त्रुटिहरूको पहिचान गरी आफ्नै सक्रियतामा सुधार गर्ने अवसर प्राप्त गरे शिक्षण प्रभावकारी हुने निष्कर्ष निकालेका छन् । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न कार्यमूलक अनुसन्धानले सहयोग गर्दछ । त्यसका साथै शिक्षणका सामान्य र विशिष्ट कौशलमा सुधार गर्न, शिक्षण कौशलमा देखापर्ने प्रभावको निरूपण गर्न, विषयवस्तुप्रति दक्ष, योग्य र क्षमतावान बनाउन, शिक्षण कलामा सुधार गर्न, विद्यार्थीको भाषिक मूल्याङ्कन गर्न, शिक्षणका क्रममा देखापरेका विविध समस्याहरूको उचित समाधान गर्न र शिक्षणका क्षेत्रमा शिक्षक तथा विद्यार्थीका पेसागत व्यावहारको सर्वाङ्गीण विकास गर्न कार्यमूलक अनुसन्धान निकै महत्त्वपूर्ण भएको मानिन्छ ।

**शैक्षणिक तालिम** : नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न शैक्षणिक तालिमको महत्त्वपूर्ण भूमिका रहन्छ । शैक्षणिक तालिमले शिक्षकलाई आफ्नो पेसामा अद्यावधिक, पेसानिष्ठ, प्रभावकारी र परिणाममुखी बनाउन मद्दत गर्दछ । यसले शिक्षकको शिक्षण कलामा सुधार, शिक्षण पेसालाई मर्यादित र जीवन उपयोगी बनाउँछ । शैक्षणिक तालिमका सन्दर्भमा शैक्षिक तालिम नीति (२०६६) ले शिक्षकमा अल्पकालीन, पुनर्ताजगी र आवर्तक तालिमका माध्यमबाट शिक्षकका शिक्षण कौशलमा सुधार गर्न सकिने कुरामा जोड दिएको छ । शैक्षणिक तालिमको उपयोग र आवश्यकताका बारेमा गौतम (२०७०) ले शिक्षक शिक्षण पेसामा प्रवेश गरिसकेपछि उसलाई सेवाकालीन तालिम, अल्पकालीन तालिम, पुनर्ताजगी तालिम र आवर्तक तालिम दिई पेसामा दक्ष र शिक्षण कौशलमा प्रभावकारिता बनाउछ भनेका छन् भने अधिकारी (२०७९) ले पेसागत तालिमले शिक्षकको शिक्षण कौशलमा अद्यावधिक बनाउने मात्रै नभई विद्यार्थीलाई उचित पृष्ठपोषण दिन, शैक्षणिक योजनाको निर्माणमा सहयोग पुऱ्याउन, पाठ्यक्रम र पाठ्यपुस्तकका अन्तरवस्तु थाहा पाउन, शिक्षण सामग्रीको प्रयोगमा प्रभावकारिता ल्याउन, शिक्षण विधि र प्रक्रियालाई सही रूपमा उपयोग गर्न, कक्षाकोठाको व्यवस्थापन गर्न, विद्यार्थीको भाषिक मूल्याङ्कन गर्न, विषयगत मूल्याङ्कनलाई तहगत वा स्तरगत रूपमा कार्यान्वयन गर्न,

बालमैत्री सिकाइ गर्न, शिक्षण कार्यलाई रूचिपूर्ण तथा विद्यार्थी अनुकूल बनाउन आदि कार्यमा प्रयोग गर्न सकिने बताएका छन् । सुवेदी (२०७५) ले कुनै पनि व्यक्तिमा भएको आन्तरिक क्षमतालाई बाह्य परिवेशमा ल्याई दक्ष, सक्षम उर्जाशील बनाउने साधनका रूपमा शैक्षणिक तालिमलाई लिइने र शिक्षण कौशलको विकास, शिक्षणका सामान्य र विशिष्ट कौशलमा सुधार र शिक्षकका पेसागत व्यवहारमा महत्त्वपूर्ण भूमिका रहने बताएका छन् । माथिका विभिन्न शैक्षणिक तालिमसम्बन्धी भनाइ हेर्दा शिक्षण सिकाइ कार्यकलापमा शैक्षणिक तालिमले शिक्षकको शिक्षण कौशल, शिक्षण कौशलमा देखापर्ने प्रभावक र सामान्य तथा विशिष्ट कौशलका मूलभूत भिन्नतालाई सहजै पहिचान गरी तिनको समाधान गर्न सकिन्छ भन्ने कुराको पुष्टि हुन्छ ।

**शैक्षिक कार्यशाला, गोष्ठी र सेमिनार सञ्चालन** : नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न शैक्षिक कार्यशाला, गोष्ठी र सेमिनारको महत्त्वपूर्ण भूमिका रहन्छ । शैक्षिक कार्यशाला, गोष्ठी र सेमिनार सञ्चालनसम्बन्धमा सुवेदी (२०७५) ले शैक्षिक कार्यशाला, गोष्ठी र सेमिनारलाई शिक्षकको शिक्षण कौशल विकासको महत्त्वपूर्ण आधार भनेका छन् । शिक्षकलाई विभिन्न कार्यशाला, गोष्ठी र सेमिनारजस्ता कार्यक्रममा निरन्तर सहभागी गराएर शिक्षकको शिक्षण कौशलमा सुधार गर्न सकिने बताएका छन् । प्रज्ञा शब्दकोश (२०७९) ले कुनै खास विषयमा केन्द्रित रही सहभागीहरूलाई सम्बन्धित विषयमा अभ्यास गराई प्रशिक्षण दिने कार्य वा त्यस्तो कार्य गर्ने शिविरलाई नै कार्यशाला, गोष्ठी र कुनै विषयका बारेमा सामुहिक रूपमा गरिने छलफल, विचार गोष्ठी तथा समगोष्ठीलाई सेमिनार भनी परिभाषित गरेको पाइन्छ । रिचर्ड्स (२००५) ले शैक्षिक रूपमा सञ्चालन गरिने कार्यशाला, गोष्ठी र सेमिनारले शिक्षकलाई आफ्नो पेसामा समयअनुसार नयाँनयाँ ज्ञान, सिप, कला र कार्यक्षमताको विकास, शिक्षण कौशलमा सुधार, शैक्षणिक प्रभावको निरूपण गर्न सहयोग पुऱ्याउँछ भनेका छन् । माथिका विभिन्न विचारलाई दृष्टिगत गर्दा शैक्षिक क्षेत्रमा औपचारिक तथा अनौपचारिक रूपमा सञ्चालन गरिने कार्यशाला, गोष्ठी र सेमिनारले नेपाली भाषा शिक्षकलाई शिक्षण कार्यमा पुनर्ताजगी गर्दै पेसागत विकासमा सकारात्मक भूमिका खेल्ने तथा विद्यार्थीको लेखन कौशलमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताएका छन् । यसले शिक्षकमा लामो समयसम्म निश्क्रिय रूपमा रहेको वा अद्यावधिक हुन नसकेको ज्ञान, सिप

तथा कलालाई पुनर्ताजगी गर्न समेत सहयोग गर्छ भन्ने कुरा आफैमा स्वयम सिद्ध रहेको छ ।

**शिक्षण अनुभवको आदानप्रदान** : नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न शिक्षण अनुभवको आदानप्रदानले महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षण अनुभव भन्नाले शिक्षक शिक्षण पेसामा प्रवेश गरेदेखि अवकास नहुन्जेलसम्म कक्षाकोठामा शिक्षणका क्रममा हासिल गरेका अनेकन अनुभवलाई आफ्ना सहकर्मी समक्ष अनुभवको आदानप्रदान गरेर शिक्षण कौशलमा सुधार गर्नु भन्ने बुझिन्छ । शिक्षण अनुभवको आदानप्रदानबारे सुवेदी (२०७५) ले शिक्षण कौशलको विकास तब हुन्छ, जब शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा आफूले जानेका कुरा अरूलाई बताउने र नजानेका कुरा अरूलाई सोध्ने गर्छ भनेका छन् । यसले शिक्षण कौशलमा सुधार गर्नुका साथै सामान्य र विशिष्ट कौशलको विकासमा जोड दिन्छ । शिक्षण अनुभवको उपयोग र आवश्यकता सम्बन्धमा गौतम (२०७०) ले एउटा शिक्षकमा भएको शैक्षिक ज्ञान, सिप तथा अनुभव अन्य शिक्षकहरूमा स्थानान्तरण भई शिक्षण कौशलमा सुधार हुने अवसर प्राप्त हुन्छ भन्ने निष्कर्ष निकालेका छन् भने काफ्ले (२०७७) ले शिक्षकले विभिन्न माध्यमबाट प्राप्त गरेका ज्ञान, सिप, कलालाई आवश्यकताका आधारमा मासिक, पाक्षिक, अर्धवाषिक, वार्षिक रूपमा अनुभव आदानप्रदान गरे, शिक्षकका शिक्षण कौशलमा प्रभावकारिता ल्याउन सकिने बताएका छन् । उनले अनुभवको आदानप्रदान गर्ने कार्यले एउटा शिक्षकमा भएका ज्ञान, सिप, कला र अनुभव अर्को शिक्षकमा सजिलै स्थानान्तरण भई शिक्षण सिकाइमा सहयोग पुग्ने बताएका छन् । माथिका विभिन्न अध्ययन तथा अनुसन्धानगत तथ्यका आधारमा के भन्न सकिन्छ भने शिक्षकका शिक्षण अनुभवको आदानप्रदान शैक्षणिक सुधारको त्यस्तो खुड्किलो हो, जसमा विद्यालय तहका शैक्षणिक गतिविधि, अतिरिक्त क्रियाकलाप, शैक्षिक अवलोकन भ्रमण, पेसागत कार्यशाला, गोष्ठी तथा सेमिनार आदिबाट हासिर गरेका अनुभवहरूलाई एकअर्कामा आदानप्रदान गर्दा शिक्षकमा शिक्षण कौशलको विकास भई शिक्षकलाई असल शिक्षक बन्न सहयोग पुग्छ ।

**समूह शिक्षणको विकास** : नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन कौशलको विकास गर्न समूह शिक्षणको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । समूह शिक्षण भन्नाले कुनै एक विषय शिक्षण गर्ने दुई वा दुईभन्दा बढी शिक्षकहरूको समूहलाई बुझाउँछ । समूह शिक्षणको

विकासका सन्दर्भमा हड्सन (२०२२) ले समूह शिक्षण सिकाइ कार्यकलापको एउटा त्यस्तो विधि हो, जसले विद्यार्थीमा एकअर्कालाई सिकाइगत व्यवहार स्वीकारेर आफ्नो ज्ञानलाई बलियो बनाउन मद्दत गर्दछ भनेका छन् । शिक्षण सिकाइ कार्यकलापमा समूह शिक्षणको आवश्यकता र महत्त्वबारेमा अधिकारी (२०७९) ले समूह शिक्षणका माध्यमबाट शिक्षणका क्रममा देखिएका साझा समस्याहरूको जानकारी लिन र तिनका समाधानका उपायबारे विषयगत शिक्षकलाई बताउन सजिलो हुने बताएका छन् । काफ्ले (२०७७) ले आफूले शिक्षणमा प्राप्त गरेको ज्ञान, सिप र अनुभवलाई एकअर्कासँग साटासाट गर्न सजिलो हुने र शिक्षण कौशलमा सुधार ल्याई पेसागत व्यवहारमा समानता ल्याउन सकिने भनेका छन् । सुवेदी (२०७५) ले शिक्षकको पेसागत विकास गर्न यसलाई तालिमका रूपमा लिई शिक्षण कौशलमा सुधार ल्याउन सकिने बताएका छन् । माथिका विभिन्न वैचारिक दृष्टिकोणका आधारमा शिक्षणमा समूह शिक्षणको प्रयोगले नेपाली भाषा शिक्षक वा विद्यालयको व्यवस्थापकीय जिम्मेवारी प्राप्त गरेको व्यक्तिलाई आवश्यकताअनुसारका शैक्षिक तथा व्यवस्थापकीय सहयोग प्राप्त गर्न सहयोग गर्छ । विद्यालयमा व्यक्तिगत वा सानो समूहगत रूपमा समूह शिक्षण (Peer Coacher) को विकास गरी योजनाबद्ध तरिकाले नियमित रूपमा आवश्यकताअनुसारको पेसागत सहयोग उपलब्ध गराउन सक्षम हुन्छ । यस्ता कार्यले शिक्षकका शिक्षण कौशलमा ठुलो सहयोग पुग्नुका साथै विद्यार्थीमा लेखन कौशलको विकास गर्न महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ ।

**नमुना विद्यालयको शैक्षिक अवलोकन तथा भ्रमण :** नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न नमुना विद्यालयको शैक्षिक अवलोकन तथा भ्रमणले महत्त्वपूर्ण सहयोग पुर्‍याउँछ । यसले शिक्षकको कार्यकुशलता, क्षमता अभिवृद्धि गर्नमा समेत टेवा पुर्‍याउँछ । अधिकारी (२०७९) ले शिक्षण सिकाइसँग सम्बन्धित विविध विषयवस्तु जस्तै शैक्षणिक योजनाको निर्माण गर्न, शिक्षण सामग्रीको छनोट गर्न, शिक्षण सिकाइ कार्यकलाप गर्न, अनुभवको आदानप्रदान गर्न, मूल्याङ्कन प्रक्रिया, बालमैत्री सिकाइ, सिकाइ समूहको निर्माण गर्न सहयोग गर्ने बताएका छन् । त्यस्तै शिक्षण विधिका तरिका, तालिमको अवसर प्रदान, आदि पक्षमा नमुना विद्यालयमा के कस्ता व्यवस्था छन् भन्नेबारेमा नमुना विद्यालयका अवलोकन तथा भ्रमण गरेर शैक्षणिक कार्यकलापमा सुधार ल्याउन सकिने निष्कर्ष प्रस्तुत गरेका छन् । नमुना विद्यालयको शैक्षिक

अवलोकन तथा भ्रमणको प्रयोग र आवश्यकताका सन्दर्भमा थपलिया (२०७२) ले विद्यालयमा बनाइएका विभिन्न विषयगत समिति र ती समितिको काम, कर्तव्य र अधिकारका बारेमा स्पष्ट जानकारी दिनुपर्ने, कक्षाकोठा भित्र र बाहिर गरिने विभिन्न कार्यकलाप जस्तै कक्षा कार्य, समूह कार्य, परियोजना कार्य, अभ्यास कार्य, योग्यता परीक्षा, एकाइ परीक्षा, आन्तरिक तथा वार्षिक परीक्षाका राम्रा पक्षको अनुसरण गरी आफ्नो विद्यालयमा लागू गर्न सके शिक्षकका शिक्षण कौशल, तिनका रूप र पेसागत व्यवहार अध्ययन गर्न ठुलो सहयोग पुग्ने बताएका छन् ।

सुवेदी (२०७५) ले नमुना विद्यालयमा अध्यापन गर्ने शिक्षकका कक्षाकोठाको व्यवस्थापन, उनीहरूले बनाएका पाठयोजना, शिक्षण सामग्री, शिक्षण विधि, शैक्षणिक कार्यकलाप, विद्यार्थीसँगको व्यवहार, शिक्षण कौशल, विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने तौर तरिका आदिबारे पनि जानकारी दिन सजिलो हुने बताएका छन् । त्यसैगरी विद्यालयको अभिन्न अङ्गका रूपमा रहेका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विषयगत समिति, शिक्षक प्रतिनिधि, विद्यार्थी प्रतिनिधि, प्रधानाध्यापक तथा सम्बन्धित सरोकारवालालाई त्यस्ता नमुना विद्यालयमा अवलोकन गर्न पठाएर आफ्नो विद्यालयमा के कसरी सुधार ल्याउन सकिन्छ भन्नेबारे जोड दिएका छन् । नेपाली भाषा शिक्षक तथा अन्य शिक्षकलाई नमुना विद्यालयको शैक्षिक अवलोकन तथा भ्रमण गराई त्यसबाट प्राप्त भएका ज्ञान, सिप र अनुभवलाई आफ्ना व्यवहारमा लागु गराएर शिक्षकका शिक्षण कौशलको विकास गर्न सकिने बताएका छन् । यसरी शिक्षक पेसागत रूपमा निपूर्ण भयो भने कक्षाकोठामा हुने शिक्षण कौशलमा निपूर्ण हुने र विद्यार्थीको लेखन कौशलमा महत्त्वपूर्ण सहयोग पुग्ने कुरा स्वयम् सिद्ध हुन्छ ।

**पेसागत सहयोग कार्यक्रम** : पेसागत सहयोग कार्यक्रमले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलको विकासमा महत्त्वपूर्ण सहयोग गर्छ । पेसागत सहयोगअन्तर्गत शिक्षणसँग सम्बन्धित सम्पूर्ण सहयोग पर्दछन् । कक्षाकोठाभित्र गरिने शिक्षण कार्यदेखि कक्षाकोठा बाहिर शिक्षकका पेसागत उन्नयनमा सहयोग पुऱ्याउनेसम्मका सम्पूर्ण पक्ष यसअन्तर्गत पर्दछन् । यस सन्दर्भमा अधिकारी (२०७९) ले विद्यालयमा कक्षा शिक्षणको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी नेपाली भाषा शिक्षकलाई पेसागत सहयोगमार्फत सिकाइ सहजीकरणमा सहयोग गर्न र विगतमा गरेका सहयोगको समीक्षा र मूल्याङ्कन गरी

के कस्तो सहयोगको आवश्यकता पर्दछ भन्ने कुराको निर्क्योल गर्न सकिने बताएका छन् । शिक्षण सिकाइ कार्यकलापमा पेसागत सहयोगको आवश्यकताबारे पेसागत सहयोग व्यवस्थापन कार्यविधि (२०७७) ले नेपाली भाषा पढाउने शिक्षकलाई पेसागत सहयोग पुऱ्याउन प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरीक्षकले स्रोत शिक्षकको व्यवस्थापन र परिचालन, विषय विज्ञको समूह गठन र तिनको परिचालन, विद्यालयमा मौजात अनुभवी र दक्ष शिक्षकबाट अन्य शिक्षकलाई पेसागत सहयोग र सहजीकरण गर्ने व्यवस्था सरकारी पक्षबाट मिलाइएको भनेका छ भने अधिकारी (२०७९) ले गैरसरकारी संस्थाहरूले नेपाल सरकारको आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रमसँग सहकार्य गर्दै समावेशी शिक्षामा जोड दिने खालका कार्यक्रम लागु गरेको र शिक्षकका शिक्षण कौशलको विकासमा ठुलो योगदान पुऱ्याएको बताएका छन् । यसरी शिक्षकमा पेसागत दक्षता अभिवृद्धि गर्न विभिन्न समयमा चरणबद्ध रूपमा सञ्चालन हुने तालिमका प्याकेजमार्फत अभिमुखीकरण गर्ने गरिएको र सिपमूलक तालिम, जनचेतनामूलक, सरसफाइसम्बन्धी, जीविकोपार्जनसम्बन्धी, विषयगत तालिम, बाल साक्षरता, बाल संरक्षण समावेशी शिक्षा आदि सहयोगमूलक कार्यक्रमले नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा दक्षता प्राप्त गरी पेसागत विकासमा सहयोग पुग्ने कुरा स्पष्ट हुन्छ ।

**शैक्षिक सामग्रीको सान्दर्भिक प्रयोग** : शैक्षिक सामग्रीको सान्दर्भिक प्रयोगले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलको विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्दछन् । शैक्षिक सामग्री भन्नाले शिक्षकले कक्षाकोठामा आफ्नो शैक्षणिक कार्यकलापलाई प्रभावकारी बनाउनका लागि उपयोग गरिने सामग्री भन्ने बुझिन्छ । शैक्षिक सामग्रीहरूको सान्दर्भिक प्रयोगका सन्दर्भमा शर्मा र पौडेल (२०६०) ले भाषाका विभिन्न सिप तथा ज्ञान एवम् साहित्यका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहायक सामग्रीका रूपमा उपयोग गर्ने जुनसुकै सामग्रीलाई नै शिक्षण सामग्री भनेका छन् । भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग र आवश्यकताबारे सुवेदी (२०७५) ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा शिक्षण सामग्रीको भूमिका उल्लेखनीय रहने बताउँदै शिक्षण कार्यलाई रूचिपूर्ण, विद्यार्थीअनुकूल, रोचक, उत्प्रेरक, आर्कषक र चीरस्थायी बनाउन यसको महत्त्वपूर्ण भूमिका रहने भनेका छन् । रिचड्‌र्स ( २००५) ले पाठका जटिल अंशलाई सरल तरिकाले बुझाउनका लागि यसको प्रयोग गरिन्छ,

त्यस्तो शिक्षकले मात्र शैक्षिक सामग्रीको सही प्रयोग गर्न सक्दछ, जो पेसागत रूपमा दक्ष, योग्य, क्षमतावान र शैक्षणिक कौशलताका दृष्टिले सबल हुन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

अधिकारी (२०७९) ले शिक्षणका क्रममा शिक्षण सामग्रीको व्यवस्था मिलाउदा र कक्षाकोठामा तिनको प्रभावकारी प्रयोग गर्दा विद्यार्थीको बौद्धिक क्षमता, विद्यार्थी सङ्ख्या, विद्यार्थीको अनुभव, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विद्यार्थीको भाषिक पृष्ठभूमि, पाठ्यवस्तुको प्रकृति आदि पक्षमा ध्यान पुऱ्याउनु पर्ने भनेका छन् । शिक्षण कार्यलाई रोचक र आकर्षक बनाउन, सिकाइप्रति रूचि जगाउन, प्राप्त ज्ञानलाई स्थायी र पुष्ट गर्न, अभ्यास र कार्यकलापमा विविधता ल्याउन, विद्यार्थीको विद्यालय तथा कक्षाकोठामा सहभागिता बढाउन, प्रभावकारी शिक्षण गर्न, विद्यार्थीमा सिर्जनात्मक क्षमता बढाउन शिक्षण सामग्रीले प्रत्यक्ष रूपमा सहयोग गर्ने बताएका छन् । माथिका वैचारिक तथ्यका आधारमा नेपाली भाषा शिक्षकले कक्षाकोठामा प्रयोग गर्ने विविध शैक्षिक सामग्रीहरू मौखिक, दृश्यात्मक, श्रव्य, श्रव्यदृश्य र स्पर्श मुख्य रहेका छन् । विषयवस्तुको आवश्यकताका आधारमा अन्य पूरक सहायक सामग्रीको पनि प्रयोग गर्न सकिने र यी सबै शैक्षिक सामग्रीले कक्षाशिक्षणलाई प्रभावकारी बनाई शिक्षकको शिक्षण कौशलमा सुधार ल्याउने विचार प्रस्तुत गरेका छन् । यी तथ्यहरूका आधारमा शैक्षिक सामग्रीको सान्दर्भिक प्रयोगले विद्यार्थीका लेखन कौशलको विकास गर्न समेत महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरा पुष्टि हुन्छ ।

**पेसागत सामाजिक सञ्जाल** : पेसागत सामाजिक सञ्जाल भन्नाले पेसागत रूपमा शिक्षकहरूको समूह निर्माण गरी सबै शिक्षकहरूले शिक्षणका क्रममा भोगेका शैक्षणिक समस्याहरूलाई समूगत रूपमा छलफल गरी त्यसको समाधान खोज्नका लागि निर्माण गरिएको शिक्षक सञ्जाल नै शिक्षकको पेसागत सामाजिक सञ्जाल हो । पेसागत सामाजिक सञ्जालका सन्दर्भमा सुवेदी (२०७५) ले शिक्षकहरूले आफ्नो शिक्षण सिकाइ कार्यमा सहजीकरण गर्न तथा शिक्षणका क्रममा देखापरेका विविध समस्याहरूलाई आपसी संवाद तथा छलफलका माध्यमबाट समाधान गर्न सकिने भनेका छन् । शिक्षकको पेसागत सामाजिक सञ्जालको उपयोगिता तथा आवश्यकताबारेमा थपलिया (२०७२) ले शिक्षकमा शिक्षण कौशलको विकास गर्न तथा शिक्षकका पेसागत व्यावहार, शिक्षण कौशलका तौर तरिकामा एकरूपकता ल्याउन शिक्षक सञ्जालको निर्माण गर्नुपर्ने भनेका छन् । यो चक्रीय किसिमको मोडेल हुने र त्यही मोडेलका आधारमा शिक्षकका शिक्षण कौशलमा सुधार

ल्याउन सकिने निष्कर्ष प्रस्तुत गरेका छन् । बराल (२०६७) ले शिक्षकका शिक्षण कौशलको विकासमा पहिलो पुस्तालाई तालिममार्फत दक्ष बनाउने र पहिलो पुस्ताले दोस्रो पुस्तालाई भाषा सिकाइने व्यवस्था मिलाउने कार्य सञ्जालमार्फत हुने विचार व्यक्त गरेका छन् । यसरी माथि प्रस्तुत भएका विभिन्न तथ्यका आधारमा शिक्षकका पेसागत सामाजिक सञ्जाललाई पनि शिक्षकका शिक्षण कौशलको विकास प्रक्रियाका रूपमा लिन सकिन्छ ।

***व्यावहारिक लेखन शिक्षण र साङ्केतिक अन्तर्क्रिया सिद्धान्त***

नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलको विकासमा साङ्केतिक वा प्रतीकात्मक अन्तर्क्रिया सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहन्छ । समाजको स्थायी स्वरूपको अवस्था कसरी निर्धारण गर्न सकिन्छ भन्ने सन्दर्भमा समाज परिवर्तनका रूपमा देखापरेको एक नवीन सिद्धान्तका रूपमा यस सिद्धान्तलाई लिने गरिन्छ । साङ्केतिक अन्तर्क्रिया सिद्धान्तअनुसार समाज गतिशील छ । समाजको निर्माण गर्न सहयोग पुऱ्याउने विभिन्न तत्त्वहरूको भूमिका पनि परिवर्तनशील नै छ । त्यही भएर यस सिद्धान्तअनुसार समाजको अध्ययन संरचनावादका आधारमा नभई प्रतिक्रियाका आधारमा हुने भएकाले यो सिद्धान्त यथार्थका नजिक रहेको छ । यस सिद्धान्तअनुसार प्रतिक्रियाका माध्यमबाट नै मानिसहरू एक आपसमा अन्तर्क्रिया गर्ने गर्दछन् । प्रतिक्रिया बिना मान्छेका बिचमा अन्तर्क्रिया गर्न पनि सम्भव छैन् । प्रतिक्रियाको सर्वश्रेष्ठ उदाहरण भनेको व्यक्तिमा हुने भाषिक सम्प्रेषण हो । भाषा सामाजिक सम्पर्क, सम्प्रेषणको माध्यम र सञ्चारको महत्त्वपूर्ण साधन भएकाले भाषाका माध्यमबाट मानिसले आफ्ना विचार साटासाट गर्दछन् । भाषाका माध्यमबाट समाजका हरेक व्यक्तिले एकआपसका बिच विभिन्न विषयमा अन्तर्क्रिया गर्दछन् । शिक्षक यही समाजमा बस्ने भएकाले समाजको रूपान्तरण गर्न नेपाली भाषा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने कुरालाई नकार्न सकिदैन ।

प्रतीकात्मक अन्तर्क्रिया सिद्धान्तको समाजमा सर्वप्रथम प्रयोग गर्ने व्यक्ति जर्ज हर्वट मिड (१८६३-१९३१) र म्याक्स वेवर (१८६४-१९२०) हुन् । समाजशास्त्री मिडका अनुसार समाजलाई चिन्ने विभिन्न प्रतीकहरू छन् । ती प्रतीकहरूलाई प्रतिदिन सूक्ष्म रूपमा अध्ययन गरेमा वा तिनका बारेमा अन्तर्क्रिया गरेमा त्यसको वास्तविक धरातलसम्म पुग्न सकिन्छ, त्यसका बारेमा व्याख्या तथा विश्लेषण गर्न सकिन्छ । जसबाट हाम्रो वरिपरि वा समाजका वरपर रहेका समग्र वस्तुस्थितिको निकट पुगी तिनका बारेमा वस्तुनिष्ट अध्ययन गर्न सघाउ

पुग्दछ । मिडले सोच्नु वा विचार गर्नुलाई एक किसिमको आन्तरिक वार्तालाप भनेका छन् । मानिसका बिचमा हुने आन्तरिक वार्तालापलाई उनी मानवीय मन भन्दछन् । यही मन नै मानिसलाई भाषा सिकाउने प्रक्रिया हो । मानिसमा सोच्न सक्ने क्षमताको विकास कसरी हुने गर्दछ भन्ने सन्दर्भमा मिडले मानिसका मनमा उब्जिएका अनेकौं विचारले एकअर्का बिच वार्तालापको विकास हुन्छ भनेका छन् । यही कुराकानीका आधारमा शिक्षक वा बालकमा भाषा सिकाउने र सिक्ने आधार प्राप्त हुने गर्दछ । भाषा सिकाइमा जुन संकेतले सकारात्मक प्रतिक्रिया दिन्छ, त्यसको अर्थ नै साझा हुन्छ । जुन बालक वा व्यक्तिका लागि सामान्य संकेत दिन्छ । त्यस संकेतलाई काल्पनिक प्रतिक्रिया समेत भनिन्छ । जर्ज हर्वट मिड ( १८६३-१९३१) र म्याक्स वेवर (१८६४-१९२०) को साङ्केतिक अन्तर्क्रिया सिद्धान्तलाई रेखाचित्रका आधारमा यसरी देखाउन सकिन्छ




(स्रोत : रविना, २०२१ युटुब)

**अवधारणात्मक ढाँचा**

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाको टीकापुर नगरपालिका र जानकी गाउँपालिकामा अवस्थित ६ ओटा विद्यालयका ६ जना नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको विकास र १२ जना शिक्षार्थीका लेखाइ सिप विकाससम्बन्धी अभिमतहरू सङ्कलन गरिएको छ । अध्ययनमा सूचकले दिएका अभिमतको

तुलनात्मक विश्लेषण गरिएको छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा विषय शिक्षक, विद्यालय, पेसागत तालिम, पेसागत विकास कार्यक्रमहरू, पेसागत सङ्गठन, अन्य संघ-संस्थाको सहयोगात्मक पेसागत भूमिका, प्रचलित शिक्षा ऐन, नियम तथा कानुनले नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा के कस्ता प्रभाव पारेका छन् भन्ने सन्दर्भमा प्रस्तुत अध्ययनका लागि निम्नानुसारको अवधारणात्मक ढाँचा तयार गरिएको छ :



## अध्याय तिन : अनुसन्धान विधि र प्रक्रिया

शोधकार्यलाई के कसरी व्यवस्थित ढङ्गबाट अगाडि बढाउने भनेर अंगालिने विधि नै शोध विधि हो । अनुसन्धान कार्यमा विधिको महत्त्वपूर्ण भूमिका रहन्छ । विधिले शोधकार्यलाई उद्देश्यसम्म पुऱ्याउन सहयोग गर्छ । शोधकार्यलाई उद्देश्यपूर्ण बनाउन पुस्तकालयीय कार्य, क्षेत्रीय अध्ययन कार्य, अवलोकन, नमुना छनोट, तथ्याङ्क सङ्कलन तथा तथ्याङ्क विश्लेषण लगायतका उपविधिहरूको उपयोग गरिएको छ । यस अध्ययनमा सर्वेक्षण विधिको पनि उपयोग गरिएको छ । अनुसन्धान कार्य पूरा गर्न प्रयोग गरिएका अध्ययन विधि र प्रक्रियाहरूको चर्चा निम्नानुसार गरिएको छ :

### अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ ।

### *सहभागी छनोट प्रक्रिया*

प्रस्तुत अध्ययनमा सहभागीको छनोट प्रक्रियालाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाभित्रका ६ ओटा विद्यालयमध्ये तिनओटा सामुदायिक र तिनओटा संस्थागत (निजी) विद्यालयमा माध्यमिक तह अर्थात् कक्षा ९ देखि १२ सम्म नेपाली विषय अध्यापन गराउने पुरुष र महिला गरी जम्मा ६ जना नेपाली भाषा शिक्षक र ६ ओटै विद्यालयबाट गोला प्रथाद्वारा छनोट भएका विद्यार्थीमध्ये प्रति विद्यालय दुईजना विद्यार्थी जसमा एकजना छात्र र एकजना छात्रा पर्ने गरी जम्मा १२ जना विद्यार्थीहरूलाई सहभागी नमुनाका रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेका सूचकबाट अपेक्षित सूचनाको समप्राप्ति नभएमा सूचना सङ्कलनका लागि अरू थप सहभागी लिन सकिने अवस्थालाई पनि कायम राखिएको छ ।

### *तथ्यका स्रोत*

अध्ययनका क्रममा आवश्यक पर्ने सूचनाहरूको विवरणलाई तथ्य भनिन्छ । प्रस्तुत अध्ययनमा तथ्यपरक सूचना सङ्कलन गर्न निम्नानुसारका स्रोतको उपयोग गरिएको छ :

**प्राथमिक स्रोत** : प्रस्तुत अध्ययनमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी नेपाली भाषा शिक्षकका शिक्षण कौशलका बारेमा लिखित र मौखिक प्रश्नहरू निर्माण तथा शिक्षकको

कक्षा अवलोकन फारमको प्रयोग गरी छनोटमा परेका ६ जना नेपाली भाषा शिक्षक र १२ जना विद्यार्थीहरूसँग लिखित र मौखिक रूपमा प्रश्नावली र शिक्षकका कक्षा अवलोकनका माध्यमबाट सूचकका अभिमत लिइएको छ । उक्त अभिमत अनुसन्धानका प्राथमिक स्रोतीय सामग्री हुन् । निर्दिष्ट तथ्य तथा सामग्री सङ्कलनका लागि निर्माण गरिएका विभिन्न प्रश्नहरूलाई समूहगत रूपमा विभाजन गरिएको छ, जसमा व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्थालाई समूह ‘क’ मा, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषणलाई समूह ‘ख’ मा, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभावहरूलाई समूह ‘ग’ मा, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषणलाई समूह ‘घ’ मा राखी सूचनाको सङ्कलन गरिएको छ ।

**द्वितीयक स्रोत** : अनुसन्धान कार्यमा अध्येताको उपस्थिति वा संलग्नता बेगर पहिलेदेखि नै उपलब्ध भइराखेका सामग्रीहरू द्वितीयक स्रोतका सामग्री हुन् । यस्ता सामग्री अनुसन्धानकर्ताले आफूले नभई अन्य माध्यमबाट अरूको प्रयोजनका लागि खोजबिन भइसकेका वा अरू कसैले उपयोग गरिसकेका तर वर्तमान अध्ययनका लागि प्रयोग गर्न सकिने खालका हुन्छन् । प्रस्तुत अध्ययनमा अनुसन्धेय विषय शीर्षकको अध्ययनका लागि द्वितीयक स्रोतलाई अवलम्बन गरिएको छ । द्वितीयक स्रोतको सामग्री सङ्कलनका लागि पुस्तकालय अध्ययनका साथै नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसँग सम्बन्धित विभिन्न अभिलेख हेर्ने, सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, विश्लेषणयुक्त लेख, तालिम सामग्री, तालिमका विभिन्न ढाँचाहरू, तालिम नीति, वर्ल्ड वाइड वेभ, पत्रपत्रिका र सामाजिक सञ्जालबाट सामग्रीको सङ्कलन गरिएको छ । शिक्षा मन्त्रालयअन्तर्गतका विविध संघ-संस्थाहरूले तयार पारेका नेपाली भाषा शिक्षकका पेसागत विकाससम्बन्धी विभिन्न नीति, कार्यक्रम र निर्देशिकालाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ । द्वितीयक स्रोतहरूबाट प्रस्तुत अध्ययनका लागि शाब्दिक तथा गुणात्मक सूचनाहरू सङ्कलन गरिएको छ ।

***तथ्य सङ्कलनका साधन***

प्रस्तुत अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल जान्न वा बुझ्नका लागि विशेष गरी प्राथमिक स्रोतलाई आधार मानी सामग्रीको निर्माण गरिएको छ । सामग्री निर्माण गर्ने क्रममा छनोटमा परेका छओटा विद्यालयका प्रति

विद्यालयबाट एकजना नेपाली भाषा शिक्षक र दुईजना विद्यार्थीलाई प्रश्नावलीका माध्यमबाट लिखित रूपमा र शिक्षक कक्षा अवलोकन फारमको प्रयोग गरी प्रतिक्रिया लिइएको छ । सामग्री सङ्कलनका लागि निर्माण गरिएका विभिन्न प्रश्नहरूलाई समूहगत रूपमा विभाजन गरिएको छ । जसमा व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्थालाई समूह ‘क’ मा, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषणलाई समूह ‘ख’ मा, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभावहरूलाई समूह ‘ग’ मा, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषणलाई समूह ‘घ’ मा राखी सूचनाको सङ्कलन गरिएको छ भने अध्ययनमा आवश्यक सूचनाका लागि सूचक शिक्षकको कक्षा अवलोकन गरी सूचनाको सामग्री सङ्कलन गरिएको छ ।

***तथ्य सङ्कलन प्रक्रिया***

प्रस्तुत शोधकार्य सम्पन्न गर्न मुख्यतः पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी क्षेत्रीय अध्ययन कार्य र नमुना छनोट विधिलाई अपनाइएको छ । सामग्री सङ्कलनका प्राथमिक र द्वितीयक स्रोतमध्ये प्राथमिक स्रोतका लागि नमुना छनोटमा परेका सूचकहरू ( नेपाली भाषा शिक्षक र विद्यार्थीहरूसँग) लिखित र मौखिक प्रश्नावलीका माध्यमबाट अभिमत लिई सामग्रीको सङ्कलन गरिएको छ । तथ्यको प्रमाणीकरण र विश्वसनीयताका लागि नेपाली भाषा शिक्षकका कक्षाको अवलोकन समेत गरिएको छ । द्वितीयक स्रोतको सामग्री सङ्कलनका लागि पुस्तकालय अध्ययन कार्यका साथै नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणसम्बन्धी भए गरेका तालिम तथा शिक्षण कौशलको विकाससँग सम्बन्धित विभिन्न अभिलेख हेर्ने, सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका, शोधकार्य, लघु अनुसन्धानजस्ता प्राज्ञिक कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । अध्ययनलाई वस्तुगत बनाउने क्रममा विद्यालयको प्रकृति, सहभागीको छनोट, शिक्षण कौशलको प्रकृतिका आधारमा सङ्कलित सामग्रीको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ । सङ्कलित सामग्रीको अध्ययनलाई व्याख्यात्मक विधिबाट निष्कर्ष निकालिएको छ । यसमा सामग्रीको सङ्कलन गर्न निम्नानुसारका प्रक्रिया अवलम्बन गरिएको छ :

**पुस्तकालय अध्ययन कार्य** : प्रस्तुत अध्ययनका लागि सर्वप्रथम पुस्तकालय अध्ययन कार्यको प्रक्रियालाई प्राथमिकतामा राखी नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकाससम्बन्धी सैद्धान्तिक पक्षहरूको अध्ययन गरिएको छ । व्यावहारिक

लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा भए गरेका विभिन्न अध्ययन तथा अनुसन्धानको शिक्षणीय अवस्था, पेसागत तालिमको महत्त्व, तालिम लिएका र नलिएका शिक्षकका व्यावहारिक लेखन शिक्षण कौशलमा अन्तर, शिक्षण कौशलको विकासमा सम्बन्धित संस्थाको भूमिका, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलका बिच तुलनात्मक अध्ययन गरिएको छ । अध्येताले शिक्षण कौशलसम्बन्धी स्पष्ट अवधारणा निर्माण गरी आफ्नो दृष्टिकोण तय गर्नुपर्ने भएकाले पुस्तकालय अध्ययन कार्यलाई प्राथमिकताका साथ अध्ययनको प्रमुख आधार बनाइएको छ । अध्ययनका लागि विभिन्न विश्वविद्यालय तथा संघसंस्थाका पुस्तकालयको समेत उपयोग गरिएको छ । सम्पूर्ण पुस्तकालयबाट विभिन्न विज्ञ तथा विद्वान्का पुस्तक, प्रकाशित अनुसन्धानमूलक लेखहरू, लघु अनुसन्धान प्रतिवेदनहरू, तालिमका लागि उपयोग भएका शैक्षिक सामग्रीहरू, सामाजिक सञ्जाल र वर्ल्ड वाइड वेभमा राखिएका शैक्षिक सामग्रीहरूको आवश्यकताका आधारमा उपयोग गरिएको छ । विभिन्न सहयोगी सामग्रीहरूका आधारमा धारणा निर्माण गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

**क्षेत्रीय अध्ययन कार्य :** अनुसन्धानदाता प्रत्यक्ष उपस्थित भई वा तयार पारिएका उपकरणलाई लक्षित जनसङ्ख्या समक्ष पुऱ्याएर तथ्याङ्क सङ्कलन गर्ने प्रक्रियालाई क्षेत्रीय अध्ययन कार्य भनिन्छ । खासगरी शैक्षिक उपलब्धि, अवस्था, कार्यमूलक अनुसन्धान, सामाजिक एवम् प्रयोगात्मक अनुसन्धानमा यसको बढी प्रयोग गरिन्छ । यस कार्यबाट अनुसन्धानको सम्भाव्य सूचनाका नजिक पुग्न सकिन्छ । प्रस्तुत अनुसन्धानमा तथ्य तथा सूचनाहरूको सङ्कलन गर्न यस कार्यलाई प्रयोग गरिएको छ । यसका लागि आवश्यक पर्ने साधनहरूको निर्माण गरी अध्ययनकार्यको खाका तयार गरी अध्ययन गरिएको छ । निर्माण गरिएका साधनको आवश्यकताका आधारमा व्यावहारिक लेखन शिक्षण कौशलमा उपयोग गर्ने नीतिको अवलम्बन गरी अध्ययन कार्यलाई सम्पन्न गरिएको छ । नेपाली भाषा शिक्षकबाट आवश्यक तथ्य तथा सूचना सङ्कलन गर्नका लागि अध्येता स्वयम् उपस्थित भई सामग्रीको सङ्कलन गरिएको छ । अध्येताबाट पटकपटक अध्ययनका लागि आवश्यक तथ्य तथा सूचनाहरूको सङ्कलन गरिएको छ । नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था, विशिष्ट कौशलको विश्लेषण, विशिष्ट कौशलको प्रभाव र सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गरिएको छ ।

यस प्रक्रियाबाट अध्ययनमा प्रारम्भिक सूचनाहरू सङ्कलन गरिने भएकाले अध्येताबाट सङ्कलित सूचनाहरूलाई एकीकृत गरी परिणाममुखी बनाइएको छ । प्राप्त सूचनाहरूलाई आवश्यक रूपमा विश्लेषण गरी व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषणका लागि आवश्यक पर्ने सूचनाहरू सङ्कलन गरिएको छ । कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालयमा माध्यमिक तहमा अध्यापन गर्ने नेपाली भाषा शिक्षक र अध्ययनरत शिक्षार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ ।

### *उपकरण निर्माण*

प्रस्तुत अध्ययन 'व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल' शीर्षकसँग केन्द्रित रही कैलाली जिल्लाभित्र छनोटमा परेका विद्यालय र त्यहाँ अध्यापनरत नेपाली भाषा शिक्षक र शिक्षार्थीहरूलाई प्रतिनिधित्व हुने गरी व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसँग सम्बद्ध कथनमा आधारित सूचनाहरू सङ्कलन गर्नका लागि उपकरणको निर्माण गरिएको छ । प्रश्नावली तथा अवलोकन गरी दुई किसिमका उपकरण उपयोग गरिएको यस अनुसन्धानमा शिक्षकका शिक्षण कौशल हेर्नका लागि शिक्षकको कक्षा अवलोकन फारमको निर्माण गरिएको छ । उपकरणका कथनहरू र अवलोकन फारमको सूची परिशिष्टमा दिइएको छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसँग सम्बन्धित सूचनाहरू र कथनहरूमा केन्द्रित रही सूचनाको सङ्कलन गरिएको छ । यसका लागि व्यावहारिक लेखन शिक्षणको वर्तमान अवस्था, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण, व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव, व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनासँग सम्बन्धित सात, सातओटा र शिक्षकको कक्षा अवलोकन फारमसँग सम्बन्धित १२ ओटा कथनात्मक सूचकहरू निर्माण गरिएको छ । निर्माण गरिएका सूचकका आधारमा सम्बद्ध शिक्षक तथा शिक्षार्थीसँग प्रतिक्रिया वा अभिमत लिइएको छ । प्रतिक्रिया वा अभिमत सङ्कलन गर्न लिखित र मौखिक प्रश्नावली दिई समूहगत रूपमा लेख्न लगाइएको छ ।

***तथ्यको प्राप्ति***

प्रस्तुत अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल जान्न तथा तथ्यको प्राप्ति गर्नका लागि विशेष गरी प्राथमिक स्रोतलाई आधार मानी सामग्रीको निर्माण गरिएको छ । सामग्री निर्माण गर्ने क्रममा छनोटमा परेका छओटा विद्यालयका छजना नेपाली भाषा शिक्षक र बाह्रजना विद्यार्थीलाई बन्द प्रश्न लिखित रूपमा र खुला प्रश्न मौखिक रूपमा सोधिएको छ । शिक्षक र शिक्षार्थीलाई लिखित रूपमा आवश्यक प्रश्न सोधी सामग्रीको सङ्कलन गरिएको छ भने शिक्षकको कक्षा अवलोकन गरिएको छ । सामग्री सङ्कलनका लागि निर्माण गरिएका विभिन्न प्रश्नहरूलाई समूहगत रूपमा विभाजन गरिएको छ । जसमा व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषणलाई क्रमशः क, ख, ग र घ समूहमा राखी सूचना सङ्कलन गरिएको छ भने शिक्षकको कक्षा अवलोकन फाराममा बाह्रओटा बुँदाका आधारमा सूचना सङ्कलन गरिएको छ ।

***तथ्यको विश्लेषण प्रक्रिया***

प्रस्तुत अध्ययनमा सूचना वा तथ्यहरूको सङ्कलन गरिसकेपछि सूचकबाट प्राप्त भएका सूचनाहरूलाई शाब्दिक तथा गुणात्मक विश्लेषण विधिका आधारमा सूचनाहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषणका सन्दर्भमा दिइएका सूचनाहरूलाई छुट्टाछुट्टै वर्गमा राखी विद्यालयको प्रकृति, सहभागीको प्रकृति र शिक्षण कौशलको प्रकृतिका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यलाई उद्देश्यमूलक, विश्वसनीय र भरपर्दो बनाउन व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलसम्बन्धी दृष्टिकोण र शिक्षार्थीमा व्यावहारिक लेखन सिपको अवस्था निकालिएको छ । व्यावहारिक लेखन शिक्षणका सम्बन्धमा देखिएका फरक मतको विश्लेषण गरिएको छ । प्राप्त सूचनाहरूको व्याख्या र विश्लेषणका क्रममा पुस्तकालय अध्ययन कार्य तथा पूर्वकार्यको अध्ययनबाट प्राप्त सूचना, प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलित

सूचनाहरूलाई सार विश्लेषण विधि (Thematic analysis method) द्वारा विश्लेषण गरिएको छ र तत्पश्चात विद्यालयको प्रकृति, सहभागीको प्रकृतिका र शिक्षण कौशलको प्रकृतिका आधारमा व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलसम्बन्धी अभिमतलाई सहभागीको प्रतिक्रियाअनुसार तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यसरी प्राप्त भएको निष्कर्षका आधारमा व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था, व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको विश्लेषण, प्रभाव र सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गरिएको छ । अध्येताको अध्ययन प्रक्रिया, सूचनाको विश्लेषण प्रक्रिया र प्राप्ति तथा निष्कर्षका आधारमा शोधको अन्तिम प्रतिवेदन वा रूपरेखा तयार पारिएको छ ।

## अध्याय चार : व्यावहारिक लेखन शिक्षणमा शिक्षणीय कौशल

### शिक्षणीय कौशलको अवस्था

भाषाका माध्यमबाट मानिसका दैनिक तथा व्यावहारिक जीवनमा विभिन्न किसिमका कार्यहरूको सम्पादन हुने गर्दछ । जसअन्तर्गत मौखिक र लिखित माध्यमलाई बढी महत्त्वका साथ हेरिन्छ । शिक्षणमा लिखित भाषाका माध्यमबाट सम्पादन गर्नुपर्ने कार्यलाई अझ बढी महत्त्वका साथ हेरिन्छ । कक्षाकोठाभित्र लिखित रूपमा गरिने व्यावहारिक लेखनसम्बन्धी कार्यकलापले शिक्षक तथा विद्यार्थीको भाषिक कौशल र व्यावहार परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छ । विद्यार्थीका दैनिक तथा व्यावहारिक जीवनमा आउने विभिन्न प्रकारका सिकाइगत समस्याहरूलाई सहज रूपमा समाधान गर्न सहयोग पुऱ्याउँछ । शिक्षकका शिक्षण कौशलमा सुधार ल्याई पेसागत विकासमा सहयोग पुऱ्याउँछ । यसलाई शिक्षकको शैक्षिक स्तर तथा सक्षमता विकास गर्ने र शिक्षणीय प्रभावकारिता बढाउने प्रक्रियाका रूपमा लिइन्छ (पोखरेल र बोहोरा, २०७२, पृ. १९०) । व्यक्तिगत तथा व्यावसायिक जीवनका विभिन्न कार्यहरू सम्पन्न गर्ने सन्दर्भमा आइपर्ने औपचारिक तथा अनौपचारिक कार्यदेखि लिएर जग्गाजमिन जायजेथासम्बन्धी व्यावहार बुझ्न र त्यसबारेमा लेख्न सिकाइने सम्पूर्ण कार्य व्यावहारिक लेखनअन्तर्गत पर्दछन् । तसर्थ मानिसले सैद्धान्तिक रूपमा प्राप्त गरेको ज्ञानलाई व्यावहारिक जीवनमा उपयोग हुने गरी लेखिने लेखन व्यावहारिक लेखन हो । यसअन्तर्गत घरायसी चिठी, कार्यलयपत्र, सामाजिक सन्दर्भ, सूचना तथा विज्ञापनका कुरा, औपचारिक रूपमा कक्षाकाठोभित्र गरिने औपचारिक लेखनसम्बन्धी सिकाइका विविध कार्यकलाप पर्दछन् । व्यावहारिक लेखनका माध्यमबाट बालबालिकाहरूलाई व्यावहारिक लेखनसँग परिचित गराई उनीहरूमा लेखाइ सिपको विकास गर्न तथा विचार, भावना, सिर्जना, इच्छा, चाहनाअनुसार स्वतन्त्र एवम् स्वस्फूर्त रूपमा लेखन गर्न सहयोग पुग्दछ ।

विद्यालय तहमा आधारभूत तहदेखि नै स्तरगत रूपमा नेपाली भाषा पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी चर्चा गरे तापनि प्रस्तुत अध्ययनमा माध्यमिक तहको पाठ्यक्रमले निर्देश गरेका व्यावहारिक लेखनसम्बन्धी सन्दर्भको चर्चा गरिएको छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०८०) । चिठी, दैनिकी, विज्ञापन, निबन्ध, टिप्पणी, प्रतिवेदन, निमन्त्रणा, मन्जुरीनामा, माइन्युट लेखन, तमसुक, जाहेरीपत्र, मुचुल्का आदि व्यावहारिक लेखनका विषयमा विद्यार्थीलाई सक्षम बनाउने लक्ष्य पाठ्यक्रमले राखेको छ । यी सबै तथ्यहरूलाई

हेर्दा विद्यालय तहमा व्यावहारिक लेखनसम्बन्धी व्यवस्था र तिनको प्रयोगको अवस्था सैद्धान्तिकभन्दा प्रायोगिकतर्फ उन्मुख भएको देखिन्छ । विद्यार्थी जीवनमा आइपर्ने विविध किसिमका व्यावहारिक लेखनसम्बन्धी समस्याहरूको पहिचान गरी तिनको उचित समाधान गर्नतर्फ अध्ययन केन्द्रित रहेको छ । यसले कुनैपनि विषयमा एकत्रृत भई लेख्य माध्यमबाट मानिसका दैनिक तथा व्यावहारिक जीवनका विविध पक्षको सहज रूपमा विश्लेषण गरी सरल ढङ्गले सम्प्रेषण गर्न सकुन् भन्ने ध्येय राख्दछ । व्यावहारिक लेखन शिक्षणको उद्देश्य शिक्षकको शिक्षण कौशलमा सुधार गरी शिक्षकको पेसागत विकासका साथै विद्यार्थीमा लेखाइ सिपको विकास गर्नु रहेको छ । नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्थाका सन्दर्भमा छनोट भएका सूचकले व्यावहारिक लेखनसम्बन्धी दिएका प्रतिक्रियाका आधारमा विभिन्न विषय (थिम) को निर्माण गरी सूचकका अभिमतको विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

***व्यावहारिक लेखन शिक्षणको उपादेयता***

शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखनको प्रयोग, अभ्यास तथा भूमिका महत्त्वपूर्ण हुन्छ । उपादेयताले सम्बन्धित पक्षको महत्त्व, प्रयोग अवस्था, सवल र दुर्वल पक्ष तथा अन्य क्षेत्रमा त्यसले पार्नसक्ने प्रभावबारेमा जानकारी दिने गर्छ । अध्येताबाट अध्ययनका क्रममा सहभागी शिक्षक तथा विद्यार्थीलाई नेपाली भाषा शिक्षणमा व्यावहारिक लेखनको उपयोगिताका सम्बन्धमा सोधिएका प्रश्न र त्यसबाट प्राप्त अभिमतहरूको विश्लेषण गरिएको छ । व्यावहारिक लेखन शिक्षणको आवश्यकता सम्बन्धमा सोधिएका प्रश्नमा शिक्षक १ ले व्यावहारिक लेखन शिक्षण विद्यार्थीलाई औपचारिक र अनौपचारिक रूपबाट लेख्न सिकाउने एक प्रकारको शिक्षण कला भएको बताए । यसलाई व्यावसायिक तथा उत्पादनमूलक तरिकाले शिक्षण गर्न सकिने भएकाले नेपाली भाषा शिक्षणमा यसको उपादेयता बढेको कुरा उल्लेख गरे । शिक्षक २ ले मानिसका दैनिक तथा व्यावहारिक जीवनमा आइपर्ने विभिन्न किसिमका समस्याहरूको समाधान गर्न र शिक्षणका क्रममा देखापर्ने विविध शैक्षणिक समस्याको समाधान गर्न व्यावहारिक लेखन शिक्षणको आवश्यकता पर्ने गरेको बताए । दैनिक तथा व्यावहारिक जीवनका अन्य लेखनभन्दा शिक्षण सिकाइमा यसको प्रयोग बढी हुने भएकाले यसको उपादेयता बढ्दै गएको विचार प्रस्तुत गरे । शिक्षक ३ ले व्यावहारिक लेखन मानिसको दैनिक तथा व्यावहारिक जीवनमा अति आवश्यक पर्ने सिप हो । यो जीवनका हरेक पक्षमा

उपयोग हुने गर्छ । यसअन्तर्गत चिठी, दैनिकी, निवेदन, विज्ञापन, निमन्त्रणा, शुभकामना, समवेदना, जाहेरीपत्र, तमसुक, टिप्पणी, अंशबन्डासम्बन्धी लेखन पर्ने र तिनमा लेखाइ सिपको विकास गर्न व्यावहारिक लेखन शिक्षण बढी उपयोगी हुने बताए ।

सहभागी शिक्षक ४ ले दैनिक जीवनका विभिन्न कार्य सम्पन्न गर्ने सन्दर्भमा आइपर्ने औपचारिक तथा अनौपचारिक तरिकाले लेखिने लेखन नै व्यावहारिक लेखन हो । समयको परिवर्तनसँगै मानवीय जीवन सञ्चालन गर्न, व्यावहारिक ज्ञान दिन, नेपाली विषय तथा अन्य विषयको शिक्षण गर्न सघाउँ पुऱ्याउने भएकाले उपादेयता बढ्दै गएको बताए । शिक्षक ५ ले व्यक्तिगत र व्यावसायिक जीवनसँग सम्बन्धित समग्र पक्षको विकास गर्न यसको आवश्यकता पर्ने बताए । शिक्षक ६ ले मानिसले समाजका विभिन्न व्यक्ति तथा पक्षसँग सम्बन्धित भएर काम गर्नुपर्ने भएकाले यसको महत्त्वपूर्ण भूमिका रहेको र त्यही भूमिकाका आधारमा शिक्षणलगायत अन्य क्षेत्रमा यसको लोकप्रियता बढ्दै गएको कुरा बताए । छनोटमा परेका सहभागी शिक्षकजस्तै विद्यार्थीका अभिमत लिई तिनको पनि विश्लेषण गरिएको छ । विद्यार्थीका अनुसार कक्षाकोठामा हुने शिक्षण सिकाइ कार्यकलापदेखि व्यक्तिका दैनिक तथा व्यावहारिक जीवनका कार्य सञ्चालनमा सहयोग पुऱ्याउने भएकाले व्यावहारिक लेखनको महत्त्व तथा उपादेयता दिनानुदिन बढ्दै गएको विचार व्यक्त गरेका छन् ।

शोधार्थीले व्यावहारिक लेखनको खास प्रयोजन के हो भनी सोधिएको प्रश्नमा सहभागी शिक्षक तथा विद्यार्थीका प्रतिक्रिया लिई तिनको विश्लेषण गरिएको छ । सहभागी शिक्षक १ ले भाषामा चिठी, सूचना, लेखाइ, बोध आदिका बारेमा ज्ञान दिनु नै व्यावहारिक लेखन रहेको बताए भने सहभागी शिक्षक २ ले मानिसका दैनिक जीवनमा देखापर्ने व्यावहारिक समस्याहरू समाधान गर्न विषयवस्तुको ज्ञानभन्दा व्यावहारिक ज्ञान दिनु प्रयोजन रहेको बताए । सहभागी शिक्षक ३ ले विद्यार्थीका व्यावहारिक जीवन र शिक्षकका शिक्षणका क्रममा देखापर्ने विविध समस्याहरूको समाधानतर्फ केन्द्रित हुनु नै व्यावहारिक लेखन शिक्षणको उद्देश्य रहेको बताए । जुन कुरा माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८ मा समेत उल्लेख रहेको छ । सहभागी शिक्षक ४ ले विद्यार्थीमा शिष्टाचारयुक्त भावनाको विकास भई त्यसअनुसारको व्यावहारिक रूप परिवर्तन हुदै जानु नै व्यावहारिक लेखन शिक्षणको प्रयोजन भएको बताए । सहभागी शिक्षक ५ र ६ ले विद्यार्थीमा लेखाइ सिपको

विकासका साथै लिखित अभिव्यक्ति कलाको विकास गर्न र शिक्षक तथा विद्यार्थीलाई दैनिक घर व्यवहार चलाउनेदेखि जीवन भोगाइका क्रममा आइपर्ने विविध समस्याहरूको पहिचान गरी तिनको उचित व्यवस्थापन गर्न व्यावहारिक लेखन शिक्षणको मुख्य उद्देश्य रहेको बताएका छन् । यसै सन्दर्भमा रिचर्डसको व्यावहारिक लेखनले शिक्षकको पेसागत विकासमा शिक्षणीय कार्यकुशलताको अभिवृद्धि गर्छ र शिक्षकमा भएका अनेकन सिपको प्रभावकारी प्रयोग गरी त्यसको विकास गर्न थप बल पुग्छ (रिचर्डस, २००५, पृ. ७) भन्ने विचार रहेको छ । शिक्षकले शिक्षणका क्षेत्रमा विकसित नयाँनयाँ शैक्षणिक विधि, प्रविधि, शैक्षिक सामग्री, प्रस्तुतिगत शैली तथा तरिकामा सुधार गर्दै गएमा शिक्षण कौशलको विकास हुने र यसको उपयोगिता बढ्दै जाने हुन्छ ।

व्यावहारिक लेखन शिक्षण कुनकुन विधा शिक्षणका लागि उपयोगी छ भन्ने अर्को प्रश्नको जवाफमा धेरै शिक्षकले समान खालका विचार प्रस्तुत गरेका छन् । जसमध्ये सहभागी शिक्षक १ ले दैनिकी, चिठी, शुभकामना, श्रद्धाञ्जली, टिप्पणी, निमन्त्रणा आदिको शिक्षण गर्न व्यावहारिक लेखन उपयोगी रहेको बताए । सहभागी शिक्षक २ ले कथा, कविता, चिठी, निबन्ध र निवेदनजस्ता साहित्यिक विधाको शिक्षण गर्न व्यावहारिक लेखन शिक्षणको आवश्यक पर्ने विचार राखे । सहभागी शिक्षक ३ ले नेपाली भाषा शिक्षणका सन्दर्भअनुसार सबैप्रकारका साहित्यिक विधाहरूको शिक्षण गर्न यसको आवश्यकता बढ्दै गएको बताए । सहभागी शिक्षक ४ ले चिठी, निवेदनजस्ता सामान्य लेखनका तुलनामा विज्ञापन, भपाई र रसिद लेखनसम्बन्धी सिपको शिक्षण गर्न बढी उपयोगी हुने बताए । सहभागी शिक्षक ५ ले निवेदन, चिठी र निबन्ध विधा शिक्षणमा बढी महत्त्वपूर्ण रहेको विचार राखे । सहभागी शिक्षक ६ ले विद्यालय तहका विद्यार्थीमा सिर्जनात्मक क्षमता बढाउन र निबन्ध, कथा, कविता, निमन्त्रणा, निवेदन आदिको प्रभावकारी शिक्षण गर्न व्यावहारिक लेखन शिक्षण बढी उपयोगी रहेको बताए ।

भाषाका कुनकुन भाषिक सिपको विकास गर्न यसको महत्त्वपूर्ण भूमिका हुने गर्दछ भन्ने एक अर्को प्रश्नमा सबै सहभागी शिक्षकले समान खालका विचार राखका छन । जसमध्ये सहभागी शिक्षक १ ले बालकमा रहेको अन्तरनिहित प्रतिभाका आधारमा उनीहरूमा सिर्जनात्मक क्षमता बढाउन व्यावहारिक लेखन शिक्षणको आवश्यकता पर्ने गरेको बताए । सहभागी शिक्षक २ ले विद्यार्थीले आफूले देखेका, सुनेका, पढेका तथा अनुभव

गरेका कुराहरूलाई आफ्नै लेखनशैलीबाट लेख्न सिकाउने भएकाले यो महत्त्वपूर्ण रहेको विचार राखे । सहभागी शिक्षक ३ ले व्यावहारिक लेखन भाषिक सिपको विकासका साथै लेखाइ सिपको विकास गर्न बढी उपयोगी हुने गरेको बताए । उनले लेखाइ सिप निर्धारित ढाँचा तथा अभ्यासमा आधारित भई लेखिने भएकाले शिक्षणका क्षेत्रमा यो बढी उपयोगी रहेको बताए । सहभागी शिक्षक ४ ले भाषिक सिपमध्ये लेखाइ सिपको विकासमा यसको महत्त्वपूर्ण भूमिका रहेको बताए । सहभागी शिक्षक ५ र ६ ले विद्यार्थीमा विभिन्न प्रकारका लेखन सिपको विकास गर्न, सप्रसङ्ग व्याख्या गर्न, समीक्षा गर्न, प्रबन्ध, निबन्ध, दैनिकी, निवेदन, चिठी, प्रतिवेदन आदिको लेखन गर्न उपयोगी हुने बताए ।

शोधार्थीले व्यावहारिक लेखनको शिक्षणबाट तपाईको दैनिक तथा व्यावहारिक जीवनमा के कसरी सहयोग पुऱ्याएको छ भन्ने प्रश्नमा सहभागी विद्यार्थीका विचार समान खालका लागेपनि उद्देश्यगत रूपमा भने भिन्न देखिन्छन् । सहभागी विद्यार्थी ११ ले व्यावहारिक लेखन शिक्षणले विद्यार्थीको व्यावहारिक जीवनलाई सहज बनाउने र बालबालिकालाई चिठी, दैनिकी, निवेदन आदि लेखनका बारेमा जानकारी दिनुका साथै व्यावहारिक ज्ञान बढाउने र व्यावहारमा परिपक्कता ल्याउने कुरामा सहयोग पुऱ्याउने गरेको बताए । सहभागी विद्यार्थी १२ ले व्यावहारिक लेखन हाम्रो दैनिक जीवनको एक महत्त्वपूर्ण पक्ष भएकाले विभिन्न किसिमका सिर्जनात्मक कार्यकलाप गर्न तथा लेखाइ सिपसँग सम्बन्धित लेखन कार्य गर्न वा गराउन सहयोग पुऱ्याउने बताइन् । सहभागी विद्यार्थी ९ र १० ले व्यावहारिक लेखन शिक्षणले बालबालिकाका दैनिक व्यावहार सञ्चालनमा सहजता ल्याउनुका साथै लेखाइ र पढाइ सिपको विकास गर्न तथा विद्यार्थीमा सिर्जनात्मक, उत्पादनात्मक र रचनात्मक क्षमताको विकास गर्न उपयोगी हुने विचार प्रस्तुत गरे । सहभागी विद्यार्थी ७ र ८ ले दैनिक व्यावहार सञ्चालनका क्रममा आउने तमसुक लेखन गर्न, निमन्त्रणाको ढाँचा तयार गर्न, कुनै विषयमाथि टिप्पणी गर्न, व्यावहारिक लेखनले सहयोग पुऱ्याउने गरेको बताए । सहभागी विद्यार्थी ५ र ६ ले शिक्षणलाई प्रभावकारी बनाउन तथा व्यावहारिक जीवनका समस्याहरूलाई सजिलै समाधान गर्न व्यावहारिक लेखन शिक्षणले सहयोग पुऱ्याउने गरेको विचार प्रस्तुत गरे । सहभागी विद्यार्थी ३ र ४ ले दैनिक व्यावहार सञ्चालनमा सहयोग पुऱ्याउने भएकाले यो उपयोगी भएको बताए । सहभागी विद्यार्थी १ र २ ले व्यावहारिक लेखनसम्बन्धी शिक्षणले विद्यार्थीका दैनिक तथा व्यावहारिक

जीवन र लेखन कार्यमा सहयोग पुग्ने गरेको बताए । नेपाली भाषा शिक्षक र अध्ययनरत विद्यार्थीहरूले व्यावहारिक लेखनको उपादेयताका सम्बन्धमा दिइएका अभिमतलाई हेर्दा अधिकाँश शिक्षकहरूका विचार मिलेका देखिन्छन् । शिक्षक १, शिक्षक २, शिक्षक ४ र शिक्षक ५ का विचार समान खालका छन् । उनीहरूले व्यावहारिक लेखनसम्बन्धी शिक्षण कक्षाकोठामा औपचारिक र अनौपचारिक रूपमा सिकाउने शिक्षण कला, शिक्षकको पेसागत विकासका साथै विद्यार्थीको भाषिक सिप विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताएका छन् भने शिक्षक ३ र ६ ले व्यावहारिक लेखनसम्बन्धी शिक्षण कक्षाकोठाभित्र गरिने शिक्षण भएता पनि खास उद्देश्यमा केन्द्रित भई गरिने शैक्षणिक कार्यकलाप भएको बताएका छन् । शिक्षक १, २, ४ र ५ ले व्यावहारिक लेखन शिक्षणलाई व्यावसायिक र उत्पादनमूलक किसिमले सिकाउने शिक्षण कला, मानिसका दैनिक जीवनमा आइपर्ने विभिन्न किसिमका समस्याहरूको समाधान गर्ने शिक्षणका रूपमा रहेको बताएका छन् । शिक्षक ३ र ६ ले यो औपचारिक रूपमा कक्षाकोठाभित्र गरिने भएपनि अनौपचारिक रूपमा कक्षाकोठाभन्दा बाहिर सिकाउन सकिने भएको यसको प्रभावकारिता बढेको विचार राखेका छन् । यसरी शिक्षकका शिक्षण कौशल तथा विद्यार्थीका लेखन कौशलको विकासमा सहयोग पुऱ्याउनु व्यावहारिक लेखन शिक्षणको उद्देश्य हो भन्ने विचारमा समनाता रहेको देखिन्छ भने भाषाका खास पक्षका बारेमा ज्ञान दिनु नै यसको उद्देश्य हो भन्ने विचारमा असमानता रहेको देखिन्छ ।

व्यावहारिक लेखन शिक्षण व्यावहारिक जीवनका सिकाइ र मानिसका दैनिक तथा सामाजिक व्यावहार सञ्चालनका लागि उपयोगी हुने त्यस्तो खालको शैक्षणिक कार्यकलाप हो, जसले शिक्षक तथा विद्यार्थीका व्यावहारिक जीवनमा परिवर्तन ल्याउने गर्दछ । सहभागी विद्यार्थीलाई व्यावहारिक लेखनको उपयोगिता के कस्तो रहेको छ र दैनिक तथा व्यावहारिक जीवनमा के कसरी लागु भएको छ भन्ने प्रश्नमा सवै विद्यार्थीहरूले यसले कक्षाकोठाभित्रको शिक्षण सिकाइ कार्यकलापमा सहयोग पुऱ्याउने गरेको, लेखाइ सिपको विकास गर्न सहज भएको, सबै तहका विद्यार्थीहरूका लागि बढी उपयोगी भएको र भाषा शिक्षणको मर्मअनुसार विद्यार्थीका इच्छा, चाहना, रूचि, आकाँक्षा, आवश्यकताका आधारमा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षण गरिने भएकाले यसको उपादेता बढेको बताएका छन् । केही विद्यार्थीले विद्यार्थीमा रहेको अन्तरनिर्हित प्रतिभाको विकास गरी उनीहरूमा सिर्जनात्मक, उत्पादनात्मक र रचनात्मक क्षमता बढाउन समेत व्यावहारिक लेखन शिक्षण

निकै उपयोगी बन्दै गएको फरक दृष्टिकोण राखेका छन् । यसरी विद्यार्थीमा व्यावहारिक लेखन सिपको विकास गर्न र दैनिक व्यावहार सञ्चालनका क्रममा आउने सबै प्रकृतिका समस्याहरूको सजिलै समाधान गर्न व्यावहारिक लेखन शिक्षणको उपादेयता दिनानुदिन बढ्दै गएको पुष्टि शिक्षक र विद्यार्थीका अभिमतबाट स्पष्ट हुन्छ ।

***व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता***

दैनिक जीवनमा विभिन्न कार्य सम्पादन गर्न औपचारिक तथा अनौपचारिक रूपमा लेखिने लेखन व्यावहारिक लेखन हो । यसलाई भाषाको प्रयोजनपरक भेद पनि भनिन्छ । अचेल विद्यालय तथा महाविद्यालय तहमा व्यावहारिक लेखन शिक्षणलाई महत्त्वका साथ हेरी त्यसैअनुसारका शिक्षण सिकाइ कार्यकलाप हुने गरेका पाइन्छन् । दैनिक व्यावहारमा उपयोग हुने वा प्रयोगमा ल्याइने लेखोट वा विषयलाई व्यावहारिक लेखन भनिन्छ (खनाल, २०७६, पृ. ३७) । प्रस्तुत अध्ययनमा विद्यालय तहमा व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता के कस्तो रहेको छ । शिक्षकका शिक्षण कौशल र विद्यार्थीका सिकाइ स्तरमा के कस्ता प्रभाव पर्दछन् भन्ने सन्दर्भमा सहभागी शिक्षक तथा विद्यार्थीका अभिमतलाई समानता, असमानता र कक्षाकोठाभित्रको प्रयोगत अवस्थाका आधारमा प्रतिक्रिया लिइएको छ । जसमध्ये शिक्षक १ ले कक्षाकोठाभित्र हुने शिक्षण सिकाइ कार्यकलापमा प्रत्येक बालबालिकालाई लेखन कार्यमा प्रोत्साहन गर्न, मनोवैज्ञानिक तरिकाबाट सिकाइको परीक्षण गर्न, समयसमयमा पाठ्यक्रमले निर्देश गरेअनुसारका अन्य शैक्षणिक कार्यकलाप गर्न व्यावहारिक लेखनले सहयोग पुऱ्याउने भएकाले यसको प्रभावकारिता बढेको बताए । विद्यार्थीलाई खास विषयवस्तुमा केन्द्रित गरी छलफल, अन्तर्क्रिया, अन्तर्वार्ताका माध्यमबाट व्यावहारिक लेखनसम्बन्धी जानकारी दिने भएकाले पनि शिक्षण सिकाइका क्षेत्रमा प्रभावकारिता धेरै रहेको बताए ।

शिक्षक २ ले सूचना, विज्ञापन, तमसुक, भौचर आदि मानिसका व्यावहारिक जीवनमा उपयोग हुने लेखनसम्बन्धी अभ्यास गराएमा सिकाइको स्तर राम्रो हुनुका साथै शिक्षकका शिक्षणीय कौशलको विकासमा सहयोग पुग्ने बताए । शिक्षकको शिक्षण कौशलमा सुधार गर्न, निश्चित विषयवस्तुसँग सम्बन्धित रही छलफल, अन्तर्क्रिया, अन्तर्वार्ताका माध्यमबाट विद्यार्थीमा लेखाइ सिपको विकास गर्न र शिक्षकमा शिक्षण कौशलको सुधार गर्न सहयोग पुग्ने भएकाले व्यावहारिक लेखनको महत्त्व बढेको बताए । शिक्षक ३ ले व्यावहारिक

लेखन शिक्षणका नमुना प्रस्तुत गरेर शिक्षण गर्दा शिक्षण व्यावहारिक हुने, विद्यार्थीले जानेका, सुनेका, देखेका, पढेका र अनुभव गरेका विषयवस्तुको प्रस्तुति गर्न सजिलो हुने बताए । त्यतिमात्र नभई विद्यार्थीका आवश्यकताअनुसारका शिक्षण हुने, मूल्याङ्कन गर्न सजिलो हुने, पृष्ठपोषण दिइने र शिक्षकबाट उत्प्रेरक, खोजकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह हुने गरी शिक्षण गरिने भएकाले यसको प्रभावकारी बढेको विचार प्रस्तुत गरे । शिक्षकमा पेसागत दक्षता अभिवृद्धि गर्न, शिक्षण कौशलमा सुधार गर्न, सिकाइअनुसारको मूल्याङ्कन गर्न, शिक्षण कौशलमा दक्षता प्राप्त गर्न सहयोग पुग्ने भएकाले यसको प्रभावकारिता दिनानुदिन बढ्दै गएको विचार राखे । उनले व्यावहारिक लेखन शिक्षणका क्रममा देखापर्ने विभिन्न समस्या र तिनका समाधानका उपायलाई आपसी समूहगत छलफल, अन्तर्क्रिया र समझदारीका आधारमा सहजीकरण गरी सिकाउन सकिने भएकाले यसको उपयोगिता बढी रहेको कुरा उल्लेख गरे ।

शिक्षक ४ ले विद्यार्थीलाई बढीभन्दा बढी लेखाइ सिप विकास गर्ने खालका अभ्यास गराउने र लेख्य सिर्जना तथा व्यावहारिक रचनालाई कक्षाकोठामा प्रस्तुत गर्न लगाएर विद्यार्थीमा लेखाइ सिपको विकास गर्न सकिने बताए । शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न विद्यार्थी केन्द्रित शिक्षण विधिमा बढी जोड दिनुपर्ने विचार राखे । शिक्षक ५ ले कक्षाकोठामा विद्यार्थीलाई बढीभन्दा बढी अभ्यासात्मक कार्यकलाप गराउने, शिक्षकमा आत्मविश्वास बढाउने, अनुसन्धान लेखन सिपको विकासमा जोड दिने, शिक्षक र विद्यार्थीका बिच सुमधुर सम्बन्ध स्थापित गर्ने, विषयवस्तुमा विज्ञता बढ्दै जाने र समस्यामा केन्द्रित भई शिक्षण गरिने भएकाले पनि शिक्षणका क्षेत्रमा यसको प्रयोग बढ्दै गरेको बताए । शिक्षक ६ ले व्यावहारिक लेखन औपचारिक रूपमा लेखिने लेखन भएकाले विद्यार्थीलाई यसको महत्त्व र उद्देश्यका बारेमा बोध गराई शिक्षण गर्दा प्रयोगमा व्यापकता र शिक्षण कार्यमा सहजता आउने बताए । तालिम प्राप्त शिक्षकले विद्यार्थीका रूचि, आकाँक्षा, इच्छा, चाहना, उमेर, स्तर, तह आदिलाई ख्याल गरी शिक्षण गर्दा शिक्षण प्रभावकारी हुने र सिकेको कुरा चीरस्थायी तथा दिगो रहने आशय प्रस्तुत गरे । शिक्षकमा पेसागत क्षमता अभिवृद्धि गर्न, शिक्षण सिकाइका विविध पक्षमा अध्ययन तथा अनुसन्धानको वातावरण सिर्जना गर्न, अनुभवको आदानप्रदान गर्न, स्वाध्ययनको अवसर प्रदान गर्न र उपचारात्मक सुपरिवेक्षण गर्न सहयोग पुग्दछ (सुवेदी, २०७५, पृ. ५६) । यस्ता कार्यले शिक्षकको पेसागत विकास भई शिक्षण कौशलमा सुधार हुने र कक्षा शिक्षणमा प्रभावकारिता ल्याउने गर्छ ।

व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता सम्बन्धमा सहभागी विद्यार्थीका विचारको पनि विश्लेषण गरिएको छ । सहभागी विद्यार्थी १ ले नेपाली भाषाको विकास तथा विस्तार गर्न र विद्यार्थीमा लेखाइ र बोलाइ सिपको विकास गर्न व्यावहारिक लेखन शिक्षणले सहयोग पुऱ्याउने गरेको बताए । सहभागी विद्यार्थी २ ले भाषिक सिपको विकास गर्न सहयोग पुग्ने विचार राखे । सहभागी विद्यार्थी ३, ४, ५ र ६ ले समान विचार प्रस्तुत गर्दै व्यावहारिक लेखन शिक्षणले नेपाली भाषा शिक्षणमा सकारात्मक प्रभाव पारेको र शिक्षणका क्रममा आफूले नजानेका वा बुझ्न नसकेका व्यावहारिक ज्ञान तथा सिपका बारेमा जानकारी दिने भएकाले यसको प्रभावकारिता बढेको बताए । सहभागी विद्यार्थी ७, ८, ९, १०, ११ र १२ ले व्यावहारिक लेखन शिक्षणका क्रममा आउने विविध समस्या, तीमध्ये लेखाइको ढाँचा, परिधि, स्वतन्त्र र निर्देशित लेखनका बारेमा दिइने जानकारी, प्रकार र प्रयोगबारे स्पष्ट धारणा दिने भएकाले महत्त्व बढेको विचार प्रस्तुत गरे । व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता सम्बन्धमा धेरै सूचकका विचार समान खालका रहेका छन् । कक्षाकोठाको शिक्षण सिकाइ कार्यकलापबाट प्रत्येक विद्यार्थीलाई लेखन कार्यमा प्रोत्साहन गर्न, मनोवैज्ञानिक तरिकाबाट सिकाइको परीक्षण गर्न, समयसमयमा पाठ्यक्रमले निर्देश गरेअनुसारका शैक्षणिक कार्यक्रम सञ्चालन गर्न, शैक्षणिक विधिमा विविधता ल्याउन सहयोग पुग्ने भएकाले महत्त्व बढेको बताएका छन् । विद्यार्थीलाई खास विषयवस्तुमा केन्द्रित गरी छलफल, अन्तर्क्रिया, अन्तर्वार्ताका माध्यमबाट व्यावहारिक लेखनसम्बन्धी ज्ञान दिएमा शैक्षिक क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल हुने र शैक्षिक क्षेत्रमा क्रान्ति ल्याउन सकिने कुरा सहभागीका विचारबाट स्पष्ट हुन्छ ।

***व्यावहारिक लेखन शिक्षणमा पेसागत कौशल***

पेसागत कौशल भनेको कुनै पनि व्यक्ति आफू सम्बद्ध पेसामा पेसागत रूपमा दक्ष, योग्य, निपूर्ण र क्षमतावान हुनु भन्ने हो । विद्यालय तहमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा नेपाली भाषा शिक्षक आफ्नो पेसामा दक्ष, योग्य र क्षमतावान भई शिक्षण कार्यलाई प्रभावकारी बनाउँनुपर्छ । प्रस्तुत अध्ययनमा सहभागी शिक्षक तथा विद्यार्थीलाई व्यावहारिक लेखन शिक्षणका क्रममा शिक्षण कौशलको परिचय, विशिष्ट कौशल, तिनका प्रकार र उपयोग सम्बन्धमा सोधिएका प्रश्नबारे सूचकले दिएका अभिमतको विश्लेषण गरिएको छ । सहभागी शिक्षक १ ले दैनिक व्यावहारमा उपयोग गरिने चिठी, पत्र, दैनिकी, निबन्ध,

शुभकामनाजस्ता सामान्य लेखन र भर्पाई, तमसुक, मन्जुरीनामा, निर्णयपुस्तिका, टिप्पणी लेखनजस्ता विशिष्ट लेखन कार्यमा विद्यार्थी सक्षम भए शिक्षकका शिक्षण कौशल राम्रो भएको मान्न सकिने बताए । यसप्रकारका लेखनले विद्यार्थीका अन्तर्निहित प्रतिभालाई शूक्ष्म तरिकाले मूल्याङ्कन गर्न सजिलो हुने बताए । सहभागी शिक्षक २ ले शिक्षणका लागि आवश्यक पर्ने ज्ञान, सिप, दक्षता, दक्ष जनशक्ति उत्पादन गर्न र व्यावहारिक लेखन शिक्षणमा अपनाइने विविध कार्यगत शैलीले शिक्षकका शिक्षणीय कौशलमा सुधार ल्याउन सकिने विचार राखे । पेसागत तालिमबाट सिकेको ज्ञान, सिपलाई कक्षाकोठाभित्र सही तरिकाले प्रयोग तथा अभ्यास गरे सिकाइमा सहजता ल्याउन सकिने र शिक्षणका क्रममा भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिका, सूचनालेखन, प्रतिवेदन लेखन, विभिन्न खोजपत्रजस्ता विशिष्ट लेखनकलाई कक्षाकोठामा प्रभावकारी रूपबाट प्रयोग गरे शिक्षकको शिक्षण कौशलमा सुधार आउने बताए ।

सहभागी शिक्षक ३ ले शिक्षकको शिक्षण कार्यमा सुधार भई शिक्षक दक्ष, योग्य, सबल र सक्षम बन्दै जाने प्रक्रिया नै पेसागत कौशल हो । शिक्षणलाई विद्यार्थीको रूचिअनुसार शिक्षण गरी त्यसमा प्रभावकारिता ल्याउनु नै शिक्षण कौशल हो । उनले शिक्षक तालिम प्राप्त, योग्य, दक्ष र सबल भए शिक्षण कार्य राम्रो हुने बताए । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी अभ्यास र सामान्य तथा विशिष्ट लेखनसम्बन्धी कार्यकलाप बढी गरिनुले शिक्षकको पेसागत विकास राम्रो हुने बताए । शिक्षकका शिक्षण कला र विद्यार्थीका लेखन कलाको विश्लेषण व्यावहारिक लेखनका आधारमा गर्न सकिने भएकाले यो महत्त्वपूर्ण रहेको बताए । व्यावहारिक लेखनसँग सम्बन्धित नमुना प्रदर्शन गरेर, व्यावहारिक लेखनका ढाँचासँग परिचित गराएर, व्यावहारिक लेखनसम्बन्धी विद्यार्थीलाई प्रश्न दिई त्यसबारे लेख्ने अभ्यास गराएर, आवश्यक ठाउँमा निर्देशन दिई त्रुटि भएका ठाउँमा सच्याइ दिएर, पृष्ठपोषण दिएर, उत्कृष्ट लेखनलाई स्याबासी र राम्रो लेखन नभएका विद्यार्थीलाई लेख्ने हौसला प्रदान गरी लेख्न लगाएर लेखन कौशलको विकास गर्न सकिने बताए ।

सहभागी शिक्षक ४ ले मानिसमा भएका विभिन्न प्रकारका ज्ञानलाई लिपिका माध्यमबाट अभिव्यक्त गर्न सक्ने तुल्याउनु नै लेखन कौशल हो । लेखन कलाको विकास गर्न विभिन्न प्रकारका पेसागत तालिमको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षकको पेसागत विकासमा टिपिडी (TPD) तालिमलाई सबैभन्दा सर्वश्रेष्ठ तालिम मानिन्छ । उनले व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न सामान्य तथा विशिष्ट

व्यावहारिक लेखनको भूमिका अपरिहार्य भएको विचार राखे । सामान्य लेखनतर्फ चिठी ( घरायसी), निवेदन (कार्यालय), निबन्ध, संवाद, मनोवाद आदि र विशिष्ट लेखनतर्फ तमसुक, निमन्त्रणा, भर्पाई, माइन्युट आदिसम्बन्धी लेखन कार्य गरे  बालबालिकामा लेखाइ सिपको विकास हुने बताए । शिक्षकको शिक्षण कला र विद्यार्थीको लेखन कलाको विश्लेषणका आधारमा शिक्षण कौशलको वास्तविक अवस्था निर्धारण गर्न सकिने आशय व्यक्त गरे । व्यावहारिक लेखन शिक्षण कौशलको विकास गर्न विशिष्ट प्रकारका कार्यालय चिठी, लेखन सिप, नागरिकता प्राप्ति तथा संस्था दर्तासम्बन्धी निवेदन, सूचना र विशिष्ट प्रकारका विज्ञापन लेखनसम्बन्धी कार्यकलापको उपयोग गरेमा व्यावहारिक लेखन शिक्षणको कौशल प्रभावकारी हुने दृष्टिकोण प्रस्तुत गरे ।

सहभागी शिक्षक ५ र ६ का धेरै विषयमा वैचारिक समानता रहेको छ । उनीहरूले व्यावहारिक लेखन एउटा निश्चित ढाँचामा संरचित हुने, औपचारिक हुने, शिक्षणका क्रममा विद्यार्थीका रूचि तथा आवश्यकतालाई उनीहरूकै ज्ञान, सिप र अनुभवसँग सम्बन्धित रही अभ्यासात्मक तरिकाले सिकाएमा विद्यार्थीको सिकाइगत र शिक्षकको पेसागत विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने विचार प्रस्तुत गरेका छन् । एउटा तालिम प्राप्त शिक्षकले आफूभित्र भएको ज्ञान विभिन्न प्रविधिका माध्यमबाट कक्षाकोठामा उपयोग गरे, विद्यार्थीको सिकाइ प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले प्रभाव पर्ने मत राखेका छन् । पेसागत विशिष्ट कौशलअन्तर्गत कक्षाकोठाभित्र सिकाइने, व्यावहारिक जीवनका विशिष्ट लेखाइगत अभ्यास जस्तै तमसुक, घटनावर्णन, निमन्त्रणा, टिप्पणी लेखन, कार्यालयीय निवेदन आदि अभ्यासले शिक्षण कौशलमा सुधार आउने बताएका छन् । उनीहरूले शिक्षण पेसा आफैमा जटिल र जस नपाइने पेसा भएकाले पनि शिक्षण कौशलको विकास गर्न कठिन हुने बताए । शिक्षकले समयअनुसार परिवर्तन भई शिक्षण सिप प्रदर्शन गरेमा, विद्यार्थीका रूचि, आवश्यकता, इच्छा, चाहना, आकाँक्षाअनुसार शिक्षण गरेमा शिक्षण कौशलमा सुधार हुने बताएका छन् । त्यतिमात्र नभई शिक्षकमा नेतृत्वदायी भूमिका, विद्यार्थीको चाहनाअनुसारको शिक्षण, शिक्षणसम्बन्धी प्रशस्त नमुना, अभ्यास, दृष्टान्तका साथै वर्तमान युग सुहाउदो शैक्षिक सामग्रीको प्रयोग गरे शिक्षण कौशलमा सुधार हुने बताएका छन् ।

व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था के कस्तो रहेको छ र तपाई कुनकुन व्यावहारिक लेखन लेख्न सक्नुहुन्छ भनी सहभागी विद्यार्थीहरूका प्रतिक्रिया पनि

लिइएको छ । विद्यार्थीले दिएका प्रतिक्रियामा एकरूपकता देखिदैन । सबैका आ-आफ्नै किसिमका दृष्टिकोण रहेका छन् । सहभागी विद्यार्थी १ ले व्यावहारिक लेखन शिक्षणमा शिक्षकको शिक्षण कौशलको अवस्था राम्रो रहेको र आफूले व्यावहारिक लेखनअन्तर्गत व्यापारिक चिठी, निबन्ध, निवेदन, मन्जुरीनामा, भर्पाई, तमसुक आदि लेख्ने गरेको बताइन् । सहधागी विद्यार्थी २ का विचार पनि विद्यार्थी १ का विचारसँग हुबहु मिलेका छन् । सहभागी विद्यार्थी ३, ४ र ५ का धेरैजसो विषयमा समानता रहेको छ । उनीहरूले व्यावहारिक लेखन शिक्षणमा शिक्षकको शिक्षण कौशलको अवस्था सोचेजस्तो राम्रो नभए पनि विद्यार्थीमा लेखाइ सिपको विकास गर्न सहयोग पुऱ्याउने भएकाले राम्रो नै रहेको बताएका छन् । सहभागी विद्यार्थी ७ ले शिक्षकको शिक्षण कौशलको अवस्था राम्रो रहेको जसकारण सबै तहमा अध्ययनरत विद्यार्थीको व्यावहारिक लेखन क्षमता राम्रो रहेको बताइन् । सहभागी विद्यार्थी ८, ९ र १० ले विद्यालयमा व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था राम्रो रहेको र आफूहरूले चिठी, निबन्ध, दैनिकी, निवेदन, वादविवाद, मनोवाद, संवाद, आवेदन, निमन्त्रणा, आदि लेखन गर्न सक्ने कुरा बताएका छन् । सहभागी विद्यार्थी ११ र १२ ले विद्यालयमा व्यावहारिक लेखन शिक्षणको शिक्षण कौशलको अवस्था सन्तोषजनक देखिए पनि अझै विभिन्न किसिमका समस्याहरू आउने गरेको बताएका छन् । शिक्षकमा विषयगत शिक्षण राम्रो भएपनि व्यावहारिक पाटो अझै कमजोर रहेको बताएका छन् । आफूहरूले व्यावहारिक लेखनअन्तर्गत चिठी, निवेदन, आत्मलेखन, दैनिकी लेखन, निबन्ध लेखन, बुँदा टिपोट, बैङ्क भौचर, सम्पादकीय लेखन, लेनदेनसम्बन्धी कागजात लेख्ने गरेको बताएका छन् । शिक्षकले बालबालिकाको सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिका आधारमा शिक्षण सिकाइ प्रक्रियालाई गति दिनुपर्छ । सिकाइको स्वरूप व्यक्तिगतभन्दा पनि सहयोगात्मक हुनुपर्छ । यसो भएमा शिक्षकको शिक्षण कौशल प्रभावकारी भएको मानिन्छ (भिगोत्स्की, १९७८) ।

व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलका बारेमा शिक्षकहरूका अभिमत मिश्रित खालका रहेका छन् । धेरैजसो शिक्षकका विचारमा समानता पाइन्छ भने केही शिक्षकका विचारमा फरकपन रहेको देखिन्छ । व्यावहारिक लेखनको परिचय, प्रकार, प्रयोगगत अवस्था, शिक्षण सिकाइ कार्यकलापको उपयोग सम्बन्धमा प्रायः धेरै जसो शिक्षकका विचार मिलेका भएपनि पूर्णतः हुबहु भने मिलेका छैनन् । विचारमा समानता हुने

शिक्षकहरूमा शिक्षक १, २ र ४ छन् । उनीहरूले व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्थाका बारेमा राम्रो दृष्टिकोण राखेका छन् । चिठी, दैनिकी, निबन्ध, शुभकामना, निमन्त्रणा, तमसुक आदि लेखन कार्यमा बढी जोड दिई व्यावहारिक लेखनको शिक्षण गरे शिक्षकको शिक्षण कौशल राम्रो बन्दै जाने अभिमत राखेका छन् । शिक्षक ३, ५ र ६ ले शिक्षकका शिक्षण कौशलसम्बन्धी आँशिक फरक मत राखेका छन् । उनीहरूले जुनसुकै लेखन कलामा विद्यार्थी तथा शिक्षकलाई निपूर्ण नबनाएसम्म शिक्षणमा सुधार नहुने बताएका छन् । शिक्षकले शिक्षण कौशल सुधार गरे, पेसागत तालिम प्राप्त गरे, योग्य, दक्ष शिक्षकले सिकाइमा गति प्रदान गर्न सके, शिक्षणमा देखिएका विभिन्न कमी कमजोरीहरूलाई सुधारे, विद्यार्थीलाई सकारात्मक पृष्ठपोषण दिए, शिक्षणमा प्रभावकारिता ल्याउन सकिने फरक मत प्रस्तुत गरेका छन् । त्यतिमात्र नभई व्यावहारिक लेखनका प्रकारगत परिचय, तिनका कार्यकलाप, शिक्षण सिकाइमा तिनको प्रभावकारी प्रयोगले नेपाली भाषा शिक्षणमा परिवर्तन ल्याएको र पेसागत विकासमा समेत सहयोग पुऱ्याउने गरेको बताएका छन् ।

***व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रम अनुरूपता***

विद्यालय तहको नेपाली भाषा पाठ्यक्रमले व्यावहारिक लेखन शिक्षणलाई बढी महत्त्व दिएको पाइन्छ । पाठ्यक्रममा व्यावहारिक लेखन सिपको विकास गराउने खालका पाठहरू समावेश गरी शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । यसैसन्दर्भमा व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रमको अनुरूपता कस्तो रहेको छ भनी सहभागी शिक्षक र विद्यार्थीबाट प्रतिक्रिया लिइएको छ । सहभागी शिक्षक १ ले विद्यालय तहको भाषा पाठ्यक्रममा विद्यार्थीको मनोभावना बुझ्रेर विषयवस्तु राखिनु पर्ने बताएका छन । अचेल विद्यालयका प्रकृति र व्यक्तिका एकल मनोप्रवृतिका कारण व्यावहारिक लेखनसम्बन्धी पाठहरू विद्यार्थीका रूचिअनुसार पाठ्यक्रममा समावेश हुन नसकेको विचार पनि राखेका छन् । उनले पाठ्यक्रमविद्ध तथा विषयविज्ञले विषयवस्तु छनोटमा ध्यान दिए पाठ्यक्रममा सुधार ल्याउन सकिने बताए । पाठ्यक्रममा समाविष्ट पाठले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास, विषयवस्तुको विश्लेषण र अभ्यास गर्न सकिने कुरामा जोड दिए । दैनिकी, चिठी, पत्र, निमन्त्रणा आदि लेखनबाट लेखाइ सिप बढाउन सकिने बताए । सहभागी शिक्षक २ ले विद्यालय तहमा पाठ्यक्रमको प्रयोगगत अवस्था सामान्य रहेको बताउदै चिठी, निबन्ध, प्रतिवेदन,, सूचना, विज्ञापन, निमन्त्रणा आदि लेखनसम्बन्धी कार्यकलाप राखिनुले पाठ्यक्रमको

अवस्था सामान्य रहेको पुष्टि हुने बताए । सहभागी शिक्षक ३ ले विद्यालय तहमा आधारभूत तहदेखि नै स्तरगत रूपमा पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी पाठ राखिएकाले राम्रो रहेको छ तर अहिलेसम्म पनि शिक्षकका शिक्षण कौशल र विद्यार्थीका रूचि, चाहना, समय र विद्यार्थी सङ्ख्याका आधारमा पाठ्यक्रम बनी नसकेकाले प्रभावकारी नभएको बताए । पाठ्यक्रममा प्रभावकारिता ल्याउन शुभकामना, टिप्पणी, सूचना, निवेदन, संवाद, चिठीजस्ता लेखन कार्यकलापमा जोड दिई लेखाइ सिपसँग सम्बन्धित अभ्यास गर्नुपर्ने बताए ।

सहभागी शिक्षक ४ ले व्यावहारिक लेखनसम्बन्धी व्यवस्था तहगत रूपमा उपयुक्त रहेको बताए । पाठ्यक्रमले तोकेअनुसारका विषयवस्तुलाई विद्यालयको वार्षिक कार्ययोजनाभित्र राखी सिकाउदा विद्यार्थीमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने, विद्यार्थीमा गृहकार्यको बोझ कम हुने, विद्यार्थीलाई व्यावहारिक लेखनसम्बन्धी जानकारी दिन सकिने र पाठ्यक्रम उपलब्धिमूलक हुने विचार राखे । यस्ता लेखन कार्यकलापले विद्यार्थीको मनोबल जित्ने भएकाले पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी व्यवस्था र प्रयोगको अवस्था राम्रो रहेको कुरा उल्लेख गरे । उनले विद्यालय तहको पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी राखिएका अभ्यासले नेपाली भाषा शिक्षकका शिक्षण कौशल र पाठ्यक्रमले दिएका निर्देशनअनुसार शैक्षणिक कार्यकलापमा सहयोग गरी शिक्षकका शिक्षण कौशलमा सुधार ल्याउन सकिने बताए । सहभागी शिक्षक ५ ले विद्यालय तहको पाठ्यक्रममा कक्षा ९, १० भन्दा ११, १२ मा व्यावहारिक लेखनलाई बढी महत्त्व दिएको र पाठ्यक्रमले सैद्धान्तिक पक्षलाई भन्दा प्रयोगात्मक पक्षलाई बढी जोड दिएको बताए । सहभागी शिक्षक ६ ले विद्यालय तहको पाठ्यक्रममा व्यावहारिक लेखनको भूमिकालाई सूक्ष्म तरिकाले विश्लेषण गरेको बताउदै पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी व्यवस्था विद्यार्थीको उमेर, रूचि, तह र स्तरअनुसार राम्रो रहेको तर पाठ्यक्रममा लेटरग्रेडिङ प्रणाली अपनाइएकाले विद्यार्थीमा उत्तीर्ण भइहालिन्छ नि भन्ने मानसिकताको विकास भएका कारण र अर्कोतर्फ बालमैत्रीपूर्ण व्यवहार पूर्णतः उपयोगमा ल्याउन कठिन हुनुले सोचेजस्तो सफलता प्राप्त नभएको विचार प्रस्तुत गरे । कक्षाशिक्षणमा शिक्षकले लेखाउने, विभिन्न नमुना देखाएर पढाउदा पनि २० देखि २५ प्रतिशत विद्यार्थीबाहेक अरू विद्यार्थीले त्यति राम्रो गर्न नसकेको अनुभव सुनाए । त्यसैले पाठ्यक्रममा शिक्षण सिकाइका साधन र प्रविधिहरूको सहज ढङ्गले प्रयोग गर्न सकिने, जीवनका लक्ष्यहरू प्रदर्शन गर्न सकिनुका साथै पूर्वज्ञान, अनुभव र सिपहरूमा आधारित भाषा पाठ्यक्रम हुनुपर्दछ (भिगोत्स्की, १९७८) ।

माथि सूचकले दिएका तथ्यगत सूचना तथा अनुभवका आधारमा माध्यमिक तहमा राखिएका व्यावहारिक लेखनसम्बन्धी पाठहरूले शिक्षकका शिक्षण कौशलको विश्लेषण उच्च स्तरबाट गरिएको पाइएको छ । हाम्रो समाजमा नेपाली भाषाभन्दा अङ्ग्रेजी भाषालाई बढी महत्त्व दिएका कारण पाठ्यक्रमको प्रयोगमा प्रभावकारिता ल्याउन कठिन भएको बताइएको छ तर केही सचेत नेपाली विषय शिक्षक र विद्यार्थीका कारण नेपाली भाषा शिक्षण सबल र प्रभावकारी बन्दै गएको देखिन्छ । शिक्षकमा शिक्षण कौशलको विकास गर्न, व्यावहारिक लेखनसम्बन्धी शिक्षणमा जोड दिन, व्यावहारिक लेखनका विभिन्न नमुना देखाइ छलफल, अन्तर्क्रियाका माध्यमबाट सिकाउँदै जाने हो भने व्यावहारिक लेखनको महत्त्व बढ्दै जाने देखिन्छ । व्यावहारिक लेखन शिक्षणमा पाठ्यक्रम अनुरूपकताका सम्बन्धमा शिक्षकहरूका अभिमत हेर्दा एक, दुईजना शिक्षक बाहेक सबै शिक्षकका विचार मिलेका छन् । विचार मिल्ने शिक्षकहरूमा शिक्षक १, शिक्षक २, शिक्षक ४ र शिक्षक ५ रहेका छन् । उनीहरूले विद्यालय तहको भाषा पाठ्यक्रमा व्यावहारिक लेखनसम्बन्धी व्यवस्था र प्रयोगको अवस्था राम्रो रहेको बताएका छन् । चिठी, दैनिकी, संवाद, निबन्ध, निमन्त्रणा, बुँदा टिपोट जस्ता सामान्य लेखन अभ्यासमा जोड दिने खालका विषयवस्तु पाठ्यक्रममा समावेश गरिएको कुरा बताएका छन् । शिक्षक ३ र ६ ले फरक दृष्टिकोण राख्दै विद्यालय तहको नेपाली भाषा पाठ्यक्रमको विकास र कार्यान्वयनको प्रभावकारिताका निम्ति शिक्षकमा विषयवस्तुको ज्ञान तथा सिपमा अद्यावधिकता ल्याई पेसागत क्षमता अभिवृद्धि गर्ने कुरामा जोड दिएको छन् । पाठ्यक्रममा जे कुरा उल्लेख भए पनि सहभागी शिक्षकहरूले विद्यालय तहको भाषा पाठ्यक्रममा आधारभूत तहदेखि नै स्तरगत रूपमा व्यावहारिक लेखनसम्बन्धी पाठ राखिएका छन् तर शिक्षणीय दृष्टिकोणले प्रभावकारी भने हुन सकेका छैनन् । भाषा पाठ्यक्रम विद्यार्थीको उमेर, रूचि, तह र स्तरअनुसार राम्रो भएपनि पाठ्यक्रममा लेटरग्रेडिङ प्रणाली अपनाइएकाले विद्यार्थीमा उत्तीर्ण भइहालिन्छ भन्ने मानसिकताका कारण पूर्णतः प्रयोगमा ल्याउन कठिन भएको र सोचेअनुसार प्रयोगमा आउन नसकेको विचार प्रस्तुत गरेका छन् ।

***व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव***

व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशल भन्नाले शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको अवस्था के कस्तो रहेको छ भन्ने हो । यसले शिक्षण सिकाइ कार्यकलापमा प्रभाव पार्ने गर्दछ । ती प्रभाव केकस्ता छन् र कुनकुन लेखनमा केकस्ता प्रभाव

पर्ने गरेका छन् । शिक्षकका ज्ञान, सिप र अनुभवले कक्षा शिक्षणमा कस्ता प्रभाव पारेका छन् । पेसागत विकासमा विशिष्ट कौशलको प्रभाव निरूपण गर्न, आर्थिक स्रोत, प्रविधिको प्रयोग, शिक्षक समूहको भूमिका आदिले शिक्षण कौशलमा प्रभाव पार्ने गरेको छ । शिक्षकले शैक्षणिक विधि, प्रविधि र प्रक्रियामा अद्यावधिक गरे, आवश्यक पक्षमा अनुसन्धान गरे, संस्थागत भूमिका निर्वाह गरे, राष्ट्रिय शैक्षिक प्रणालीको अवलम्बन गरे, समूह र सहकार्यको उपयोग तथा सकारात्मक भावको विकास गरे शिक्षण कौशलको प्रभाव कम गर्न सकिन्छ ( सिन्हा, २०७५, पृ. ५४) ।

विद्यालयको प्रकृतिका आधारमा व्यावहारिक लेखनसम्बन्धी शिक्षणको अवस्था के कस्तो छ, सामान्य र विशिष्ट कौशलमध्ये कुन लेखनमा बढी प्रभाव पर्ने गर्दछ, पेसागत विकासमा स्थानीय निकाय, विभिन्न संघसंस्था र व्यक्तिको प्रभाव कस्तो रहेको छ भनी सहभागी शिक्षकबाट अभिमत लिइएको छ । शिक्षकले दिएका प्रतिक्रियाका आधारमा व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गरिएको छ । सहभागी शिक्षक १ ले नेपाली भाषा शिक्षणमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा विद्यार्थीको सिकाइगत क्षमतामा प्रभाव पार्ने बताए । तीक्ष्ण बुद्धि हुने विद्यार्थीले छिटो बुझ्ने र मन्द बुद्धि हुनेले ढिलो बुझ्ने भएकाले बुझाइगत एकरूपकता नभएका कारण भाषा सिकाइमा समस्या हुने गरेको बताए । उनले भाषा सिकाइमा शुद्धता र लेखाइ कार्यमा भिन्नता भएका कारण व्यावहारिक शिक्षणमा समस्या देखिने गरेको बताए । कक्षाकोठामा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखन शिक्षणमा बढी प्रभाव पर्ने गरेको बताउँदै कहिलेकाँही विद्यार्थीको तह, उमेर, स्तर र क्षमताभन्दा जटिल प्रकृतिका विषयको शिक्षण गर्दा शैक्षणिक कार्यकलापमा प्रभाव देखिने गरेको बताए । संस्थागत विद्यालयका दाँजोमा सामुदायिक विद्यालयका शिक्षकमा शिक्षण कौशल राम्रो भएकै कारण शिक्षणमा कम प्रभाव परेको विचार प्रस्तुत गरे । स्थानीय निकाय, विभिन्न पेसागत संघसंस्था र व्यक्तिमध्ये व्यावहारिक लेखन शिक्षणमा व्यक्तिको प्रभाव बढी रहेको अनुभव सुनाए ।

सहभागी शिक्षक २ ले नेपाली भाषा सिकाइमा वर्णविन्यासम्बन्धी पदयोग र पदवियोग, अजन्त, हलन्त र लेख्य चिन्हको प्रभाव बढी हुने गरेको बताउँदै व्यावहारिक लेखन पाठ्यक्रमले मानिसका दैनिक कार्य संचालनमा उपयोग हुने व्यावहारिक ज्ञानलाई सहज किसिमले सिकाउन नसकेकाले सिकाइगत प्रभाव परेको बताए । बुँदाटिपोट, साराँश लेखन,

अनुच्छेद लेखन, कविता लेखन, भर्पाई, मन्जुरीनामा लेखनले शिक्षकको शिक्षण कौशलमा प्रभाव पार्ने गरेको बताए । शिक्षकमा भएका नयाँ ज्ञान, सिप र अनुभवले कक्षा शिक्षणमा नयाँ विषयवस्तुको शिक्षण हुने र विद्यार्थी उक्त विषयवस्तुमा अनभिग्य हुने हुँदा समस्या आउने गरेको तर यस्ता कार्यले शिक्षणमा सकारात्मक प्रभाव पार्ने गरेको बताए । सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशल फरक रहेको बताउदै सामुदायिक विद्यालयका शिक्षक पेसागत रूपमा तालिम प्राप्त भएका तर संस्थागत विद्यालयका शिक्षक तालिम प्राप्त नभएका कारण शिक्षण कौशल संस्थागत विद्यालयका दाँजोमा सामुदायिक विद्यालयका शिक्षकमा राम्रो रहेको बताए । शिक्षण सिकाइ कार्यकलापमा सामान्य तथा विशिष्ट लेखनले केही न केही रूपमा प्रभाव पार्ने कुरा उल्लेख गर्दै सामान्यभन्दा विशिष्ट लेखनको प्रभाव शिक्षकको शिक्षण कौशलमा बढी हुने कुरा उल्लेख गरे । स्थानीय निकाय, विभिन्न संघसंस्था र व्यक्तिमध्ये स्थानीय निकायले शिक्षण सिकाइमा बढी प्रभाव पार्ने गरेको बताए ।

सहभागी शिक्षक ३ ले व्यावहारिक लेखन शिक्षणमा भाषिक सिपसम्बन्धी सिकाइ, साहित्यिक विधाअनुसारका पारिभाषिक र प्राविधिक शब्द तथा तिनको प्रयोग अवस्था, विषयवस्तुअनुसारका लेखन ढाँचासँग परिचित गराउन कठिनाइ हुने भएकाले सिकाइमा प्रभाव पार्ने बताए । पाठ्यक्रमअनुसार तहगत र कक्षागत रूपमा सिकाइ उपलब्धि बढाउन, उद्देश्यको निर्धारण गर्न, विभिन्न साहित्यिक विधा र विषयवस्तुको छनोट र स्तरीकरण गरी पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक तयार गर्न समस्या हुने दृष्टिकोण राखे । शिक्षकलाई के पढाउने, कति पढाउने र कसरी पढाउने भन्ने बारेमा स्पष्ट निर्देश नहुनु नै पेसागत विकासको प्रमुख समस्या भएको विचार व्यक्त गरे । पत्र, निवेदन, निबन्ध, बुँदाटिपोट, संवाद, वादविवाद, दैनिकी आदि व्यावहारिक लेखनले शिक्षकको शिक्षण कौशलमा प्रभाव पार्ने गरेको अनुभव सुनाए । उनले विद्यार्थीको सिकाइ स्तर र शिक्षकमा रहेको ज्ञान, सिप र अनुभवले शिक्षण सिकाइमा प्रभाव पार्ने भएकाले प्रभावकारी र दिगो सिकाइका लागि शिक्षक विषयवस्तुमा योग्य, दक्ष, सक्षम र अनुभवी हुनुपर्ने विचार राखे । सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकका शिक्षण कौशलमा खासै अन्तर नरहेको बताउँदै सामुदायिक विद्यालयका विद्यार्थीलाई अङ्ग्रेजी विषय पढ्न गाह्रो लागेजस्तै संस्थागत विद्यालयका विद्यार्थीलाई नेपाली विषय पढ्न गाह्रो हुने गरेको अनुभव सुनाए । संस्थागत विद्यालयका

विद्यार्थीमा भाषिक सिप कमजोर रहने र शिक्षकले बढी मिहनेत गर्नुपर्ने दृष्टिकोण प्रस्तुत गर्दै सामान्य लेखनको दाँजोमा शिक्षण कौशलको प्रभाव विशिष्ट लेखनमा बढी रहेको बताए । चिठी लेख्न अधिकाँश विद्यार्थीलाई आउँछ तर प्रतिवेदन लेख्न धेरैलाई नआउन सक्छ भन्ने उदाहरण प्रस्तुत गरे । व्यावहारिक लेखन शिक्षणमा स्थानीय निकायको प्रभाव बढी पर्ने गर्दछ किनभने शिक्षकसम्बन्धी सम्पूर्ण अधिकार स्थानीय निकायमा हुने भएकाले शिक्षकको पेसागत विकासमा स्थानीय निकायको प्रभाव बढी रहने गर्दछ । शिक्षकमा भएको ज्ञान, सिप र क्षमताको उचित पहिचान गरी पेसागत तालिमका साथै नियमित कक्षा अवलोकनमा आवश्यक पृष्ठपोषण दिए शिक्षण कौशलको विकासमा सहयोग पुग्ने विचार प्रस्तुत गरे ।

सहभागी शिक्षक ४ ले व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा सिकाइलाई सरल र प्रभावकारी रूपमा लैजान नसकिने बताए । विषयवस्तुमा रोचकता, जीवन्तता, व्यवस्थित र व्यावहारिक गुण हुनुपर्ने बताउँदै त्यस्ता गुण नभए शिक्षण सिकाइमा प्रभाव पर्ने बताए । व्यावहारिक लेखनसम्बन्धी पाठ्यक्रम पेसागत विकासमा जोड दिने खालको हुनुपर्ने पाठ्यक्रममा व्यावहारिक लेखनका विधा तथा उपविधालाई स्पष्टताका साथ छुट्याउदा सिकाइ सहज हुने तर त्यसो हुन नसके शिक्षणमा समस्या देखापर्ने बताए । पाठ्यक्रममा उल्लेख भएका विशिष्ट व्यावहारिक लेखनसम्बन्धी अभ्यासले शिक्षकका शिक्षण कौशलमा प्रभाव पार्ने बताए । शिक्षकमा भएको ज्ञान, सिप र अनुभवको सही उपयोग हुन नसके सिकाइमा प्रभाव पर्ने गर्छ । सिकाइमा प्रभाव नपरोस भन्नाका लागि शिक्षकले शिक्षण कार्य सरल, सहज, जीवन्त, रोचक, प्रभावकारी तथा व्यावहारिक बनाउनु पर्छ त्यसो नबनाए सिकाइमा समस्या आउने बताए । सामुदायिक विद्यालयका शिक्षकमा शिक्षण कौशलको प्रभाव बढी पर्ने गर्छ । नेपाल सरकारबाट समय समयमा दिइने पेसागत तालिमको सही अनुगमन तथा सुपरीवेक्षण नहुँदा सामुदायिक विद्यालयका शिक्षकमा शिक्षणीय प्रभाव संस्थागत विद्यालयका शिक्षकका दाँजोमा बढी हुने गरेको अनुभव सुनाए । सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनले सिकाइमा कठिनाइ ल्याउने बताउदै चिठी सबै विद्यार्थीले लेख्न सक्ने तर तमसुक, प्रतिवेदन, निमन्त्रणा सबैले लेख्न नसक्ने उदाहरण दिए । शिक्षण कौशलको विकास गर्न स्थानीय निकाय, विभिन्न संघसंस्था र व्यक्तिमध्ये माध्यमिक तहसम्मको शिक्षासम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहमा भएकाले स्थानीय निकायको प्रभाव बढी रहने विचार राखे । तत्पश्चात व्यक्तिगत प्रभाव पर्ने विचार प्रस्तुत गरे ।

सहभागी शिक्षक ५ ले व्यावहारिक लेखन शिक्षण गर्दा भाषासिकाइ र भाषिक सिप विकासमा थप टेवा पुग्ने, विभिन्न लेखन शैलीको विकास हुने, विद्यार्थीमा लेखाइ सिपसँगसँगै अन्य सिपको विकास हुने र सबै पक्षमा सुधार नभए व्यावहारिक लेखन शिक्षणमा प्रभाव पर्ने आशय व्यक्त गरे । पाठ्यक्रमले शिक्षकको पेसागत विकास, पेसागत सहयोग, आत्मविश्वास, सिपमा आधारित शिक्षणमा जोड दिने कुरामा बढी प्रभाव पार्ने गरेको बताए । मानिसको दैनिक तथा पेसागत जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने जुनसुकै प्रकृतिका लेखनले पनि शिक्षकको शिक्षण कौशलमा पभाव पार्ने विचार राखे । शिक्षकका ज्ञान, सिप र अनुभवले व्यावहारिक लेखनको कक्षा शिक्षणमा के कस्तो प्रभाव पार्दछन् भन्ने प्रश्नमा धेरै किसिमले प्रभाव पार्ने कुरा बताए । शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी जति धेरै ज्ञान, सिप र अनुभव हुन्छ, सिकाइ तथा शिक्षण कार्य त्यतिकै मात्रामा आर्कषक र प्रभावकारी हुने बताए । सामुदायिक तथा संस्थागत दुवै किसिमका विद्यालयमा सोचेअनुसारको तालिम उपलबध नगराएकाले शिक्षणमा समस्या आउने गरेको अनुभव सुनाए । सामान्य र विशिष्ट लेखनमध्ये कुन लेखनको शिक्षणमा बढी प्रभाव पर्ने गर्दछ भन्ने प्रश्नमा सामान्य लेखनभन्दा विशिष्ट लेखनको बढी प्रभाव पर्ने गरेको किनभने सामान्य लेखनको क्षेत्र सामान्य खालको हुने गर्दछ । यसलाई औपचारिक र अनौपचारिक रूपबाट सिकाउन सकिने तर विशिष्ट लेखनको क्षेत्र व्यापक र विस्तृत हुने भएकाले औपचारिक रूपबाट मात्र सिकाउदा समस्या आउने बताए । उनले व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न सबैभन्दा बढी व्यक्तिको प्रभाव रहने गर्दछ किनभने व्यक्तिको प्रभाव नपरी कुनैपनि संघसंस्था जीवन्त नहुने भएकाले व्यक्ति नै प्रमुख प्रभावक भएको बताए तर स्थानीय निकायको प्रभाव पनि आँशिक रूपमा पर्ने बताए ।

सहभागी शिक्षक ६ ले व्यावहारिक लेखन शिक्षण औपचारिक हुने भएकाले यसको महत्त्व बढी रहेको बताए । यससम्बन्धी शिक्षण गर्दा दैनिक व्यावहारका गतिविधिहरूलाई सटिक रूपमा प्रस्तुत गर्न कठिन हुने, कतिपय कुराहरू सिद्धान्तः सरल भएपनि व्यवहारतः जटिल हुने भएकाले सिकाइगत प्रभाव पर्ने बताए । व्यावहारिक लेखनसम्बन्धी अभ्यास नीतिगत तहमा सामान्य खालका जस्ता देखिए पनि अभ्यासात्मक तरिकाले व्यावहारमा उतार्न कठिन हुने भएकाले शिक्षण कौशलमा प्रभाव परेको बताए । उनले एउटै व्यक्ति समय र परिस्थितिअनुसार फरक भूमिकामा देखिने भएकाले पनि समस्या हुने गरेको बताए ।

व्याख्या, विश्लेषण, प्रतिवेदन लेखन, तमसुक, टिप्पणी, भर्पाई, निवेदन, चिठी जस्ता व्यावहारिक लेखनले शिक्षकको शिक्षण कौशलमा आँशिक मात्रामा प्रभाव पार्ने गर्दछन् । शिक्षकमा भएको ज्ञान, सिप र अनुभवले व्यावहारिक लेखनको कक्षाशिक्षणमा ठुलो प्रभाव पार्ने गर्दछ । कक्षाकोठा आफैमा एउटा सानो समाज भएकाले सबैको प्रतिनिधित्व हुने गरी सबैका इच्छा, आकाँक्षा, रूचि, आवश्यकता, क्षमता, स्वभाव, आनीबानी, मनोभावना आदिलाई बुझेर व्यावहारिक लेखनलाई कक्षाशिक्षणमा प्रयोग गर्न सके शिक्षणमा गुणात्मक परिवर्तन देखापर्ने विचार प्रस्तुत गरे । यसलाई पेसा अवधिभर निरन्तर रूपमा सञ्चालन गरे अपेक्षित परिणाम प्राप्त गर्न सकिने समेत बताए । व्यावहारिक लेखन शिक्षणले शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउनुका साथै विगतको पेसागत अभ्यास, कक्षा शिक्षणका अनुभव तथा शिक्षकका स्वः प्रत्यावर्तन समेतलाई आधार बनाइएको हुन्छ (रिचर्डस र फारेल, २००५) ।

उनले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत सबै शिक्षक तालिमप्राप्त नभएकाले सोचेजस्तो नतिजा आउन नसकेको तर्क प्रस्तुत गरे । संस्थागत विद्यालयका शिक्षकलाई नेपाल सरकारले विषयगत पुनतार्जगी तालिम, गोष्ठी, सेमिनारबाट बन्चित गराए पनि बजारमा उपलब्ध स्रोतसाधन तथा विभिन्न सामाजिक सञ्जालका सहायताले शिक्षण कौशलमा सुधार ल्याएको तर सामुदायिक विद्यालयका शिक्षकले पेसागत तालिम लिएपनि तालिमलाई कक्षाकोठासम्म पुऱ्याउन नसकेका विचार राखे । हाल शिक्षक सेवा आयोगबाट छनोट भएका शिक्षकहरूमा पेसागत क्षमता राम्रो देखिएकाले संस्थागत विद्यालयका शिक्षकका दाँजोमा सामुदायिक विद्यालयका शिक्षकको शिक्षण कौशल राम्रो रहेको कुरा पुष्टि हुन्छ । उनले व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनभन्दा विशिष्ट लेखनले बढी प्रभाव पार्ने गरेको, सामान्य लेखन सरल प्रकृतिको र विशिष्ट लेखन जटिल प्रकृतिको भएकाले विशिष्ट लेखनमा बढी प्रभाव पर्ने गरेको बताए । व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न सबैभन्दा बढी व्यक्तिको प्रभाव पर्ने भएकाले व्यक्तिले आफूभित्रको प्रतिभा र क्षमतालाई पहिचान गर्न सके सिकाइमा सहजता ल्याउन सकिने तर पहिचान गर्न नसके कठिनाइ हुने कुरा शास्त्रमा समेत उल्लेख भएको बताए ।

माथि उल्लेख भएका विभिन्न सूचकले दिएका प्रतिक्रियालाई हेर्दा व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव मिश्रित रहेको पाइएको छ । व्यावहारिक लेखन शिक्षणमा

देखिने प्रभावका सम्बन्धमा सबैजसो शिक्षकका विचार समान खालका रहेका छन् । व्यावहारिक लेखनका प्रकार, शिक्षकका ज्ञान, सिप र अनुभव, सामुदायिक र संस्थागत विद्यालयको प्रभावगत अवस्था, स्थानीय निकाय, संघसंस्था तथा व्यक्तिको भूमिकाका सम्बन्धमा भने आँशिक रूपमा फरक मत देखिएको छ । शिक्षक १, शिक्षक २ र शिक्षक ५, का विचारमा एकरूपकता पाइन्छ । उनीहरूले व्यावहारिक लेखन शिक्षण गर्दा भाषिक सिपगत समस्या, पाठ्यक्रमको निर्देशनअनुसार शिक्षण नहुनु, चिठी, दैनिकी, निवेदन, शुभकामना, तमसुक, भर्पाई आदिको प्रयोगले शिक्षणमा प्रभाव पार्नु, शिक्षकका ज्ञान, सिप र अनुभवले सकारात्मक र नकारात्मक प्रभाव पार्नु, सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको प्रभाव बढी हुनुलाई मुख्य प्रभावका रूपमा लिएको छ । शिक्षक ३, शिक्षक ४ र शिक्षक ६ ले फरक अभिमत राखेका छन् । उनीहरूका अनुसार व्यावहारिक लेखन औपचारिक लेखन भएकाले यसमा नियमित अभ्यास हुनुपर्ने, दैनिक अभ्यासले व्यावहाकि ज्ञान बढाउनु पर्ने, लेखाइ सिपमा बढी जोड दिनुपर्ने, विषयवस्तुअनुसार शिक्षण गरिनु पर्ने बताएका छन् । शिक्षकका शिक्षण कौशलको विकास गर्न सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको भूमिका महत्त्वपूर्ण रहने चिठी, निवेदन, दैनिकी, तमसुक, भर्पाई, निमन्त्रणा आदिले शिक्षकका शिक्षण कौशलमा प्रभाव पुऱ्याउने गरेको बताएका छन् । सामुदायिक तथा संस्थागत दुवै विद्यालयको उत्तिकै भूमिका रहने गरेको छ । सामुदायिक विद्यालयका शिक्षकमा पेसागत तालिमसम्बन्धी सिप तथा अनुभव बढी हुने भएकाले संस्थागत विद्यालयको दाँजोमा शिक्षण सिकाइ कार्यकलापमा कम प्रभाव पर्ने देखिन्छ । स्थानीय निकाय, अन्य संघसंस्था तथा व्यक्तिको भूमिकामा सबैभन्दा बढी प्रभाव व्यक्तिगत रहने र यी सबै पक्षमा देखिएको प्रभावलाई दूर गर्नसके व्यावहारिक लेखनसम्बन्धी शिक्षण प्रभावकारी भई शिक्षण कौशलमा सुधार हुने देखिन्छ ।

***व्यावहारिक लेखनमा सामान्य र विशिष्ट कौशल***

भाषाका माध्यमबाट व्यावहारिक जीवनका विविध पक्षबारे लेखिने लेखन व्यावहारिक लेखन हो । यो औपचारिक किसिमले लेखिने हुनाले यसले लेखनको वास्तविक पक्षलाई जोड दिन्छ । शिक्षक तथा विद्यार्थीमा भाषिक कौशलको विकास गर्न तथा उनीहरूका जीवनमा आइपर्ने व्यावहारिक कार्यहरूको लिखित रूपमा सम्पादन गरी त्यसलाई व्यावहारमा लागु गर्न सहयोग गर्छ । व्यावहारिक लेखनसम्बन्धी शिक्षणमा शिक्षण कौशलको विकास गर्न सामान्य तथा विशिष्ट लेखनमध्ये कुन लेखनको महत्त्वपूर्ण भूमिका रहने गर्दछ भन्ने सन्दर्भमा

सहभागी सूचकबाट प्रतिक्रिया लिइएको छ । सहभागी शिक्षक १ ले सामान्य र विशिष्ट लेखन भनेको मानिसले आफ्ना दैनिक व्यावहार सञ्चालन गर्नका लागि सामान्य ढङ्गले लेखिने लेखनलाई सामान्य लेखन भनिने सामान्य लेखनअन्तर्गत चिठी, दैनिकी, निवेदन, सूचना, विज्ञापन र व्यक्तिगत विवरण आदि पर्ने र व्यावहारिक जीवनका विशेष पक्षलाई जोड दिई लेखिने लेखन विशिष्ट लेखन हो । विशिष्ट लेखनअन्तर्गत भर्पाई, मन्जुरीनामा, तमसुक, माइन्युट, निर्णयपुस्तिका लेखन आदि पर्ने कुरा बताए । विद्यालय तहको भाषा पाठ्यक्रममा कुन लेखनलाई बढी महत्त्व दिइएको छ भन्ने अर्को प्रश्नमा सामान्य र विशिष्ट दुवै लेखनलाई समान महत्त्व दिई शिक्षण सिकाइ हुने गरेको भएपनि विद्यार्थीले कक्षाकोठामा गरेको अभ्यासात्मक कार्यलाई हेर्दा विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनको प्रयोग बढी हुने गरेको अनुभव सुनाए । नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न सामान्य र विशिष्ट व्यावहारिक लेखनअन्तर्गत सामान्यतः प्रयोगात्मक विधिका साथै समूहगत छलफल, प्रश्नोत्तर, संवाद, परियोजना कार्य र अन्य सहयोगी शैक्षणिक विधिहरूको प्रयोग गरिने बताए ।

सहभागी शिक्षक २ ले मानिसका जीवन भोगाइका क्रममा आइपर्ने सामान्य सिपको विकास गराउने उद्देश्यले लेखिने लेखन सामान्य लेखन भएको र यसले दैनिक व्यावहार सञ्चालनमा सहयोग पुऱ्याउने बताए । यो लेखन सामान्य किसिमको हुन्छ । यसअन्तर्गत निबन्ध, निवेदन, चिठी, विज्ञापन, सूचना आदि पर्ने गर्दछन् । दैनिक व्यावहार सञ्चालनका क्रममा आउने विशिष्ट खालका लेखनलाई विशिष्ट लेखन भनिन्छ । यस लेखनअन्तर्गत मन्जुरीनामा, तमसुक, प्रतिवेदन लेखन, बुँदा टिपोट, टिप्पणी लेखन आदि पर्ने बताए । उनले विद्यालय तहको भाषा पाठ्यक्रमले विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनलाई बढी महत्त्व दिएको कुरा समेत उल्लेख गरे । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा दुवै लेखनलाई सहयोग पुग्ने गरी छलफल, प्रश्नोत्तर, प्रयोगात्मक र समूह कार्यजस्ता शैक्षणिक विधिको प्रयोग मुख्य रूपमा हुने गरेको बताए । सहभागी शिक्षक ३ ले मानिसका दैनिक जीवनका आवश्यकता तथा व्यावहार चलाउन, लेखन क्षमताको विकास गर्न उपयोगी हुने लेखन सामान्य लेखन हो । यसअन्तर्गत विभिन्न प्रकृतिका चिठी र निवेदन लेखन पर्ने बताए । विशेष परिस्थितिमा विशेष ढाँचा र शब्दको प्रयोग गरी लेखिने लेखन विशिष्ट लेखन हो । यसअन्तर्गत प्रतिवेदन, टिप्पणी, निर्णय पुस्तिका, तमसुक, माइन्युट घटनावर्णन आदि

लेखन पर्ने बताए । उनले विद्यालय तहको भाषा पाठ्यक्रमले सामान्य व्यावहारिक लेखनलाई प्राथमिकता दिएको, विद्यार्थीको उमेर, स्तर, तह, कक्षाअनुसार व्यावहारिक लेखन सिपको विकास गर्ने खालका पाठहरू समावेश गरेको र विशिष्ट व्यावहारिक लेखन सिपको विकास गर्ने खालका आँशिक कार्यकलाप विद्यालयमा हुने गरेको अनुभव सुनाए । व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा सामान्य र विशिष्ट लेखनमा आफूले  धेरैजसो प्रदर्शन, छलफल, प्रश्नोत्तर, प्रयोगात्मक विधि र परियोजना कार्य जस्ता शैक्षणिक विधिहरूको उपयोग गर्ने गरेको अनुभव सुनाए ।

सहभागी शिक्षक ४ ले व्यक्तिले कुनैपनि कार्य गर्दा वा आफ्नो दिनचर्या चलाउँदा सिकिने सिप र कौशलको विकासका लागि लेखिने लेखन नै सामान्य लेखन भएको बताए । यसअन्तर्गत चिठी, दैनिकी र निवेदन लेखन पर्ने र व्यक्तिले खास विषयमा दक्षता हासिल गर्न तथा विशिष्ट लेखन सिपको विकास गर्ने उद्देश्यले लेखिने लेखन विशिष्ट लेखन भएको बताए । यसअन्तर्गत तमसुक, प्रतिवेदन लेखन, घटनावर्णनलाई मुख्य रूपमा लिन सकिने विचार प्रस्तुत गरे । विद्यालय तहको भाषा पाठ्यक्रमले सामान्यभन्दा विशिष्ट लेखन कौशललाई बढी महत्त्व दिने गरिएको छ किनभने विशिष्ट लेखन सिपले व्यक्तिको व्यावहारिक समस्या सजिलै समाधान गर्नसक्ने भएकाले यसको महत्त्व बढेको आशय व्यक्त गरे । सामान्य लेखनले सामान्य पक्षलाई मात्र जोड दिने भएकाले व्यावहारिक लेखन शिक्षणमा यसको त्यति महत्त्व हुँदैन भन्दै कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा सामान्य र विशिष्ट लेखनभित्र छलफल, प्रदर्शन, खेल विधि, समस्या समाधान, प्रयोगात्मक विधिको प्रयोग हुने बताए । कुनै विद्यार्थीलाई बिरामी बनाएर उसका घरमा सूचना पठाइ समस्याको समाधान गर्ने कोशिस गरी सिकाइने कार्यलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ ।

सहभागी शिक्षक ५ ले सामान्य लेखनलाई लेखन प्रक्रियाको शुरूवादी लेखन, जुन कामचलाउ खालको हुने गर्छ । यस्तो प्रकारको लेखन बढी अभ्यासिक हुनुका साथै मान्छेको व्यावहारिक जीवन सहज र प्रभावकारी तवरले सञ्चालन गर्न सबैतिर उपयोगमा आउने बताए । विशिष्ट लेखन विशेष प्रकारको हुने र यस्तो लेखनले खास उद्देश्य परिपूर्ति गर्न सघाउ पुऱ्याउने विचार व्यक्त गरे । उनले विशिष्ट लेखन निश्चित लक्ष्य, कार्य र क्षेत्रमा लेखिने र विद्यार्थीमा सिकाइगत मूल्याङ्कनका लागि बढी महत्त्वपूर्ण रहने विचार व्यक्त गरे ।

विद्यालय तहको भाषा पाठ्यक्रमा विशिष्ट लेखनभन्दा सामान्य लेखनलाई बढी महत्त्व दिएको कुरा बताउँदै भाषा पाठ्यक्रमा सामान्य लेखनसम्बन्धी अभ्यास प्रायः सबैजसो पाठहरूमा समावेश भएको र विशिष्ट लेखनसम्बन्धी अभ्यास सीमित पाठहरूमा समावेश गरिएको कुरा बताए । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा विशेष गरी नमुना प्रर्दशन, नमुना लेखन, परियोजना कार्य, छलफल, प्रश्नोत्तरजस्ता शैक्षणिक विधिहरूको प्रयोग बढी हुने गरेको छ । त्यसका साथै विद्यार्थीहरूलाई गृहकार्य दिई उनीहरूमा लेखाइ सिप विकास गर्न सकिने बताए ।

सहभागी शिक्षक ६ ले सामान्य लेखन मानिसका दैनिक तथा व्यावहारिक जीवनमा उपयोग हुने लेखन जस्तैः लेनदेन, चिठीपत्र, आयव्यय टिपोट, साथीभाइका ठरठेगानाका बारेमा सामान्य प्रकारले लेखिने लेखनलाई बुझाउँछ । एउटा निश्चित ढाँचामा आवद्ध रही, लामो समयको अभ्यासपश्चात, शिष्ट, सभ्य र स्तरीय भाषाको प्रयोग गरी लेखिएको लेखनले विशिष्ट लेखनलाई बुझाउने बताए । विद्यालय तहमा समान्य लेखनका दाँजोमा विशिष्ट लेखनको भूमिका बढी हुने बताउँदै भाषा पाठ्यक्रमले विशिष्ट लेखनलाई बढी महत्त्व दिएको बताए । विशिष्ट लेखनले खास उद्देश्य पूरा गर्ने, निश्चित ढाँचामा आवद्ध हुने र लेखाइ सिप विकास गर्ने लक्ष्य निर्धारण गरेका कारण हाल शिक्षण सिकाइमा यो लेखन बढी प्रयोगमा आएको बताए । पाठयोजना तयार गर्दा सामान्यभन्दा विशिष्ट उद्देश्य राखेर निमार्ण गर्नुपर्ने निर्देशानुसार सामान्यभन्दा विशिष्ट लेखन उपयुक्त हुने बताए । उनले व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा छलफल, प्रश्नोत्तर, नमुना प्रर्दशन, खेल, प्रयोगात्मक विधिको प्रयोग बढी गरेको बताए । व्यावहारिक जीवनमा आइपर्ने विविध समस्याहरूको समाधान सजिलै गर्न सक्ने कौशल सामान्य खालको हुन्छ । विद्यार्थीलाई सामान्य लेखन सिपसम्बन्धी अभ्यास गराइ सकेपछि कार्यालय तथा व्यावसायिक संघसंस्थासम्बन्धी सिप प्रदान गरिन्छ । जुन सिप विचार र चिन्तनका दृष्टिले विशिष्ट खालको हुन्छ । जसले विशिष्ट भाषिक सिपको विकासमा सहयोगी भूमिका खेल्दछ (भण्डारी, २०७५, पृ. २७) ।

सहभागी शिक्षकले दिएका प्रतिक्रिया झै व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट कौशलको अवस्थाबारे सहभागी विद्यार्थीहरूका अभिमत सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । उनीहरूलाई व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये तपाईको लेखन सिपको विकासमा कसले बढी सहयोग पुऱ्याएको छ भन्ने

प्रश्नमा सहभागी विद्यार्थीले मिश्रित प्रतिक्रिया दिएका छन् । कतिपय विद्यार्थीले सामान्य लेखनले लेखाइ सिपका विकासमा सहयोग पुऱ्याउने गरेको बताएका छन् भने कतिले सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनले बढी सहयोग पुऱ्याउने गरेको बताएका छन् । सामान्य लेखनले सहयोग गरेको बताउने विद्यार्थीहरूमा विद्यार्थी २, विद्यार्थी ३, विद्यार्थी ४, विद्यार्थी ९, विद्यार्थी १०, विद्यार्थी ११, विद्यार्थी १२ रहेका छन् । सामान्यभन्दा विशिष्ट लेखनले महत्त्वपूर्ण भूमिका खेल्ने बताउने विद्यार्थीहरूमा विद्यार्थी १, विद्यार्थी ५, विद्यार्थी ६, विद्यार्थी ७, विद्यार्थी ८ रहेका छन् । अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनले लेखाइ सिपको विकासमा बढी सहयोग पुऱ्याउने गर्दछ भन्ने विद्यार्थीहरूको सङ्ख्या बढी अर्थात् सातजना रहेका छन् । उनीहरूले कुनै पनि लेख वा रचनाको सिर्जना गर्दा लेखनको आधारभूत मान्यतालाई बढी महत्त्व दिई लेखन कार्य गर्दा लेखनका ढाँचासम्बन्धी ज्ञान, लेखाइका चरणसम्बन्धी ज्ञानका साथै सामान्य लेखनका नियमबारेमा थाहा हुने बताएका छन् । उनीहरूले विद्यार्थीमा सिर्जनात्मक क्षमता बढाउन सामान्य लेखनले सहयोग पुऱ्याउने भएकाले यसको महत्त्व शिक्षण सिकाइ कार्यकलापमा बढी हुने गरेको आशय व्यक्त गरेका छन् । विशिष्ट लेखनले विशेष लेखन सिपको विकासमा सहयोग पुऱ्याउने बताउदै विद्यार्थी १, विद्यार्थी ५, विद्यार्थी ६, विद्यार्थी ७, विद्यार्थी ८ ले सामान्य लेखनभन्दा विशिष्ट लेखन व्यावहारिक लेखनमा उपयोगी रहेको बताएका छन् । उनीहरूले विशिष्ट लेखनले कुनैपनि विषयवस्तुका बारेमा त्यसको अन्तरवस्तुसम्म पुगी गहन खोज, अध्ययन तथा अनुसन्धान गर्न सहयोग गर्ने र त्यसको सार बताउन सहयोग पुऱ्याउने भएकोले विशिष्ट लेखन प्रभावकारी भएको विचार राखेका छन् । विद्यार्थीमा सामान्य र विशिष्ट लेखन कौशलको विकासलाई भाषिक सिपगत मूल्याङ्कनका आधारमा पनि हेरिएको छ । भाषिक सिपगत पक्षको मूल्याङ्कन गर्ने क्षमता शिक्षकमा हुनुपर्दछ । भाषा शिक्षकले भाषिक सिपको शिक्षणपश्चात विद्यार्थीले प्राप्त गरेका भाषिक सिपगत सिकाइ उपलब्धिलाई सामान्य र विशिष्ट सिपगत कौशलका आधारमा मापन गर्न सक्नुपर्दछ । जुन मूल्याङ्कन भाषा पाठ्यक्रमको उद्देश्यअनुरूप हुनुपर्दछ (शर्मा र पौडेल, २०६९, पृ. २६३) ।

माथिका सम्पूर्ण सूचकले दिएका अभिमतहरूलाई हेर्दा प्रायः सबैजसोका अभिमतमा समानता पाइन्छ । समान अभिमत बढी देखिने पक्षमा सामान्य र विशिष्ट लेखनको परिचय, विद्यालय तहमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको भूमिका, कक्षाकोठामा

व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा अपनाइने शैक्षणिक विधि आदि रहेका छन् । शिक्षक १, शिक्षक ४ र शिक्षक ६ का विचारमा बढी समानता पाइन्छ । उनीहरूले सामान्य र विशिष्ट लेखनको परिचयका साथै व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । कक्षाकोठामा शिक्षणलाई प्रभावकारी बनाउन समूहगत छलफल, प्रर्दशन, खेल विधि, समस्या समाधान, प्रयोगात्मक विधिको प्रयोग हुने गरेको बताएका छन् । शिक्षक २, शिक्षक ३ र शिक्षक ५ ले फरक अभिमत राख्दै व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनले मानिसका दैनिक व्यावहार सामान्य तवरले चलाउन मद्दत गर्ने बताएका छन् भने कुनै खास उद्देश्य पूरा गर्नका लागि लेखिने लेखन विशिष्ट लेखन भएको विचार राखेका छन् । उनीहरूले नेपाली भाषा पाठ्यक्रममा विशिष्ट लेखनभन्दा सामान्य लेखनलाई जोड दिइएको र सामान्य लेखनले मानिसका दैनिक जीवनका व्यावहार चलाउन सहयोग गर्ने भएकाले महत्त्व बढेको बताएका छन् । सामान्य लेखनलाई प्रभावकारी बनाउन छलफल, प्रश्नोत्तर, परियोजना कार्य, नमुना लेखनजस्ता शैक्षणिक विधिहरूको उपयोग गरिने अभिमत दिएका छन् । गृहकार्य लेखनलाई नयाँ विधिका रूपमा प्रस्तुत गर्दै गृहकार्य लेखनले विद्यार्थीलाई अभ्यासिक बनाउने मात्र नभई शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन र मानिसका दैनिक जीवन भोगाएका अनेकौ आयामका खासखास पक्षमा प्रयोग गर्न सकिने बताएका छन् ।

***नेपाली भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखन***

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषाका माध्यमबाट भाषिक सिपसँग सम्बन्धित विविध पक्ष वा विषयवस्तुका बारेमा जानकारी लिन सहज हुने गर्छ । नेपाली भाषा शिक्षणमा भाषिक सिपको विकास गर्न व्यावहारिक लेखनले सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययनका सहभागी शिक्षकहरूलाई नेपाली भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखनको अवस्था, त्यसको प्रयोग, भूमिका, शिक्षण कौशल र सुधारलगायतका व्यावहारिक लेखन विधासँग सम्बन्धित विविध प्रश्नावलीका माध्यमबाट नेपाली भाषा शिक्षणमा व्यावहारिक लेखनको वास्तविक अवस्थाको खोजी गर्ने लक्ष्यका आधारमा सहभागी शिक्षक तथा विद्यार्थीबाट अभिमत लिई तिनको विश्लेषण गरिएको छ । सहभागी शिक्षक १ ले नेपाली भाषा शिक्षणका माध्यमबाट नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास तहअनुसार र विद्यार्थीको बौद्धिक क्षमताअनुसार हुने बताए । उनले भाषा शिक्षणका सन्दर्भमा सामान्य

लेखनभन्दा विशिष्ट लेखन बढी प्रभावकारी रहेको र विशिष्ट लेखनले शिक्षक तथा विद्यार्थीका व्यावहारिक जीवनका विशिष्ट पक्षबारे जानकारी दिने तथा जीवन सञ्चालनमा सहयोग पुऱ्याउँने गरेको बताए । पाठ्यक्रममा समावेश गरिएका व्यावहारिक लेखनसम्बन्धी पाठहरूमा सामान्य लेखनको अवस्था राम्रो रहेको कुरा उल्लेख गर्दै भाषा पाठ्यक्रममा विशिष्ट लेखनसम्बन्धी कार्यकलाप तहअनुसार नराखिनुले पनि विशिष्ट लेखनको अवस्था कमजोर रहेको विचार प्रस्तुत गरेका छन । शिक्षकको पेसागत विकासले शिक्षण कौशल र विषयगत अन्तर्क्रिया वा छलफलमा सुधार गर्न सहयोग गरेको बताए । विषयवस्तुलाई अभ्यासिक र प्रयोगात्मक तरिकाले सिकाउँदा विद्यार्थीमा लेखन कलासम्बन्धी देखिएका विभिन्न कमीकमजोरी औंल्याइ तिनका समाधानका उपाय सही ढङ्गले बताइ दिए शिक्षण कौशलमा सुधार आउने विचार प्रस्तुत गरे ।

सहभागी शिक्षक २ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न व्यावहारिक लेखनमा विभिन्न खोज, अध्ययन, अनुसन्धान, प्रतिवेदन लेखन, दैनिकी लेखन, बुँदाटिपोट, साराँश लेखनले सहयोग पुऱ्याउने बताए । नेपाली भाषा शिक्षणमा सामान्य लेखनभन्दा विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहेको कुरा उल्लेख गर्दै विशिष्ट लेखनले मानिसका जीवनका हरेक व्यावहारिक पक्षलाई सुधार गर्ने र व्यावसायिक बनाउन सघाउँ पुऱ्याउने बताए । भाषा पाठ्यक्रममा समाविष्ट पाठहरू हेर्दा विशिष्ट लेखन सिकाइमा जोडदिने पाठभन्दा सामान्य लेखन सिकाइमा जोडदिने पाठहरू बढी भएका बताएका छन् । विद्यार्थीको स्तर, तह, उमेर सुहाउँदा र सङ्ख्यात्मक दृष्टिले सामान्य लेखनसम्बन्धी पाठ बढी र विशिष्ट लेखनसम्बन्धी पाठ थोरै रहेका छन् । शिक्षकको शिक्षण कौशल सुधार गर्न विभिन्न किसिमका अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, अतिरिक्त क्रियाकलापका आधारमा शिक्षण कौशल सुधार गर्न सकिने बताए । सहभागी शिक्षक ३ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न व्यावहारिक लेखन बढी उपयोगी रहेको बताउँदै दैनिक जीवनमा आइपर्ने व्यावहारिक पक्षलाई लिखित रूप दिने, भाषिक सम्प्रेषण गर्ने, भाषिक सिपको विकासमा सहयोग पुऱ्याउने बताए । उनले सामान्य लेखनको दाँजोमा विशिष्ट लेखन नेपाली भाषा शिक्षणका विशेष पक्षसँग बढी अन्तरसम्बन्धित हुने भएकाले बढी महत्त्वपूर्ण रहेको बताए । शिक्षित व्यक्तिले समय र सन्दर्भअनुसार व्यावहारिक लेखनसम्बन्धी सिप हासिल गरेको हुनुपर्ने कुरामा जोड दिँदै विद्यालय तहको भाषा पाठ्यक्रममा समावेश गरिएका पाठमा

सामान्य र विशिष्ट लेखनसम्बन्धी कार्यकलापमा तात्विक अन्तर नरहेको बताए । उनले कक्षा ९ र १० मा सामान्य लेखनसम्बन्धी अभ्यासात्मक पाठ र कक्षा ११ र १२ मा विशिष्ट लेखनसम्बन्धी अभ्यासात्मक पाठहरू समावेश गर्नुले दुवै लेखनको समान उपस्थिति रहेको विचार प्रस्तुत गरे । शिक्षकको शिक्षण कौशल र विषयगत अन्तर्क्रियामा सुधार ल्याउन व्यक्तिगत वा सामाजिक क्षेत्रमा लिखित, मौखिक रूपमा शभ्य, शिष्ट भाषालाई आवश्यकताका आधारमा सम्प्रेषण गर्नुपर्ने बताए ।

सहभागी शिक्षक ४ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहने बताए । उनले विशेष प्रकारका लेखनले व्यक्तिका दैनिक तथा व्यावहारिक जीवनमा देखिएका विभिन्न समस्याहरूलाई सही ढङ्गले समाधान गर्न भाषा पाठ्यक्रमले सहयोग गरेको बताए । विद्यालय तहको भाषा पाठ्यक्रममा विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनसम्बन्धी पाठहरू बढी समावेश गरी विद्यार्थीको लेखाइ सिप विकासका साथै उनीहरूको रूचि, चाहना, आवश्यकताअनुसारको शिक्षणमा जोड दिनुपर्ने बताए । सहभागी शिक्षक ५ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न सामान्य र विशिष्ट दुवै प्रकारका लेखनको उत्तिकै महत्त्व रहने गरेको बताउदै विशिष्ट लेखन विशेष क्षेत्रमा उपयोग हुने र त्यसमा कमजोरी देखिए शैक्षणिक क्षेत्रमा गम्भीर समस्या उत्पन्न हुनसक्ने दृष्टिकोण प्रस्तुत गरे । विद्यालय तहमा समावेश गरिएका व्यावहारिक लेखनसम्बन्धी पाठमा सामान्य लेखनका तुलनामा विशिष्ट तथा व्यावहारिक लेखनका पाठ सीमित भएको बताए । उनले शिक्षकका पेसागत विकासको महत्त्वपूर्ण पाटो शिक्षण कौशल भएकाले त्यसलाई विद्यार्थीअनुकूल र नेपाली भाषा शिक्षणका मर्मअनुसार बनाउनु पर्ने र त्यसका लागि विविध प्रकारका शैक्षणिक कार्यकलापमा जोड दिर्नुपर्ने बताए ।

सहभागी शिक्षक ६ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा सुधार ल्याउन सामान्य र विशिष्ट दुवै प्रकारका लेखनको भूमिका महत्त्वपूर्ण रहेको तर शिक्षकमा शिक्षण कौशलको विकास गर्न सामान्य लेखनभन्दा विशिष्ट लेखन नै बढी उपयोगी रहेको विचार राखे । विशिष्ट लेखनले शिक्षक र विद्यार्थीको स्तर, रूचि, क्षेत्र, क्रम, परिवेश बुझेर शिक्षण सिकाइ कार्यकलापलाई अगाडि बढाउनु पर्ने भएकाले शिक्षणमा बढी उपयोगी रहेको बताए । भाषामा सामान्य लेखन सामान्य प्रकारको हुने र यसले व्यावहारिक जीवनका सामान्य पक्षलाई जोड दिई लेखिने भएकाले त्यति उपयोगी नभएको बताए । विशिष्ट लेखन

व्यापक हुनुका साथै यसको प्रयोग क्षेत्र, अभ्यास र साधनाले शिक्षकमा प्राज्ञिक कार्य गर्न तथा विद्यार्थीमा सिर्जनात्मक, साहित्यिक र सम्पादनात्मक क्षमताको विकास गर्न उपयोगी हुने भएकाले यसको महत्त्व बढेको बताए । विद्यालय तहमा समावेश गरिएका व्यावहारिक लेखनसम्बन्धी पाठहरू विद्यार्थीको स्तरअनुसार र वर्तमानको समयलाई प्रतिबिम्बन गर्नसक्ने भएकाले विद्यालय शिक्षणमा सामान्यभन्दा विशिष्ट लेखनसम्बन्धी कार्यकलाप गर्न समस्या हुने बताए । व्यावहारिक लेखनसम्बन्धी सिप हासिल गरेका विद्यार्थीहरू लोकसेवा आयोगका साथै अन्य सेवाक्षेत्रमा प्रवेश गरी प्रभावकारी भूमिका खेलेको अनुभव सुनाए । विद्यार्थीको उमेर, स्तर, क्षेत्र, तह, क्रम, आदिलाई ध्यान दिएर पाठहरू निमार्ण भएकाले व्यावहारिक लेखनमा विशिष्ट लेखनको अवस्था उच्च रहेको विचार व्यक्त गरे । पेसागत विकास गर्न नेपाल सरकारले समयसमयमा दिने पुनतार्जगी तालिम, सेवाकालिन तालिमबाट विभिन्न किसिमका पेसागत छलफल, अन्तर्क्रिया, गोष्ठी, सेमिनार सञ्चालन गरी शिक्षण कौशलमा सुधार ल्याउन सकिने बताए । शिक्षक आफ्नो पेसामा जिम्मेवार, अध्ययनशील र तालिमप्राप्त भएमा शिक्षण कौशलमा सुधार भई व्यावहारिक लेखनसम्बन्धी शिक्षण प्रभावकारी बन्ने विचार प्रस्तुत गरे ।

नेपाली भाषा शिक्षणमा व्यावहारिक लेखनको प्रयोग कसरी भइरहेको छ । कक्षाकोठामा व्यावहारिक लेखन सिपको विकास गर्न के कस्ता अभ्यासहरू गराइन्छ भन्ने सन्दर्भमा सहभागी विद्यार्थीका अभिमत लिई तिनको विश्लेषण गरिएको छ । सहभागी विद्यार्थी १ ले कक्षाकोठामा व्यावहारिक लेखन सिपको विकास गर्न चिठी, निवेदन, तमसुक र भर्पाईजस्ता अभ्यासिक कार्यकलाप गराउने गरेको बताए । सहभागी विद्यार्थी २ ले व्यावहारिक लेखनसम्बन्धी नमुनाहरू दिएर अभ्यास गराउने गरेको र व्यावहारिक लेखनसम्बन्धी गृहकार्य बढी दिने गरेको बताए । सहभागी विद्यार्थी ३ र ४ ले कक्षाकोठामा अनुलेखन, निबन्धलेखन र चिठीलेखनसम्बन्धी अभ्यासात्मक कार्यकलाप हुने गरेको अनुभव सुनाए । सहभागी विद्यार्थी ५ ले हप्तामा कम्तिमा एकदिन व्यावहारिक लेखनसम्बन्धी अभ्यास गराउने गरेको बताए । सहभागी विद्यार्थी ६ ले वादविवाद, चिठी लेखन, मनोवाद, निबन्ध प्रतियोगिताजस्ता व्यावहारिक लेखनसम्बन्धी अभ्यासहरू गराउने गरेको बताइन् । सहभागी विद्यार्थी ७ ले व्यावहारिक लेखन सिपको विकास गर्ने खालका प्रायः सबैखाले अभ्यासहरू हुने गरेको तीमध्ये चिठी, कथा, निवेदन, दैनिकी लेखनलाई प्राथमिकता दिई

लेख्न सिकाएको बताइन् । सहभागी विद्यार्थी ८ ले शिक्षकहरूले हामीलाई व्यावहारिक लेखनसम्बन्धी विभिन्न ढाँचा सिकाउने गरेको त्यसमा पनि चिठी, निवेदन, प्रतिवेदन लेखनसम्बन्धी कार्यलाई प्रमुख रूपमा सिकाएको बताए । सहभागी विद्यार्थी ९ ले व्यावहारिक लेखनको विकास गर्न विभिन्न ठाउँ, जनावर, राष्ट्र र अन्य कुनैपनि विषयमा निबन्ध लेख्न र दाजुभाइ, साथी, नातागोता, इष्टमित्र र आफन्तजनलाई चिठी लेख्न लगाई लेखाइ सिपसम्बन्धी अभ्यास गराउने गरेको अनुभव बताइन् । सहभागी विद्यार्थी १० ले व्यावहारिक लेखन शिक्षणका क्रममा कक्षाकोठामा व्यावहारिक लेखन सिपको विकास गर्न चिठी, कविता, निबन्ध प्रतियोगितासम्बन्धी कार्यकलाप गरिने गरेको र कुनै विषयवस्तुसँग सम्बन्धित भई त्यस विषयमा आफूले हासिल गरेका अनुभवलाई समेटी लेख्न लगाउने गरेको बताए । सहभागी विद्यार्थी ११ ले फरक विचार राख्दै विद्यालयमा व्यावहारिक लेखन शिक्षणका लागि कुनै विशेष रूपमा त अभ्यास नगराएको तर पाठ्यक्रमले निर्देश गरेका विषयवस्तुलाई भने सिकाउने गरेको अनुभव सुनाए । यस्ता कार्यकलाप कक्षाकोठाभित्र आन्तरिक प्रतिस्पर्धाका रूपमा संचालन हुने गरेको बताइन् । सहभागी विद्यार्थी १२ ले व्यावहारिक लेखनसम्बन्धी अभ्यास शिक्षकले नियमित गराउने गरेको तर त्यस्ता अभ्यास कहिले औपचारिक त कहिले अनौपचारिक रूपमा सिकाउने गरेको अनुभव बताए ।

नेपाली भाषा शिक्षणमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास, विस्तार र प्रयोग गर्न सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको महत्त्व बढी रहेको देखिन्छ । माध्यमिक तहमा समावेश गरिएका पाठहरूमा व्यावहारिक लेखनसम्बन्धी कार्यकलाप फरकफरक हुने गरेका छन् । शिक्षण कौशलको अवस्थाका सम्बन्धमा पनि फरक मत रहेका छन् । समान अभिमत प्रस्तुत गर्ने सूचकहरूमा शिक्षक १, शिक्षक २, शिक्षक ३, शिक्षक ६ रहेका छन् । उनीहरूले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न सामान्य लेखनको महत्त्वपूर्ण भूमिका रहेको, भाषिक सिप विकासमा दुवै लेखनको भूमिका उत्तिकै मात्रामा प्रभावकारी रहेको, व्यावहारिक लेखनसम्बन्धी छलफल, अन्तर्क्रिया आदिका आधारमा समस्याको पहिचान र समाधानका उपाय अवलम्बन गरी शिक्षण हुने गरेको, शिक्षण सिकाइ कार्यकलाप राम्रो भएको र शिक्षकका शिक्षण कौशलमा सुधार समेत भएको दृष्टिकोण राखेका छन् । शिक्षक ४ र ५ ले लेखाइ सिपको विकास गर्न सामान्य र विशिष्ट दुवै लेखनको महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् ।

उनीहरूले कक्षा शिक्षणमा व्यावहारिक लेखनसम्बन्धी अभ्यास विद्यार्थीलाई नियमित हुने गरेको बताएका छन् । नियमित अभ्यास औपचारिक तथा अनौपचारिक किसिमले गरी विद्यार्थीमा चिठी, दैनिकी, निवेदन, सूचना, विज्ञापन आदि सामान्य लेखन सिपको विकास गर्नेदेखि तमसुक, टिप्पणी लेखन, निमन्त्रणा, भर्पाई, माइन्यु आदि विशिष्ट लेखन कौशलको विकास गर्ने खालका अभ्यासिक कार्यकलाप हुने गरेको बताएका छन् ।

***व्यावहारिक लेखनका विविधता र शिक्षण कौशल***

व्यावहारिक लेखन मान्छेका दैनिक जीवन सञ्चालनका क्रममा आउने व्यावहारिक पक्षलाई के कसरी प्रभावकारी बनाउन सकिन्छ भनी लेखिने लिपिगत अभ्यास हो । विद्यार्थीमा लेखाइ सिपको विकास गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षकको शिक्षण कौशलमा सुधार गर्न र कक्षा शिक्षणलाई प्रभावकारी बनाउन यसले मद्दत गर्छ । व्यावहारिक लेखनका प्रकारको नेपाली भाषा शिक्षणमा प्रयोग तथा प्रभाव कस्तो रहेको छ । सामान्य र विशिष्ट लेखन सिपको विकासमा व्यावहारिक लेखनले कसरी सहयोग पुऱ्याउने गरेको छ भन्ने कुरा महत्त्वपूर्ण हो । नेपाली भाषा शिक्षकलाई व्यावहारिक लेखनका चिठी, निवेदन, निबन्ध, वादविवादले सामान्य लेखन र भर्पाई, तमसुक, निमन्त्रणा, प्रतिवेदन, माइन्युट, घटनावर्णन आदिले विशिष्ट लेखन शिक्षण कौशलको विकासमा कसरी सहयोग पुऱ्याएका छन् भनी शिक्षकलाई विशिष्ट प्रश्नावली सोधिएको छ र शिक्षकले दिएका प्रतिक्रियाका आधारमा तिनको विश्लेषण गरिएको छ । जसमध्ये सहभागी शिक्षक १ ले व्यावहारिक लेखन शिक्षणले नेपाली भाषा साहित्यमा विशिष्ट लेखन सिपको विकास गर्न सहयोग गरेको बताएका छन् । उनले सम्पूर्ण बालबालिकालाई सरल तरिकाबाट लेख्न, लेखाइका सामान्य नियमबारे जानकारी दिन र शिक्षण कौशलमा सुधार ल्याउन व्यावहारिक लेखन शिक्षणले सहयोग गरेको बताए । उनले भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका, सूचना लेखनजस्ता लेखन कार्यले शिक्षकका शिक्षण कौशल तथा व्यावहारमा परिवर्तन ल्याई सिकाइमा सहज तुल्याउने बताए । भाषा पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी पाठहरू समावेशी गरी शिक्षण कौशलमा सुधार ल्याउनु पर्ने विचार प्रस्तुत गरे । चिठी, निवेदन, सूचना, विज्ञापन र भौचर लेखनजस्ता कार्यले विद्यार्थी र शिक्षकका व्यावहारिक जीवनमा परिवर्तन ल्याउन महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताए । शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखनसम्बन्धी जतिमात्रामा कार्यकलाप हुनुपर्ने हो, त्यति अझै हुन नसकेको आशय व्यक्त गरे ।

सहभागी शिक्षक २ ले नेपाली भाषा साहित्यका चिठी, निवेदनजस्ता साहित्यिक विधामा स्तरीकरण र विशिष्ट लेखन गर्न र भाषा शिक्षकमा शिक्षण कौशलको विकास गर्न सहयोग पुऱ्याउने बताए । सामान्य र विशिष्ट लेखनसम्बन्धी गरिएको शिक्षण भविष्यमा प्रभावकारी शिक्षण कलाका रूपमा परिणत हुनसक्ने अभिमत राखे । उनले भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका सूचना लेखनजस्ता कार्यले शिक्षकका व्यावहारिक जीवनमा परिवर्तन ल्याउनुका साथै मानिसका जीवनमा आइपर्ने हरेक किसिमका समस्याहरूको सजिलै समाधान गर्न सहयोग पुऱ्याउने बताए । चिठी, निवेदन, सूचना, विज्ञापन, भौचर तथा रसिद लेखनजस्ता कार्यले शिक्षकको शिक्षण कौशलमा सुधार ल्याउने र पेसागत विकासमा सघाउ पुऱ्याउने विचार प्रस्तुत गरे । सहभागी शिक्षक ३ ले चिठी र निवेदनजस्ता विधामा लेखाइ सिपको विकास गर्न, निर्धारित ढाँचा, समयसन्दर्भ र आवश्यकताअनुसार शब्दको चयन गर्नसक्ने सिपको विकास गर्न व्यावहारिक लेखन शिक्षणले सहयोग गर्ने बताए । साहित्यिक विधामा स्तरीकरण, मानकीकरण र विशिष्ट लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न सहयोग पुऱ्याउँने र विभिन्न प्रकृतिका लेखन सिप हाँसिल गर्न घर, विद्यालय र समुदायमा व्यावहारिक लेखनसम्बन्धी कार्यकलापमा जोड दिइएको बताए । चिठी, निवेदन, सूचना, विज्ञापन, भौचर र रसिद लेखन कार्यले शिक्षकको व्यावहारिक जीवनमा परिवर्तन ल्याउन सक्ने, सभ्य र शिष्ट तरिकाले लिखित क्षमताको विकास गर्ने, कामको प्रकृति हेरी त्यसअनुसारका ढाँचा र शैलीमा लेखन सिपको विकास गर्ने र शिक्षक तथा विद्यार्थीमा भाषिक सिपको विकास हुने कुरा बताए ।

सहभागी शिक्षक ४ ले व्यावहारिक लेखन शिक्षणले नेपाली भाषा साहित्यका चिठी र निवेदनजस्ता साहित्यिक विधामा लेखाइको स्तरीकरण गर्न र शिक्षकमा विशिष्ट शिक्षण कौशलको विकास गर्न सहयोग गर्ने बताए । उनले लिखित अभिव्यक्ति क्षमताको विकास गर्न, दैनिक तथा व्यावहारिक जीवनका आधारभूत घरायसी समस्याको समाधान गर्न, व्यक्तिमा अन्तर्निति क्षमता प्रस्फुटन गराउन, कल्पना शक्तिको विकास गर्न र विशिष्ट लेखन कौशलको विकास गर्न सहयोग गर्ने बताए । उनले भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका, सूचना लेखनजस्ता कार्यले शिक्षकको शिक्षण व्यावहारमा परिवर्तन ल्याउन तथा शिक्षण कौशलमा सुधार गर्न सकारात्मक भूमिका खेल्ने बताए । चिठी, निवेदन, सूचना, विज्ञापन, भौचर तथा रसिद लेखनसम्बन्धी कार्यले शिक्षकको व्यावहारिक जीवनका साथै

शिक्षण सिकाइ कार्यकलापमा देखापर्ने विविध समस्याहरूको तत्काल समाधान गर्न सकिने विचार प्रस्तुत गरे । सहभागी शिक्षक ५ ले साहित्यका उपयुक्त व्यावहारिक विधाका पाठहरू सिर्जना गर्न विद्यार्थीको अभिरूचि जगाउने तथा सबै प्रकारका विद्यार्थीमा सिकाइका आधारभूत सिपको विकास गर्न सहयोग पुऱ्याउने बताए । उनले शिक्षकको पेसागत जीवन र व्यावहारिक जीवनलाई प्रभावकारी बनाउन शिक्षकको शिक्षण कौशल सुधार गर्नुपर्ने अभिमत राखे । उनले भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका, सूचना लेखन, तमसुक र निमन्त्रणाजस्ता विशिष्ट लेखन र चिठी, निवेदन, सूचना, विज्ञापनजस्ता सामान्य लेखन सिपको विकासमा व्यावहारिक लेखनसम्बन्धी शिक्षणले शिक्षण कौशलमा परिवर्तन ल्याई पेसागत विकासमा सहयोग पुऱ्याउँने बताए ।

सहभागी शिक्षक ६ ले व्यावहारिक लेखन उच्चस्तरको लेखन भएकाले नेपाली भाषा साहित्यका चिठी र निवेदनजस्ता विधामा स्तरीकरण गर्न यसले महत्त्वपूर्ण सहयोग पुऱ्याउने गरेको बताए । साहित्य शब्द आफैमा व्यापक भएको र यसले समेट्ने विषयवस्तुको ओज त्यतिकै मात्रामा चम्किलो भएको, विद्यार्थीलाई नियमित अभ्यास गराउने, मूल्याङ्कन गर्न सकिने खालको हुनुपर्ने विचार राखे । पाठ्यक्रमले अपेक्षा गरेको भन्दा पनि बढी विशिष्ट शिक्षण कौशल सिपको विकास हुनुपर्ने बताए । भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका, सूचना लेखन, तमसुक र निमन्त्रणाजस्ता विशिष्ट लेखन गर्न निश्चित ढाँचा र अभ्यास चाहिने हुनाले लेखनमा कसरी प्रभावकारिता ल्याउन सकिन्छ भनी शिक्षण कार्यकलापमा जोड दिनुपर्ने विचार व्यक्त गरे । चिठी, निवेदन, सूचना, विज्ञापनजस्ता सामान्य लेखन सिपको विकासमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलमा परिवर्तन ल्याउन सहयोग पुग्ने र यस्ता खालका लेखनको अभ्यासले शिक्षकमा आत्मविश्वास र दृढताको विकास भई जिम्वेवार नागरिक बन्न सिकाउने बताए । आत्मविश्वासको प्रफूल्ल भावले एउटा शिक्षक विद्यालय र समाजप्रति बढी जिम्मेवार र उत्तरदायित्वबोध गर्न सफल हुने कुरा स्पष्ट पारे । शिक्षक पेसागत रूपमा दक्ष र व्यावहारिक रूपमा सक्षम बन्नु पर्ने बताए । व्यावहारिक लेखन मानिसका दैनिक व्यावहार सञ्चालनमा आवश्यक पर्ने लेखाइ सिप विकास गर्ने उद्देश्यले लेखिने लेखन हो । व्यावहारिक लेखन प्रयोजनका आधारमा विभिन्न प्रकारका हुने गर्दछन् । सामान्य, विशिष्ट, व्यावहारिक, व्यावसायिक, प्रयोजनपरक, प्राज्ञिक, सिर्जनात्मक, साहित्यिक, भाषाको सम्पादनात्मक, प्रशासनिक, कानुनी, बैङ्क तथा वित्तीय कारोवारसम्बन्धी

पाण्डुलिपिको सम्पादन यसमा गरिन्छ । कक्षाकोठाभित्र गरिने शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखन सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । शिक्षक तथा विद्यार्थीमा लेखाइ सिपको विकासमा यस्ता प्रकारका लेखन बढी उपयोगी हुन्छन् (न्यौपाने र तिमल्सिना, २०७५, पृ. ५६) ।

प्रस्तुत अध्ययनमा सूचकले दिएका समग्र अभिमतलाई हेर्दा अधिकाँश सूचकका विचारमा एकरूपकता पाइन्छ । विद्यालयमा हुने व्यावहारिक लेखनसम्बन्धी शिक्षणमा चिठी र निवेदनजस्ता सामान्य लेखनसम्बन्धी कार्यकलाप बढी हुने गरेको देखिन्छ । सामान्य लेखनसम्बन्धी विकास भइसकेपछिमात्र विशिष्ट लेखन गर्न सकिने अभिमत सबै सूचकले अभिव्यक्त गरेका छन् । त्यतिमात्र नभई विद्यार्थीलाई नियमित रूपमा व्यावहारिक लेखनतर्फ आकर्षित गराउन, शिक्षकको शिक्षण कौशलमा तीव्र विकास गराउन सकिने विचार शिक्षकहरूले राखेका छन् । फरक अभिमत राख्ने शिक्षकहरूले भर्पाई, मन्जुरीनामा, निर्णय पुस्तिका, सूचना लेखन, तमसुक, निमन्त्रणाजस्ता विशिष्ट लेखनले शिक्षकको शिक्षण कौशलमा सचेतता ल्याउने र शिक्षकलाई पेसागत रूपमा गम्भीर बनाउने भन्दै यही गम्भीरताका कारण शिक्षण कार्यकलापमा नवीनता आएको बताएका छन् । यस्ता विविध कार्यले विद्यार्थीमा लेखाइ सिप विशिष्ट, स्तरीय र प्रभावकारी बन्दै जाने र विद्यार्थीमा लेखाइ सिपको विकास गर्न शिक्षकले व्यावहारिक लेखन शिक्षणलाई प्रभावकारी र उपयोगी बनाउनु पर्ने देखिन्छ ।

## अध्याय पाँच : व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ

### व्यावहारिक लेखनका प्रकृतिको परिचय

मानिसका दैनिक तथा व्यावहारिक जीवनका विभिन्न कार्यहरू सम्पादन गर्ने सन्दर्भमा औपचारिक तथा अनौपचारिक रूपमा लेखिने लेखन व्यावहारिक लेखन हो । यसलाई भाषाको प्रयोजनपरक भेद भनिन्छ । मानिसका दैनिक तथा व्यावहारिक कार्य सम्पादन गर्न भाषाका प्रयोजनपरक भेद तथा सिपको आवश्यकता पर्ने गर्छ । यसअन्तर्गत चिठी, दैनिकी, शुभकामना, निमन्त्रणा, बधाई, प्रतिवेदन, तमसुक, श्रद्धाञ्जली, समवेदना, व्यक्तिवृत्त आदि लेखन पर्दछन् (खनाल, २०७५, पृ. ३७) । चिठी, दैनिकी, शुभकामना, निमन्त्रणा, बधाई, प्रतिवेदन, तमसुक, माइन्युट, श्रद्धाञ्जली, समवेदना, व्यक्तिवृत्त सबै किसिमका लेखनमा भाषाको निश्चित प्रयोजनपरक भेद रहने भएकाले शिक्षण सिकाइमा यिनीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ । विज्ञापन, लेख, रचनाका कतिपय गुण र विशेषताहरू समान प्रकृतिका हुने भएकाले भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखन सहज हुने गर्छ । व्यावहारिक लेखनमा निश्चित पारिभाषिक शब्दहरूको प्रयोग हुने भएकाले एउटा लेखनमा प्रयोग भइसकेको पारिभाषिक शब्द अर्को लेखनमा प्रयोग नहुने भएकाले शिक्षणमा यसलाई बढी महत्त्वका साथ हेरिने गरिन्छ ।

व्यावहारिक लेखनको मुख्य उद्देश्य सम्बद्ध विषयका बारेमा ज्ञान हासिल गरिसकेपछि मानिसको व्यवहारमा परिवर्तन आउनु अर्थात् मानिस व्यावहारिक बन्न सक्नु पर्छ । सामान्यतः चिठीपत्र, निमन्त्रणा, बधाई, शुभकामना, निवेदन, विज्ञापन, सम्पादकलाई चिठी, व्यक्तिवृत्त, प्रतिवेदन लेखन, तमसुक लेखन, टिप्पणी लेखनजस्ता लेखन कार्यमा दक्ष र योग्य बन्नु भन्ने हो । यसले शिक्षक तथा विद्यार्थीमा भाषिक कौशलको विकास गरी व्यावहारिक जीवनका विविध पक्षसँग सम्बन्धित भई कार्य गर्न सहयोग गर्छ । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीले अघिल्ला कक्षामा सामान्य लेखाइ सिपसम्बन्धी ज्ञान हासिल गरिसकेका हुनाले माध्यमिक तहमा व्यावहारिक लेखन सिपको स्तरीकरण गर्न र लेखाइमा विशिष्टीकरण सिप हासिल गर्न सजिलो हुन्छ । शिक्षणमा व्यावहारिक लेखनको प्रयोगलाई महत्त्वका साथ हेरिएकाले भाषा शिक्षणको सिकाइ बिना व्यावहारिक लेखन सिपको विकास गर्न कठिन हुने गर्छ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्ने गर्दछन् । तीमध्ये व्यावहारिक लेखन लेखाइ सिपको विकासमा बढी महत्त्वपूर्ण मानिन्छ (भण्डारी, २०७५, पृ.

२६) । त्यसैले व्यावहारिक लेखनले विद्यार्थीमा लेखाइ सिपको विकास गर्न र नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विकास गर्न सहयोग पुऱ्याउँछ । कक्षाकोठाभित्र हुने शैक्षिणक कार्यकलापलाई समेत प्रभावकारी बनाउन यसले सहयोग गर्दछ । व्यावहारिक लेखनका प्रकार तथा प्रकृतिका सम्बन्धमा भाषाशास्त्रीहरूका आ-आफ्ना दृष्टिकोण तथा मान्यता रहेका छन् ।

व्यावसायिक तथा उत्पादनमूलक सूचनाहरू विज्ञापनका नामबाट प्रचलित रहेका छन् भने विभिन्न खाद्यान्न, औषधी, विद्युतीय सामग्री, वस्तुजन्य सूचना विज्ञापनका रूपमा चिनिने गरिन्छन् । कार्यालय तथा विभिन्न संघ-संस्थासम्बन्धी भर्ना, कर्मचारी आवश्यकता, सेवाप्रदान बोलपत्र आदि कार्यालयीय प्रयोजनसँग सम्बद्ध सूचनाहरू सूचनाका नामले बढी चिनिने गरेका छन् । कुनैपनि सामाजिक विषय सन्दर्भ, तिनका विभिन्न समस्याका विषयमा गहन अध्ययन गरेर सम्बन्धित पत्रपत्रिकाका सम्पादकलाई जानकारी दिने उद्देश्यले लेखिने लेखनलाई यसअन्तर्गत लिइने गरिन्छ । यस्ता पत्रहरू वैयक्तिक रूपमा लेखिने भएपनि ती सबै सार्वजनिक महत्त्वका रहने गर्दछन् । त्यस्तै कुनै निश्चित अवसर र वैयक्तिक सन्दर्भ, धार्मिक तथा सास्कृतिक पर्व आदिका शुभ-अवसरमा व्यक्त गरिने मङ्गल कामना सहितको अभिव्यक्ति शुभकामना एवम् बधाई लेखन हो । आफन्त वा प्रियजनको निधनमा दिवङ्गत व्यक्तिको आत्माको चीर शान्तिको कामनाका लागि व्यक्त गरिने अभिव्यक्ति श्रद्धाञ्जली हो भने शोक सन्तप्त परिवारजनप्रति सद्भाव प्रकट गर्नका लागि दिइने अभिव्यक्ति नै समवेदना हो । यी सबै प्रकारका लेखनलाई व्यावहारिक लेखनअन्तर्गत लिइन्छ । कुनै निश्चित प्रयोजनका लागि व्यक्तिको समग्र विवरणलाई समेटेर तयार पारिएको परिचयात्मक विवरण नै व्यक्तिवृत्त हो । माथिका सबै परिभाषाले व्यावहारिक लेखनसम्बन्धी शिक्षक तथा विद्यार्थीमा व्यावहारिक ज्ञान बढ्ने अपेक्षा गरिएको छ । व्यावहारिक लेखनभित्र सूचना, विज्ञापन, चिठी, निवेदन, शुभकामना, बधाई, निमन्त्रणा, श्रद्धाञ्जली, समवेदना आदि विषयमा भाषा शिक्षण फरकफरक किसिमले लेखन कार्यकलाप हुने गरेको पाइन्छ । व्यावहारिक लेखनमा सामान्यतः शिष्ट अभिव्यक्तिको प्रयोग गरिन्छ । शिष्ट तथा विशिष्ट भाषिक प्रयोगको अध्ययन हुने भएकाले यसलाई भाषाको प्रयोजनपरक भेद भनिएको हो । यसमा व्यावसायिक तथा कार्यालयीय प्रयोगका लागि पत्राचार गर्ने, सार्वजनिक सूचना लेख्ने, चेतनामूलक सन्देश दिने खालका लेखाइको प्रयोग गरिन्छ ।

विद्यालय तहमा अध्ययनरत विद्यार्थीको व्यावहारिक लेखन सिपको विकास गर्न र नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनका शिक्षण कौशलमा सुधार ल्याउन व्यावहारिक लेखनको आवश्यकता अपरिहार्य रहेको कुरालाई नकार्न सकिदैन् । त्यसैले व्यावहारिक लेखनका प्रकृति र भाषा शिक्षणमा यसको उपयोग कसरी गरिन्छ भन्ने सम्बन्धमा सूचकका अभिमत लिई तिनको विश्लेषण गरिएको छ ।

**सामुदायिक विद्यालयका शिक्षकका अभिमत**

व्यावहारिक लेखनका प्रकृति र भाषा शिक्षणमा यसको उपयोग कसरी गरिन्छ भन्ने सम्बन्धमा सामुदायिक विद्यालयका शिक्षकले व्यक्त गरेका अभिमतलाई यसरी उल्लेख गरिएको छ : जसमध्ये सहभागी शिक्षक ३ ले व्यावहारिक लेखनका दुई प्रकृतिबारे चर्चा गर्दै मानिसका दैनिक तथा व्यावहारिक जीवनमा हरेक किसिमका आवश्यकताहरू परिपूर्ति गर्न व्यावहारिक लेखन आवश्यक पर्ने, विद्यार्थी र शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी लेखन सिप तथा शिक्षण कौशललाई अब्बल बनाउन सामान्य र विशिष्ट लेखनले महत्त्वपूर्ण सहयोग पुऱ्याउने बताए । उनले मानिसका सामान्य आवश्यकता परिपूर्ति गर्न लेखिने लेखन सामान्य लेखन र कक्षाकोठामा विशेष खालका आवश्यकताहरू परिपूर्ति गर्न लेखिने लेखन विशेष लेखन भएको बताए । सामान्य लेखनअन्तर्गत चिठी र निवेदन लेखन र विशेष लेखनअन्तर्गत प्रतिवेदन, टिप्पणी, निबन्ध, निर्णय पुस्तिकासम्बन्धी लेखन पर्ने बताए । विद्यालय तहको भाषापाठ्यक्रमले सामान्य लेखनलाई बढी महत्त्व दिएकाले विद्यार्थीको उमेर, स्तर, तह, कक्षा हेरेर सामान्य लेखन सिप विकास गर्ने खालका पाठहरू समावेश गर्नुपर्ने बताए । उनले दुवै लेखनमा विशेष गरी प्रदर्शन, छलफल, अन्तर्क्रिया, प्रश्नोत्तर, परियोजना कार्यजस्ता शैक्षणिक विधिको प्रयोग हुनुपर्ने समेत बताए । नेपाली भाषा शिक्षकका पेसागत विकास गर्न र शिक्षण कौशलमा सुधार गर्न माथिका शिक्षण विधिले महत्त्वपूर्ण सहयोग गर्ने गरेको विचार प्रस्तुत गरे ।

कक्षा ९, १०, ११ र १२ मा सामान्य र विशिष्ट लेखनसम्बन्धी कार्यकलापमा तात्विक अन्तर नदेखिए पनि बढीभन्दा बढी पाठहरू विशिष्ट लेखनतर्फ झुकेको आशय व्यक्त गरे । व्यावहारिक लेखनका माध्यमबाट व्यक्तिलाई व्यक्तिगत तथा सामाजिक जीवनमा सभ्य, शिष्ट, विशिष्ट बनाउन, शिक्षकका शिक्षण कौशलमा सुधार ल्याउन विभिन्न किसिमका विषयगत छलफल तथा अन्तर्क्रिया आवश्यक पर्ने र तिनले शिक्षण सिकाइ

कार्यकलापमा विभिन्न प्रकारका प्रभाव पार्ने बताए । शिक्षक ३ को भनाइलाई जस्ताको तस्तै यसरी उल्लेख गरिएको छ :

सहभागी शिक्षक ३ का अनुसार,

> पढाइ, लेखाइका साथै सुनाइ र बोलाइ सिपले भाषा शिक्षणमा प्रभाव पार्ने गर्छ । साहित्यिक विधाअनुसारका पारिभाषिक र प्राविधिक शब्दभण्डारको बृद्धिमा प्रभाव पार्ने र विषयवस्तु अनुरूप व्यावहारिक लेखनका ढाँचासँग परिचित गराउँन समेत प्रभाव पार्ने गर्छ । सामान्य शिक्षण कौशलको दाँजोमा विशिष्ट कौशलमा बढी प्रभाव पार्ने गर्छ । विभिन्न काम विशेषले लेखिने व्यावहारिक लेखन जस्तै : पत्र, निवेदन, बुँदा टिपोट, निबन्ध, तमसुक, जाहेरीपत्र, वादविवाद, दैनिकी आदिमा लेखाइगत प्रभाव बढी रहन्छ ।

विद्यार्थीको सिकाइ स्तर र शिक्षकमा भएको ज्ञान, सिप र अनुभवले शिक्षण सिकाइमा प्रभाव पार्ने भएकाले प्रभावकारी र दिगो सिकाइका लागि शिक्षक विषयवस्तुमा दक्ष र अनुभवी हुनुपर्छ । सामाजिक संरचनाका आधारमा समाजको निर्माण फरक भएजस्तै शिक्षण कौशलका आधारमा शिक्षण कार्य पनि फरकफरक हुने गर्छ । सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा पेसागत कौशलमा तात्विक अन्तर नभए पनि सामुदायिक विद्यालयका विद्यार्थीलाई अङ्ग्रेजी विषय पढ्न गाह्रो लागेजस्तै संस्थागत विद्यालयका विद्यार्थीलाई नेपाली विषय पढ्न गाह्रो हुने भएकाले भाषा सिकाइमा समस्या हुन्छ । शिक्षकलाई पेसागत तालिम नदिने, तालिममा नपठाउने, कक्षा अवलोकन नगर्ने र पेसागत विकासमा टेवा पुर्‍याउने खालका कार्य स्थानीय निकायले नगरेकाले भाषा शिक्षणमा प्रभाव परेको देखिन्छ र उक्त प्रभावलाई कम गर्न स्थानीय निकायले पेसागत विकासमा सहयोग पुग्ने खालका कार्यक्रममा सहयोग गर्नुपर्ने हुन्छ ।

शिक्षक ३ को कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया राम्रो रहेको पाइयो । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन मध्यम खालको रहेको देखियो । व्यावहारिक लेखनका सामान्य र

विशिष्ट स्वरूपबारे कक्षामा जानकारी सामान्य किसिमले गराएको पाइयो । व्यावहारिक लेखन शिक्षण गर्दा लिखित अभिव्यक्तिको अभ्यासमा राम्रो जोड दिएको र विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुनः अभ्यासको अवस्था भने मध्यम खालको रहेको पाइयो । व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थीसँगको अन्तर्क्रिया तथा प्रतिक्रियालाई राम्रो किसिमले लिएको, चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, मान्युट आदि विशिष्ट लेखनको शिक्षणमा विशेष शिक्षणीय कौशल प्रदर्शन गरेको देखियो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि राम्रा रहेका र शिक्षकबाट गरिने भाषिक मूल्याङ्कन र आवश्यक पृष्ठपोषणलाई मध्यम किसिमले दिएको पाइयो । शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति भने मध्यम खालको रहेको देखियो । कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि अपनाइएका विशेष शिक्षण प्रविधि तथा शिक्षणीय कौशल राम्रा रहेका र शिक्षकबाट समयको राम्रो परिपालन भएको छ ।

सहभागी शिक्षक ४ ले व्यावहारिक लेखनका प्रकृति सामान्य र विशिष्ट गरी दुई रहेका बताए । व्यक्तिले आफ्ना दैनिक आवश्यकता परिपूर्ति गर्नका लागि लेखिने लेखनलाई सामान्य र विशेष खालका आवश्यकता परिपूर्ति गर्नका लागि लेखिने लेखनलाई विशिष्ट लेखनको संज्ञा दिए । विद्यालय तहको नेपाली भाषा शिक्षणमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखन नै महत्त्वपूर्ण रहेको बताउदै व्यक्तिका दैनिक जीवनसँग महत्त्व बोकेका निमन्त्रणा, तमसुक, जाहेरीपत्र, माइन्युट, प्रतिवेदन, श्रद्धाञ्जली, समवेदना लेखनमा सहयोग पुऱ्याएकै कारण विशिष्ट लेखनको भूमिका महत्त्वपूर्ण रहेको बताए । विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी सिपको विकास गर्न भाषा शिक्षणमा छलफल, अन्तर्क्रिया, खेल, समस्या समाधानजस्ता शैक्षणिक विधिको प्रयोग गरिने बताए । विद्यालय तहमा समावेश गरिएका पाठहरूको प्रकृतिलाई हेर्दा कक्षा ९ र १० का पाठहरू सामान्य लेखनतर्फ र कक्षा ११ र १२ का पाठहरू विशिष्ट लेखनतर्फ उन्मुख भएको बताउँदै यस्ता पाठको अध्ययन तथा अध्यापनले विद्यार्थी तथा शिक्षकमा व्यावहारिक ज्ञान, सिप, शिक्षण कला र लेखन कलाको विकासमा सहयोग पुग्ने बताए । शिक्षक ४ को भनाइलाई जस्ताको तस्तै यसरी उल्लेख गरिएको छ :

सहभागी शिक्षक ४ का अनुसार,

> व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा नेपाली भाषा सिकाइमा प्रभाव पर्ने शिक्षण जति व्यावहारिक हुनुपर्ने हो, त्यति मात्रामा नहुने, सिकाइ दिगो र जीवन्त बन्न नसक्ने, पाठ्यक्रमले बोकेको उद्देश्यअनुसार नहुनेजस्ता प्रभाव देखिन्छन् । विशिष्ट लेखनले शिक्षकका शिक्षण पेसाको विकासमा प्रभाव पार्ने गर्दछ । शिक्षकमा भएका ज्ञान, सिप र अनुभवले कक्षा शिक्षण रोचक तथा प्रभावकारी हुने, शिक्षण कार्य दिगो र जीवन्त रहने, सिकाइ सरल, सहज र व्यावहारिक हुनेजस्ता प्रभावहरू आकलन गर्न सकिन्छ । सामुदायिक विद्यालयका शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी पेसागत विशिष्ट कौशलको प्रभाव बढी रहने गर्छ । नेपाल सरकारले समयसमयमा दिने गरेको पेसागत तालिम, गोष्ठी र सेमिनारमा शिक्षकहरूलाई सहभागी गराएर सिकाइगत प्रभाव कम गर्न सकिन्छ ।

विशिष्ट लेखनमा शैक्षणिक प्रभाव बढी रहने बताउँदै मानवका व्यावहारिक जीवनका विशिष्ट पक्षसँग सम्बद्ध विविध गतिविधिलाई अगाडि बढाउन समस्या पर्नेगर्छ । शिक्षकमा शिक्षण कौशलको विकास गर्न विभिन्न संघसंस्थाभन्दा पनि स्थानीय सरकारले गर्ने सहयोगले बढी प्रभाव पारेको छ । विशेष प्रकारका सिपगत तालिमलाई प्रक्रियागत रूपमा सञ्चालन गरे, शिक्षकमा शिक्षण कौशल सिप र विद्यार्थीमा लेखन कौशल सिपको विकास हुन्छ ( भिगोस्की, १९३०, पृ. ७६) ।  स्थानीय निकाय तथा अन्य पक्षबाट सहयोग भएमा शिक्षकमा चिठी, निवेदन, सूचना विज्ञापन र रसिदजस्ता साहित्यिक विधाको शिक्षणमा स्तरीकरण गरी विशिष्ट सिपको विकास गर्न सहयोग पुग्ने र भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिका, सूचना लेखनले शिक्षकको व्यावहार परिवर्तन गरी शिक्षण कौशलमा सुधार गर्न सकारात्मक भूमिका निर्वाह गर्ने कुरा बताए ।

शिक्षक ४ को कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया मध्यम खालको रहेको पाइयो । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन राम्रो रहेको देखियो । व्यावहारिक लेखनका सामान्य र विशिष्ट स्वरूपबारे कक्षामा जानकारी सामान्य किसिमले गराएको पाइयो । व्यावहारिक लेखन शिक्षण गर्दा लिखित

अभिव्यक्तिको अभ्यासमा राम्रो जोड दिएको देखियो । विद्यार्थीको स्तर र प्रकृतिअनुरूप कक्षाकोठाभित्र गरिने अभ्यास तथा पुनः अभ्यासको अवस्था राम्रो रहेको पाइएको छ । व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थी अन्तर्क्रिया र प्रतिक्रियालाई सामान्य किसिमले लिएको छ । चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, मान्युट आदि प्राविधिक लेखनको शिक्षणमा विशेष कौशल प्रदर्शनको अवस्था मध्यम खालको रहेको देखियो । व्यावहारिक लेखनसम्बन्धी कक्षा शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि मध्यम खालका रहेका देखिए भने शिक्षकबाट विद्यार्थीको भाषिक मूल्याङ्कन तथा विद्यार्थीलाई पृष्ठपोषण पनि सामान्य किसिमले दिएको पाइएको छ । यसरी हेर्दा शिक्षकको शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति व्यावहारिक लेखन शिक्षणमा राम्रो रहेको देखिन्छ । कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि अपनाइएका विशेष प्रविधि र शिक्षण कौशल राम्रा खालका रहेका छन् भने शिक्षकबाट पनि समयको परिपालन मध्यम किसिमले भएको देखिन्छ ।

सहभागी शिक्षक ५ ले भाषा शिक्षणअन्तर्गत व्यावहारिक लेखनका प्रकृति सामान्य र विशिष्ट गरी दुईवटा भएको बताएका छन् । सामान्य लेखन प्रारम्भिक, अनुसन्धानमूलक, कामचलाउ, सामान्य खालको र मानवका दैनिक तथा व्यावहारिक कामकाजलाई प्रभावकारी बनाउन उपयोग हुने बताएका छन् । विशिष्ट लेखन निश्चित ढाँचामा संरचित रही विशेष प्रकारको हुनुका साथै व्यावसायिक तथा निश्चित उद्देश्यमा केन्द्रित रहने बताएका छन् । उनले विद्यालय तहको भाषा पाठ्यक्रममा विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनलाई जोड दिएको र पाठ्यक्रममा समाविष्ट पाठहरू सामान्य प्रकृतिका भएका बताएका छन् । कक्षाकोठामा शैक्षणिक उद्देश्य पूरा गराउन विशिष्ट लेखनसम्बन्धी पाठहरू समावेश भएका छन् । उनले कक्षा शिक्षणमा दुवै प्रकारका लेखनसम्बन्धी नमुना प्रर्दशन, नमुना लेखन, परियोजना कार्य, छलफल, प्रश्नोत्तरजस्ता शैक्षणिक विधिहरूको प्रयोग गरेर नेपाली भाषा शिक्षकका पेसागत विकास गर्न सकिने बताएका छन् । शिक्षकको शिक्षण कौशलको विकासमा सामान्य तथा विशिष्ट दुवै प्रकारका लेखनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहने विचार राखेका छन् । माध्यमिक तहमा विशिष्ट लेखनसम्बन्धी पाठ सामान्य लेखनको दाँजोमा कम रहेका बताउदै पाठ्यक्रमले सबै प्रकारका लेखनलाई महत्त्व दिएपनि व्यावहारिक लेखन सिपको विकास गर्ने र शिक्षकको पेसागत विकास गर्न सहयोग पुऱ्याउने

खालका लेखनलाई बढी जोड दिनुपर्ने बताएका र  शिक्षणका क्रममा शिक्षक तथा विद्यार्थीमा सिकाइगत प्रभाव देखिने गरेको बताए । शिक्षक ५ को भनाइलाई जस्ताको तस्तै यसरी उल्लेख गरिएको छ :

सहभागी शिक्षक ५ का अनुसार,

> व्यावहारिक लेखनले भाषा सिकाइ र भाषिक विकासमा थप टेवा पुग्ने, भाषाका चारओटै भाषिक सिपको विकासमा जोड दिने र विशेष गरी लेखाइ सिपको विकासमा बढी प्रभाव पार्ने गर्छ । शिक्षकमा शिक्षण कौशलको विकास गर्न, आत्मविश्वास बढाउन, सिपमा आधारित शिक्षण गर्ने कुरामा समस्या हुने गर्छ । मानिसका दैनिक तथा व्यावहारिक जीवनसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने जुनसुकै प्रकृतिका लेखनले भाषा सिकाइ तथा शिक्षणमा प्रभाव पार्ने गरेको छ । शिक्षकमा ज्ञान, सिप र अनुभव राम्रो हुने हो भने भाषा शिक्षण त्यतिकै मात्रामा रोचक, आर्कषक र प्रभावकारी बन्न सकिने देखिन्छ ।

उनले शिक्षणका क्रममा नेपाली भाषा शिक्षकका शिक्षण कौशलमा सामान्य लेखनभन्दा विशिष्ट लेखनको प्रभाव बढी रहने बताए । सामान्य लेखनसम्बन्धी ढाँचा वा क्षेत्र धेरै हुने तर विशिष्ट लेखनसम्बन्धी ढाँचा निश्चित र थोरै हुने भएकाले पनि भाषा सिकाइमा समस्या हुने गरेको बताए । व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न व्यक्तिगत प्रभाव बढी हुने गरेको बताउँदै त्यसलाई कम गर्न व्यक्ति स्वयम् सक्रिय बन्नुपर्ने विचार प्रस्तुत गरे । शिक्षणमा देखिने यस्ता प्रकारका प्रभावलाई कम गरे शिक्षक र विद्यार्थीको अभिव्यक्तिगत क्षमतामा बृद्धि हुने र शिक्षकको पेसागत जीवन सुदृढ भई शिक्षण कौशलमा थप उर्जा प्राप्त गर्न सकिने आशय व्यक्त गरे ।

शिक्षक ५ को कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेरी विश्लेषण गर्दा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया राम्रो खालको रहेको पाइयो । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन मध्यम किसिमको रहेको देखियो । व्यावहारिक लेखनका सामान्य र विशिष्ट स्वरूपबारे कक्षामा जानकारी मध्यम किसिमले गराएको र व्यावहारिक

लेखन शिक्षण गर्दा लिखित अभिव्यक्तिको अभ्यासमा राम्रो जोड दिएको पाइयो । विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुनः अभ्यासको अवस्था मध्यम खालको रहेको पाइएको छ । व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थीसँग अन्तर्क्रिया र प्रतिक्रियालाई राम्रो किसिमले लिएको देखियो । व्यावहारिक लेखनका चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, मान्युट आदि विशिष्ट लेखनको शिक्षणमा विशेष शिक्षण कौशल प्रदर्शन भएको र त्यसको अवस्था मध्यम खालको रहेको पाइयो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि राम्रा रहेका देखिए भने शिक्षकबाट गरिने विद्यार्थीको भाषिक मूल्याङ्कन र उनीहरूलाई दिइने पृष्ठपोषण पनि मध्यम किसिमको रहेको पाइएको छ । शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति मध्यम खालको रहेको छ । कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि अपनाइएका विशेष प्रविधि र कौशल राम्रा रहेका छन् भने शिक्षकबाट पनि समयको परिपालन मध्यम किसिमले भएको पाइएको छ ।

**संस्थागत विद्यालयका शिक्षकका अभिमत**

व्यावहारिक लेखनका प्रकृति र भाषा शिक्षणमा यसको उपयोग कसरी गरिन्छ भन्ने सम्बन्धमा संस्थागत विद्यालयका शिक्षकले व्यक्त गरेका अभिमतलाई यसरी उल्लेख गरिएको छ जसमध्ये सहभागी शिक्षक १ ले व्यावहारिक लेखन सामान्य र विशिष्ट गरी दुई प्रकारको भएको बताएका छन् । चिठी, पत्र, निवेदन, शुभकामना लेखनलाई सामान्य लेखन र समवेदना, निमन्त्रणा, तमसुक, भर्पाईजस्ता लेखनलाई विशिष्ट लेखन भनेका छन् । विद्यालय तहको नेपाली भाषा पाठ्यक्रममा सामान्य र विशिष्ट लेखनसम्बन्धी कार्यकलाप हुने गरेको भएपनि विद्यार्थीमा लेखाइ सिपको विकास गर्न विशिष्ट लेखन नै बढी उपयोगी भएको बताए । विशिष्ट लेखनले विद्यार्थीमा लेखाइ सिपको विकास गर्न र नेपाली भाषा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको सुधार गर्न सहयोग पुऱ्याउँने गरेको बताए । कक्षामा सामान्य र विशिष्ट लेखनसम्बन्धी कार्यकलाप गराउँदा सामान्य लेखनअन्तर्गत छलफल, प्रश्नोत्तर, प्रयोगात्मक, र प्रत्यक्ष विधि तथा विशिष्ट लेखनअन्तर्गत आगमन, भाषासंसर्ग र प्रत्यक्ष विधिको प्रयोग हुने गरेको बताए ।

उनले तीक्ष्ण बुद्धि भएका बालबालिकाले छिटो र मन्द बुद्धि भएका विद्यार्थी ढिलो कार्य सम्पादन गर्ने भएकाले भाषा सिकाइमा दुवै प्रकारका लेखनको प्रयोग बराबर किसिमले

हुने र विद्यार्थीका लेखन शैलीमा एकरूपकता नआउनुलाई व्यावहारिक लेखनको प्रमुख प्रभावका रूपमा लिने बताए । सामान्य लेखनभन्दा विशिष्ट लेखनले विद्यार्थीको भाषा सिकाइ र शिक्षकको शिक्षण कौशलमा बढी प्रभाव पार्ने गरेको बताउदै शिक्षकमा भएको ज्ञान, सिप र अनुभवले भाषा सिकाइमा सकारात्मक प्रभाव पार्ने गरेको अनुभव सुनाए । सामुदायिक विद्यालयका शिक्षकभन्दा संस्थागत विद्यालयका शिक्षकमा शिक्षणसम्बन्धी विशिष्ट कौशलको प्रभाव बढी पर्ने गरेको बताउदै शिक्षकका शिक्षण कौशलको विकासमा व्यक्तिको व्यक्तिगत प्रभाव बढी रहने र उक्त प्रभाव कम गर्न व्यक्ति स्वयम् नै जिम्मेवार बन्नुपर्ने आशय व्यक्त गरे । चिठी र निवेदनजस्ता लेखन कार्यकलापले विद्यार्थीमा लेखाइको स्तरीकरणका साथै विशिष्ट लेखन सिपको विकास गर्न सहयोग गर्ने तथा भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिका, सूचना, विज्ञापन आदि लेखनका माध्यमबाट नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलमा सुधार ल्याउन सकिने बताए ।

संस्थागत विद्यालयमा कार्यरत सूचक शिक्षकका कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्य तथा विचारको विश्लेषण गरिएको छ । जसमध्ये शिक्षक १ को कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया मध्यम किसिमले गरेको पाइएको छ । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन अत्यन्त कमजोर रहेको छ । व्यावहारिक लेखनका सामान्य र विशिष्ट लेखन स्वरूपबारे कक्षामा जानकारी नगराएको, व्यावहारिक लेखन शिक्षण गर्दा लिखित अभिव्यक्तिको अभ्यासमा सामान्य किसिमले जोड दिएको पाइएको छ । विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुनः अभ्यासमा जोड नदिएकाले शैक्षणिक अवस्था कमजोर रहेको पाइएको छ ।

व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थी अन्तर्क्रिया र प्रतिक्रियालाई सामान्य किसिमले लिएको देखियो । चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, माइन्युटजस्ता प्राविधिक लेखनको शिक्षणमा विशेष कौशल प्रदर्शनको अवस्था अत्यन्तै कमजोर रहेको पाइयो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि सामान्य किसिमले प्राप्त भएका, शिक्षकबाट मूल्याङ्कन र पृष्ठपोषण पनि सामान्य किसिमले गरिएको पाइयो । शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति नगर्दा शिक्षण कमजोर रहेको र कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि

अपनाइएका विशेष प्रविधि र शिक्षण कौशल अत्यन्तै कमजोर रहेको देखियो । शिक्षकबाट समयको उचित परिपालन पनि सामान्य किसिमले भएको पाइएको छ ।

सहभागी शिक्षक २ ले व्यावहारिक लेखनका प्रकृति सामान्य र विशिष्ट गरी दुई प्रकारका रहेका बताएका छन् । मानिसका दैनिक तथा व्यावहारिक जीवनमा आइपर्ने निवेदन, चिठी, दैनिकी, निबन्ध, संवाद, मनोवाद, निमन्त्रणासम्बन्धी लेखनलाई सामान्य लेखनका रूपमा र विशिष्ट प्रकारका लेखन क्षमताको विकास गर्न सहयोग पुऱ्याउने लेखनलाई विशिष्ट लेखन बताएका छन् । खोज तथा अनुसन्धान, अध्ययन, प्रतिवेदन, टिप्पणी, तमसुक, निमन्त्रणालाई विशिष्ट प्रकारका लेखन भनेका छन् । विद्यालय तहको भाषा पाठ्यक्रममा दुवै प्रकारका लेखनको उत्तिकै महत्त्व रहेपनि विद्यार्थीमा लेखाइ सिपको विकास गर्न विशिष्ट लेखनले बढी सहयोग पुऱ्याउने गरेको बताएका छन् । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा मूलतः प्रत्यक्ष, अन्तर्वार्ता, छलफल, अन्तर्क्रिया, प्रयोगात्मक आदि शैक्षणिक विधिहरूको उपयोग गरिने बताए भने व्यावहारिक लेखन शिक्षणमा प्रतिवेदन लेखन, बुँदाटिपोट, सारांश लेखन, तमसुक, टिप्पणी लेखनको भूमिका बढी रहने र विद्यालय तहअन्तर्गत कक्षा ९ र १० मा सामान्य लेखनलाई तथा कक्षा ११ र १२ मा विशिष्टि लेखनलाई बढी महत्त्व दिई त्यसैअनुसारका शैक्षणिक कार्यकलाप हुने गरेको बताए । शैक्षणिक कार्यलाई प्रभावकारी बनाउन असहज वातावरणलाई कुशलतापूर्वक सहज वातावरणमा परिवर्तन गरी शिक्षण कार्यमा प्रभावकारिता ल्याउन सक्नुपर्ने बताए । विशेष गरी विद्यार्थीमा बालमैत्री, सिकाइमैत्री, भाषामैत्री सिकाइको वातावरण बनाए तथा कक्षाकोठाको कुशल व्यवस्थापन गरे नेपाली भाषा शिक्षकका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलको विकास हुने देखिन्छ (सुवेदी, २०७५, पृ. ७१) । व्यावहारिक लेखनसम्बन्धी कार्यकलापले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न तथा विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी विविध भाषिक सिपको विकास गर्न सहयोग पुऱ्याउने गरेको र शिक्षणमा नेपाली वर्णविन्यासले बढी प्रभाव पारेको बताए । शिक्षक २ को भनाइलाई जस्ताको तस्तै यसरी उल्लेख गरिएको छ :

सहभागी शिक्षक २ का अनुसार,

> व्यावहारिक लेखन शिक्षण गर्दा नेपाली भाषा सिकाइमा वर्णविन्याससम्बन्धी पदयोग र पदवियोग, अजन्त र हलन्तका साथै लेख्य चिन्हहरूको

प्रयोगसम्बन्धी नियमहरूले सिकाइमा प्रभाव पार्ने गर्दछन् । बुँदाटिपोट, साराँश लेखन, अनुच्छेद लेखन, कथा लेखन, कविता लेखन, भर्पाई, मन्जुरीनामाजस्ता व्यावहारिक लेखनले शिक्षकको शिक्षण कौशलमा समेत प्रभाव पार्ने गर्दछन् ।

शिक्षण सिकाइ कार्यकलापमा वर्णविन्यासले प्रभाव पारे पनि शिक्षकमा भएको ज्ञान, सिप र अनुभवले शिक्षण कौशलमा सुधार गर्छ । सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कला फरक रहने गर्दछ । सामुदायिक विद्यालयका शिक्षकहरू तालिम प्राप्त हुँदाहुँदै पनि संस्थागत विद्यालयका शिक्षकले जस्तो शिक्षण कार्यमा प्रभावकारिता र नतिजामा सुधार ल्याउन नसकेको देखिन्छ । यदि स्थानीय निकायले शैक्षिक क्षेत्रका विविध पक्षमा सुधारका लागि सहयोग गरे । शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशलमा प्रभावकारिता ल्याउन सकिने विचार व्यक्त गरेका छन् । शिक्षक २ को कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया राम्रो रहेको पाइयो । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन भने मध्यम खालको रहेको देखियो । व्यावहारिक लेखनका सामान्य र विशिष्ट स्वरूपबारे शिक्षकले कक्षामा जानकारी सामान्य किसिमले गराएको देखियो । व्यावहारिक लेखन शिक्षण गर्दा लिखित अभिव्यक्तिको अभ्यासमा राम्रो जोड दिएको तथा विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुनः अभ्यासको अवस्था भने मध्यम खालको रहेको पाइयो । व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थी अन्तर्क्रिया र प्रतिक्रियालाई पनि मध्यम किसिमले लिएको, चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, मान्युट आदि प्राविधिक लेखनको शिक्षणमा विशेष कौशल प्रदर्शनको अवस्था सामान्य किसिमको रहेको देखियो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि मध्यम रहेका छन् । शिक्षकबाट मूल्याङ्कन र पृष्ठपोषण पनि सामान्य किसिमले गरिएको छ । शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्तिलाई पनि सामान्य किसिमले गरिएको पाइयो । कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि अपनाइएका विशेष प्रविधि र शिक्षण कौशल मध्यम खालका रहेका छन् भने शिक्षकबाट विद्यालयमा नियमित रूपमा आउनुका साथै कक्षाकोठा प्रवेशमा समयको राम्रो परिपालन भएको देखियो ।

सहभागी शिक्षक ६ ले सामान्य र विशिष्ट गरी व्यावहारिक लेखनका प्रकृति दुई रहेका बताए । दैनिक तथा व्यावहारिक जीवनमा बढी उपयोग हुने लेखन सामान्य लेखन भएको र यसमा व्यावहारिक लेनदेन, चिठीपत्र, आयव्ययसम्बन्धी टिपोट पर्ने बताए । निश्चित ढाँचामा संरचित भएर लेखिने, आयामगत हिसावले लामो अनि प्रयोगका हिसावले अभ्यासिक लेखन विशिष्ट लेखन भएको बताए । विशिष्ट लेखन सामान्य लेखनको दाँजोमा विशेष खालको हुने भएकाले यो विशिष्ट उद्देश्यमा केन्द्रित हुने गर्छ । विद्यालय तहको भाषा पाठ्यक्रममा विशिष्ट लेखनको बढी महत्त्व रहेको कुरा बताउदैं शिक्षकले कक्षा शिक्षणमा तयार पार्ने शैक्षणिक योजनादेखि विद्यार्थीमा लेखाइ सिप विकास गर्न यसले सहयोग पुऱ्याउने भएकाले यसको भूमिका महत्त्वपूर्ण रहने गरेको बताए । कक्षाकोठामा प्रभावकारी शिक्षण गर्न छलफल, प्रश्नोत्तर, परियोजना कार्यजस्ता शैक्षणिक विधिहरूको प्रयोग हुने गरेको र यस्ता शैक्षणिक विधिले नेपाली भाषा शिक्षकमा शिक्षण कौशलको विकास तथा विद्यार्थीमा लेखाइ सिपको विकास गर्न सहयोग पुग्ने गरेको विचार प्रस्तुत गरे । शिक्षणमा दैनिक जीवनसँग सम्बन्धित विविध विषयवस्तुबारे जान्न र त्यसबाट प्राप्त हुने ज्ञान, सिपबारे बुझी व्यावहारिक ज्ञान हासिल गर्न यसको प्रभाव पार्ने गरेको बताए । शिक्षक ६ को भनाइलाई जस्ताको तस्तै यसरी उल्लेख गरिएको छ :

सहभागी शिक्षक ६ का अनुसार,

> व्यावहारिक लेखन आफैमा स्तरीय लेखन हो । यसले शिक्षकको विशिष्ट शिक्षण कौशलको विकासमा प्रभाव पार्दछ । समय र परिस्थितिअनुसार एउटै व्यक्तिले फरक कार्य गर्न सक्छ । शिक्षक आफै एउटा व्यावस्थापक भएकाले पनि कोरा दिमाक भएका विद्यार्थीमा भाषिक सिप प्रदान गर्न सक्नुपर्दछ । खासगरी सप्रसङ्ग व्याख्या, विश्लेषण, समीक्षा, कथा, टिप्पणी, प्रतिवेदन, निवेदन, भर्पाई, निर्णयपुस्तिका, सूचना लेखन कार्य व्यावहारिक लेखन शिक्षणसँग सम्बन्धित भएकाले यिनीहरूले शिक्षकको शिक्षण कौशलमा प्रभाव पार्दछन् ।

शिक्षकमा भएका ज्ञान, सिप र अनुभवले व्यावहारिक लेखन शिक्षणमा प्रभाव पार्दछन् । कक्षाकोठा आफैमा एउटा सानो समाजको प्रतिबिम्ब भएकाले शिक्षकले विद्यार्थीको रूचि, उमेर, क्षमता, स्वभाव, मनोभावना, स्तर आदिलाई बुझी त्यसअनुसारको शिक्षण गरेमा शिक्षण

विद्यार्थी अनुकूल हुनुका साथै रूचिपूर्ण र प्रभावकारी बन्दै विद्यार्थीमा गुणात्मक परिवर्तन समेत देखापर्छ । सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरू पेसागत रूपले एउटै भएपनि संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरू नेपाल सरकारबाट प्रदान गरिने विषयगत पुनतार्जगी तालिम, गोष्ठी र सेमिनारजस्ता शिक्षण कौशल विकास गर्ने खालका तालिमबाट बन्चित भएपनि बजारमा उपलब्ध अन्य स्रोत, सामग्री तथा शैक्षिक सामग्रीका सहायताले विद्यार्थीमा व्यावहारिक लेखन सिपको विकास गराउन लागि परेका छन् ।

शिक्षणमा सामान्य र विशिष्ट लेखनको उपयोग समान किसिमले हुने गरेको बताउदै सामान्य किसिमले जनजीवन सञ्चालन गर्न, लेनदेन, चिठीपत्र, आयव्यय, टिपोट, नाता सम्बन्ध, कामकाजको सूची र भावी योजनासम्बन्धी जानकारी सामान्य लेखनमा हुने गर्दछन् । यस्ता लेखनको व्यापार, व्यावसाय, उद्योगधन्दा, पर्यटन प्रवर्धनमा विशेष खालको प्रभाव पर्ने गर्छ । शिक्षण कौशलको विकास गर्न विभिन्न संघ, संस्था, व्यक्ति र स्थानीय निकायमध्ये सबैभन्दा बढी व्यक्तिको प्रभाव पर्ने गर्छ किनभने शिक्षणका क्रममा व्यक्ति आफै जागृत नभएसम्म प्रभावकारी सिकाइ नहुने कुरा यथार्थ हो । भाषा सामाजिक वस्तु भएकाले समाजमा बसोबास गर्ने जो कोहीलाई साझा प्रतीकका रूपमा हेरिनु पर्दछ । सामाजिक अन्तर्क्रियाका माध्यमबाट भाषा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन्छ, त्यसरी भाषा सिकाइ एक व्यक्तिबाट अर्को व्यक्तिमा रूपान्तरण हुन्छ (जर्ज हर्बट मीट, १९३१) । व्यक्तिले आफूभित्रको अर्न्तनिहीत प्रतिभालाई पहिचान गरी शिक्षण गरेमा शिक्षण सिकाइ सरल, सहज र प्रभावकारी हुन्छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकलाई चिठी र निवेदन लेखनमा विषयवस्तुको स्तरीकरण र विशिष्ट लेखन सिपको विकास गर्न सहयोग पुग्छ । भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिका, सूचना लेखनजस्ता कार्यले शिक्षकका शिक्षण कौशलमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्ने र चिठी, निवेदन, सूचना, विज्ञापन र रसिद लेखनजस्ता कार्यले शिक्षकको जीवनमा आत्मविश्वास र दृढताको विकास गरी जिम्मेवार बन्न उत्प्रेरित गर्ने गर्छ । आत्मविश्वासको प्रफुल्ल भावले शिक्षकलाई परिवार, विद्यालय र समाजप्रति बढी जिम्मेवार र उत्तरदायी भएको महसुस गराउँछ भने शिक्षकको शिक्षणीय कौशल विशिष्ट र अब्बल बन्दै पेसागत विकास हुन्छ ।

शिक्षक ६ को कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा विश्लेषण गर्दा व्यावहारिक लेखनसम्बन्धी प्रदर्शित व्यावहार तथा शिक्षण कार्यकलापमा व्यावहारिक

लेखनको उपयोगबारे विद्यार्थीबिच सघन अन्तर्क्रिया मध्यम खालको रहेको पाइयो । व्यावहारिक लेखनका नमुनाको कक्षामा प्रर्दशन राम्रो रहेको देखियो भने व्यावहारिक लेखनका सामान्य र विशिष्ट स्वरूपबारे कक्षामा जानकारी सामान्य किसिमले गराएको पाइयो । व्यावहारिक लेखन शिक्षण गर्दा विद्यार्थीका लिखित अभिव्यक्तिको अभ्यासमा मध्यम जोड दिनुका साथै विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुनः अभ्यासमा जोड दिएको र त्यसको अवस्था पनि राम्रो रहेको पाइयो । व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थीसँग अन्तर्क्रिया र प्रतिक्रियालाई मध्यम किसिमले बढाएको देखियो । व्यावहारिक लेखनका चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, मान्युट आदि प्राविधिक लेखनको शिक्षणमा विशेष शिक्षण कौशलको प्रदर्शन सामान्य किसिमले भएको देखियो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि पनि मध्यम स्तरका रहेका र शिक्षकबाट विद्यार्थीको भाषिक मूल्याङ्कन र विद्यार्थीलाई दिइने पृष्ठपोषण मध्यम किसिमको रहेको बुझियो । शिक्षणका क्रममा शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति राम्रो भएको पाइयो । कक्षामा शिक्षकबाट व्यावहारिक लेखन शिक्षणका लागि अपनाइएका विशेष प्रविधि र शिक्षण कौशल मध्यम खालका रहेका छन् भने शिक्षकबाट पनि समयको परिपालन मध्यम किसिमले भएको पाइएको छ ।

यसरी व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ कार्यकलापका सम्बन्धमा संस्थागत विद्यालयमा कार्यरत सूचक शिक्षकका अभिमत हेर्दा कक्षाकोठाभित्र हुने शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखनको वास्तविक अवस्था, प्रयोगगत अवस्था, भाषा सिकाइमा पारेको प्रभाव, शैक्षणिक विधिका तरिका, विद्यार्थीको लेखन कला र शिक्षकका शिक्षण कौशलको विकासमा पुऱ्याएको योगदान, सामान्य र विशिष्ट लेखनको वास्तविक अवस्थाका सम्बन्धमा सूचकका फरक दृष्टिकोण रहेका छन् । व्यावहारिक लेखनसम्बन्धी शिक्षणले नेपाली भाषा सिकाइमा सकारात्मक प्रभाव पार्ने गरेको कुरा स्वीकार्दै सामान्य र विशिष्ट लेखनले विद्यार्थीको लेखन कला र शिक्षकको शिक्षण कौशलमा प्रभाव पार्ने गरेको तथ्य सूचक शिक्षकका अभिमतबाट पुष्टि भएको छ । शिक्षकमा भएका ज्ञान, सिप र अनुभवले व्यावहारिक लेखन शिक्षणमा सघाउ पुऱ्याएको छ । सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा पेसागत विकासको अवस्था समान किसिमले विकसित भएको छैन् किनभने संस्थागत विद्यालयका शिक्षकलाई पेसागत तालिम नदिइनु र सामुदायिक

विद्यालयका शिक्षकलाई राज्य पक्षबाट बेलाबेला पेसागत तालिम दिइनुले शिक्षकको पेसागत वृत्तिविकास संस्थागत विद्यालयका शिक्षकभन्दा सामुदायिक विद्यालयका शिक्षकको राम्रो रहेको देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको शिक्षण कौशलमा सुधार गर्न राज्य तथा अन्य संघ, संस्थाले पेसागत विकास गर्ने खालका सहयोग गर्नुपर्ने देखिन्छ ।

शिक्षकमा शिक्षण कौशल सुधार गर्न सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको प्रभाव बढी रहन्छ । उक्त प्रभावबाट छुटकारा पाउन विशिष्ट लेखनसम्बन्धी कार्यकलापमा जोड दिनुपर्ने विचार सूचकको रहेको छ । शिक्षकको पेसागत विकास गर्न, विभिन्न संघ, संस्था, स्थानीय निकाय र व्यक्ति स्वयममध्ये शिक्षक १, शिक्षक ५ र शिक्षक ६ ले व्यक्ति स्वयमको र शिक्षक २, शिक्षक ३ र शिक्षक ४ ले स्थानीय निकायको प्रभाव बढी रहने बताएका छन् । व्यावहारिक लेखन शिक्षणलाई प्रभावकारी बनाउन विषय शिक्षकले कक्षाकोठाभित्र छलफल, अन्तर्क्रिया, परियोजना कार्य, प्रश्नोत्तर, नमुना लेखनजस्ता लेखाइ सिप विकास गर्ने खालका शैक्षणिक विधिहरूको प्रयोग गरेको देखिन्छ । समग्रमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलमा सुधार गरी पेसागत विकास गर्न र विद्यार्थीमा लेखाइ सिपको विकास गर्न दुवै लेखनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । कक्षा शिक्षणमा सामान्य लेखनभन्दा विशिष्ट लेखनलाई बढी महत्त्व दिएको पाइन्छ । विभिन्न किसिमका कार्यकलाप, कक्षाकार्य, अतिरिक्त कार्य, पेसागत विकास गराउने तालिम, छलफल, अन्तर्क्रियालगायत दैनिक तथा व्यावहारिक जीवनमा सहयोग पुऱ्याउने कार्यले शिक्षकका शिक्षण कौशलमा सुधार गरी पेसागत विकासमा सहयोग पुऱ्याउँने देखिन्छन् ।

यसरी शिक्षकको कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेरी विश्लेषण गर्दा छनोट भएका छओटा शिक्षकमध्ये ४ जना शिक्षक १, २, ३ र ४ ले व्यावहारिक लेखनअन्तर्गत सामान्य लेखन सिपको विकास गराउने चिठी लेखनसम्बन्धी पाठ अध्यापन गरेका छन् । जसमा शिक्षक २ र शिक्षक ४ ले कार्यालय र व्यावसायिक चिठी र शिक्षक १ र शिक्षक ३ ले घरायसी चिठी पढाएका छन् भने शिक्षक ५ ले विज्ञापन लेखन र शिक्षक ६ ले निवेदन लेखनसम्बन्धी शिक्षण गरेका छन् । सूचक शिक्षकहरूको शैक्षिक योग्यता वी.एड्. र एम.एड् भएकाले सबै शिक्षक तालिम प्राप्त छन् । तालिम प्राप्त भएपनि कक्षाकोठामा हुने शैक्षणिक कार्यकलापलाई जति प्रभावकारी बनाउनु पर्ने हो, त्यति भने बनाउन सकेका छैनन् ।

प्रभावारी बनाउन नसक्नुका प्रमुख कारणहरूमा व्यावहारिक लेखनसम्बन्धी कार्यकलापमा कम जोड दिनु, व्यावहारिक लेखनका नमुना कम प्रर्दशन गर्नु, भाषिक सिप विकासमा कम जोड दिनु, कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग कम गर्नु, शिक्षणपश्चात सही मूल्याङ्कन र पृष्ठपोषण नर्गनु आदि मुख्य हुन् । माथिका सबै पक्षहरूमा ध्यान दिई शिक्षण सिकाइ कार्यकलाप गरे शिक्षकका शिक्षणीय कौशल र विद्यार्थीका लेखन कौशल सुधार गर्न सकिने कुरा अध्ययनबाट पुष्टि भएको छ ।

**सामुदायिक विद्यालयका विद्यार्थीका अभिमत**

व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइसम्बन्धी सामुदायिक विद्यालयका विद्यार्थीले व्यक्त गरेका अभिमतलाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छ : जसमध्ये सहभागी विद्यार्थी ५ ले व्यावहारिक लेखन सिपको विकास गर्न विद्यालयमा हरेक आइतवार र शुक्रवार लेखाइसम्बन्धी अतिरिक्त कार्यकलाप सञ्चालन हुने गरेको बताउँदै अनुलेखन, चिठी लेखन, अभ्यास लेखन, निवेदन लेखन, घटनाबर्णन लेखनसम्बन्धी कार्यकलापलाई मुख्य रूपमा हुने गरेको बताएका छन् । उनले आफ्नो लेखन कार्यमा विशिष्ट लेखनले बढी सहयोग पुऱ्याउने गरेको बताए । सहभागी विद्यार्थी ६ ले कक्षाकोठामा चिठी लेखन, मनोवाद लेखन, घटनावर्णन लेखन, निबन्ध प्रतियोगिता र वादविवादजस्ता अभ्यासिक कार्यले विद्यार्थीमा व्यावहारिक लेखन सिपको विकास हुने बताए । उनले सामान्य लेखनले लेखाइका सामान्य पक्षबारे जानकारी दिने भएकाले आफूमा लेखाइ सिपको विकास गर्न विशिष्ट लेखनले सहयोग पुऱ्याएको विचार राखे । सहभागी विद्यार्थी ७ ले व्यावहारिक लेखनका क्रममा कक्षाकोठाभित्र व्यावहारिक लेखनसम्बन्धी सिपको विकास गर्न विभिन्न किसिमका सिर्जनात्मक क्षमताको विकास गर्ने खालका कार्यकलाप निबन्ध, कथा, कविता, चिठी, दैनिकी लेख्न लगाउने गरेको बताए र आफ्नो लेखन सिपको विकास गर्न विशिष्ट लेखन कार्यकलापले सहयोग गर्ने गरेको बताए । सहभागी विद्यार्थी ८ ले विद्यार्थीको लेखाइ सिपको विकास गर्न चिठी, अभ्यास लेखन, दैनिकी लेखन, अनुलेखन, मनोवाद लेखनका कार्यकलाप बढी हुने गरेका र आफ्नो विशेष लेखनसम्बन्धी रूचि बढी भएकाले लेखाइ सिपको विकासमा विशिष्ट लेखनले सहयोग पुऱ्याउने गरेको विचार व्यक्त गरे । सहभागी विद्यार्थी ९ ले शिक्षणका क्रममा विभिन्न जनावर, राष्ट्रिय पहिचान झल्काउने विषय शीर्षक, विभिन्न प्रकारका चिठी लेख्न लगाएर लेखाइ सिपको विकास गर्न सहयोग गरेको बताए ।

विद्यार्थीमा लेखाइ सिपको विकास गर्न विशिष्ट लेखनभन्दा सामान्य लेखनले बढी सहयोग गरेको बताए । उनले आफ्नो लेखन सिपको विकासमा सामान्य लेखनले सहयोग पुऱ्याउने गरेको बताए । सहभागी विद्यार्थी १० ले विद्यालयमा लेखाइ सिपको विकास गर्न चिठी लेखन, कविता र निबन्ध प्रतियोगिता बढी हुने गरेको र आफ्नो लेखाइ सिपको विकासमा सामान्य लेखनले बढी सहयोग गर्ने गरेको बताए । विशिष्ट लेखनभन्दा सामान्य लेखनमा आफ्नो रूचि बढी भएकाले पनि सामान्य लेखनले विद्यार्थीमा व्यावहारिक ज्ञान दिई लेखाइ सिपको विकासमा टेवा पुऱ्याउने गरेको विचार प्रस्तुत गरे ।

**संस्थागत विद्यालयका विद्यार्थीका अभिमत**

व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइसम्बन्धी संस्थागत विद्यालयका विद्यार्थीले व्यक्त गरेका अभिमतलाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छ : जसमध्ये सहभागी विद्यार्थी १ ले व्यावहारिक लेखनसम्बन्धी सिपको विकास गर्न कक्षाकोठामा निवेदन, तमसुक, चिठी, दैनिकी र लेखाइसम्बन्धी अभ्यासहरू हुने गरेको र आफ्नो लेखाइ सिपको विकासमा सामान्य लेखनसम्बन्धी कार्यकलापले बढी सहयोग पुऱ्याएको बताएका छन् । सहभागी विद्यार्थी २ ले व्यावहारिक लेखन सिपको विकास गर्न दैनिक तथा व्यावहारिक जीवनमा आउने सामान्य र विशिष्ट दुवै प्रकारका लेखन जसले लेखाइ सिप विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् तीमध्ये पनि चिठी, निवेदन, निमन्त्रणा, प्रतिवेदन, तमसुक लेखनसम्बन्धी कार्य कक्षाकोठामा बढी हुने गरेको बताए । उनले आफ्नो लेखाइ सिपको विकासमा विशिष्ट लेखनसम्बन्धी कार्यकलापले बढी सहयोग पुऱ्याएको बताए । सहभागी विद्यार्थी ३ र ४ ले व्यावहारिक लेखनका क्रममा कक्षाकोठाभित्र विद्यार्थीमा लेखाइ सिपको विकास गर्न अनुलेखन, निबन्ध लेखन, चिठी लेखन, निवेदन लेखनसम्बन्धी अभ्यासहरू हुने गरेको छ । विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनले आफ्नो लेखाइ सिपको विकासमा सहयोग पुऱ्याएको छ । सहभागी विद्यार्थी ११ ले व्यावहारिक लेखनसम्बन्धी अभ्यास विद्यालयमा खासै नभएको तर पाठ्यक्रममा भएका सम्पूर्ण विषयलाई समेटी शिक्षकले शिक्षण कार्यकलाप गर्ने गरेको अभिमत प्रकट गरेका छन् । लेखाइ सिपको विकास गर्न कक्षाकोठाभित्र वा बाहिर अतिरिक्त क्रियाकलापका माध्यमबाट विभिन्न किसिमका अभ्यासहरू हुने गरेका छन् ।

व्यावहारिक लेखन शिक्षणमा आफूलाई सामान्य लेखनले बढी सहयोग गरेको बताउदै विद्यार्थीलाई लेखाइसम्बन्धी कार्यकलाप गराउँदा लेखाइका आधारभूत मान्यताहरूलाई आत्मसाथ गर्नुपर्ने विचार व्यक्त गरेका छन् । सहभागी विद्यार्थी १२ ले व्यावहारिक लेखनसम्न्धी अभ्यास पाठ्यक्रमले निर्देश गरेका तथा पाठ्यपुस्तकमा भएका मात्र गर्ने गरेको बताए । ती सबै कार्यकलापले आफ्नो लेखाइ सिपको विकासमा सहयोग पुगेको बताए । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी सामान्य खालका अभ्यास बढी हुने भएकाले पनि लेखाइ सिपको विकासमा सामान्य लेखनले सहयोग गरेको बताए । व्यावहारिक लेखनले शिक्षक तथा विद्यार्थीका व्यावहार परिवर्तन गरी उनीहरूमा लेखन तथा अभिव्यक्ति कौशलको विकास गर्न विभिन्न किसिमका अभ्यासात्मक कार्यकलाप गर्नुपर्ने र त्यस्ता कार्यकलापले शिक्षक तथा विद्यार्थीमा लेखाइ सिपको विकासमा सहयोग गर्ने गरेको कुरा स्पष्ट पारे । शिक्षकले शिक्षणका माध्यमबाट विभिन्न किसिमका ज्ञान, सिप र सक्षमता प्राप्तिमा जोड दिँदै प्रभावकारी शिक्षण गर्नुपर्दछ । परिस्थितिअनुकूल भाषिक सिपहरूलाई पृथकीकृत रूपमा उपयोग गर्नुपर्ने हुन्छ । प्रश्नोत्तर, व्याख्या, नवीन भाषा र विधिको प्रयोगमार्फत शिक्षणलाई प्रभावकारी रूपमा लैजानु पर्ने हुन्छ । नेपाली भाषा शिक्षकले पेसागत विकास गर्न तथा आफ्नो शिक्षण कौशलको सुधार गर्न तालिम र नमुना शिक्षण मार्फत सिप सिकाइमा वृद्धि गर्न सक्नुपर्दछ । तालिमबाट शिक्षकको शिक्षण सिकाइ र अवसरमा वृद्धि हुने मान्यता रहेको छ (रिचार्डस् र फारेल, सन् २०१५) ।

## अध्याय छ : शिक्षण कौशल प्रकृतिका आधारमा तुलना

### शिक्षण कौशलको प्रकृति र परिचय

व्यक्तिका दैनिक जीवन सञ्चालनका क्रममा आउने विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक लेखनलाई व्यावहारिक लेखन भनिन्छ । व्यावहारिक लेखनअन्तर्गत चिठी, निवेदन, सूचना, विज्ञापन, रसिद, भर्पाई, मन्जुरीनामा, माइन्युट (बैठक निर्णय), व्यक्तिगत विवरणसम्बन्धी लेखन पर्दछन् (खनाल, २०७६, पृ. ३७) । मानिसले आफूले प्राप्त गरेको ज्ञान वा सिपलाई आफ्नो व्यावहारमा नउतारेसम्म उसमा व्यावहारिक ज्ञान भएको मान्न सकिदैन । व्यावहारिक लेखनले शिक्षक तथा विद्यार्थीमा भाषिक सिपगत कौशलको विकास गरी दैनिक रूपमा आइपर्ने व्यावहारिक कार्यहरूलाई लिखित रूपका माध्यमबाट सम्पादन गर्नसक्ने कलाको विकास गर्न मद्दत गर्छ । यो त्यस्तो प्रकारको लेखन हो, जसले शिक्षण सिकाइ कार्यकलापमा शिक्षकमा शिक्षण कौशल र विद्यार्थीमा लेखन कौशलको विकास गर्ने कुरामा जोड दिन्छ । व्यावहारिक लेखनसम्बन्धी शिक्षणलाई विद्यालय तहमा बढी महत्त्वका साथ हेरिएको छ किनभने व्यावहारिक लेखनसम्बन्धी सिप हासिल गरेपश्चात सम्बद्ध विषयमा शिक्षक तथा विद्यार्थी बढी व्यावहारिक बन्न सक्नुपर्छ ।

यसले शिक्षकको शिक्षण कौशल तथा विद्यार्थीको लेखन कौशलमा कला, सिप, क्षमता, दक्षता, अभिवृद्धि गरी स्तरीकरण र विशिष्ट सिप हासिल गर्न सजिलो बनाउँछ । विद्यालयमा विद्यार्थीलाई विशिष्ट प्रकारका कार्यालयीय चिठी, सूचना तथा विभिन्न संघसंस्थाको दर्तासम्बन्धी प्रक्रिया र विशिष्ट लेखनसम्बन्धी भाषिक कौशलको विकास गर्ने लक्ष्य लिइएको हुन्छ । शिक्षक र विद्यार्थीको लगावले मात्र शिक्षण कार्यप्रतिको लक्ष्य पूरा हुन्छ (भण्डारी, २०७५, पृ. २६) । शिक्षक शिक्षण कलामा निपूर्ण हुनु, भाषाका सार्वभौम पक्षबारे जानकार हुनु, नेपाली भाषाका विविध पक्षका बारेमा ज्ञान हुनु, सिप सिकाइ सहजीकरणको प्रक्रियालाई अनुसरण गर्नु, सामाजिक न्याय तथा भाषिक प्रयोगसम्बन्धी ज्ञान हुनु, भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सामग्रीसम्बन्धी ज्ञान बढ्नुले नेपाली भाषा शिक्षकमा शिक्षण कौशल राम्रो भएको मान्न सकिन्छ । शिक्षण कौशल शिक्षकको त्यो कला हो, जसले कक्षा शिक्षणलाई प्रभावकारी र रूचिकर बनाउने गर्छ । यसलाई शिक्षण कार्यमा कुशलता हासिल गरेको अवस्था पनि भनिन्छ । शिक्षणका क्रममा शिक्षणीय केन्द्रविन्दुका बारेमा ज्ञान दिनसक्नु र अध्यापन व्यावहारको प्रतिमानद्वारा विशिष्ट उद्देश्य प्राप्त गर्न

सक्नुपर्छ । शिक्षकले शिक्षणीय व्यवहारमा परिवर्तन गरी सिकाइलाई विद्यार्थीअनुकूल बनाउन सक्नुपर्दछ । विद्यालय तहमा शिक्षण सिकाइ कार्यकलापमा सामान्य र विशिष्ट गरी दुई प्रकारका शिक्षण कौशल हुने गरेका पाइन्छन् । सामान्य कौशल मानिसका दैनिक जीवनका आवश्यकता तथा व्यावहार सहज रूपमा सञ्चालन गर्ने उद्देश्यले शिक्षण कौशलको विकास गर्न उपयोगी हुने लेखन सिप हो । यसमा व्यावहारिक जीवनका विविध विषयवस्तुलाई सामान्य ढङ्गले प्रस्तुत गरिएको हुन्छ । नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न सामान्य लेखन कौशलको महत्त्वपूर्ण भूमिका हुने गर्दछ । दैनिक जीवनमा आइपर्ने व्यावहारिक पक्षलाई लिखित रूप दिन, भाषिक सम्प्रेषण गर्न तथा व्यावहारिक कार्य सञ्चालन गर्न सहयोग पुऱ्याउने भएकाले सामान्य लेखन कौशल शिक्षण सिकाइ कार्यकलापमा निकै उपयोगी रहेको छ ।

विशिष्ट लेखन कौशल भन्नाले शिक्षक आफ्नो शिक्षण कलामा दक्ष, योग्य, क्षमतावान र सबल बन्दै जानु भन्ने हो । यसका माध्यमबाट शिक्षकले कक्षा शिक्षणलाई विद्यार्थीअनुकूल बनाउने गर्छ । यसले शिक्षणका क्रममा देखिएका जटिलता तथा अप्ठ्यारा पक्षलाई सजिलै समाधान गर्न मद्दत गर्छ । भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुसारका भाषिक सिपगत सिकाइ तथा तिनका उपलब्धिको उचित मूल्याङ्कन गर्न र भाषिक सिपको शिक्षणपश्चात विद्यार्थीले प्राप्त गरेका भाषिक सिपगत उपलब्धि मापन गर्न सघाउ पुऱ्याउँछ (शर्मा र पौडेल, २०६९, पृ. २६३) । नेपाली भाषा शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा विषयवस्तुसँग सम्बन्धित नमुना प्रदर्शन गर्ने, छलफल गराउने, लेख्ने तरिका सिकाउने, अभ्यासात्मक कार्यकलाप गराउनेजस्ता कार्यले यसलाई दिगो र प्रभावकारी बनाउन सकिन्छ । शिक्षकमा विशिष्ट शिक्षण कौशलको विकास हुनु भनेको शिक्षक आफ्नो पेसामा योग्य, दक्ष र विशिष्ट हुनु भन्ने हो । प्रस्तुत अध्ययनमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था पहिल्याउने, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्ने, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्ने र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्ने उद्देश्यअनुसार शिक्षण कौशलका प्रकृतिलाई विद्यालयको प्रकृतिका आधारमा, सहभागीको प्रकृतिका आधारमा र शिक्षण कौशलको प्रकृतिका आधारलाई मुख्य आधार मानी त्यस सम्बन्धमा सूचकले दिएका अभिमतको तुलनात्मक विश्लेषण गरिएको छ ।

**विद्यालयको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलनात्मक विश्लेषण**

प्रस्तुत अध्ययन कैलाली जिल्लाको टीकापुर नगरपालिका र जानकी गाउँपालिकाअन्तर्गत नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षक र अध्ययनरत विद्यार्थीले शिक्षण कौशलका प्रकृति सम्बन्धमा दिइएका अभिमतको तुलनामा आधारित रहेको छ । अध्ययनलाई विद्यालयको प्रकृतिका आधारमा कैलाली जिल्लाका टीकापुर नगरपालिकाका वडा नं १, २ र ३ तथा जानकी गाउँपालिकाका ३ र ६ वडाभित्र सञ्चालित तिनओटा सामुदायिक र तिनओटा संस्थागत गरी जम्मा ६ ओटा विद्यालयका ६ जना नेपाली भाषा शिक्षक र १२ जना विद्यार्थीहरूले व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलसम्बन्धी दिइएका अभिमतको तुलनात्मक विश्लेषण यसरी गरिएको छ ।

***विद्यालयको प्रकृतिका आधारमा शिक्षकका अभिमतको तुलना***

कैलाली जिल्लाका टीकापुर नगरपालिकाका वडा नं. १, २ र ३ तथा जानकी गाउँपालिकाका वडा नं. ३ र ६ मा अवस्थित सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षक र त्यहाँ अध्ययनरत विद्यार्थीहरूले शिक्षण कौशलका प्रकृति सम्बन्धमा दिइएका अभिमतलाई तुलनात्मक रूपमा हेरी तिनको विश्लेषण गरिएको छ :

सामुदायिक विद्यालयका शिक्षक ३ र ५ ले विद्यालय तहको भाषा पाठ्यक्रममा सामान्य शिक्षण कौशलको महत्त्व बढी रहेको बताएका छन् । विद्यार्थीको उमेर, तह, स्तर हेरेर चिठी, कथा, निबन्ध, बुँदा टिपोट, जीवनी आदि विधाहरू पाठ्यक्रममा समावेश भएकाले भाषा पाठ्यक्रमको महत्त्व बढी रहेको बताएका छन् । विद्यालय तहका नेपाली भाषा पाठ्पुस्तकमा समाविष्ट प्रायः सबैजसो पाठमा सामान्य लेखनसम्बन्धी अभ्यासहरू रहेको बताउदै, दैनिक जीवनका व्यावहार चलाउन सामान्य लेखन सहयोगी हुने र विशेष परिवेशमा विशेष ढाँचा र विशेष शब्दको प्रयोग गरी विशिष्ट लेखन लेख्न सिकाउन सकिने अभिमत उनीहरूले राखेका छन् । शिक्षक ३ र ५ ले व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलसम्बन्धी राखेका समान विचारलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ३ र ५ का अनुसार,

> दैनिक व्यवहार चलाउनका लागि प्रयोग हुने प्रारम्भिक, अभ्यासमूलक, कामचलाउ, लेखन क्षमता विकासमा उपयोगी, तथा सामान्यतः सबैतिर उपयोगमा आउने लेखन सामान्य लेखन हो । विशिष्ट लेखन विशेष प्रकारका व्यावसायिक, निश्चित कार्य तथा क्षेत्रमा ज्ञान हासिल गर्नका लागि लेखिने लेखन हो । विद्यालय तहमा सामान्य लेखनलाई जोड दिई शिक्षण सिकाइ कार्यकलाप हुने गरेको छ ।

सामुदायिक विद्यालयका शिक्षक ४ ले फरक दृष्टिकोण राख्दै विद्यालय तहमा सामान्य लेखन कौशलभन्दा विशिष्ट लेखन कौशलको उपयोगिता बढी रहेको बताएका छन् । विशिष्ट लेखन कौशल व्यक्तिका व्यावहारिक जीवनका विविध समस्याहरूको सजिलै समाधान गर्नका लागि लेखिन्छ । यसले शिक्षक तथा विद्यार्थीलाई व्यावहारिक लेखनका विशिष्ट पक्षसँग परिचित गराइ व्यावहारिक लेखन सिप हासिल गर्न अग्रसर हुने दृष्टिकोण राखेका छन् । विशिष्ट लेखनसम्बन्धी शिक्षक ४ का अभिमत यस्ता छन् :

सहभागी शिक्षक ४ का अनुसार,

> विद्यालय तहको भाषा पाठ्यक्रममा सामान्यभन्दा विशिष्ट कौशललाई बढी महत्त्व दिइएको छ किनभने विशिष्ट लेखन सिपले व्यक्तिको दैनिक तथा व्यावहारिक समस्या समाधान गर्न र व्यावसायिक लेखनतर्फ उत्प्रेरित गर्न सहयोग गर्छ । विशिष्ट लेखन कौशलले व्यक्तिको भविष्य निर्धारणमा ठुलो सहयोग पुऱ्याउने भएकाले यो सामान्य लेखन कौशलको दाँजोमा बढी विशिष्ट र प्रामाणिक छ ।

प्रस्तुत अध्ययनमा सामुदायिक तथा संस्थागत विद्यालयका सूचक शिक्षकहरूको कक्षा अवलोकन गरी कक्षामा शिक्षकबाट प्रदर्शित व्यावहार तथा शिक्षण सिकाइ कार्यकलापको अध्ययन गरिएको छ । जसमा सामुदायिक विद्यालयका शिक्षक तिन र शिक्षक पाँचले व्यावहारिक लेखनको उपयोगबारे बिद्यार्थीबिच सघन अन्तर्क्रिया राम्रो गरेको पाइयो भने शिक्षक चारको अन्तर्क्रिया मध्यम खालको रहेको देखियो । व्यावहारिक लेखनका नमुनाको कक्षा प्रर्दशनको अवस्थालाई हेर्दा शिक्षक तिन र पाँचमा मध्यम खालको रहेको देखियो भने शिक्षक चारमा राम्रो अवस्था रहेको बुझिएको छ । त्यस्तै व्यावहारिक लेखनका सामान्य र

विशिष्ट स्वरूपबारे कक्षामा जानकारी शिक्षक तिन र चारले सामान्य रूपमा दिएको बुझियो भने शिक्षक पाँचले मध्यम किसिमले सामान्य र विशिष्ट लेखनसम्न्धी जानकारी दिएको देखियो । व्यावहारिक लेखन शिक्षणमा लिखित अभिव्यक्तिसम्बन्धी अभ्यासमा जोड दिने काम भने सामुदायिक विद्यालयका तिनैजना शिक्षक तिन, चार र पाँचले गरेको पाइयो । विद्यार्थीको स्तर र प्रकृतिअनुरूप अभ्यास तथा पुन अभ्यासमा शिक्षक तिन र शिक्षक पाँचले मध्यम किसिमले तथा शिक्षक चारले राम्रो किसिमले अभ्यासमा जोड दिएको देखियो ।

त्यस्तै व्यावहारिक लेखन शिक्षण कार्यकलापमा विद्यार्थीसँग अन्तर्क्रिया तथा तिनका प्रतिक्रिया लिई सिकाउने कार्य शिक्षक तिन र पाँचले राम्रो किसिमले गरेका छन् भने शिक्षक चारले सामान्य किसिमले अन्तर्क्रिया र प्रतिक्रिया लिने गरेको पाइयो । व्यावहारिक लेखनका चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनका दाँजोमा तमसुक, जाहेरीपत्र, मान्युट आदि प्राविधिक लेखनको शिक्षणमा विशेष कौशलको प्रर्दशन शिक्षक तिनले सामान्य किसिमले गरेको देखियो भने शिक्षक चार र पाँचले मध्यम किसिमले गरेको कुरा अवलोकनबाट थाहा पाइयो । कक्षा शिक्षण सिकाइमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि हेर्दा शिक्षक तिन र पाँचका कार्यकलापमा विद्यार्थी बढी सन्तुष्ट रहेकाले शिक्षण कार्यकलाप राम्रो देखिएको छ भने शिक्षक चारका शिक्षणमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि मध्यम खालका रहेका बुझिएको छ । व्यावहारिक लेखन शिक्षणमा शिक्षणपश्चात शिक्षकबाट विद्यार्थीको सिकाइगत भाषिक मूल्याङ्कन तथा पृष्ठपोषण समान किसिमले भएको छैन् । जसमा शिक्षक तिन र पाँचले मध्यम किसिमले मूल्याङ्कन गरी त्यसैअनुसारको पृष्ठपोषण दिएको पाइयो भने शिक्षक चारले सामान्य प्रकारले मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिएको पाइयो ।

व्यावहारिक लेखन शिक्षणमा कक्षाकोठामा शिक्षणीय विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्तिलाई शिक्षक तिन र पाँचले मध्यम किसिमले उपयोग गरेको देखियो तर शिक्षक चारले भने नमुना अभ्यासलाई विद्यार्थी समक्ष राम्रोसँग प्रस्तुत गरेको पाइयो । शिक्षकबाट कक्षाकोठामा व्यावहारिक लेखन शिक्षणमा उपयोग गरिने प्रविधि र शिक्षण कौशल हेर्दा शिक्षक तिन, चार र पाँचका शिक्षण कौशलमा एकरूपकता देखिएकाले सबैमा शिक्षण कौशलको अवस्था राम्रो रहेको कुरा शिक्षकको कक्षा अवलोकनबाट स्पष्ट भयो । कक्षाकोठामा प्रवेश गरी निर्धारित समयमा पाठ्यवस्तु शिक्षण गर्ने कार्यमा शिक्षक तिनमा समयको व्यवस्थापन अत्यन्तै राम्रो रहेको देखियो । शिक्षक चार र पाँचले समयको

व्यवस्थापन मध्यम किसिमको गरेको पाइयो । यसरी शिक्षकको कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा शिक्षक तिन र पाँचका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशल हेर्दा धेरैजसो विषयमा समानता रहेको देखिन्छ भने शिक्षक चारका शिक्षण कौशलमा केही फरक रहेको कुरा शिक्षकको कक्षा अवलोकनबाट पुष्टि भएको छ ।

माथिका विभिन्न तथ्यहरूका अलावा सामुदायिक विद्यालयमा अध्यापन गर्ने नेपाली भाषा शिक्षकले व्यावहारिक लेखनलगायत अन्य विषयमा शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोगमा जोड दिनुपर्ने, कक्षाकोठामा शिक्षक चलायमान हुनुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधि अवलम्बन गरी शिक्षण सिकाइ कार्यकलाप गर्नुपर्ने र समयको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यतिमात्र नभई विद्यार्थीलाई बढीभन्दा बढी शिक्षण सिकाइ कार्यकलापमा क्रियाशील बनाई प्रायजसो नियमित रूपमा शैक्षिक सामग्रीको प्रयोग गर्ने बानीको विकास गरेमा शिक्षकमा शिक्षण कौशलको विकास भई विद्यार्थीमा लेखन सिपको विकास हुने कुरा स्पष्ट हुन्छ ।

संस्थागत विद्यालयका शिक्षक २ ले विद्यालय तहमा सामान्य शिक्षण कौशलको महत्त्व दर्शाउँदै यसको प्रयोगले व्यक्तिले आफ्ना दैनिक तथा व्यावहारिक जीवनका कार्यहरू कुशलतापूर्वक सजिलै सम्पन्न गर्न सक्ने विचार राखे । उनले विद्यालय तहमा सामान्य शिक्षण कौशलको विकास गर्न चिठी, निवेदन, निबन्ध, निमन्त्रणापत्र, शुभकामना आदिसम्बन्धी शिक्षण कार्यकलाप हुने गरेको बताए । जसलाई सामुदायिक विद्यालयका शिक्षक ३ र ५ ले पनि प्रस्तुत गरेका थिए । सामान्य लेखन कौशलसम्बन्धी शिक्षक २ का अभिमत यस्ता रहेका छन् :

सहभागी शिक्षक २ का अनुसार,

> सामान्य व्यावहारिक कौशल भनेको मानिसका व्यावहारिक जीवनमा आइपर्ने सामान्य सिपको विकास गराउन सहयोग पुऱ्याउने लेखाइगत कौशल हो । यसअन्तर्गत चिठी, निवेदन, निबन्ध, निमन्त्रणापत्र आदि पर्दछन् । विद्यालय तहको भाषा पाठ्यक्रममा सामान्य रूपमा चिठी लेखन कार्य, निवेदन लेखन, निबन्ध लेखनजस्ता व्यावहारिक लेखन कौशलको विकासमा सहयोग पुग्ने खालका शैक्षणिक कार्यकलाप हुने गरेका छन् ।

संस्थागत विद्यालयका शिक्षक १ र ५ ले शिक्षण कौशलका प्रकृति सम्बन्धमा समान खालका धारणा राखेका छन् । उनीहरूले शिक्षण सिकाइ कार्यकलापमा सामान्य लेखन कौशलभन्दा विशिष्ट लेखन कौशलको उपयोगिता दिनानुदिन बढ्दै गएको भन्दै विशिष्ट लेखन कौशलको भूमिका व्यावहारिक लेखनमा बढी भएको बताएका छन् । सामान्य लेखनअन्तर्गत मानिसका दैनिक तथा व्यावहारिक जीवनमा उपयोग हुने लेनदेन, चिठीपत्र, आयव्याय, टिपोटपत्र, ठरठेगाना आदि टिपोट गर्न सहयोग पु¥याउने उद्देश्यले लेखिने लेखन पर्दछन् । निश्चित ढाँचामा संरचित, लामो अभ्यासको प्रयोग हुने, सामान्य लेखनभन्दा स्तरीय खालको लेखन विशिष्ट लेखन हो । विद्यालय तहको भाषा पाठ्यक्रमले विशिष्ट लेखन शिक्षणमा जोड दिएको छ र विद्यार्थीमा लेखन कौशलको विकास गर्न तथा शिक्षकमा शिक्षण कौशलको विकास गर्न विशिष्ट लेखन बढी उपयोगी भएको बताएका छन् । । विशिष्ट लेखनसम्बन्धी सहभागी शिक्षक १ र ५ का साझा अभिमत यस्ता छन् :

सहभागी शिक्षक १ र ५ का अनुसार,

> विद्यालय तहको भाषा पाठ्यक्रममा विशिष्ट लेखनलाई महत्त्व दिइएको छ । विशिष्ट लेखनअन्तर्गत प्रश्नोत्तर, छलफल, संवादजस्ता कार्यकलापका माध्यमबाट प्रतिवेदन लेखन, तमसुक लेखन, निमन्त्रणा, शुभकामना लेखन, टिप्पणी लेखनजस्ता विशिष्ट लेखनतर्फ विद्यार्थीलाई उत्प्रेरित गरेको पाइन्छ । शिक्षकलाई पाठयोजना निर्माण गरी शिक्षण सिकाइ कार्यकलाप गर्नुपर्ने निर्देशन भएकाले विद्यालय तहमा विशिष्ट लेखन कौशलसम्बन्धी अभ्यासमा जोड दिएको पाइन्छ ।

संस्थागत विद्यालयका सूचक शिक्षकहरूको पनि कक्षा अवलोकन गरी कक्षामा शिक्षकबाट प्रदर्शित व्यावहार तथा शिक्षण सिकाइ कार्यकलापको अध्ययन गरिएको छ । जसमा संस्थागत विद्यालयका शिक्षक एक र शिक्षक छ मा व्यावहारिक लेखनको उपयोगबारे बिद्यार्थीबिच सघन अन्तर्क्रिया मध्यम खालले गरेको पाइयो भने शिक्षक दुईमा व्यावहारिक लेखनको उपयोगबारे बिद्यार्थीबिच सघन अन्तर्क्रिया राम्रो रहेको कुरा शिक्षकको कक्षा अवलोकनबाट पुष्टि भएको छ । कक्षामा व्यावहारिक लेखन शिक्षणसम्बन्धी नमुनाको प्रर्दशन हेर्दा संस्थागत विद्यालयका तिनैजना शिक्षकहरूले फरकफरक नमुना देखाइ कक्षा शिक्षण गरेको पाइयो । जसमा शिक्षक एकले प्रस्तुत गरेको नमुनाको अवस्था अतिकमजोर रहेको,

शिक्षक दुईको मध्यम खालको र शिक्षक छ को नमुना प्रर्दशन राम्रो रहेको कुरा पनि शिक्षकको कक्षा अवलोकनबाट थाहा पाइयो । शिक्षक दुई र छ ले कक्षामा व्यावहारिक लेखनका सामान्य र विशिष्ट स्वरूपबारे कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई सामान्य ढङ्गले जानकारी गराएको देखियो भने शिक्षक एकले व्यावहारिक लेखनका सामान्य र विशिष्ट लेखनबारे कुनै पनि जानकारी नदिएकाले शिक्षकको कमजोर अवस्था रहेको बुझियो । व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा विद्यार्थीमा लिखित अभिव्यक्ति क्षमताको विकास गर्न शिक्षक एकले सामान्य खालका अभ्यासमा जोड दिएको  पाइयो भने शिक्षक दुईले राम्रा र शिक्षक छले मध्यम खालका लेखाइ सिप विकास गर्ने लेखनसम्बन्धी अभ्यासात्मक कार्यकलाप गर्ने गरेको थाहा भयो । यसरी शिक्षकको व्यावहारिक लेखन शिक्षण कौशलको विकास गर्न तथा विद्यार्थीमा लेखन कलाको क्षमता अभिवृद्धि गर्न विद्यार्थीको स्तर र प्रकृतिलाई शिक्षक एकले अत्यन्तै कमजोर रूपमा उपयोग गरेको, शिक्षक दुईले मध्यम र शिक्षक छले राम्रो किसिमले प्रयोग गर्ने गरेको कुराको यथार्थ जानकारी शिक्षकको कक्षा अवलोकनबाट पुष्टि भयो ।

व्यावहारिक लेखन शिक्षणमा शिक्षण सिकाइ कार्यकलाप गर्दा शिक्षक एकले विद्यार्थीसँग सामान्य किसिमले अन्तर्क्रिया गरेको तथा विद्यार्थीका प्रतिक्रिया लिएको देखियो भने शिक्षक दुई र छले मध्यम किसिमले विद्यार्थीका प्रतिक्रिया लिएको तथा विद्यार्थीसँग अन्तर्क्रिया गरेको बुझियो । शिक्षक एकले चिठी, निवेदन, विज्ञापन आदि सरल लेखनभन्दा तमसुक, जाहेरीपत्र, माइन्युट आदि प्राविधिक लेखनमा शिक्षण गर्दा विशेष शिक्षण कौशलको प्रर्दशनलाई कमजोर ढङ्गले प्रयोग गरेको देखियो भने शिक्षक दुई र छले व्यावहारिक लेखनका दुई रूप सामान्य र विशिष्ट (प्राविधिक) लेखनसम्बन्धी शिक्षण कौशल प्रर्दशनलाई सामान्य रूपले उपयोग गरेको देखियो । यसरी व्यावहारिक लेखन शिक्षण सिकाइ कार्यकलापमा विद्यार्थीका प्रतिक्रिया र सन्तुष्टि एकनासका पाइएका छन् । शिक्षक एक, दुई र छका शिक्षणप्रति विद्यार्थीको सन्तुष्टि मध्यम खालको रहेको र विषयवस्तुप्रतिको प्रतिक्रिया पनि त्यति नराम्रो नभई मध्यम खालको रहेको बुझियो । व्यावहारिक लेखन शिक्षणका क्रममा विद्यार्थीमा व्यावहारिक ज्ञान के कति मात्रामा बढ्यो, सिकाइमा के कस्ता समस्या आए र उनीहरूले के कस्तो सहयोगको अपेक्षा गरेका छन् भन्ने कुराको सही मूल्याङ्कन र पृष्ठपोषण दिन शिक्षक एक र शिक्षक दुईले सामान्य किसिमको उपयोग गरेका छन् भने

शिक्षक छले मध्यम किसिमको मूल्याङ्कन र आवश्यक पृष्ठपोषण दिने गरेको कुरा पनि शिक्षकको कक्षा अवलोकनबाट थाहा भएको छ ।

शिक्षक एकले व्यावहारिक लेखन शिक्षणमा शिक्षण गरिने विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्ति नगरेको देखियो । जसकारण शिक्षणीय प्रस्तुति पनि कमजोर रहेको पाइयो । शिक्षक दुईले शिक्षणका क्रममा आवश्यक विषयवस्तु सम्बद्ध नमुनालाई सामान्य किसिमले प्रस्तुत गरेको देखियो तर शिक्षक छले भने यी माथिका दुई शिक्षकभन्दा फरक ढङ्गले शिक्षण गर्दै व्यावहारिक लेखन शिक्षणमा शिक्षण गरिने विषयवस्तु एवम् सम्बद्ध नमुना प्रस्तुतिको पुनरावृत्तिलाई राम्रो किसिमले विषयवस्तुको आवश्यकताअनुसार प्रयोग गर्ने गरेको पाइयो । शिक्षक एकले कक्षाकोठामा व्यावहारिक लेखन शिक्षण गर्दा व्यावहारिक लेखन शिक्षणका सामान्य तथा विशिष्ट कौशल र विशेष प्रविधिको प्रयोग अवस्था कमजोर रहेको देखियो । शिक्षक दुई र शिक्षक छले कक्षामा व्यावहारिक लेखन शिक्षण गर्दा शिक्षणका लागि अपनाउने विशेष प्रविधि र शिक्षण कौशलको अवस्था मध्यम रहेको पाइएको छ । उनीहरू दुवैजनाका विशेष प्रविधि र शिक्षण कौशल एकअर्कासँग मिलेका छन् । व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कार्यकलापका अतिरिक्त शिक्षकबाट समयको उचित परिपालन भएको छ वा छैन भनी अध्येताले कक्षा अवलोकनमा सबैभन्दा राम्रो समयको पालना शिक्षक दुईबाट भएको पाएका छन् भने शिक्षक एक र शिक्षक छबाट समयको परिपालन मध्यम किसिमले भएको पाइएको छ ।

माथिका विभिन्न तथ्यहरूका आधारमा संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षकहरूको व्यावहारिक लेखन शिक्षणमा शिक्षकका व्यक्तिगत भिन्नताका कारण शिक्षण कौशलमा विविधता रहेको पाइन्छ । संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कौशल सामुदायिक विद्यालयका शिक्षकभन्दा अत्यन्तै कमजोर रहेको देखिन्छ । त्यसमा पनि शिक्षक एकले वी.एड. तहको अध्ययन पूरा गरेको भएपनि उनको शिक्षण कौशल अत्यन्तै कमजोर रहेको पाइएको छ । शिक्षक दुई र शिक्षक छका धेरैजसो विषयवस्तुमा समानता देखिएकाले उनीहरूको कक्षा शिक्षण कौशल शिक्षक एकको भन्दा केही मात्रामा राम्रो भएको तथ्य शिक्षकको कक्षा अवलोकनबाट पुष्टि भएको छ ।

यसरी समग्रमा भन्नुपर्दा सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षकले सामान्य र विशिष्ट लेखन कौशल सम्बन्धमा दिएका अभिमत मिश्रित रहेका

छन् । सामुदायिक विद्यालयका दुईजना शिक्षकमध्ये शिक्षक ३ र शिक्षक ५ ले विद्यालय तहमा सामान्य लेखन कौशलको महत्त्व बढी रहेको बताएका छन् । उनीहरूका विचार संस्थागत विद्यालयका शिक्षक २ का विचारसँग मेल खान्छन् । कक्षाकोठामा हुने सामान्य लेखनसम्बन्धी अभ्यासले शिक्षक तथा विद्यार्थीमा व्यावहारिक लेखन सिपको विकासमा जोड दिने बताएका छन् । विशिष्ट लेखन कौशलसम्बन्धी सामुदायिक विद्यालयका एकजना र संस्थागत विद्यालयका दुईजना शिक्षकले विशिष्ट लेखनले शिक्षक तथा विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी कौशलको विकास गर्न सहयोग पुऱ्याउने गरेको बताएका छन् । शिक्षण कार्यमा विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहने, सामाजिक संरचनाअनुसार मानिसका अनुभवले जीवन सञ्चालनमा सहज भएजस्तै विद्यार्थीलाई अध्ययन कार्यमा धेरै लगाए विद्यार्थीमा लेखाइगत क्षमता बढ्ने गर्छ (कम्पुलिएन र अन्य, २००९, पृ. २७) । उनले शिक्षण सिकाइ कार्यकलापका साथै व्यक्तिका दैनिक तथा व्यावहारिक जीवन सञ्चानलका क्रममा दुवै लेखनको उत्तिकै महत्त्व रहेको समेत बताएका छन् । सामान्य र विशिष्ट लेखन कौशलको परिचय, भूमिका र भाषा पाठ्यक्रममा समावेश गरिएका पाठहरूका सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूको मिश्रित प्रतिक्रिया रहेको अध्ययनमा पाइएको छ ।

***विद्यालय प्रकृतिका आधारमा विद्यार्थीका अभिमतको तुलना***

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई सामान्य र विशिष्ट कौशलसम्बन्धी बुझाइ र तपाईको व्यावहारिक लेखन सिपको विकासमा कुन लेखन कौशलले बढी सहयोग पुऱ्याएको छ भनी सोधिएको प्रश्नमा छजना विद्यार्थीले सामान्य लेखन कौशलले सहयोग पुऱ्याएको बताएका छन् भने पाँचजना विद्यार्थीले विशिष्ट लेखनले लेखाइ सिपको विकासमा सहयोग गरेको बताएका छन् । एकजना सामुदायिक विद्यालयका विद्यार्थी ३ ले आफ्नो लेखन सिपको विकासमा सामान्य र विशिष्ट लेखन नभई नेपाली भाषा साहित्यका निबन्ध विधा र अनुलेखनसम्बन्धी कार्यकलापले सहयोग पुऱ्याएको भनी फरक दृष्किोण राखेका छन् । सामान्य कौशलसम्बन्धी समान विचार प्रस्तुत गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरू १ र ४ हुन् भने संस्थागत विद्यालयका विद्यार्थी ९, १०, ११ र १२ हुन् । सबै विद्यार्थीहरूले दिएका अभिमतमध्ये संस्थागत विद्यालयका विद्यार्थी १२ का अभिमतलाई साझा अभिमतका रूपमा लिइएको छ । जसलाई यसरी उल्लेख गरिएको छ :

सहभागी विद्यार्थी १२ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये सामान्य लेखन कौशलले मेरो लेखाइ सिपको विकासमा बढी सहयोग पुऱ्याएको जस्तो लाग्दछ । विशिष्ट लेखन कौशलका बारेमा त्यति राम्रो ज्ञान नभएका कारण मलाई सामान्य लेखन कौशलले नै बढी सहयोग पुऱ्याएको जस्तो लाग्छ । यसले मेरो सिर्जनात्मक क्षमता बढाएको छ । त्यसैले विद्यार्थीको लेखन सिपको विकासमा विशिष्ट लेखन कौशलभन्दा सामान्य लेखन कौशल बढी उपयोगी रहेको म ठान्दछु ।

त्यस्तै विशिष्ट लेखन कौशलसम्बन्धी समान विचार प्रस्तुत गर्ने सामुदायिक विद्यालयका विद्यार्थी २, ५ र ६ तथा संस्थागत विद्यालयका विद्यार्थी ७ र ८ का विचारमध्ये सामुदायिक विद्यालयका विद्यार्थी २ का विचारलाई साझा विचारका रूपमा लिइएको छ ।

सहभागी विद्यार्थी २ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये मलाई विशिष्ट लेखन कौशलले लेखाइ सिपको विकासमा बढी सहयोग पुऱ्याएको छ । सामान्य लेखन कौशलले व्यावहारिक जीवनका सामान्य पक्षका बारेमा मात्र जानकारी दिने गर्छ । विशिष्ट लेखन कौशलले व्यावहारिक जीवनका विशेष पक्ष जस्तै तमसुक लेख्न सिकाउनु, बैंकमा विल भर्पाई भर्न सिकाउनु, प्रतिवेदन लेख्न सिकाउँछ । त्यही भएर विशिष्ट लेखन कौशल बढी महत्त्वपूर्ण रहेको छ ।

सामान्य र विशिष्ट कौशलबाहेक व्यावहारिक लेखन शिक्षणमा लेखाइ सिपको विकासमा फरक दृष्टिकोण प्रस्तुत गर्दै सामुदायिक विद्यालयका विद्यार्थी ३ ले सामान्य र विशिष्ट लेखन कौशलले नभई नेपाली भाषाका अनुलेखन र निबन्ध लेखनजस्ता साहित्यिक कार्यकलापले लेखन सिपको विकासमा सहयोग पुऱ्याएको बताएका छन् । विद्यार्थी ३ को भनाइ जस्ताको तस्तै यस्तो रहेको छ :

सहभागी विद्यार्थी ३ का अनुसार

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये मेरो लेखन सिपको विकासमा निबन्ध र अनुलेखनले बढी सहयोग पुऱ्याएको छ ।

यसरी सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली भाषा शिक्षक र विद्यार्थीका अभिमतलाई हेर्दा व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये सामुदायिक विद्यालयका शिक्षकले सामान्य लेखन कौशलमा बढी जोड दिएका छन् भने विद्यार्थीले विशिष्ट लेखन कौशलले लेखाइ सिपको विकासमा सहयोग पुऱ्याएको बताएका छन् । संस्थागत विद्यालयका शिक्षकले सामान्य लेखनभन्दा विशिष्ट लेखन कौशलको महत्त्व बढी रहेको बताउँदै व्यावहारिक लेखन शिक्षणमा विशिष्ट लेखनलाई जोड दिनुपर्ने भनेका छन् । विद्यार्थीले आफ्नो लेखन कौशलमा विशिष्ट नभई सामान्य लेखन कौशलले बढी सहयोग पुऱ्याएको बताएका छन् । शिक्षक र विद्यार्थीका व्यावहारिक लेखनका शिक्षण कौशलसम्बन्धी अभिमत हेर्दा सामुदायिक विद्यालयका शिक्षक र संस्थागत विद्यालयका विद्यार्थीमा विचारमा समानता रहेको पाइन्छ भने संस्थागत विद्यालयका शिक्षक र सामुदायिक विद्यालयका विद्यार्थीका विचारमा समानता रहेको देखिन्छ । समग्रमा व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलबारे बढी जानकार सामुदायिक विद्यालयका शिक्षक भएपनि उनीहरूले आफूले सिकेको ज्ञान आफ्नो कक्षाकोठामा लागु नगरेको र संस्थागत विद्यालयका शिक्षकमा विशिष्ट कौशल सिपको विकास राम्रो भए पनि विद्यार्थीमा लेखाइ सिपको विकास भने सोचजस्तो राम्रो भएको देखिदैन ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापन गराइ राखेका नेपाली भाषा शिक्षकले कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा सामान्य र विशिष्ट लेखनअन्तर्गत विभिन्न किसिमका शैक्षणिक विधिको प्रयोग गर्ने गरेको बताएका छन् । शैक्षणिक विधिबारे सामुदायिक विद्यालयका शिक्षकमा स्पष्ट धारणा रहेको पाइन्छ भने संस्थागत विद्यालयका शिक्षकमा अझै स्पष्टता धारणा भैनसकेको देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकले कक्षाकोठामा शिक्षण कौशलको विकास गर्न विशेष गरी प्रर्दशन, छलफल, प्रश्नोत्तर, परियोजना कार्यजस्ता शैक्षणिक विधिहरू प्रयोग गर्ने गरेका देखिन्छन् । जसमध्ये शिक्षक ३ र ४ ले व्यावहारिक लेखन शिक्षणमा समान खालका विधिको प्रयोग गरी शिक्षण सिकाइ गर्ने गरेको बताएका छन् । उनीहरूले प्रर्दशन, छलफल, प्रश्नोत्तर,

परियोजना कार्य र प्रयोगात्मक विधि मुख्य रूपले व्यावहारिक लेखनमा प्रयोग गरेको बताएका छन् भने शिक्षक ५ ले व्यावहारिक लेखनसम्बन्धी नमुनाको प्रर्दशन, नमुना लेखन, परियोजना कार्य र गृहकार्यजस्ता शैक्षणिक विधिको प्रयोग गरेको बताए । संस्थागत विद्यालयका शिक्षकहरूले शैक्षणिक विधिबारे स्पष्ट दृष्टिकोण राखेका छैनन् । उनीहरूले पाठ्यक्रमले निर्देश गरेअनुसार र विषयवस्तुको सान्दर्भिकताअनुसार शैक्षणिक विधिहरू प्रयोग गर्ने गरेको बताएका छन् । सामुदायिक विद्यालयका ३ जना नेपाली भाषा शिक्षकका शैक्षणिक विधिसम्बन्धी अभिमत समान खालका देखिएकाले साझा अभिमतका रूपमा शिक्षक ३ का अभिमतलाई लिइएको छ । सहभागी शिक्षक ३ को भनाइ जस्ताको तस्तै हेर्दा यस्तो रहेको छ :

सहभागी शिक्षक ३ का अनुसार,

> मैले कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा प्रर्दशन विधि, छलफल विधि, प्रश्नोत्तर विधि, प्रयोगात्मक विधि, परियोजना कार्य र प्रयोगात्मकजस्ता मुख्य विधिहरू प्रयोग गर्ने गरेकी छु ।

संस्थागत विद्यालयका शिक्षकमा व्यावहारिक लेखन शिक्षणमा प्रयोग गरिने शिक्षण विधिबारे स्पष्ट जानकारी नभएकाले उनीहरूको पेसागत विकास राम्रो नभएको पुष्टि हुन्छ । शैक्षणिक विधि शिक्षण सिकाइ कार्यकलापको मेरूदण्ड भएकाले विषयवस्तुलाई लक्ष्यमा पुऱ्याउन यसको महत्त्वपूर्ण भूमिका रहन्छ । सामान्यतः शिक्षकको पेसागत विकास गर्न तालिम र शैक्षणिक विधिलाई मुख्य रूपमा उपयोग गरिन्छ । वर्तमान शिक्षण सिकाइ कार्यकलापमा शिक्षकका शिक्षण कौशलमा सुधार ल्याउन विद्यार्थी केन्द्रित शिक्षण विधिलाई बढी प्रयोग गरिएको पाइन्छ (शाक्य, २०७१, पृ. ८३) । संस्थागत विद्यालयमा अध्यापन गर्ने शिक्षकमा विशिष्ट लेखन कौशलको विकास त्यति राम्रो भएको देखिदैन । संस्थागत विद्यालयका नेपाली भाषा शिक्षकका शैक्षणिक विधिसम्बन्धी प्रस्तुत गरेका अभिमत एकनाशका भएकाले साझा अभिमतका रूपमा शिक्षक ६ का विचारलाई प्रस्तुत गरिएको छ । सहभागी शिक्षक ६ को भनाइ जस्ताको तस्तै हेर्दा यस्तो रहेको छ :

सहभागी शिक्षक ६ का अनुसार,

> कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा दुईटै लेखन कौशलको प्रयोग गर्ने गरेको छु किनभने शिक्षण जहिले सुकै सामान्यबाट विशिष्टतिर जाने हुँदा सर्वप्रथम विद्यार्थीलाई सामान्य लेखनसम्बन्धी जानकारी दिँदा विद्यार्थीमा रूचि जाग्ने र पछि विशिष्ट लेखनतर्फ आकर्षित हुने अनुभव गरेको छु । विशिष्ट लेखनका ढाँचा र नमुनाका साथै सेतोपाटीमा लेख्दै र विद्यार्थी समेतलाई लेख्न लगाई व्यावहारिक लेखन शिक्षण गर्ने गरेको छु ।

माथिको भनाइबाट के कुरा स्पष्ट हुन्छ भने संस्थागत विद्यालयमा अध्यापन गराउने नेपाली भाषा शिक्षकले कक्षाकोठामा शैक्षणिक विधिहरूको प्रयोग कम गर्दछन् । गरिहाले पनि व्यावहारिक लेखनसम्बन्धी प्रयोग गरेको स्पष्टसँग देख्न सकिदैन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई नेपाल सरकारद्वारा बेलाबेला दिइने पेसागत तालिमले उनीहरूको शिक्षण कौशल सुधार हुँदै गएको देखिन्छ । यी विभिन्न तथ्यहरूका आधारमा सामुदायिक विद्यालयका शिक्षकको शिक्षण कौशल संस्थागत विद्यालयका शिक्षकको भन्दा राम्रो रहेको छ । व्यावहारिक लेखन शिक्षणमा प्रयोग गरिने शैक्षणिक विधिले आफूहरूको लेखाइ सिपको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको कुरा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले बताएका छन् । सामुदायिक विद्यालयका कक्षाकोठामा व्यावहारिक लेखन सिपको विकास गर्न सिर्जनात्मक क्षमता बढाउने र व्यावहारिक लेखाइ सिपको विकास गराउने खालका अभ्यासिक कार्य, निबन्ध लेखन, अनुलेखन, कथा, कविता लेखन, चिठी, दैनिकी लेखन, प्रतिवेदन लेखन, अनुच्छेल लेखन आदि गर्ने गरिएको विद्यार्थीले बताएका छन् । संस्थागत विद्यालयमा शिक्षकले शिक्षण सिकाइ कार्यकलामा नयाँ विधि र प्रविधिको प्रयोग कम गरेको देखिन्छ । सूचना, सञ्चार तथा प्रविधिसँग सम्बन्धित तालिम ज्यादै न्यून गर्ने गरेको देखिन्छ । उनीहरूलाई विद्यालयमा पेसागत तालिम नदिने भएकाले शिक्षण सिकाइको शैली परम्परागत रहेको छ । विद्यालयमा श्रव्यदृश्य उपकरण, कम्प्युटर ल्याव, प्रोजेक्टजस्ता शैक्षणिक विधि तथा प्रविधिको अभाव देखिएको छ (अधिकारी, २०७९, पृ. ४५) ।

शिक्षक कक्षा शिक्षणमा देखापर्ने समस्यामा बढी केन्द्रित हुनुपर्छ । कक्षा शिक्षणमा देखापरेका समस्याहरू स्पष्ट रूपमा पहिचान गरी तिनको सही समाधान गर्न सकेमा शिक्षण सिकाइ कार्यकलापमा प्रभावकारिता ल्याउन सकिन्छ । नेपाल सरकारले शिक्षकका लागि

सञ्चालन गरेका पेसागत तालिमहरू आफ्ना लागि नभएको विचार संस्थागत विद्यालयका शिक्षकहरूले राखेका छन् । भिगोत्स्की (सन् १९७८) ले भने झैँ सिकारुहरू आफ्ना समस्या समाधान गर्नतर्फ बढी सक्रिय र क्रियाशील हुनुपर्छ तर अध्ययन क्षेत्रका तिनजना शिक्षकले कक्षाकोठामा देखिने समस्या नै पहिचान गर्न नसकेकाले यो सिद्धान्तअनुकूल मेल नखाएको कुरा स्पष्ट हुन्छ । अध्ययनका क्रममा शिक्षकले आफ्ना शिक्षणीय समस्याबारे चिन्तन समेत नगरेको पाइएको छ । नेपाली भाषा शिक्षकका पेसागत विकासमा कुन लेखनको महत्त्वपूर्ण भूमिका रहेको छ भन्ने सवालमा सामुदायिक तथा संस्थागत विद्यालयका दुईजना शिक्षकबाहेक अरू कसैले पनि स्पष्ट रूपमा व्यावहारिक लेखनको शिक्षण कौशलमा महत्त्वपूर्ण भूमिका रहेको छ भनी भनेको देखिदैन् ।

सामुदायिक विद्यालयका शिक्षक ३ र ४ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न व्यावहारिक लेखन महत्त्वपूर्ण रहेको विचार व्यक्त गरेका छन् । उनीहरूले दैनिक जीवनमा आइपर्ने व्यावहारिक पक्षलाई लिखित रूप दिई त्यसको सम्प्रेषण गर्न सके शिक्षक तथा विद्यार्थीको भाषिक सिप विकासमा सहयोग पुग्ने बताएका छन् । शिक्षक ५ ले व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट दुवै प्रकारका लेखनको महत्त्वपूर्ण भूमिका रहेको प्रतिक्रिया दिएका छन् । संस्थागत विद्यालयका शिक्षक ६ ले शिक्षकमा शिक्षण कौशलको विकास गर्न विशिष्ट लेखनले सहयोग पुऱ्याएको बताएका छन् । त्यससम्बन्धमा शिक्षक १ र २ का विचारमा स्पष्टता देखिदैन तर शिक्षक ३, ४ र ६ का विचार समान खालका देखिएकाले साझा अभिमतका रूपमा शिक्षक ४ का अभिमतलाई लिइएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ४ का अनुसार,

> नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न विशिष्ट तथा व्यावहारिक लेखन कौशलको महत्त्वपूर्ण भूमिका रहन्छ ।

यसरी संस्थागत विद्यालयका शिक्षक १ र २ का अभिमत शिक्षण कौशलतर्फ केन्द्रित रहेका छन् भने शिक्षक २ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न प्रतिवेदन लेखन, खोज तथा अनुसन्धान, दैनिकी लेखन, बुँदा टिपोट र साराँश लेखनको भूमिका महत्त्वपूर्ण रहेको छ भन्ने कुरा उल्लेख गरेको कथनबाट विशिष्ट लेखनतर्फ झुकाव

राखेको स्पष्ट हुन्छ । शिक्षक १ ले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न विद्यार्थीको तहअनुसार विभिन्न किसिमका लेखनसम्बन्धी अभ्यासात्मक कार्यकलाप गरे, लेखन कार्यमा सहयोग पुग्ने बताएका छन् । अध्ययनमा ६ जना सबै नेपाली भाषा शिक्षकले प्रस्तुत गरेका विचारलाई हेर्दा सामुदायिक विद्यालयका शिक्षकहरूले शिक्षण कौशलका प्रकृति र प्रकारका सम्बन्धमा स्पष्ट दृष्टिकोण रहेको देखियो भने संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कौशलसम्बन्धी कम ज्ञान भएकाले स्पष्ट दृष्टिकोण राखेको पाइएन् । यसो हुनुको मुख्य कारण संस्थागत विद्यालयका शिक्षकलाई पेसागत तालिम नदिनु, शिक्षण कौशलको विकासमा ध्यान नदिनु, भाषा शिक्षणको मर्मअनुसार शिक्षण सिकाइ कार्यकलाप नगर्नु मुख्य हुन् । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीमा भने शिक्षण कौशलबारे स्पष्ट दृष्टिकोण रहेको बुझिएको छ ।

नेपाली भाषा शिक्षणमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखन बढी महत्त्वपूर्ण हुन्छ भन्ने सन्दर्भमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा फरक मत देखिएका छन् । सामुदायिक विद्यालयका शिक्षकमा प्रस्तुतिगत शैली भिन्न देखिए पनि वैचारिक प्रस्तुति भने समान रहेको छ । सामान्य लेखनभन्दा विशिष्ट लेखनसँग सम्बन्धित विषयगत ज्ञान, सिप, दक्षता र अभ्यास बढी हुने भएकाले शिक्षणका क्षेत्रमा बढी महत्त्वपूर्ण रहने गर्दछ भनेका छन् । व्यावहारिक लेखनले व्यक्तिका दैनिक तथा व्यावहारिक जीवनका विविध समस्याहरूको सजिलै समाधान गर्ने भएकाले यसको उपयोगिता बढेको बताउदै विशिष्ट लेखनको प्रयोग भाषा शिक्षणमा सान्दर्भिक रहने दृष्टिकोण सामुदायिक विद्यालयका शिक्षकले राखेका छन् । उनीहरूले व्यक्त गरेका साझा अभिमतलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ४ का अनुसार,

> सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनलाई भाषा शिक्षणका सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ किनभने विशिष्ट लेखन व्यक्तिका दैनिक जीवनमा आइपर्ने विशेष समस्याहरूको सजिलै समाधान गर्नतर्फ केन्द्रित हुन्छ ।

संस्थागत विद्यालयमा कार्यरत शिक्षकका भाषा शिक्षणमा विशिष्ट लेखन कौशलको सान्दर्भिक प्रयोग सम्बन्धमा दिइएका अभिमत फरक रहेका छन् । ती अभिमत सामुदायिक विद्यालयका शिक्षकले दिएका अभिमतभन्दा भिन्न छन् । सामुदायिक विद्यालयका शिक्षकले विशिष्ट कौशलको विकास गर्न व्यावहारिक लेखनका विविध कार्यकलापमा जोडदिनु पर्ने

बताएका छन् भने संस्थागत विद्यालयका शिक्षकले विशिष्ट लेखन सामान्य लेखनभन्दा बढी उपयोगी रहेको, यसले विद्यार्थीमा विशेष खालका व्यावहारिक लेखन सिप हासिल गर्न सहयोग पुऱ्याएको बताएका छन् । विशेष गरी भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिकाजस्ता लेखन सिपको विकासमा सहयोग पुऱ्याउने भएकाले यसको आवश्यकता बढेको बताएका छन् । शिक्षक २ ले विभिन्न किसिमका पेसा तथा व्यावसाय सञ्चालन गर्न भाषा शिक्षणमा विशिष्ट लेखनको उपयोगिता बढेको बताएका छन् । शिक्षक ६ का विचार शिक्षक १ र २ का व्यावहारिक लेखनका विचारसँग धेरै मिल्ने भएकाले साझा विचारका रूपमा शिक्षक ६ ले व्यक्त गरेको विचारलाई साझा विचारका रूपमा हेरिएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ६ का अनुसार,

> सामान्य लेखन व्यावहारिक जीवनमा प्रयोग हुने लेखनसँग मात्र सम्बन्धित छ भने विशिष्ट लेखनको क्षेत्र व्यापक छ । यसको अभ्यास र साधनाले शिक्षकमा प्राज्ञिक लेखन, सिर्जनात्मक लेखन, साहित्यिक लेखन र सम्पादनात्मक लेखन दक्षता हासिल भई पाठकको मन, मस्तिष्कमा बस्न सक्ने हुनाले विशिष्ट लेखनलाई महत्त्वपूर्ण लेखन मानिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले नेपाली भाषा शिक्षणका सन्दर्भमा विशिष्ट लेखनको भूमिका महत्त्वपूर्ण रहेको बताएका छन् । शिक्षणमा विशिष्ट लेखनलाई महत्त्व नदिई शिक्षण गर्दा सिकाइ हुने तर विद्यार्थी अनुकूल, सिपपरक र व्यावहारिक शिक्षण नहुने बताएका छन् । भाषा शिक्षण सिकाइमा व्यावहारिक लेखनअन्तर्गत विशिष्ट लेखन कौशलको प्रयोग बढी हुने गरेको विचार सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले राखेका छन् । छनोटमा परेका १२ जना विद्यार्थीहरूमध्ये ७ जना विद्यार्थीले आफूहरूको लेखन सिप विकासमा विशिष्ट लेखनले बढी सहयोग पुऱ्याएको बताएका छन् भने ५ जना विद्यार्थीले सामान्य लेखन सिपले सहयोग गर्ने गरेको बताएका छन् ।

शिक्षकको पेसागत विकासले शिक्षण कौशल र विषयगत अर्न्तक्रिया तथा छलफल सुधार गर्न व्यावहारिक लेखनले कसरी योगदान पुऱ्याएको छ भन्ने प्रश्नमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले व्यक्त गरेका विचार लिई तिनको तुलनात्मक अन्तर पहिल्याइएको छ । यससम्बन्धमा सबै शिक्षकले आ-आफ्ना दृष्टिकोण राखेका छन् । शिक्षण

कौशलको विकासका सवालमा सामुदायिक र संस्थागत विद्यालयका प्रायः सम्पूर्ण शिक्षकका विचार मिलेका छन् । सामुदायिक विद्यालयका शिक्षक ३ ले शिक्षकको पेसागत विकासले व्यक्तिलाई व्यक्तिगत र सामाजिक क्षेत्रमा लिखित, मौखिक, शिष्ट र सभ्य भाषाको चयन गरी आफ्ना आवश्यकता पूरा गर्न सहयोग गर्ने बताएका छन् । उनले शिक्षणमा विभिन्न किसिमका अन्तर्क्रियाका माध्यमबाट भाषा सिकाइमा जोड दिनुपर्ने बताएका छन् । शिक्षक ४ ले फरक मत राख्दै शिक्षकको पेसागत विकास भएपछि मात्रै शिक्षणीय कौशलमा परिवर्तन हुने र बालकको रूचि, स्तर र चाहनाअनुसारको शिक्षण गर्न सकिने बताएका छन् ।

शिक्षक ५ ले पेसागत विकासको महत्त्वपूर्ण पक्ष शिक्षकको शिक्षणी कौशल भएकाले शिक्षण सिकाइका विविध कार्यकलापका साथै यो व्यावहारिक लेखन शिक्षणमा बढी उपयोगी हुने बताएका छन् । सामुदायिक विद्यालयका शिक्षकका पेसागत विकासले शिक्षण कौशल र अन्तर्क्रिया तथा छलफल सम्बन्धमा के कस्तो प्रभाव पारेको छ भन्ने सम्बन्धमा शिक्षक ५ ले व्यक्त गरेका अभिमतलाई जस्ताको तस्तै लिइएको छ । जसलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ५ का अनुसार,

> शिक्षकको पेसागत विकासले कुनै पनि व्यक्ति वा बालकको, रूचि, क्षमता, स्तर, चाहनाअनुरूप शिक्षण गर्ने कुरामा जोड दिन्छ । शिक्षकको पेसागत विकासले शिक्षणीय कौशलका साथै शिक्षक तथा विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी विषयवस्तुको ज्ञान बढाउँछ ।

शिक्षक ५ का भनाइसँग संस्थागत विद्यालयका २ जना नेपाली भाषा शिक्षकका अभिमत मिल्ने भएकाले यसलाई बढी महत्त्वका साथ हेरिएको छ । शिक्षक १ ले शिक्षकको पेसागत विकास हुनु भनेको शिक्षक योग्य, दक्ष, क्षमतावान र सवल बन्नु भन्ने हो । शिक्षण कलामा निपूर्ण शिक्षक पेसागत रूपमा पनि सक्षम हुनुपर्दछ । शिक्षक २ ले शिक्षकले विभिन्न किसिमका पेसागत तालिम, छलफल, अन्तर्क्रिया आदि कार्यक्रम गरेर व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलमा सुधार गर्न सकिने बताए । शिक्षकमा रहेको योग्यता तथा क्षमतालाई समयसापेक्ष रूपमा नवीकरण, सवलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणमा परिवर्तन ल्याई विद्यार्थीको स्तर तथा उपलब्धिमा सुधार ल्याउनु सक्षम शिक्षा

प्रणालीको अनिवार्य सर्त हो (शिक्षकको पेसागत विकास कार्यान्वयन पुस्तिका-२०६६)। शिक्षण पेसालाई अभिवृद्धि गर्न तालिमको प्रयोगमा जोड दिनुपर्छ। तालिम एउटा साधन भएकाले यसले शिक्षकमा भएको ज्ञान, सिप र व्यवहारलाई परिस्कृत र परिमार्जन गर्न सहयोग गर्छ। निरन्तर पुर्नताजगी गर्न तथा आफूमा भएका अभावहरूलाई पूरा गर्न सहयोग गर्छ। शिक्षक ६ ले पेसागत तालिम नै शिक्षकको क्षमता अभिवृद्धि गर्ने एक महत्त्वपूर्ण साधन भएकाले शिक्षकको शिक्षण कौशलमा सुधार गर्न र विद्यार्थीमा लेखाइ सिपको विकास गर्न सहयोग पुऱ्याउँछ र तालिम विना गरिएको शिक्षण निरस र झन्झटिलो हुन्छ। शिक्षक ६ का अभिमत अन्य शिक्षकका अभिमतभन्दा भिन्न देखिएका तिनलाई जस्ताको तस्तै हेरिएको छ। जसलाई यसरी प्रस्तुत गरिएको छ :

सहभागी शिक्षक ६ का अनुसार,

> शिक्षकको पेसागत विकास भएको तब मानिन्छ, जब समयसमयमा परिवर्तित पाठ्यक्रमलाई ध्यान दिएर नेपाल सरकारले पुनर्ताजगी तालिम शिक्षण पेसामा आवद्ध सबै शिक्षकलाई दिन्छ। जसकारण शिक्षकको पेसागत विकास अद्भूत हुने देखिन्छ। शिक्षण कौशल शिक्षकको साधनामा भर पर्ने, जिम्मेवार, अध्ययनशील र तालिमबाट शिक्षकमा शिक्षण कौशलको विकास हुने भएकाले यसले शिक्षक तथा विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी ज्ञान बढाउने गर्दछ।

यसरी माथिका विभिन्न तथ्यगत अभिमतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीका शिक्षण कौशलसम्बन्धी दिइएका अभिमतको तुलनात्मक विश्लेषण हेर्दा सबैजसो सूचकले व्यावहारिक लेखन शिक्षणमा विशिष्ट लेखन कौशलमा जोड दिनुपर्ने विचार राखेका छन्। सामुदायिक विद्यालयका शिक्षक तालिम प्राप्त भएपनि उनीहरूले आफूमा भएको ज्ञान तथा सिपलाई कक्षाकोठामा लैजान नसकेको देखिएको छ। शिक्षकले कक्षाकोठामा विद्यार्थीलाई लेखाइगत अभ्यास धेरै नगराए पनि विद्यार्थीमा शिक्षण कौशलको ज्ञान राम्रो भएको पाइएको छ। जुन कुरा शिक्षकका भनाइबाट पनि प्रस्ट हुन्छ। वर्तमान समयमा शैक्षिक क्षेत्रमा प्रविधिलाई एक समग्र विज्ञानका रूपमा लिइने भएकाले यसको क्षेत्र विशाल र बहुआयामिक छ (पाल, २०१३)। संस्थागत विद्यालयका शिक्षक तालिम प्राप्त नहुनु र पेसागत तालिमबारेमा खासै जानकार नहुनुले कक्षाकोठामा नविन

शैक्षणिक विधिको प्रयोग नभई परम्परावादी शिक्षण पद्धतिको प्रयोग भएको देखिन्छ । शिक्षकमा शिक्षण कौशलको विकास राम्रो नभएकाले विद्यार्थीको लेखन क्षमता त्यति प्रभावकारी नभएको पाइएको छ । प्रायः जसो विद्यार्थीले आफ्नो लेखाइ सिपको विकासमा सामान्य कौशलले सहयोग पुऱ्याएको बताएका छन् । विद्यालयको प्रकृतिका आधारमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलका प्रकृतिलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीले बढीजसो विशिष्ट लेखनसम्बन्धी अभिमत प्रस्तुत गरेका अध्ययनबाट स्पष्ट भएको छ ।

**सहभागीको प्रकृतिका आधारमा सूचकका अभिमतको तुलनात्मक विश्लेषण**

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाअन्तर्गत छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षक र अध्ययनरत विद्यार्थीहरू सहभागीका रूपमा रहेका छन् । टीकापुर नगरपालिकाका वडा नं १, २ र ३ बाट चारजना नेपाली भाषा शिक्षक र आठजना विद्यार्थी तथा जानकी गाउँपालिकाका वडा नं. ३ र ६ बाट दुईजना नेपाली भाषा शिक्षक र चारजना विद्यार्थी गरी जम्मा ६ जना नेपाली भाषा शिक्षक र १२ जना विद्यार्थीलाई सहभागीका रूपमा लिइएको छ । सहभागी शिक्षक र विद्यार्थीले व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट शिक्षण कौशलसम्बन्धी दिइएका अभिमतको तुलनात्मक विश्लेषण यसरी गरिएको छ :

***सामान्य शिक्षण कौशलसम्बन्धी शिक्षकका अभिमत***

व्यावहारिक लेखन मानिसका दैनिक तथा व्यावहारिक जीवनका विविध पक्षबारे लेखिने लेखन हो । शिक्षण प्रयोजनका दृष्टिले व्यावहारिक लेखन सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । मानिसले आफ्ना दैनिक व्यवहार सञ्चालन गर्न सामान्य ढङ्गले लेखिने लेखन सामान्य लेखन हो । सामान्य लेखनभित्र चिठी, दैनिकी, निवेदन, सूचना, विज्ञापन र व्यक्तिगत विवरणसम्बन्धी लेखन पर्दछन् । प्रस्तुत अध्ययनमा व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनका शिक्षण कौशलसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले दिएका अभिमतको तुलनात्मक विश्लेषण यसरी गरिएको छ :

नेपाली भाषा शिक्षकका पेसागत विकास गर्न र व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलको सुधार गर्न सामान्य लेखनले महत्त्वपूर्ण भूमिका खेल्छ । अध्ययनमा सहभागी ३ जना नेपाली भाषा शिक्षकले सामान्य शिक्षण कौशल सम्बन्धमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । जसमध्ये २ जना शिक्षक सामुदायिक विद्यालयका छन् भने १ जना शिक्षक संस्थागत विद्यालयका छन् । सामुदायिक विद्यालयका सहभागी शिक्षक ३ ले मानिसका दैनिक जीवनका आवश्यकता तथा व्यवहार चलाउन र व्यक्तिमा लेखन क्षमताको विकास गराउन उपयोगी हुने लेखन नै सामान्य लेखन कौशल भएको बताएका छन् । उनका अनुसार सामान्य लेखनअन्तर्गत विभिन्न प्रकृतिका चिठी र निवेदनसम्बन्धी लेखन अभ्यास पर्दछन् । विद्यालय तहको भाषा पाठ्यक्रमले व्यावहारिक लेखन शिक्षणलाई प्राथमिकता दिई सामान्य शिक्षण कौशलको विकास गर्ने लक्ष्य लिएको बताएका छन् । उनले उक्त लक्ष्य पूरा गर्न विद्यार्थीको उमेर, स्तर, तह, कक्षाअनुसार लेखन कौशलको विकास गर्न सहयोग पुऱ्याउने खालका साहित्यिक विधाहरू भाषा पाठ्यक्रममा समावेश गरिनु पर्ने बताएका छन् । सहभागी शिक्षक ५ ले विद्यालय तहको भाषा पाठ्यक्रमले निर्देश गरेका सबैजसो पाठ सामान्य लेखन कौशलको विकासतर्फ केन्द्रित रहेका बताएका छन् ।

सहभागी शिक्षक २ ले कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा सामान्य लेखन कौशलअन्तर्गत विभिन्न शैक्षणिक विधिहरूको प्रयोग गरिने गरेको तर कुन विधि प्रयोग गर्ने भन्नेबारेमा स्पष्ट दृष्टिकोण नराखेको देखिन्छ । उनले सामान्य लेखन कौशलको विकास गर्न चिठी, निमन्त्रणा, निवेदन लेखनमा आवश्यक शैक्षणिक विधिको प्रयोग गरिने बताए । सहभागी शिक्षक ३ ले कक्षा शिक्षण गर्दा सामान्य लेखन कौशलको विकास गर्न प्रदर्शन, छलफल, प्रश्नोत्तर, प्रयोगात्मक र परियोजना कार्यजस्ता शैक्षणिक विधिहरूको बढी प्रयोग गर्ने गरेको अनुभव सुनाए । सहभागी शिक्षक ५ ले शैक्षणिक विधिबारे स्पष्ट धारणा प्रस्तुत गर्दै सामान्य लेखन कौशलको विकास गर्न नमुना प्रदर्शन, नमुना लेखन, परियोजना कार्य, गृहकार्य, छलफल र प्रश्नोत्तरजस्ता शैक्षणिक कार्यको प्रयोग गर्ने गरेको बताए । शिक्षक ३ र ५ का शैक्षणिक विधिसम्बन्धी विचार समान खालका देखिएका छन् भने शिक्षक २ का विचार भिन्न रहेका छन् ।

सहभागी शिक्षक ३ ले विद्यालय तहका ९, १०, ११ र १२ कक्षामध्ये कक्षा ९ र १० मा समावेश गरिएका अधिकाँश पाठहरू सामान्य लेखन कौशलसँग सम्बन्धित रहेका

बताए । सहभागी शिक्षक ५ ले सामान्य लेखनसम्बन्धी पाठका तुलनामा विशिष्ट लेखनसम्बन्धी पाठ विद्यालय तहमा सीमित रहेको प्रतिक्रिया दिए । सहभागी शिक्षक २ का अभिमत सहभागी शिक्षक ५ का अभिमतसँग हुबहु मिलेकाले पाठ्यवस्तुको सन्तुलन-सम्बन्धमा सहभागी शिक्षक २ का विचारमा तात्विक अन्तर रहेको देखिएन । यसरी प्रस्तुत अध्ययनमा शिक्षक २ र शिक्षक ५ का विचारमा समानता रहेको पाइन्छ भने शिक्षक ३ का विचारमा केही भिन्नता रहेको देखिन्छ । शिक्षक २, शिक्षक ३ र शिक्षक ५ ले सामान्य र विशिष्ट लेखनमध्ये शिक्षण कौशलको प्रभाव विशिष्ट लेखनमा बढी पर्ने भन्ने साझा दृष्टिकोण प्रस्तुत गरेका छन् । जस्तै, "चिठी लेख्न सबै जनालाई आउने गर्छ तर प्रतिवेदन लेख्न धेरै जनालाई नआउन सक्छ" भन्ने भनाईलाई यसको उदाहरणका रूपमा लिन सकिने बताए ।

माथि उल्लेखित सहभागी शिक्षकहरूका व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखन कौशलको महत्त्व सम्बन्धमा दिइएका अभिमत हेर्दा धेरैजसो बुँदामा समग्रतामा एकरूपकता भएको जस्तो देखिए पनि वैचारिक तथा उद्देश्यगत रूपमा भने भिन्नता रहेको देखिन्छ । सामान्य लेखनका प्रकार, शैक्षणिक विधिहरू, शिक्षकको पेसागत विकासमा सामान्य लेखन कौशलको योगदान, विद्यालय तहको भाषा पाठ्यक्रमले निर्देश गरेका र भाषा पाठ्यपुस्तकमा समावेश गरेका पाठहरूका सम्बन्धमा भने फरक अभिमत रहेको पाइन्छ ।

***सामान्य शिक्षण कौशलसम्बन्धी विद्यार्थीका अभिमत***

प्रस्तुत अध्ययनमा सामान्य शिक्षण कौशलसम्बन्धमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूले प्रस्तुत गरेका अभिमतको तुलनात्मक विश्लेषण गरिएको छ । सामान्य शिक्षण कौशलसम्बन्धी सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका ४ जना गरी जम्मा ७ जना विद्यार्थीले आफ्ना धारणा प्रस्तुत गरेका छन् । उनीहरूले नेपाली भाषा शिक्षकका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलको विकासमा सामान्य लेखनले कसरी सहयोग पुऱ्याएको छ भन्ने प्रश्नमा आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । सहभागी विद्यार्थी १ ले व्यावहारिक लेखनका सामान्य र विशिष्ट लेखनमध्ये आफूले सामान्य लेखन लेख्न सक्ने बताए । सामान्य लेखनअन्तर्गत चिठी, दैनिकी, निवेदन र निबन्ध लेखन पर्ने र आफ्नो लेखन सिपको विकासमा सामान्य लेखनले बढी सहयोग पुऱ्याएको बताए । उनले सामान्य लेखन कौशलको सुधार गर्न कक्षाकोठामा चिठी, निवेदन, दैनिकीका साथै लेखाइ

सिप विकास गर्ने खालका अन्य अभ्यासात्मक कार्यकलापमा जोड दिनुपर्ने बताए । सहभागी विद्यार्थी ३ ले आफूले निबन्ध, निवेदन, चिठी, अनुलेखनजस्ता सामान्य लेखन लेख्न सक्ने र आफ्नो लेखाइ सिपको विकासमा सामान्य लेखन कौशलले बढी सहयोग पुऱ्याएको बताए । कक्षाकोठामा लेखाइ सिपको विकास गर्न अनुलेखन, चिठी लेखन र निबन्ध लेखनसम्बन्धी अभ्यासहरू बढी हुनुपर्ने विचार प्रस्तुत गरे । सहभागी विद्यार्थी ४ ले मानिसका दैनिक तथा व्यावहारिक जीवनका महत्त्वपूर्ण लेखन, जसले विद्यार्थीमा लेखन कौशलको विकासमा मद्दत गर्दछन् तिनलाई नै सामान्य लेखन भनिने बताए । आफ्नो लेखन कौशलको विकासमा चिठी, निवेदन र निबन्धजस्ता सामान्य लेखनसँग सम्बन्धित कार्यकलापले सहयोग गर्ने गरेको बताए । सहभागी विद्यार्थी ९ ले शिक्षणमा सामान्य लेखनको अवस्था राम्रो रहेको बताउदै आफूले चिठी, निवेदन, दैनिकी, कथा, निबन्ध आदि व्यावहारिक लेखन लेख्न सक्ने र ती सबै लेखन लेख्न सामान्य कौशलले सहयोग पुऱ्याएको बताए ।

सहभागी विद्यार्थी १० ले विद्यालयमा व्यावहारिक लेखन शिक्षणको पेसागत अवस्था राम्रो रहेको र आफूले सामान्य लेखनका सम्पूर्ण कार्यकलाप लेख्न सक्ने बताए । लेखन सिपको विकासमा सामान्य लेखनले सहयोग पुऱ्याएको बताउँदै विद्यालयमा विभिन्न किसिमका लेखन प्रतियोगितालाई प्रभावकारी बनाउन सामान्य लेखनका अभ्यासात्मक कार्यकलापमा जोड दिनुपर्ने बताए । सहभागी विद्यार्थी ११ ले शिक्षकका समग्र शिक्षण कौशलको अवस्था सन्तोषजनक देखिए पनि साहित्यिक विधा शिक्षणमा भने अझै केही समस्या रहेको विचार राखे । शिक्षकको शिक्षण कौशलभन्दा सिकाइको व्यावहारिक पाटोमा समस्या देखिएको बताए । विद्यार्थी ११ का विचार अन्य सहभागी विद्यार्थीका विचारका तुलनामा भिन्न रहेको देखियो । उनले आफ्नो लेखन कौशलको विकासमा सामान्य लेखनले बढी सहयोग पुऱ्याएको र सामान्य लेखनका ढाँचा, लेखाइका नियम र लेखनसम्बन्धी ज्ञान भएमा लेखाइ सिप प्रभावकारी हुने बताए । सहभागी विद्यार्थी १२ ले विद्यालयमा सम्पूर्ण नेपाली विषयका शिक्षकहरूले व्यावहारिक लेखन कार्य गराउने गरेका बताए । तीमध्ये चिठी, निबन्ध, दैनिकी, आत्मलेखनजस्ता लेखन कार्यले आफ्नो सिर्जनात्मक लेखन क्षमताको विकास गरेको र सामान्य लेखन कौशलले सामान्य विषयवस्तुबारे र विशिष्ट लेखन कौशलले विशेष खालका लेखन सिपको विकासमा सहयोग पुऱ्याएको बताए । सामान्य लेखनले सामान्य विषयवस्तुबारे जानकारी दिने भएकाले जुनसुकै लेखाइ सिपको विकास गर्न सामान्य लेखन उत्तम हुने दृष्टिकोण प्रस्तुत गरे ।

यसरी सामान्य शिक्षण कौशलसम्बन्धी सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले दिएका अभिमतलाई हेर्दा दुईजना विद्यार्थीबाहेक सबै विद्यार्थीका अभिमत एकअर्कासँग मिल्दाजुल्दा रहेका छन् । उनीहरूले शिक्षकका शिक्षण कौशलको अवस्था, चिठी, दैनिकी, निबन्ध, अनुलेखनमा सामान्य लेखाइ सिपको विकास गर्नका लागि उपयोग गरिने शिक्षण सिकाइ कार्यकलापले विद्यार्थीमा सामान्य लेखन कौशलको विकास गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएको बताएका छन् । तीमध्ये विद्यार्थी ३ र विद्यार्थी ९ ले फरक विचार प्रस्तुत गरेपनि उनीहरूका विचार अर्थगत दृष्टिले सामान्य लेखन कौशलसँग बढी सम्बन्धित भएकाले महत्त्वपूर्ण रहेको देखिन्छ । शिक्षक पेसागत रूपमा सदैव गम्भीर भए, सटिक निर्णय गर्न सके, नयाँनयाँ खोज अनुसन्धान गरे र शैक्षणिक सिद्धान्तहरूप्रति बढी चनाखो भए आफ्नो शिक्षण कौशलमा सुधार ल्याउन सकिन्छ । यसले शिक्षण क्षेत्रका नवीनतम् उपलब्धि हासिल गर्न सकिने व्यक्तिले आर्जन गरेका अनेकौं ज्ञान र सिपलाई आउने पुस्तामा हस्तान्तरण गर्न, एउटा समयको उपलब्धि अर्को समयका लागि सुरक्षित गर्न, इतिहासमा सञ्चित कुराहरूलाई जीवन्त राख्न र आफ्नो भविष्यपछि अरूका निम्ति उपयोगी हुने गरी जोगाइराख्न लिखित अभिव्यक्ति क्षमता विशेष उपयोगी हुन्छ (भण्डारी, २०७५, पृ. ३) । भन्ने कुरा अध्ययनबाट स्पष्ट हुन्छ ।

### *विशिष्ट शिक्षण कौशलसम्बन्धी शिक्षकका अभिमत*

दैनिक तथा व्यावहारिक जीवनका कार्यलाई लिखित रूपमा सम्पादन गर्ने उद्देश्यले लेखिने लेखन व्यावहारिक लेखन हो । यसमा मानवीय व्यवहारका विशेष पक्षलाई लिपिबद्ध गरी प्रस्तुत गर्ने गरिन्छ । नेपाली भाषा शिक्षणमा शिक्षण प्रयोजनका दृष्टिले व्यावहारिक लेखन सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । मानिसका दैनिक व्यावहारलाई सामान्य रूपले सञ्चालन गर्न सहयोग पुऱ्याउने लेखन सामान्य लेखन हो । चिठी, दैनिकी, निवेदन, निबन्ध आदि सामान्य लेखनअन्तर्गत पर्दछन् । चिठी लिखित भाषाका माध्यमबाट विचार सम्प्रेषण गर्ने प्रमुख साधन हो । यसको प्रमुख उद्देश्य समाचार सम्प्रेषण गर्ने, कुनैपनि व्यक्ति वा संस्थाले आफ्ना सन्देश अरूसमक्ष पुऱ्याउने भन्ने हो । यो घरायसी, कार्यालयीय र व्यापारिक गरी तीन प्रकारको हुन्छ (भट्टराई र ढुङ्गेल, २०७६, पृ. ३४९) । कुनै निश्चित ढाँचामा संरचित रही, लामो समयको अभ्यासपश्चात स्तरीय, विशिष्ट, सामान्य लेखनभन्दा विशेष प्रकारले लेखिन लेखन विशिष्ट लेखन हो । यसलेखनभित्र दैनिक तथा व्यावहारिक

जीवनमा आउने विशेष खालका लेखन तमसुक, जाहेरीपत्र, माइन्युट, टिप्पणी, प्रतिवेदन, निर्णय लेखन, भर्पाई, रसिद आदि पर्दछन् । यसमा व्यावहारिक लेखन शिक्षणका विशिष्ट शिक्षण कौशलसम्बन्धी सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले दिएका अभिमतको तुलनात्मक विश्लेषण गरिएको छ । व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशल भन्नाले भर्पाई, मन्जुरीनामा, जाहेरीपत्र, माइन्युट, निर्णयपुस्तिका, विज्ञापन, सूचनासम्बन्धी लेखिने कौशल भन्ने बुझिन्छ । नेपाली भाषा शिक्षणमा यस्ता प्रकारका विशिष्ट कौशललाई ध्यान नदिई शिक्षण गरे, शिक्षण निरस र अव्यावहारिक हुने गर्दछ । पेसागत क्षमताको विकास भनेर व्यक्तिको व्यक्तिगत क्षमतालाई बुझ्नु पर्दछ । पेसागत ज्ञान, सिप र कौशललाई अर्थपूर्ण बनाइ राख्न पेसागत गुण, स्रोत, अनुभव, मूल्य, मानसिकता जस्ता प्रवृति समावेश हुनुपर्दछ (याकभलेभ, २०१४, पृ. ६७) । नेपाली भाषा शिक्षकका पेसागत विकास गर्न, शिक्षण कौशलमा सुधार ल्याउन तथा विद्यार्थीको लेखाइ सिपमा सुधार गर्न विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहने विचार प्रस्तुत गर्दै सहभागी शिक्षक १ ले विद्यालय तहको भाषा पाठ्यक्रमले सामान्य र विशिष्ट दुवै लेखनलाई जोड दिए पनि शिक्षण सिकाइ कार्यकलापका दृष्टिले विशिष्ट कौशल महत्त्वपूर्ण रहेको बताएका छन् । विशिष्ट लेखनले विद्यार्थीहरूलाई निश्चित ढाँचा र नियममा आवद्ध रही सरल ढङ्गले लेख्न सिकाउँछ । उनले कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा विशिष्ट लेखनअन्तर्गत पाठ्यक्रमले निर्देश गरेका शैक्षणिक विधिहरू प्रयोग गर्न सकिने बताए तर विधिको प्रयोग यसरी गर्ने भन्ने बारेमा भने केही बोलेका छैनन् । नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न विद्यार्थीको तह र बौद्धिक क्षमताअनुसार विशिष्ट लेखन कौशलको प्रयोग गरिने गरिन्छ । सामान्य लेखन कौशलको दाँजोमा शिक्षणमा विशिष्ट कौशललाई बढी महत्त्वपूर्ण मानिन्छ किनभने यसले विद्यार्थीलाई भर्पाई, मन्जुरीनामा, जाहेरीपत्र, माइन्युट, निर्णयपुस्तिका लेखन गर्न सिकाउँछ । विद्यालय तहमा समाविष्ट पाठले व्यावहारिक लेखनका सामान्य कौशललाई जोड दिए पनि विशिष्ट लेखनबारे भाषा पाठ्यक्रम केही बोलेको छैन् भन्दै शिक्षकको पेसागत विकासले शिक्षण कौशल र विषयगत अन्तर्क्रिया वा छलफल सुधार गर्न सकिने र त्यसका लागि व्यावहारिक लेखन उपयोगी बनेको बताउँदै कक्षा शिक्षणमा विशिष्ट लेखनको प्रयोगमा सुधार गर्नुपर्ने विचार राखे । पेसागत विकास पेसागत सिकाइ हो, जहाँ विगतको पेसागत अभ्यास, कक्षा शिक्षणका अनुभव तथा शिक्षकका स्वप्रत्यावर्तन समेतलाई आधार बनाइएको हुन्छ ( रिचार्ड र फारेल, २००५) ।

सहभागी शिक्षक ४ ले कुनै पनि व्यक्ति जुन सिप वा ज्ञानमा दक्ष हुन्छ, त्यो त्यस विषयमा विशिष्ट कहिलिन्छ भन्दै व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको महत्त्व दर्शाए । उनले विशिष्ट व्यावहारिक लेखन सिपले व्यक्तिका व्यावहारिक समस्या सजिलै समाधान गर्न उत्प्रेरित गर्ने भएकाले विद्यालय तहको नेपाली भाषा पाठ्यक्रममा सामान्य लेखन कौशलभन्दा विशिष्ट लेखन कौशललाई बढी महत्त्व दिएको बताए । यसले व्यक्तिको भविष्य निर्माणमा सहयोग गर्ने र शिक्षण सिकाइ कार्यकलापलाई मूर्त रूप दिने भएकाले पनि शिक्षणका क्षेत्रमा यसको आवश्यकता बढी रहेको बताए । कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा शिक्षक तथा विद्यार्थीमा विशिष्ट कौशलसम्बन्धी विकास गर्न छलफल, प्रर्दशन, खेल विधि, समस्या समाधान, प्रयोगात्मकजस्ता शैक्षणिक विधिहरूको प्रयोग गर्ने गरेको अनुभव सुनाए । शिक्षक १ र शिक्षक ६ ले प्रयोग गरेका शैक्षणिक विधिभन्दा उनले प्रयोग गर्ने विधि केही भिन्न रहेका बताए । उनले सूचना लेखन विधिको उदाहरण बताउँदै, “कुनै पनि विद्यार्थी विद्यालयमा बिरामी पर्दा उसका घरमा सूचना पठाउने बित्तिकै अभिभावक विद्यालय आई बिरामी विद्यार्थीको समस्या सजिलै समाधान गर्न सक्दछन् ।” तसर्थ नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न तथा विद्यार्थीमा विशिष्ट लेखन सिपको विकास गर्न विशिष्ट लेखन उपयोगी हुने गर्दछ । कक्षा ९, १०, ११ र १२ मा समावेश गरिएका पाठहरूमा विशिष्ट लेखनसम्बन्धी पाठ कम रहेका छन् । यिनले शिक्षकको शिक्षण कौशलको विकासका साथै बालकका रूचि, चाहना, आवश्यकता, स्तरअनुसारका शिक्षण कौशल र विषयगत अन्तर्क्रिया तथा छलफल गर्न सहयोग पुऱ्याउने भएकाले विशिष्ट लेखनलाई समयसापेक्ष परिवर्तन गर्दै लैजानु पर्ने बताए ।

सहभागी शिक्षक ६ ले विशिष्ट लेखन कौशलको परिचय दिदै विशिष्ट लेखन निश्चित ढाँचा वा आकारमा संरचित भई लेखिने गरिन्छ । यसलाई सिक्न लामो समय लाग्ने, बढी अभ्यासात्मक हुने र लेखाइमा स्तरीय, विशिष्ट, प्रमाणिक तथा आधिकारिक हुने भएकाले शिक्षणका क्षेत्रमा यसको आवश्यकता बढेको बताए । विशिष्ट कौशलले नेपाली भाषा शिक्षकका पेसागत विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । नेपाली भाषाको जननी संस्कृत भाषा हो तरपनि संस्कृत भाषाको औचित्यमाथि सवत्र प्रहार भइरहेको छ । नेपाली भाषा शिक्षणको उद्देश्यभन्दा पनि नेपाली विषय पढ्न सजिलो हुने भनेर धेरै विद्यार्थीले पढ्ने गरेको देखिन्छ तर यो विषय सोचेजस्तो सरल भने छैन । शिक्षणीय दृष्टिकोणले समेत

जटिल रहेको छ । विद्यार्थीको स्तर, रूचि, क्षेत्र, क्रम र परिवेश बुझेर शिक्षण गरे मात्र शिक्षणमा सुधार ल्याउन सकिने बताए । उनले भाषा शिक्षणका सन्दर्भमा विशिष्ट कौशल सामान्य कौशलको दाँजोमा व्यापक र विस्तृत रहेको बताउदै विशिष्ट कौशलको अभ्यास र साधनाले शिक्षकमा प्राज्ञिक लेखन, सिर्जनात्मक लेखन, साहित्यिक लेखन र सम्पादनात्मक लेखनसम्बन्धी शिक्षण कौशलको विकास हुनुका साथै विद्यार्थीमा विशिष्ट लेखन सिपको विकास हुने बताए ।

विद्यालय तहअन्तर्गत कक्षा ९-१२ सम्म समावेश गरिएका व्यावहारिक लेखनसम्बन्धी पाठहरू उच्च स्तर र अहिलेको समय सुहाउँदो रहेका छन् । पाठ्यपुस्तकमा समावेश गरिएका सम्पूर्ण विषयमा लेखाइगत अभ्यास गराउन भने समस्या देखिएको छ तरपनि कतिपय विषयवस्तुले विद्यार्थीका उमेर, रूचि, क्षेत्र, क्रम, स्तर, तह, क्षमता, चाहना, आवश्यकता आदिलाई ध्यान दिएर पाठहरूको निर्माण गरिएकाले पाठहरू विशिष्ट लेखनतर्फ उन्मुख भएका देखिन्छन् । उनकाअनुसार शिक्षकमा पेसागत विकास तब भएको मानिन्छ, जब शिक्षकले परिवर्तित समयअनुसार राज्यले विभिन्न समयमा दिने पेसागत पुनतार्जगी तालिम लिई स्वअध्ययनका माध्यमबाट शिक्षण कौशलमा सुधार गर्दछ । शिक्षण कौशल शिक्षकको साधनामा भर पर्दछ । शिक्षकको जिम्मेवारीपन, अध्ययनशीलता, तालिमको उचित परिपालन, प्रशिक्षण आदिले सबै शिक्षकमा शिक्षण कौशलको विकास गरी विषयगत अन्तर्क्रिया तथा छलफलका माध्यमबाट व्यावहारिक लेखन कौशलमा दक्ष, योग्य, सबल र सक्षम बनाउँन सहयोग गर्दछ । यी सबै पक्षमा शिक्षक पूर्ण भए शिक्षकमा विशिष्ट कौशलको विकास राम्रो र शिक्षणीय दृष्टिले प्रभावकारी भएको मान्न सकिन्छ ।

व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलसम्बन्धी शिक्षकका अभिमत हेर्दा शिक्षक १ ले सामान्य र विशिष्ट लेखनको प्रयोग शिक्षण सिकाइ कार्यकलापमा प्रयोगात्मक तथा अभ्यासात्मक रूपमा सामान्य ढङ्गले गर्नुपर्ने विचार राखेको देखिन्छ । शिक्षक ४ ले व्यक्ति जुन सिप वा ज्ञानमा दक्ष हुन्छ, त्यो त्यस विषयमा विशिष्ट कहिलिन्छ भन्दै व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशललाई फरक रूपले अध्याएको पाइन्छ । शिक्षक १ ले व्यावहारिक लेखनसम्बन्धी अमूत दृष्टिकोणलाई स्पष्ट पार्दै विशिष्ट लेखनको मूर्त रूपबारे शैक्षणिक विधिका सहायताले नेपाली भाषा शिक्षकका पेसागत विकास र विद्यार्थीका लेखन कौशलको विकासमा उपयोगी हुने बताएका छन् । शिक्षक ६ ले व्यावहारिक लेखन शिक्षण

कौशलको सुधार गर्न विशिष्ट लेखन अत्यन्तै महत्त्वपूर्ण भएको र विद्यार्थीको स्तर, रूचि, क्षेत्र, क्रम र परिवेश बुझेर शिक्षण गर्दा शिक्षणीय गतिविधि प्रभावकारी हुने बताएका छन् । भाषा शिक्षणका सन्दर्भमा विशिष्ट कौशल सामान्य कौशलको दाँजोमा व्यापक रहेको बताउँदै यसको अभ्यास र साधनाले शिक्षकमा प्राज्ञिक लेखन, सिर्जनात्मक लेखन, साहित्यिक लेखन र सम्पादनात्मक लेखनसम्बन्धी सिपको विकास भई शिक्षकको शिक्षण कौशल प्रभावकारी बन्दै जाने बताए । यसरी अध्ययनमा शिक्षक १ का विचारभन्दा शिक्षक ४ का विचार ओजपूर्ण रहेका छन् भने शिक्षक ४ का विचारभन्दा शिक्षक ६ का विचार शिक्षणीय कौशलका दृष्टिले अत्यन्तै मार्मिक तथा सान्दर्भिक रहेका पाइएका छन् ।

***विशिष्ट शिक्षण कौशलसम्बन्धी विद्यार्थीका अभिमत***

विशिष्ट शिक्षण कौशल सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयका नमुना छनोटमा परेका सूचक विद्यार्थीहरूले प्रस्तुत गरेका अभिमतको तुलनात्मक विश्लेषण गरिएको छ । जसमध्ये सामुदायिक विद्यालयका ३ जना र संस्थागत विद्यालयका २ जना गरी जम्मा ५ जना विद्यार्थीले विशिष्ट शिक्षण कौशलसम्बन्धी आफ्ना विचार प्रस्तुत गरेका छन् । सहभागी विद्यार्थी २ ले शिक्षकको शिक्षण कौशलको अवस्था राम्रो रहेको बताउँदै व्यावहारिक लेखन सिपको विकास गराउन चिठी, निवेदन, निबन्धजस्ता सामान्य लेखनदेखि मन्जुरीनामा, तमसुक, भर्पाई, निर्णय लेखनजस्ता विशिष्ट लेखन सिपको विकास गराउने शैक्षणिक कार्यकलाप हुने गरेको बताए । उनले आफ्नो लेखन सिपको विकासमा विशिष्ट लेखन सिपले बढी सहयोग गरेको बताउँदै विशिष्ट लेखन कौशलको विकास गर्न कक्षाकोठामा समूहगत रूपमा विशिष्ट लेखनका विभिन्न नमुना दिई विद्यार्थीलाई लेख्ने अभ्यास गराउने गरेको अनुभव सुनाए । उनको विचारलाई जस्ताको तस्तै यसरी हेरिएको छ :

सहभागी विद्यार्थी २ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका विशिष्ट लेखन कौशलले मेरो लेखन कार्यमा एकदमै सहयोग पुऱ्याएको छ । यसले बैङ्कमा गएर भौचर भर्ने, पैसाको लेनदेन कारोबारलाई प्रमाणिक बनाउने, तमसुक लेख्न सिकाउने र भर्पाई गर्दा बुझी लिनेको हस्ताक्षर र बुझाउनेको हस्ताक्षरसम्बन्धी ज्ञानबारे सिकाउँछ ।

सहभागी विद्यार्थी ५ ले विशिष्ट लेखनसम्बन्धी शिक्षण सिद्धान्त राम्रो रहेपनि अहिलेसम्म कक्षाकोठामा सोचेजस्तो उपयोगमा ल्याउन नसकिएको बताए । उनले आफ्नो लेखन कौशलको विकासमा विशिष्ट लेखन र तत्सम्बन्धी विविध कार्यकलापले सहयोग गर्ने गरेको बताए । विद्यार्थीमा लेखन सिपको विकास गराउन विद्यालयमा प्रत्येक आइतवार अतिरिक्त कार्यकलाप हुने गरेको र त्यसमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनसम्बन्धी कार्यकलाप बढी गर्ने गरेको अनुभव सुनाए । उनको विचारलाई जस्ताको तस्तै यसरी हेरिएको छ :

सहभागी विद्यार्थी ५ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणमा मेरो लेखन कौशलको विकासमा विशिष्ट लेखनले बढी सहयोग पुऱ्याएको छ ।

सहभागी विद्यार्थी ६ ले घरायसी चिठी, निबन्ध, निवेदनजस्ता सामान्य लेखनदेखि विशेष ज्ञान दिने विशिष्ट प्रकारका लेखन जस्तैं तमसुक, प्रतिवेदन लेखन, निर्णयपुस्तिका लेखनजस्ता जटिल लेखन आफूले लेख्न सक्ने बताए । यस्ता लेखनको अभ्यास गराउन कक्षाकोठामा वादविवाद गराउने, तमसुक लेख्न सिकाउने, मनोवाद लेख्न लगाउने, निबन्ध प्रतियोगिता गराउने गरेको बताए । सहभागी विद्यार्थी ६ का विचारलाई जस्ताको तस्तै यसरी हेरिएको छ :

सहभागी विद्यार्थी ६ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये विशिष्ट लेखन कौशलले मेरो लेखन सिपको विकासमा बढी सहयोग पुऱ्याएको छ किनभने सामान्य कौशलबाट सामान्य लेखाइगत कुरा मात्रै थाहा हुन्छ । विशिष्ट कौशलबाट विशेष कुराका साथै धेरै कुराबारे जानकारी हुन्छ ।

यसरी सम्पूर्ण विशिष्ट लेखनसम्बन्धी अभ्यासले आफूमा विशिष्ट लेखन कौशलको विकासमा सहयोग पुऱ्याएको बताउँदै सामान्य लेखनले सामान्य खालका विषयवस्तुबारे जानकारी दिने र विशिष्ट लेखनबाट जीवनका विशेष वा विशिष्ट विषयवस्तुबारे जानकारी दिने भएकाले आफ्नो लेखन कलामा विशिष्ट लेखनले सहयोग गर्ने गरेको बताए ।

सहभागी विद्यार्थी ७ ले शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखन शिक्षणको वर्तमान अवस्था राम्रो रहेको बताउँदै आफूले विभिन्न प्रकारका व्यावहारिक लेखन लेख्न सक्ने र यस्ता लेखन कार्यले आफूले कहिल्यै नसुनेको तथा नभोगेको तर कार्य व्यवहारमा भने धेरै नै उपयोग भइरहेका तथा व्यावहारिक ज्ञान दिने खालका विषयवस्तु राख्नु पर्ने विचार राखे । उनको विचारलाई जस्ताको तस्तै यसरी हेरिएको छ :

सहभागी विद्यार्थी ७ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये मेरो लेखन सिपको विकासमा विशिष्ट लेखन सिपले बढी सहयोग पुऱ्याएको छ । विशिष्ट लेखन सिपको सिकाइले गर्दा मैले व्यावहारिक लेखनलाई अझै गहिरो तरिकाले अध्ययन गर्ने मौका पाएकी छु । यसले मेरो लेखन क्षमतालाई अझै राम्रो बनाउने अपेक्षा समेत गरेकी छु ।

उनले आफ्नो लेखन सिपको विकासमा विशिष्ट लेखन सहयोगी बनेको र विशिष्ट लेखन कौशलको विकास गर्न कक्षाकोठामा चिठी, निबन्ध, दैनिकी, कथा, कवितादेखि विशेष खालका लेखनको अभ्यास हुने गरेको बताइन । विद्यार्थी ७ ले व्यक्त गरेका अभिमत सामान्य खालका लागेपनि शैक्षणिक दृष्टिले भने विद्यार्थी २, विद्यार्थी ५ र विद्यार्थी ६ का विचारभन्दा विशिष्ट खालका रहेका छन् ।

विद्यार्थी ८ ले नेपाली भाषा शिक्षणअन्तर्गत व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट लेखन कौशलको महत्त्व धेरै नै रहेको बताउदै यसले बालबालिका तथा शिक्षकमा व्यावहारिक लेखनसम्बन्धी राम्रो ज्ञान दिएको बताए । शिक्षणमा व्यावहारिक लेखनको अवस्था राम्रो रहेको र यसले विद्यार्थीको लेखन क्षमता विस्तार गर्न महत्त्वपूर्ण सहयोग गरेको बताए । आफूले चिठी, निबन्ध, दैनिकी, निवेदन, वादविवाद, संवादजस्ता सामान्य लेखन कौशलदेखि विशिष्ट लेखन सिप विकास गराउने लेखन कार्यकलाप गर्न सक्ने बताए । उनको विचारलाई जस्ताको तस्तै यसरी हेरिएको छ :

सहभागी विद्यार्थी ८ का अनुसार,

> व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलमध्ये मेरो लेखन सिपको विकासमा सामान्यभन्दा विशिष्ट कौशलले बढी सहयोग पुऱ्याएको

छ । हामीसँग यदि विशिष्ट कौशलसम्बन्धी सिप छ भने कुनैपनि शीर्षकका बारेमा सजिलै लेख्न सक्छौँ । हामीसँग सामान्य कौशलसम्बन्धी मात्रै सिप छ भने हामी कुनै शीर्षकबारे त्यति गहिरिएर लेख्न सक्दैनौ । त्यसैले विद्यार्थीका लेखन कार्यमा विशिष्ट कौशलले लेखाइ सिपको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

विद्यार्थी ८ ले आफूलाई विशिष्ट लेखन कौशलले सहयोग पुऱ्याएको बताए । विशिष्ट लेखन सिपको विकास गर्न कक्षाकोठामा शिक्षक र शिक्षिकाले व्यावहारिक लेखनका नमुना देखाएर लेख्न लगाउने, कुनै विषय शीर्षकमा प्रतिवेदन, घटना वर्णन, निर्णय लेखन, निवेदन लेखनका अभ्यासिक कार्यकलाप गराउनु पर्ने विचार प्रस्तुत गरे ।

यसरी माथि उल्लेखित सम्पूर्ण विद्यार्थीहरूका विशिष्ट लेखन कौशलसम्बन्धी व्यक्त अभिमतका आधारमा के भन्न सकिन्छ भने व्यावहारिक लेखन शिक्षणमा शिक्षकका शिक्षण कौशल र विद्यार्थीका विशिष्ट लेखन कौशलको विकासका सन्दर्भमा पाँचैजना विद्यार्थीले दिएका अभिमत एकअर्कासँग मिलेका छन् तर विशिष्ट लेखन कौशलको विकास गर्न कक्षाकोठामा गरिने अभ्यासात्मक कार्यकलापका सन्दर्भमा भने सबैका अभिमत फरकफरक रहेका छन् । शिक्षकको शिक्षण कौशलले पेसागत विकासमा सहयोग पुऱ्याएको बताएका छन् । यसका लागि शिक्षकले तालिमलाई लगानी, प्रक्रिया र प्रतिफलको पद्धतिअनुसार अगाडि बढाउनु पर्छ । असल शिक्षकद्वारा असल विद्यार्थी उत्पादन हुने गर्दछ भन्ने दार्शनिक चिन्तनमा आधारित भई सञ्चालन गरिने शिक्षकको पेसागत विकास कार्यक्रमले गुणस्तरयुक्त शिक्षाका निम्ति गुणस्तरीय शिक्षक उत्पादन गर्छ (जि.सी., २०७०, पृ. ८) । भने झै लेखन कौशलसम्बन्धी विद्यार्थी २ ले दिएका विचारभन्दा विद्यार्थी ५ ले दिएका विचार राम्रा रहेका छन् भने विद्यार्थी ६ ले दिएका विचार अध्ययनको उद्देश्य निकट रहेका छन् । विद्यार्थी ७ र विद्यार्थी ८ का विचार व्यावहारिक लेखनका अन्तरवस्तुसँग ठ्याक्कै मेल खाने जस्ता देखिएकाले यिनीहरू अध्ययनले बोकेको उद्देश्य पूरा गराउने खालका रहेका छन् । त्यसका अलावा नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास र विद्यार्थीका लेखन कौशलको विकासमा सहयोग पुग्ने खालका रहेका छन् भनी भन्न सकिन्छ ।

# अध्याय सात : निष्कर्ष, सुझाव र उपयोगिता

## निष्कर्ष

मानवीय जीवनमा भाषाका माध्यमबाट विभिन्न किसिमका कार्य सम्पादन हुने गर्दछन्, त्यसैका आधारमा मानिसका दैनिकी सञ्चालन हुन्छन् । प्रस्तुत शोधकार्यका उद्देश्यहरू पूरा गर्न अध्ययन क्षेत्रका सरोकारवालालाई सोधिएका प्रश्नावली, उनीहरूले लिखित रूपमा व्यक्त गरेका दस्तावेज र कक्षा अवलोकनको पुनरावलोकनबाट प्राप्त सूचनाहरूको विश्लेषणबाट प्राप्त नतिजाका आधारमा अनुसन्धानको निष्कर्ष निकालिएको छ र उक्त निष्कर्षलाई यस अध्यायमा प्रस्तुत गरिएको छ । शोधकार्यका प्रमुख उद्देश्यमा व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु, विशिष्ट कौशलको विश्लेषण गर्नु, विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु र व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नुजस्ता उद्देश्यको परिपूर्ति गर्न यसभन्दा अघिल्ला अध्यायमा व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशल, व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ, शिक्षण कौशल प्रकृतिका आधारमा तुलना विषयमा गरिएको चर्चा तथा अध्ययन विश्लेषणका आधारमा प्राप्त भएका निष्कर्षलाई यस अध्यायमा समावेश गरिएको छ । नेपाली भाषा शिक्षणअन्तर्गत व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था, व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ, शिक्षण कौशल प्रकृतिका आधारमा तुलना आदि विषयमा गरिएको विश्लेषण नै निष्कर्षको मुख्य आधार हो । प्रस्तुत शोधप्रबन्धमा अध्येताले निर्धारण गरेका उद्देश्यअनुरूप अध्ययनको मुख्य निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु भन्ने उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्षहरू निम्नानुसार रहेका छन् : व्यावहारिक लेखन शिक्षणमा शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशलको महत्त्वपूर्ण भूमिका रहन्छ । यसले शिक्षक तथा विद्यार्थीका दैनिक र व्यावहारिक जीवनमा आउने विभिन्न प्रकारका सिकाइगत समस्याहरूको सहज रूपमा समाधान गर्न सहयोग गर्छ । व्यावहारिक लेखनलाई शिक्षकको पेसागत विकास, शैक्षिक स्तर तथा सक्षमता विकास र शिक्षण कौशलको प्रभावकारिता बढाउने प्रक्रियाका रूपमा लिइन्छ । यसअन्तर्गत दैनिक व्यावहारमा उपयोग हुने चिठी, दैनिकी, निबन्ध, टिप्पणी, प्रतिवेदन, मन्जुरीनामा, जाहेरीपत्र, माइन्युट, कार्यलयपत्र,

सामाजिक सन्दर्भ, सूचना तथा विज्ञापन, औपचारिक तथा अनौपचारिक रूपमा कक्षाकाठोभित्र गरिने लेखाइसम्बन्धी विविध कार्यकलाप पर्दछन् । यसलाई आधारभूत तहदेखि विद्यालय तहसम्म स्तरगत रूपमा नेपाली भाषाको पाठ्यक्रममा समावेश गरिएको छ । निश्चित विषयमा केन्द्रित भई लिखित रूपका माध्यमबाट दैनिक तथा व्यावहारिक जीवनका विभिन्न पक्षको विश्लेषण गर्न सकुन् भन्ने ध्येय यसले राख्दछ । जसलाई पुरा गर्न निम्नानुसारका बुँदाले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ :

**व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु भन्ने** उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्षहरू निम्नानुसार रहेका छन् :

मानिसका दैनिक तथा व्यावहारिक जीवनका कार्यहरू सम्पादन गर्न भाषाको महत्त्वपूर्ण भूमिका रहन्छ । मूलतः मौखिक र लिखित माध्यमबाट भाषिक कार्यहरूको सम्पादन हुने भएपनि शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन लिखित रूपको प्रयोग गरिन्छ । कक्षाकाठोमा लिखित माध्यमबाट गरिने व्यावहारिक लेखनसम्बन्धी कार्यकलापले शिक्षक तथा विद्यार्थीमा  भाषिक कौशलको विकास गर्न सघाउँ पुऱ्याउँछ । विद्यार्थीका दैनिक तथा व्यावहारिक जीवनमा आउने सिकाइगत समस्याहरूको सहजै समाधान गर्न सहयोग गर्छ । यसले शिक्षकको शिक्षण कौशलमा सुधार ल्याई पेसागत विकास गर्न समेत महत्त्वपूर्ण भूमिका खेल्दछ । व्यावहारिक लेखन शिक्षणको उद्देश्य विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी सिपको विकास गराउनुका साथै शिक्षकका शिक्षण कौशलमा सुधार ल्याई उनीहरूको पेसागत विकासमा सहयोग पुऱ्याउनु हो । व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्थाका सन्दर्भमा सूचकले दिएका अभिमतका आधारमा निम्नानुसारको निर्ष्कष निकालिएको छ :

***(क) व्यावहारिक लेखन शिक्षणको उपादेयता***

व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउन, व्यावहारिक लेखन शिक्षणको उपादेयताबारे अध्ययन गरिएको छ । व्यावहारिक लेखनलाई व्यावसायिक तथा उत्पादनमूलक तरिकाले शिक्षण गर्न, मानिसका दैनिक तथा व्यावहारिक जीवनका अन्य लेखनभन्दा शिक्षण सिकाइमा उसको प्रयोग गर्न, दैनिक कार्य सञ्चालन गर्न तथा मानिसको जीविकोपार्जनसम्बन्धी कार्य गर्न सहयोग पुऱ्याउने भएकाले यसको उपादेयता दिनानुदिन

बढ्दै गएको पाइन्छ । शिक्षणका क्रममा देखापर्ने विविध समस्याहरूको समाधानतर्फ केन्द्रित रहन, शिक्षकको शिक्षणीय कलामा अभिवृद्धि गर्न तथा शिक्षार्थीमा लेखन कौशलको विकास गर्न सहयोग पुऱ्याउँने भएकाले पनि व्यावहारिक लेखन शिक्षणको उपयोगिता नेपाली भाषा शिक्षणमा बढेको पाइन्छ ।

***(ख) व्यावहारिक लेखन शिक्षणको प्रभावकारिता***

व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था पहिल्याउन, व्यावहारिक लेखन शिक्षणको प्रभावकारितालाई औंल्याइएको छ । शिक्षण सिकाइ कार्यकलापमा बालबालिकालाई लेखन कार्यमा प्रोत्साहन गर्न, मनोवैज्ञानिक तरिकाबाट सिकाइको परीक्षण गर्न, पाठ्यक्रमले निर्देश गरेका शैक्षणिक कार्यकलाप गर्न सहयोग पुऱ्याउने भएकाले यसको प्रभावकारिता बढेको देखिन्छ । कुनै निश्चित विषयवस्तुसँग सम्बन्धित रही छलफल र अन्तर्क्रियाका माध्यमबाट विद्यार्थीका लेखाइ सिप तथा शिक्षकका शिक्षण कौशलमा सुधार गर्न सहयोग पुग्ने भएकाले पनि यो प्रभावकारी बनेको देखिन्छ । शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न, शिक्षण विधिमा सुधार गर्न, सिकाइअनुसारको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने भएकाले शिक्षणमा यसको प्रयोगगत अवस्था राम्रो रहेको पाइन्छ । शिक्षकका शिक्षण कौशलको अवस्था राम्रो भएकै कारण व्यावहारिक लेखनका विविध पक्षमा अध्ययन तथा अनुसन्धान गर्न, अनुभवको आदानप्रदान गर्न, स्वाध्ययनको अवसर प्रदान गर्न र उपचारात्मक सुपरिवेक्षण गर्न शिक्षण कौशलले सहयोग पुऱ्याउने गरेको देखिन्छ ।

***(ग) व्यावहारिक लेखन शिक्षण पाठ्यक्रम अनुरूपता***

नेपाली भाषा शिक्षकका शिक्षण कौशलको अवस्था पहिल्याउन माध्यमिक भाषा पाठ्यक्रमको मूल्याङ्कन गरिएको छ । भाषा पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी विषयवस्तु राख्दा विद्यार्थीको मनोविज्ञानलाई बुझ्नुपर्ने हुन्छ । वर्तमान भाषा पाठ्यक्रममा विद्यालयको प्रकृति र व्यक्तिको व्यक्तिगत मनोवृतिका कारण व्यावहारिक लेखनसम्बन्धी पाठहरू पाठ्यक्रममा समावेश गरिएका छैनन । त्यसैले भाषा पाठ्यक्रममा प्रभावकारिता ल्याउन शुभकामना, टिप्पणी, सूचना, निवेदन, संवाद, चिठीजस्ता साहित्यिक विधाहरूलाई पाठ्यक्रममा समावेश गरी शिक्षणलाई प्रभावकारी बनाउनु पर्दछ । पाठ्यपुस्तक सैद्धान्तिकभन्दा प्रयोगात्मक तथा व्यावहारिक हुनुपर्नेमा माध्यमिक तहका भाषा पाठ्यपुस्तक

त्यसो हुन सकेका छैनन् । विद्यार्थीको उमेर, रूचि, तह र स्तरअनुसारका विषयवस्तु समावेश गर्न नसक्नुलाई कमजोरीका रूपमा लिइएको छ । वर्तमान नेपाली भाषा पाठ्यक्रममा लेटरग्रेडिङ मूल्याङ्कन प्रणाली अपनाइएकाले विद्यार्थीमा पास भइहालिन्छ भन्ने मानसिकताको विकास र शिक्षणमा बालमैत्रीपूर्ण व्यवहार पूर्णतः उपयोगमा ल्याउन कठिन भएकाले पनि व्यावहारिक लेखन शिक्षण सोचेअनुसार राम्रो भएको देखिदैन् ।

**व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु भन्ने उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्ष निम्नानुसार रहेका छन् :**

(क) नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा विशिष्ट कौशलको प्रभाव निरूपण गर्न आर्थिक स्रोत, प्रविधिको प्रयोग, शिक्षक समूहको भूमिकाले बढी प्रभाव पार्ने भएकाले शिक्षकले शिक्षण विधि, प्रक्रिया तथा शिक्षण कौशललाई अद्यावधिक गरे विशिष्ट कौशलको प्रभाव कम गर्न सकिन्छ ।

(ख) विशिष्ट कौशलमा देखापर्ने प्रभावलाई हटाउन शैक्षिक संस्थाले आफ्नो संस्थागत भूमिकामा परिवर्तन गर्नुपर्ने, राष्ट्रिय शैक्षिक प्रणालीलाई अवलम्बन गर्नुपर्ने, समूहगत कार्यलाई जोड दिनुपर्ने र लेखन कौशलसम्बन्धी सकारात्मक सोचको विकास गर्नुपर्ने हुन्छ ।

(ग) कक्षाकोठामा समान बौद्धिक स्तर भएका विद्यार्थी नहुने भएकाले उनीहरूको लेखाइ सिप विकासमा बढी प्रभाव पर्ने देखिन्छ । तीक्ष्ण बुद्धि भएका विद्यार्थीले छिटो र मन्द बुद्धि भएका विद्यार्थीले ढिलो बुझ्ने भएकाले बुझाइगत एकरूपकता भएको पाइदैन् ।

(घ) संस्थागत विद्यालयका दाँजोमा सामुदायिक विद्यालयका शिक्षकमा शिक्षण कौशलको अवस्था राम्रो भएकाले शिक्षणमा विशिष्ट कौशलको प्रभाव संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयम कम परेको देखिन्छ ।

(ङ) पाठ्यक्रमले निर्देश गरेअनुसार शिक्षण नहुनु, चिठी, दैनिकी, निवेदन, शुभकामना, तमसुक, भर्पाई आदि व्यावहारिक लेखन शिक्षणमा भाषिक सम्पादनको समस्या देखिन्छ ।

(च) विद्यार्थीको लेखन कौशलमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनको प्रभाव बढी देखिने भएकाले व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको प्रभाव निरूपण गर्नुपर्ने हुन्छ ।

(छ) शिक्षकका शिक्षण कौशलको विकासमा सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनले बढी प्रभाव पार्ने भएकाले चिठी, निवेदन, दैनिकी, तमसुक, भर्पाई, निमन्त्रणा आदि शिक्षणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पर्ने प्रभावलाई कम गर्न सके शिक्षणमा प्रभावकारिता ल्याउन सकिन्छ ।

(ज) पेसागत विकासमा सामुदायिक र संस्थागत विद्यालयको उत्तिकै भूमिका रहे पनि सामुदायिक विद्यालयका शिक्षकले पेसागत तालिम बढी लिएका कारण पेसागत सिप तथा अनुभव बढी हुन्छ ।

(झ) विद्यालय तहसम्मको शैक्षिक जिम्मेवारी स्थानीय तहलाई भएकाले स्थानीय निकायले आवश्यक सहयोग नगर्नु, विद्यालयको नियमित अवलोकन, अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण नगर्नुले पनि शिक्षण सिकाइमा प्रभाव पर्ने गरेको देखिन्छ ।

**व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु भन्ने उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्ष निम्नानुसार रहेका छन् :**

(क) व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न सामान्य र विशिष्ट लेखनको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । मानिसका दैनिक व्यावहार सामान्य रूपबाट सञ्चालन गर्न लेखिने लेखन सामान्य लेखन हो । चिठी, दैनिकी, निवेदन, सूचना, विज्ञापन र व्यक्तिगत विवरण आदि सामान्य लेखनअन्तर्गत पर्दछन् । जीवनका विशिष्ट पक्षलाई जोड दिई लेखिने लेखन विशिष्ट लेखन हो जसमा विज्ञापन, रसिद, भर्पाई, मन्जुरीनामा, निर्णयपुस्तिका आदि पर्दछन् । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले सामान्य र विशिष्ट लेखन कौशलसम्बन्धी मिश्रित प्रतिक्रिया दिएका छन् ।

(ख) सामुदायिक विद्यालयका दुईजना शिक्षकले सामान्य लेखन र एकजना शिक्षकले विशिष्ट लेखन तथा संस्थागत विद्यालयका दुईजना शिक्षकले विशिष्ट लेखन र एकजना शिक्षकले सामान्य लेखन कौशलले व्यावहारिक लेखन शिक्षणमा सहयोग पुऱ्याएको बताएका छन् । सूचकका विचारलाई हेर्दा विद्यालय तहमा व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट दुवै लेखनको उत्तिकै महत्त्व रहेको देखिन्छ । सामान्य लेखन कार्यकलापमा अभ्यास गराइ सकेपछि मात्र विशिष्ट लेखनसम्बन्धी अभ्यास गराउनु पर्दछ भन्ने दृष्टिकोण सूचक शिक्षकको रहेको देखिन्छ ।

(ग) सामुदायिक विद्यालयका शिक्षकले सामान्य लेखन कौशल र विद्यार्थीले विशिष्ट लेखन कौशल तथा संस्थागत विद्यालयका शिक्षकले विशिष्ट लेखन कौशल र विद्यार्थीले सामान्य लेखन कौशलले बढी सहयोग पुऱ्याएको बताएका छन् । सूचकका अभिमतबाट सामुदायिक विद्यालयका शिक्षक र संस्थागत विद्यालयका विद्यार्थी तथा संस्थागत विद्यालयका शिक्षक र सामुदायिक विद्यालयका विद्यार्थीका विचारमा एकरूपकता रहेको देखिन्छ । व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलबारे बढी जानकार सामुदायिक विद्यालयका शिक्षक भएपनि व्यावहारमा त्यति उपयोग नगरेका तर संस्थागत विद्यालयका शिक्षकमा विशिष्ट शिक्षण कौशल सिपको विकास सामान्य किसिमको भएकाले विद्यार्थीमा लेखाइ सिपको विकास सोचजस्तो राम्रो नभएको देखिन्छ ।

(घ शैक्षणिक विधिसम्बन्धमा सामुदायिक विद्यालयका शिक्षकमा स्पष्ट धारणा देखिन्छ भने संस्थागत विद्यालयका शिक्षकमा अझै अस्पष्ट रहेको देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकलाई नेपाल सरकारद्वारा बेलाबेला दिइने पेसागत तालिमले शिक्षण कौशल सुधारमा सहयोग गरेको छ तर संस्थागत विद्यालयका शिक्षक पेसागत तालिमबाट बन्चित भएका कारण उनीहरूको शिक्षण कौशलमा विशिष्टता नआएको पाइन्छ । त्यसैले विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न नेपाल सरकारले समयसमयमा शिक्षकहरूलाई पेसागत तालिम दिनुपर्ने हुन्छ । व्यावहारिक लेखनका शिक्षण विधिले आफ्नो लेखन कला सिपको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको विचार सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीले व्यक्त गरेबाट स्पष्ट हुन्छ ।

(ङ) शिक्षकले सामान्य लेखन कौशल सम्बन्धमा दिएका धेरैजसो बुँदामा एकरूपकता देखिए पनि सामान्य लेखनका प्रकार, शिक्षण विधि, शिक्षकका शिक्षण कौशलको विकासमा सामान्य लेखन कौशलको योगदान, भाषा पाठ्यक्रमले निर्देश गरेका र भाषा पाठ्यपुस्तकमा समावेश गरेका पाठहरू आदिबारे फरक प्रतिक्रिया दिएको देखिन्छ । सामान्य लेखन कौशलले आफ्नो लेखन कौशलको विकासमा सहयोग गर्ने गरेको बताउने दुईजना विद्यार्थी बाहेक अन्य दशजना विद्यार्थीले विशिष्ट लेखन कौशलले आफ्नो लेखन कौशलको विकासमा सहयोग गरे दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ ।

(च) व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलसम्बन्धी तिनजना शिक्षकमध्ये शिक्षक १ ले सामान्य र विशिष्ट लेखनलाई प्रयोगात्मक तथा अभ्यासात्मक रूपबाट प्रस्तुत गर्नुपर्ने, शिक्षक ४ ले व्यक्ति जुन सिप वा ज्ञानमा दक्ष हुन्छ, त्यो व्यक्ति त्यस विषयमा दक्ष वा विशिष्ट कहिलिने, शिक्षक ६ ले विद्यार्थीको स्तर, रूचि, क्षेत्र र परिवेश बुझेर शिक्षण गर्दा शिक्षकमा विशिष्ट शिक्षणीय कौशलमा सुधार हुने दृष्टिकोण प्रस्तुत गरेको देखिन्छ ।

(छ) सूचक शिक्षकका कक्षा अवलोकनबाट व्यावहारिक लेखनका सामान्य र विशिष्ट लेखनसम्बन्धी व्यक्त विचार हेर्दा शिक्षक एकले चिठी, निवेदन, विज्ञापन जस्ता सामान्य लेखनका दाँजोमा तमसुक, जाहेरीपत्र र माइन्युट लेखन शिक्षणमा विशिष्ट कौशलको प्रर्दशन अवस्था अत्यन्तै कमजोर रहेको देखिन्छ । शिक्षक दुई, तिन र छ मा सामान्य खालको शिक्षण कौशलको अवस्था छ भने शिक्षक चार र पाँचमा मध्यम खालको शिक्षण कौशलको अवस्था रहेको छ । सामान्य र विशिष्ट लेखनमध्ये शिक्षकमा सामान्य लेखन कौशलसम्बन्धी ज्ञान भएको तर विशिष्ट लेखनबारे शिक्षक नै अलमलमा परेकाले विशिष्ट लेखन शिक्षणमा समस्या आएको देखिन्छ । विशिष्ट लेखन शिक्षणमा आएका समस्यालाई दूर गर्न शिक्षण सिकाइ कार्यकलापमा शैक्षिक सामग्रीका माध्यमबाट शिक्षणमा प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ ।

**व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइ भन्ने उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्ष निम्नानुसार रहेका छन् :**

(क) व्यावहारिक लेखन सामान्यतः सामान्य र विशिष्ट गरी दुई प्रकारको हुने, चिठी, पत्र, निवेदन, शुभकामना, आदिलाई सामान्य लेखन र प्रतिवेदन, समवेदना, नियात्रा, तमसुक, जाहेरीपत्र, माइन्युट, भर्पाईजस्ता लेखन विशिष्ट लेखनअन्तर्गत पर्ने दृष्टिकोण सूचकले राखेको देखिन्छ । मानिसका दैनिक तथा व्यावहारिक जीवनका कार्य सहज रूपले सम्पादन गर्न सामान्य तथा विशिष्ट लेखनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

(ख) भाषा पाठ्यक्रममा दुवै लेखनलाई समान महत्त्व दिएपनि विद्यार्थीमा लेखाइ सिपको विकास गर्न विशिष्ट लेखन बढी उपयोग हुने विचार शिक्षकको रहेको देखिन्छन् । कक्षाकोठामा बालमैत्री, सिकाइमैत्री, भाषामैत्री, कार्यकलापमैत्री सिकाइको वातावरण

निर्माण गर्न र कुशल व्यवस्थापन गर्नसके नेपाली भाषा शिक्षकका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलको विकास प्रभावकारी हुने देखिन्छ ।

(ग) विद्यालय तहको नेपाली भाषा पाठ्यक्रमअन्तर्गत कक्षा ९, १०, ११ र १२ मा सामान्य र विशिष्ट लेखनसम्बन्धी शैक्षणिक कार्यकलापमा तात्विक अन्तर नभए पनि भाषा पाठ्यक्रमले निर्देश गरेका विषयवस्तु भाषा पाठ्यपुस्तकमा समावेश गरे शिक्षक तथा विद्यिार्थीमा विशिष्ट लेखन कौशलको विकास हुने देखिन्छ ।

(घ) सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कौशलमा खासै अन्तर नदेखिए पनि पेसागत विकासका दृष्टिले सामुदायिक विद्यालयका शिक्षकका दाँजोमा संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कौशल कमजोर रहेको देखिन्छ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई अङ्ग्रेजी विषय पढ्न गाह्रो भएजस्तै संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई नेपाली विषय पढ्न गाह्रो हुने र व्यावहारिक लेखन शिक्षणमा सामान्य तथा विशिष्ट लेखनको महत्त्वपूर्ण भूमिका रहेको कुरा अध्ययनका विभिन्न तथ्यहरूका आधारमा स्पष्ट भएको देखिन्छन् ।

(ङ) सूचक शिक्षकका कक्षा अवलोकनबाट व्यावहारिक लेखनसम्बन्धी प्रर्दशित व्यावहार तथा शिक्षण सिकाइ कार्यकलाप सोचेजस्तो प्रभावकारी नदेखिएकाले शिक्षणमा अभ्यास तथा विषयवस्तुको पुनरावृत्तिलाई बढाउनु पर्ने देखिन्छ । शोधार्थीबाट शिक्षक एक र शिक्षक दुईको कक्षा अवलोकन गर्दा शिक्षकको शिक्षण कौशल कमजोर देखिएकाले त्यसलाई सुधार गर्नुपर्ने देखिन्छ ।

(च) शिक्षकको कक्षा अवलोकनबाट कक्षाकोठामा नमुनाको प्रर्दशन सामान्य रहेको, लेखनका अभ्यास तथा पुनरावृत्ति मध्यम खालका रहेका र शिक्षण कौशलको अवस्था सामान्य भएकाले त्यसलाई स्तरीय र विशिष्ट बनाउन शिक्षकका शैक्षणिक कार्यकलापमा जोड दिनुपर्ने देखिन्छ ।

(छ) शिक्षक चार, पाँच र छ को कक्षा अवलोकनका क्रममा व्यावहारिक लेखनसम्बन्धी शिक्षणमा विद्यार्थीसँगको अन्तर्क्रिया राम्रो देखिएकाले विद्यार्थी सन्तुष्ट भएका देखिन्छन् । शिक्षणमा व्यावहारिक लेखनका नमुना तथा अभ्यासलाई सामान्य रूपबाट मात्र हुने भएकाले शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशल बढाउन नमुना अभ्यास तथा पुनरावृत्तिमा जोड दिनुपर्ने देखिन्छ ।

(ज) शिक्षकका शैक्षिक योग्यता वी.एड्. र एम.एड् भएकाले सबै शिक्षक तालिम प्राप्त छन् । उनीहरू तालिम प्राप्त भएपनि कक्षाकोठाको शैक्षणिक कार्यकलापलाई सोचेजति प्रभावकारी भने बनाउन सकेका छैनन् । प्रभावकारी बनाउन नसक्नुका प्रमुख कारणमा व्यावहारिक लेखनसम्बन्धी कार्यकलापमा कम जोड दिनु, व्यावहारिक लेखनका नमुना कम प्रर्दशन गर्नु, भाषिक सिप विकासमा कम जोड दिनु, शैक्षिक सामग्रीको प्रयोग कम गर्नु, शिक्षणपश्चात मूल्याङ्कन र पृष्ठपोषण नदिनु आदि मुख्य हुन् । यी सबै पक्षहरूमा ध्यान दिए शिक्षकका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलमा सुधार हुने देखिन्छ ।

**शिक्षण कौशल प्रकृतिका आधारमा तुलना भन्ने उद्देश्यका विषयमा प्राप्त भएका मुख्य निष्कर्ष निम्नानुसार रहेका छन् :**

(क) व्यावहारिक लेखन शिक्षणले शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशल विकासमा सहयोग पुऱ्याउनुका साथै सिकाइलाई स्तरीकरण र विशिष्टीकरण गर्न सजिलो बनाउँने भएकाले शिक्षणलाई रूचिकर र प्रभावकारी बनाउन विभिन्न किसिमका पेसागत तालिम, सेमिना, गोष्ठी, अन्तर्क्रिया, छलफल आदिका माध्यमबाट शिक्षकका शिक्षणीय कौशल सुधार गर्नुपर्ने देखिन्छ ।

(ख) सूचकले शिक्षण सिकाइ कार्यकलापमा व्यावहारिक लेखनको वास्तविक अवस्था, प्रयोगगत अवस्था, भाषा सिकाइमा पारेको प्रभाव, शिक्षण विधिका तरिका, विद्यार्थीको लेखन कला र शिक्षकका पेसागत विकासमा पुऱ्याएको योगदान तथा सामान्य र विशिष्ट लेखनको वास्तविक अवस्थाका सम्बन्धमा फरक दृष्टिकोण राखेको देखिन्छन् ।

(ग) सामान्य र विशिष्ट शिक्षण कौशलका सम्बन्धमा सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक र विद्यार्थीले मिश्रित प्रतिक्रिया दिएको पाइन्छ । बाह्रजना विद्यार्थीमध्ये सातजना विद्यार्थीले सामान्य लेखन कौशलको विकास भएपछि मात्रै व्यावहारिक लेखन सिपको विकास हुने र पाँचजना विद्यार्थीले विशिष्ट लेखन सिपको विकास भएपछि शिक्षकका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलको विकास हुने दृष्टिकोण राखेको देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकमा सामान्य लेखन कौशलसम्बन्धी र विद्यार्थीमा विशिष्ट लेखन कौशलसम्बन्धी सुधार गर्न सके

शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशल स्तरीय, विशिष्ट, प्रमाणिक र आधिकारिक हुनसक्ने देखिन्छ ।

(घ) नेपाली भाषा शिक्षणमा विशिष्ट लेखनको महत्त्वबारे संस्थागत विद्यालयका शिक्षकले बढी जोड दिएपनि उनीहरूको कक्षाशिक्षण प्रभावकारी नहुँदा विद्यार्थीमा लेखाइ सिपको विकास सोचजस्तो राम्रो भएको देखिदैन । साथै शिक्षकमा शैक्षणिक विधिसम्बन्धी स्पष्टता दृष्टिकोण नभएकाले उनीहरूले सामुदायिक विद्यालयका शिक्षकले गरेजस्तो प्रभावकारी शिक्षण गर्न नसकेको देखिन्छ ।

(ङ) व्यावहारिक लेखनका प्रकृति र शिक्षण सिकाइसम्बन्धी विद्यार्थी १, ३, ४, ६ र १० ले आफ्ना प्रतिक्रिया प्रस्तुत गर्नुका साथै उनीहरूले व्यावहारिक लेखन सामान्य र विशिष्ट गरी दुई किसिमको रहेको बताएका छन् । लेखन सिपको विकास गर्न शैक्षणिक कार्यकलापमा चिठी, दैनिकी, निवेदन, अनुलेखन, कविता, निबन्ध, तमसुक, भर्पाईजस्ता लेखन कार्यमा जोड दिने खालका पाठहरूलाई पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने विचार व्यक्त गरेका देखिन्छन् । समग्रमा व्यवहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसम्बन्धी अध्ययनका लागि तय गरिएका उद्देश्यको सारलाई यसरी प्रस्तुत गरिएको छ :

(१) व्यावहारिक लेखन शिक्षणको उद्देश्य विद्यार्थीमा व्यावहारिक लेखनसम्बन्धी सिपको विकास गराउनुका साथै शिक्षकका शिक्षण कौशल जान्न तथा व्यावहारिक लेखन शिक्षणको उपादेयता, प्रभावकारिता र पाठ्यक्रमको अवस्थाबारे पहिचान गर्नसक्नु हो ।

(२) व्यावहारिक लेखन शिक्षणमा विद्यार्थीको समान बौद्धिक स्तर, आर्थिक स्रोत, प्रविधिको प्रयोग, शिक्षक समूह, संस्थागत भूमिका, शैक्षिक नीति, नियम र विद्यार्थीहरूमा रहेको सिकाइगत एकरूपकताले विद्यालय तहमा व्यावहारिक लेखन शिक्षणको विशिष्ट कौशलमा बढी प्रभाव पर्नसक्ने देखिन्छ ।

(३) व्यावहारिक लेखन शिक्षणमा सामान्य र विशिष्ट दुवै प्रकारका व्यावहारिक लेखनको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । प्रस्तुत अध्ययनमा भने विशिष्ट लेखनको दाँजोमा सामान्य लेखनको भूमिका बढी रहेको कुरा सूचकका दृष्टिकोणबाट स्पष्ट भएको देखिन्छ ।

## सुझावहरू

प्रस्तुत शोधकार्य व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल अध्ययनको उद्देश्यका आधारमा सङ्कलन गरिएका सूचना एवम् तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरी उपलब्ध सूचनाका आधारमा यसलाई प्रभावकारी बनाउन निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ :

- विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई व्यावहारिक लेखन शिक्षणका माध्यमबाट गुणस्तरीय शिक्षा दिन र शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी शिक्षण कौशलको विकास गर्न सहयोग पुऱ्याउने हुनुपर्छ ।
- शिक्षकका शिक्षणीय कौशलको दक्षता अभिवृद्धि गर्न तथा पेसाप्रति आकर्षित र सन्तुष्ट बनाउन पेसागत सुरक्षाको प्रत्यभूति गराउनु पर्ने देखिन्छ ।
- पेसागत रूपमा दक्ष नेपाली भाषा शिक्षकले मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सक्ने भएकाले गुणस्तरीय शिक्षाका लागि सक्षम शिक्षक तयार गर्नुपर्ने र उनीहरूलाई निरन्तर रूपमा पेसागत सहयोग पुऱ्याउँदै पेसागत उच्च मनोबल कायम गर्नुपर्ने देखिन्छ ।
- नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा देशैभर एकनासको भाषा पाठ्यक्रम लागु गरी शिक्षकहरूले कक्षा शिक्षणमा भोगेका समस्याहरूको समाधान गर्न उनीहरूलाई विभिन्न किसिमका सेवागत तालिम, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्दछ ।
- विद्यार्थीलाई व्यावहारिक जीवनसँग सम्बन्धित के कस्तो ज्ञान वा सिप सिकाउने, कसरी सिकाउने, कुन विधि तथा पद्धति अपनाउने, शिक्षकको शिक्षण कौशलमा कसरी सुधार गर्ने, व्यावहारिक लेखनसम्बन्धी सामान्य जानकारी कसरी दिने, व्यावहारिक लेखनका प्रकारहरूलाई कसरी छुट्याउने, व्यावहारिक लेखन र सामान्य लेखनका बिच के कस्ता अन्तर रहेका छन् भन्नेजस्ता कुरामा विद्यार्थीहरूलाई सुसुचित गर्नुपर्ने देखिन्छ ।
- माध्यमिक तहमा अध्यापन गराउने सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली भाषा शिक्षकहरूलाई राज्यले पेसागत समान व्यावहार गरी उनीहरूलाई पेसागत तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- विद्यालय तहसम्मको शिक्षा स्थानीय निकायलाई भएकाले स्थानीय निकायले पेसागत सहयोग पुग्ने खालका कार्यकलापमा जोड दिनुपर्ने र समयसमयमा आफ्नो पालिकाभित्र सञ्चालित माध्यमिक तहमा अध्यापनरत नेपाली भाषा शिक्षकहरूका शैक्षणिक गतिविधिहरूको अवलोकन, निरीक्षण तथा सुपरीवेक्षण गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीका इच्छा, चाहना, रूचि, आकाँक्षा, आवश्यकता आदिलाई ध्यान दिई विद्यार्थी केन्द्रित शिक्षण विधिका माध्यमबाट विद्यार्थीमा अन्तरनिर्हित प्रतिभाको विकास गरी सिर्जनात्मक, उत्पादनात्मक र रचनात्मक क्षमता बढाउन शिक्षण कौशलमा सुधार गर्नुपर्ने देखिन्छ ।
- विद्यार्थीलाई खास विषयवस्तुमा केन्द्रित गरी छलफल, अन्तर्क्रिया, अन्तर्वार्ताका माध्यमबाट व्यावहारिक लेखनसम्बन्धी ज्ञान दिएमा शैक्षिक क्षेत्रमा अपेक्षाकृत उपलब्धि हासिल गर्न र शैक्षिक क्रान्ति ल्याउन सक्ने देखिन्छ ।
- भाषा पाठ्यक्रम विद्यार्थीको उमेर, रूचि, तह र स्तरअनुसार भएपनि पाठ्यक्रममा लेटरग्रेडिङ प्रणाली अपनाइएकाले विद्यार्थीमा उत्तीर्ण भइहालिन्छ नि भन्ने मानसिकताको विकास भएका कारण सोचेअनुसार सफलता प्राप्त नभएकाले पाठ्यक्रमलाई समयसमयमा परिस्कृत र परिमार्जन गर्न आवश्यक देखिन्छ ।
- सामुदायिक विद्यालयका शिक्षकमा पेसागत तालिम तथा अनुभव बढी हुने भएकाले संस्थागत विद्यालयका दाँजोमा शैक्षणिक प्रभाव कम हुन्छ । स्थानीय निकाय, अन्य संघसंस्था तथा व्यक्तिको भूमिकामध्ये सबैभन्दा बढी व्यक्तिगत प्रभाव पर्ने भएकाले शिक्षकका शिक्षण कौशलमा सुधार गर्न व्यक्तिगत प्रभावलाई कम गर्नुपर्ने हुन्छ ।
- व्यावहारिक लेखनसम्बन्धी शिक्षण सिकाइ कार्यकलापमा सामान्य र विशिष्ट लेखन कौशलमध्ये विशिष्ट लेखन कौशलको भूमिका महत्त्वपूर्ण रहने भएकाले त्यससम्बन्धी लेखन कार्यकलापमा बढी जोड दिनुपर्ने देखिन्छ ।
- व्यावहारिक लेखन शिक्षणमा सामान्य लेखनभन्दा विशिष्ट लेखनमा बढी समस्या हुने भएकाले शिक्षकले विभिन्न किसिमका पेसागत छलफल, अन्तर्क्रिया, गोष्ठी, सेमिनारका सहायताले शिक्षण कौशलमा सुधार ल्याउनु पर्ने हुन्छ । त्यसका लागि शिक्षक जिम्मेवार, अध्ययनशील र तालिम प्राप्त हुनुपर्ने हुन्छ ।

- व्यावहारिक लेखन शिक्षणका शिक्षण विधिसम्बन्धी संस्थागत विद्यालयका शिक्षकका दाँजोमा सामुदायिक विद्यालयका शिक्षकमा स्पष्ट धारणा रहेको छ तर संस्थागत विद्यालयका शिक्षकमा शिक्षण कौशलको विकास गरी शिक्षण विधिबारे जानकारी गराउनुपर्ने देखिन्छ ।
- व्यावहारिक लेखन शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउन पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- शिक्षकहरूमा भएको ज्ञान, सीप र प्रवृत्तिको अद्यावद्धिक गर्न बेलाबेलामा तालिम, सेमिनार, गोष्ठी र शैक्षिक सम्मेलनमा भाग लिने अवसर प्रदान गर्नुपर्दछ ।

***नीतिगत तहका सुझाव***

प्रस्तुत व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल भन्ने शीर्षकमा गरिएको अनुसन्धानबाट प्राप्त निष्कर्षलाई नीतिगत तहमा उपयोग गर्नका लागि निम्नानुसारका नीतिगत सुझाव प्रदान गर्न सकिन्छ :

(क) यस अध्ययनले शिक्षकको शिक्षण कौशल र विद्यार्थीको लेखन कौशल सम्बन्धमा थप अनुसन्धान गर्नका लागि आधार प्रदान गर्दछ ।

(ख) व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलबारे नीति निर्माणका तहमा जानकारी गराउनु पर्दछ ।

(ग) नेपाली भाषा शिक्षकका पेसागत विकासमा सहयोग पुऱ्याउने व्यावहारिक लेखन शिक्षणलाई विद्यालयमा आधारभूत तहदेखि नै समावेश गरिनु पर्दछ ।

(घ) अध्ययनले व्यावहारिक लेखनका प्रकारबारे जानकारी दिन तथा भाषिक सीपसँग सम्बन्धित अनुसन्धान गर्न भावी अनुसन्धानकर्तालाई सहयोग प्रदान गर्दछ ।

(ङ) शिक्षक तथा विद्यार्थीमा भाषिक सिपको विकास गर्न सहयोग पुऱ्याउने पेसागत तालिम सञ्चालनमा जोड दिनुपर्दछ ।

(च) व्यावहारिक लेखनमा शिक्षण कौशल र लेखन कौशलको विकासका लागि व्यक्तिगत, समूहगत तथा संस्थागत साझेदारी बढाउँनु पर्दछ ।

(छ) अध्ययनले नेपाली भाषाको पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन तथा परिमार्जन, परीक्षण र मूल्याङ्कन आदि गर्नका लागि ठोस आधार प्रदान गर्नुपर्दछ ।

(ज) शिक्षकमा शिक्षण कौशल र विद्यार्थीमा लेखन कौशललाई अगाडि बढाउनका लागि अध्ययनमा उल्लेख गरिएका आधारहरूको सम्यक प्रयोग गर्नुपर्ने आवश्यक देखिन्छ ।

***प्रयोगात्मक तहका सुझाव***

व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल भन्ने शीर्षकमा गरिएको अनुसन्धानबाट प्राप्त निष्कर्षलाई प्रयोगगत तहमा उपयोग गर्न निम्नानुसारका सुझाव प्रदान गरिन्छ :

(क) यस अध्ययनले नेपाली भाषा विषयका शिक्षकलाई कक्षाकोठामा विद्यार्थीलाई लेखाइ सीपको अभ्यास गराउन सहयोग प्रदान गर्दछ ।

(ख) यस अध्ययनले व्यावहारिक लेखन शिक्षणका क्रममा विद्यार्थीहरूलाई विभिन्न प्रकारका व्यावहारिक लेखनबारे जानकारी गराउन सहयोग गर्दछ ।

(ग) यस अध्ययनले नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्रीको निर्माण र प्रयोगको क्रममा आवश्यक पृष्ठपोषण प्रदान गर्दछ ।

(घ) यस अध्ययनले विद्यार्थीहरूको व्यावहारिक लेखन क्षमताको मूल्याङ्कन गर्ने आधार प्रदान गरी कक्षा शिक्षणलाई प्रभावकारी बनाउन सहयोग गर्दछ ।

(ङ) यस अध्ययनले विद्यार्थीहरूका रूचि, चाहना, ईच्छा र आवश्यकता आदिलाई ध्यान दिई भाषा शिक्षणका आधारभूत कार्यकलाप सञ्चालन गर्न सहयोग गर्दछ ।

**शैक्षिक उपयोगिता**

प्रस्तुत शोधकार्यमा व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशलको अवस्था पहिल्याउनु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्नु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नुजस्ता प्रयोजनका आधारमा नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणका शिक्षण कौशल र विद्यार्थीका लेखन कौशलको अध्ययनलाई मुख्य विषय बनाएको छ । नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी

पेसागत उन्नयनका साथै विद्यार्थीका लेखन कौशलको विकास गर्नु अध्ययनको मुख्य उद्देश्य रहेको छ । व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल शीर्षक निम्नानुसारका शैक्षिक क्षेत्रमा सुधार गर्नका लागि बढी उपयोगी हुने देखिन्छ :

(क) प्रस्तुत शोधकार्यले नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न तथा कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी गरिने शिक्षण कार्यलाई अत्यन्तै उपयोगी बनाउन सघाउँ पुऱ्याउँछ ।

(ख) विद्यालय तहका नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकासमा शिक्षक आफै सक्रिय भएर पेसागत विकासलाई गति प्रदान गर्न सकिन्छ ।

(ग) नेपाली भाषा शिक्षकले व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको पूर्ण रूपले पालना गरे नगरेको पत्ता लगाई विद्यार्थीको शैक्षिक उपलब्धि बढाउन सकिन्छ ।

(घ) कक्षाकोठामा व्यावहारिक लेखन शिक्षणसम्बन्धी अभ्यासात्मक कार्यकलाप गराई विद्यार्थीमा लेखाइ सिपको विकास गराउन सकिन्छ ।

(ङ) प्रस्तुत शोधकार्यले विद्यार्थीलाई व्यावहारिक लेखनका प्रकार तथा तिनका ढाँचाका बारेमा जानकारी दिन सघाउँ पुऱ्याउँछ ।

(च) विद्यालय तहमा नेपाली विषयको भाषा पाठ्यक्रमको निर्माण गर्न, संशोधन, परिमार्जन तथा रूपान्तरण गर्न सहयोग गर्छ ।

(छ) शिक्षक तथा विद्यार्थीमा भाषिक सिपको विकास गरी प्रभावकारी शिक्षण सिकाइ कार्यकलापमा जोड दिन्छ ।

(ज) शिक्षक तथा विद्यार्थीलाई व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलबारेमा विश्लेषण गर्न सहयोग गर्छ ।

(झ) व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलमा देखापर्ने प्रमुख प्रभावहरूको निरूपण तथा अन्वेषण गरी तिनको समाधानका लागि विशेष आधार प्राप्त गर्न मद्दत गर्छ ।

(ञ) नेपाली भाषा शिक्षक तथा विद्यार्थीलाई व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्न सहज बनाउँछ ।

**भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू**

प्रस्तुत व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशलसम्बन्धी अध्ययनका क्रममा शोधार्थीले प्राप्त गरेका अनुभव, अध्ययन क्षेत्रअन्तर्गत कैलाली जिल्लाका टीकापुर नगरपालिका र जानकी गाउँपालिकाभित्रका नमुना छनोटमा परेका विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षक र अध्ययनरत विद्यार्थीहरूले शोधार्थीले सोधेका प्रश्नको उत्तर लेख्दा व्यक्त गरेका लिखित अभिमत र शिक्षकको कक्षा अवलोकनबाट प्राप्त भएका तथ्यका आधारमा अध्ययन शीर्षकसँग सम्बन्धित भेटिएका विभिन्न स्रोत सामग्री, विभिन्न साहित्य, वाङ्मय, अनुसन्धानात्मक लेखहरू, अनुसन्धान प्रतिवेदन, विभिन्न तहका शोधकार्यहरू तथा शोधार्थी आफू पनि नेपाली भाषा विषयको शिक्षक भएकाले आफूले शिक्षणका क्रममा प्राप्त गरेका शिक्षणीय निजी अनुभवहरूबाट प्राप्त ज्ञानका आधारमा निम्नानुसारका विषय शीर्षकमा थप अनुसन्धान गर्न आवश्यक देखिन्छ :

(क) नेपाली भाषा शिक्षक र अन्य विषयका शिक्षकका शिक्षण कौशलमा अन्तर

(ख) भाषिक सिप विकासमा व्यावहारिक लेखन शिक्षणको महत्त्व

(ग) नेपाली भाषा शिक्षकका पेसागत विकासमा व्यावहारिक लेखनको प्रभावकारिता

(घ) व्यावहारिक लेखनका सामान्य र विशिष्ट कौशलको तुलनात्मक अध्ययन

(ङ) सामुदायिक तथा संस्थागत विद्यालयका नेपाली भाषा शिक्षकका शिक्षण कौशलको तुलना

(च) शिक्षकको पेसागत विकासका लागि पेसागत तालिमको महत्त्व

(छ) विद्यालय तहमा व्यावहारिक लेखन शिक्षणको प्रयोगगत अवस्था

## सन्दर्भ सामग्री


अधिकारी, नारायणप्रसाद (२०७९). *आधारभूत तहका शिक्षकको पेसागत विकास* (लघु अनुसन्धान) शिक्षाध्यक्षको कार्यालय अनुसन्धान केन्द्र, त्रि.वि.।

अधिकारी, रेणुका (२०७२). *शिक्षक तालिम व्यवस्थापन.* शिक्षक शिक्षा. १२०-१२८ ।

अर्याल, प्रेमनारायण र पन्त, यज्ञराज (सन् २०१४). *एजुकेसन एन्ड डेभलपमेन्ट.* दीक्षान्त प्रकाशन ।

काफ्ले, उमेश (२०७७). *पेसागत क्षमता अभिवृद्धिमा स्नातक तहका भाषा शिक्षकको दृष्टिकोण* ( लघु अनुसन्धान) शिक्षाध्यक्षको कार्यालय अनुसन्धान केन्द्र, त्रि.वि.।

काफ्ले (शर्मा), भोजराज (२०६५).*शैक्षिक नीति : अवधारणा र अभ्यास.* सोपान मासिक ।

कुमार, रन्जित (२०११). *रिसर्च म्याथोलोजी.* (अ स्टेप बाइ स्टेप गाइड फर बिगिनिङ) ।

ज्ञवाली, लक्ष्मण (२०७०). *इङ्लिस ल्याङ्ग्वेज टिचर डेभ्लभमेन्ट थट प्रोफेसनल एसोसेसनः द नेल्टा वय (*विद्यावारिधि शोधपबन्ध).अनुसन्धान केन्द्र का.वि. ।

खनाल, गणेशप्रसाद (२०७२). *शिक्षणमा पेसागत विकासको आवश्यकता* (लघु अनुसन्धान) शिक्षाध्यक्षको कार्यालय अनुसन्धान केन्द्र, त्रि.वि.।

खनाल, राजेन्द्र ( २०७६). *व्यावहारिक लेखन तथा सम्पादन* (ते.सं.). सनलाइट पब्लिकेस ।

खनाल, पेशल (२०७३). *अनुसन्धान पद्धति (प्र.सं.).* सनलाइट पब्लिकेसन ।

खत्री, आनन्दराज (२०७१). *सामुदायिक विद्यालयको स्थायी शिक्षकको पेसागत विकास* (स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. ।

गोतामे, विष्णुप्रसाद (२०७०). *शिक्षक तालिमको प्रभावकारिताले सिकाएका पाठहरू.* शिक्षक शिक्षा. १२७-१४० ।

जि.सी., कल्पना (२०७०). *शिक्षकको पेसागत क्षमता विस्तार तालिम कार्यक्रमको प्रभावकारिता* (स्नातकोत्तर शोधपत्र). शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.।

जोशी, पदमराज (२०७०). *शिक्षकको पेसागत विकास.* शैक्षिक तालिम केन्द्र ।

तिमल्सेना, शिवप्रसाद (२०७७). *शिक्षकको पेसागत विकासका आवधारणा र यसका सम्बद्ध पक्ष.* शिक्षा शिक्षक मासिक पत्रिका ।

थपलिया, तुलसी (२०७२). *नेपालमा शिक्षाको विकास मोडेल : अनुभव र भावी कार्यदिशा.* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०७७). *अनुसन्धान पद्धति.* (प्र.सं.) पैरवी बुक्स हाउस प्रा.लि.।

नापित, राजन (२०७०). *शिक्षकको पेसागत विकासको अवस्था* (स्नातकोत्तर शोधपत्र). शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. ।

नेपाल कानून किताव व्यवस्था समिति (२०७२). *नेपालको संविधान २०७२.* नेपाल सरकार नेपाल कानून किताव व्यवस्था समिति ।

नेपाल, सरकार (२०७२). *शिक्षक सक्षमताको प्रारूप.* शैक्षिक जनशक्ति विकास केन्द्र ।

न्यौपाने, टङ्कप्रसाद (२०८०). *व्यावहारिक लेखन तथा सम्पादन.* (चौ.सं.).क्वेस्ट पब्लिकेसन

बन्धु, चूडामणि (२०७२). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* (प्र.सं.). रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७५). *व्यावहारिक लेखन तथा सम्पादन. (प.सं).* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, क्षेत्रबहादुर (२०७१). *शिक्षकको पेसागत विकासका चुनौतीहरू.* शिक्षक शिक्षा, ५७-६२ ।

मिड, जर्ज हर्वट (सन् १९३१). *सिम्बोलिक इन्ट्रयाक्सन थियोरी.* रट्लेज ।

रिचार्डस्, जे.सी. र फारेल, टि.एस.सी (सन् २०१५). *प्रोफेस्नल डेभलपमेन्ट फर टिचर्स.* क्याम्ब्रिज युनिभर्सिटि ।

रिजाल, ऋषिराम (सन् २०१३). *प्रोफेस्नल डेभलपमेन्ट अफ इङ्लिस ल्वाङ्ग्वेज टिचर्स इन नेपाल* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध). ग्राजुएट स्कुल अफ एजुकेसन, त्रि.वि. ।

लम्साल, हरिप्रसाद (२०६८). *शिक्षाको वित्तीय र शैक्षिक व्यवस्थापन.* सोपान मासिक पत्रिका

शर्मा, केदार र पौडेल, माधव (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण* (प्र.सं.). न्यु हिरा बुक्स इन्टरप्राइजेट ।

शर्मा, गोपीनाथ (२०७१). *नेपालमा शिक्षाको इतिहास भाग २*.(चौं.सं.). मकालु प्रकाशन ।

शर्मा, विकास र श्रेष्ठ, राजु (सन् २०१६). *इङ्लिस ल्याङ्ग्वेज टिचर डेभलपमेन्ट.* सनलाइट प्रकाशन ।

शाक्य, निरा (२०७१). *प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम टी.इ.मि.टी. स्फट स्किल परियोजना र शिक्षक पेसागत क्षमता विकास कार्यक्रम.* शिक्षक शिक्षा पत्रिका भक्तपुर ।

सिन्हा, राम स्वरूप (२०७२). *टिचर एजुकेटर्स फर टिचर प्रोफेसनल डेभलपमेन्ट.* शिक्षा, २६९-२७७ ।

सुवेदी, कृष्णप्रसाद (२०७५). *नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अध्ययन* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध) ग्राजुएट स्कुल अफ एजुकेसन, त्रि.वि. ।

श्रेष्ठ, हर्कबहादुर (२०७३). *नेपालमा शिक्षक शिक्षाको विकास : एक सिंहावलोकन.* शिक्षा शिक्षक, १४, १५-५६ ।

फुलन, एम (१९८७). *इम्पिमेन्टिङ द इम्प्रिमेनसन प्लान.* फेलमार प्रेस ।

कुल, एल (२०००). *म्याथोलोजी अफ एजुकेसनल रिचर्स. (इडिएस).* विकास पब्लिकेसन हाउस द ।

किलम, एल.ए (२०१३). *रिसर्च टर्मिनोलोजी सिमप्ल्फिाइड* : प्याराडायम, अन्टोलोजी, इपिस्टिमोलोजी, मयाथोलोजी एण्ड एक्सिओलोजी. सुधबरी

मिस्ट्री अफ एजुकेसन (२०१६). *स्कुल सेक्टर डेभ्लभमेन्ट प्लान. २०१६/१७ -२०२२/२३* अथर.नेसनल प्लानिङ कमिसन (२०२३) १७ औं प्लान ।

नाजिहाडा, ओ. एकोभलेभ एण्ड इभिग्नी भि. एकोभेलन (२०१४).*इनट्रयाक्टिभ टिचिङ म्याथडस् इन कनट्याम्प्रोरी हाइएर एजुकेसन.* डेभ्लभमेन्ट पेडागोजी एण्ड साइकोलोजी. चाइलविनिस्के स्टेट पेडागोजिकल युनिर्भसिटी, रसिया ।

पाल, कुलन्डर, एम (२०१३). *एजुकेसनल टेक्नोलोजी.* लक्ष्मी पब्लिकेसन (पि) एलटिडी लब्ली प्रोफेस्नल युनिर्भसिटी पागवारा प्लान ।

भिगोस्की, एल (१९७८). *माइन्ड इन सोसाइटी.* हार्वट युनिर्भसिटी प्रेस

## परिशिष्ट एक : शिक्षकका लागि प्रश्नावली

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**
**ग्राजुएट स्कुल अफ एजुकेसन**
**कीर्तिपुर, काठमाडौं**

**(सामुदायिक/संस्थागत विद्यालयअन्तर्गत नेपाली भाषा शिक्षकका लागि सोधिने प्रश्नावली)**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, ग्राजुएट स्कुल अफ एजुकेसन कीर्तिपुर, काठमाडौंलें स्वीकृत प्रदान गरेको *व्यावहारिक लेखन शिक्षणमा नेपाली भाषा शिक्षकका शिक्षण कौशल* भन्ने शीर्षकमा शोधकार्य गर्न लागिएको छ । यस शोधकार्यको उद्देश्य कैलाली जिल्लाभित्रका नेपाली भाषा शिक्षकका व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको अवस्था पहिल्याउनु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको विश्लेषण गर्नु, व्यावहारिक लेखन शिक्षणका विशिष्ट कौशलको प्रभाव निरूपण गर्नु र व्यावहारिक लेखन शिक्षणका सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । त्यसैले यस प्रश्नावलीलाई इमान्दारीपूर्वक भरेर दिनुहुनका लागि अनुरोध गर्दछु । सहयोगका लागि धन्यवाद !

**अनुसन्धानकर्ता**

द्वारिकाप्रसाद भण्डारी
नेपाली शिक्षा
(९८४८४३३०६६)

---

**शिक्षकको नाम :** **शैक्षिक योग्यता :**

**विद्यालयको नाम :** **अनुभव अवधि :**

**विद्यालयको प्रकृति : सामुदायिक/संस्थागत** **तह :**

**नियुक्ति किसिम : स्थायी/अस्थायी/करार/निजी/आँशिक** **श्रेणी :**

**लिङ्ग :** **जाति :**

**मिति :** **भाषिक पृष्ठभूमि : पहिलो/दोस्रो**

**समूह : क**

**व्यावहारिक लेखन शिक्षणको वर्तमान अवस्था**

(१) व्यावहारिक लेखन शिक्षणको आवश्यकताप्रति तपाईको धारणा के छ ? प्रस्तुत गर्नुहोस् ।

........................................................................................................

(२) विद्यालय तहका पाठ्यक्रममा व्यावहारिक लेखनसम्बन्धी व्यवस्था र प्रयोगको अवस्था कस्तो छ ?

........................................................................................................

(३) व्यावहारिक लेखन शिक्षणको खास प्रयोजन के हो ?

........................................................................................................

(४) व्यावहारिक लेखन शिक्षण कुन कुन विधा वा शिक्षणका लागि बढी उपयोगी हुन्छ ?

........................................................................................................

(५) व्यावहारिक लेखन शिक्षणले भाषाका कुन कुन सिपको विकासमा सहयोग पुऱ्याउँछ ?

........................................................................................................

(६) कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? विचार प्रस्तुत गर्नुहोस् ।

........................................................................................................

(७) पेसागत विकासले व्यावहारिक लेखनसम्बन्धी शिक्षणीय कौशल, अन्तर्क्रिया र छलफल गर्न कसरी सहयोग पुऱ्याउँछ ? चर्चा गर्नुहोस् ।

........................................................................................................

## समूह : ख

## पेसागत विशिष्ट कौशलको विश्लेषण

(१) व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशल भन्नाले के बुभ्नुहुन्छ ?

..........................................................................................................

(२) योग्य, तालिमप्राप्त र दक्ष शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी विशिष्ट कौशलको विकास कसरी बढाउन सकिन्छ ?

..........................................................................................................

(३) व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलअन्तर्गत के के पर्दछन् ?

..........................................................................................................

(४) व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलले शिक्षकको शिक्षण कला र विद्यार्थीको लेखन कलाको विश्लेषण कसरी गर्दा उपयुक्त हुन्छ ?

..........................................................................................................

(५) माध्यमिक तहमा समावेश गरेका व्यावहारिक लेखनसम्बन्धी पाठहरूले नेपाली भाषा शिक्षकका व्यावहारिक लेखनसम्बन्धी शिक्षण कौशलको विश्लेण कसरी गरेको पाइन्छ ?

..........................................................................................................

(६) पाठ्यक्रम र यसको प्रयोगले व्यावहारिक लेखन शिक्षणमा विशिष्ट कौशलको उपयोग गर्न कसरी सहयोग पुऱ्याएको छ ?

..........................................................................................................

(७) व्यावहारिक लेखन शिक्षणमा के कस्ता विशिष्ट कौशलको उपयोग गर्न सकिन्छ ?

..........................................................................................................

**समूह : ग**

## पेसागत विशिष्ट कौशलको प्रभाव

(१) व्यावहारिक लेखन शिक्षण गर्दा नेपाली भाषा सिकाइमा के कस्ता प्रभाव पर्ने गर्दछन् ?

.............................................................................................

(२) व्यावहारिक लेखनसम्बन्धी पाठ्यक्रमले विशिष्ट कौशलमा पार्न सक्ने प्रभावहरू के के हुन् ?

.............................................................................................

(३) कस्ता प्रकारका व्यावहारिक लेखनले शिक्षकको शिक्षण कौशलमा प्रभाव पार्दछ ?

.............................................................................................

(४) शिक्षकका ज्ञान, सिप र अनुभवले व्यावहारिक लेखनको कक्षा शिक्षणमा कस्तो प्रभाव पर्दछन् ? विचार प्रस्तुत गनुहोस् ।

.............................................................................................

(५) सामुदायिक र संस्थागत विद्यालयका शिक्षकमा व्यावहारिक लेखन शिक्षणसम्बन्धी विशिष्ट कौशलको प्रभावगत अवस्था कस्तो रहेको छ ? तर्क प्रस्तुत गर्नुहोस् ।

.............................................................................................

(६) सामान्य र विशिष्ट व्यावहारिक लेखनमा शिक्षण कौशलको प्रभाव बढी कुन लेखनमा पर्ने गर्दछ ? उदाहरण सहित स्पष्ट पार्नुहोस् ।

.............................................................................................

(७) व्यावहारिक लेखन शिक्षणमा शिक्षण कौशलको विकास गर्न स्थानीय निकाय, संघ, संस्था वा व्यक्तिमध्ये सबैभन्दा बढी कसको प्रभाव रहने गर्दछ ? पुष्टि गनुहोस् ।

.............................................................................................

## समूह : घ

## सामान्य र विशिष्ट कौशलको तुलनात्मक विश्लेषण

(१) सामान्य र विशिष्ट व्यावहारिक लेखन भन्नाले के बुझ्नुहुन्छ ?

..........................................................................................................

(२) विद्यालय तहको भाषा पाठ्यक्रममा सामान्य र विशिष्ट व्यावहारिक लेखनमध्ये कुन लेखनलाई बढी महत्त्व दिइएको छ ? तर्क पेस गर्नुहोस् ।

..........................................................................................................

(३) कक्षाकोठामा व्यावहारिक लेखनसम्बन्धी शिक्षण गर्दा सामान्य र विशिष्ट लेखनअन्तर्गत कुनकुन विधि उपयोग गर्नुभएको छ ? उदाहरण सहित पुष्टि गर्नुहोस् ।

..........................................................................................................

(४) नेपाली भाषा शिक्षकका शिक्षण कौशलको विकास गर्न कुन लेखनको भूमिका महत्त्वपूर्ण हुन्छ ?

..........................................................................................................

(५) सामान्य लेखनको दाँजोमा विशिष्ट लेखनलाई भाषा शिक्षणका सन्दर्भमा किन महत्त्वपूर्ण मानिन्छ ?

..........................................................................................................

(६) माध्यमिक तहमा समावेश गरिएका व्यावहारिक लेखनसम्बन्धी पाठहरूमा सामान्य र विशिष्ट लेखनको अवस्था कस्तो रहेको पाइन्छ ?

..........................................................................................................

(७) शिक्षकको पेसागत विकासले शिक्षण कौशल र विषयगत अन्तर्क्रिया वा छलफलमा सुधार गर्न व्यावहारिक लेखन कसरी उपयोगी बनेको छ ।

..........................................................................................................

## शिक्षकका लागि विशिष्ट प्रश्नावली

(१) व्यावहारिक लेखन शिक्षणले नेपाली भाषा साहित्यका चिठी र निवेदनजस्ता साहित्यिक विधामा स्तरीकरण र विशिष्ट सिपको विकास गर्न कसरी सहयोग गरेको छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

(२) भर्पाइ, मन्जुरीनामा, निर्णयपुस्तिका, सूचनालेखनजस्ता कार्यले शिक्षकको व्यावहार परिवर्तन र शिक्षण कौशलमा सुधार गर्न कस्तो भूमिका खेल्दछन् ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

